# स्वच्छ पुर्पक्षको मापदण्डसँग असङ्गत नेपालका कानुनी प्रावधान

***प्रचलित ऐनमा रहेका अस□त प्रावधानको***

***छोटकरी विश्लेषण***

**कानुनअन्वेषण तथा स्रोतविकास केन्द्र (सेलर्ड)**

स्वच्छ पुर्पक्षको मापदण्डसँग अस□त नेपालका कानुनी प्रावधान

## स्वच्छ पुर्पक्षको मापदण्डसँग अस□त नेपालका कानुनी प्रावधान

| | | |
|---|---|---|
| संयोजक | : | **युवराज संग्रौला** |
| परामर्शसमूह | : | **प्राध्यापक माधवप्रसाद आचार्य** |
| | | **किशोर सिलवाल** |
| | | **गीता पाठक संग्रौला** |
| विश्लेषण र लेखन | : | **युवराज सङ्ग्रौला** |
| | | **रवीन्द्र भट्टराई** |
| | | **सरोजकृष्ण घिमिरे** |
| | | **कपिल अर्याल** |
| भाषा सम्पादन | : | **रवीन्द्र भट्टराई** |
| | | **सुदीप देवकोटा** |
| व्यवस्थापन | : | **राजनकुमार के.सी.** |
| | | **जय विष्ट** |
| पृष्ठसज्जा र आवरण | : | **महेश्वर फुयाल** |
| | | **प्रकाश कार्की** |

---


**अङ्ग्रेजी संस्करण** : पुस २०६१ (जनवरी २००५)

**नेपाली संस्करण** : कात्तिक २०६२ (नोभेम्बर २००५)

**प्रकाशित प्रति** : १०००



**सर्वाधिकार©** : **सेलर्ड**



**अनुसन्धान सहयोग** : **काठमाडौं स्कुल अफ ल**,
दधिकोट-९, भक्तपुर
फोन नं. ६६३४४५५, ६६३४६६३
E-mail: info@ksl.edu.np, Website: www.ksl.edu.np

**सहयोगी संस्था** : **द एसिया फाउन्डेसन**
बालुवाटार, काठमाडौं ।

**प्रकाशक** : **कानुनअन्वेषण तथा स्रोतविकास केन्द्र (सेलर्ड)**
शान्तिनगर, काठमाडौं ।
फोन नं. २०४२२६८, ६६३४४५५
E-mail: celrrd@wlink.com.np, Website: www.celrrd.org

**मुद्रक** : **नेबुला प्रिन्टर्स, काठमाडौं**

# प्राक्कथन

नागरिक तथा राजनीतिक अधिकार संरक्षण र संवर्द्धनका सन्दर्भमा “स्वच्छ पुर्पक्ष” अन्तर्राष्ट्रिय समुदायको प्रमुख चासोको विषय रहिआएको छ । यसलाई न्यायप्रशासन, अझै विशेष गरी फौजदारी न्यायको अत्यन्तै महत्त्वपूर्ण पक्ष मानिएको छ ।

नेपालले स्वच्छ पुर्पक्षको केन्द्रीय अवधारणालाई संवैधानिक व्यवस्था र सम्बद्ध अन्तर्राष्ट्रिय अध्यालेखहरूको अनुमोदन र सम्मिलनमार्फत् स्वीकार गरेको छ । यसो भए तापनि स्वच्छ पुर्पक्षलाई साकार गर्नमा  न्यायप्रणालीमा अनगिन्ती  कमीकमजोरी छँदैछन् । यी कमीकमजोरीले स्वच्छ पुर्पक्षको प्रत्याभूतिलाई इन्कार गराई मात्र रहेका छैनन् सिङ्गै न्याय नपरेको र नपाएको अवस्था पार्नमा बल पुऱ्याइरहेका छन् ।

त्यसकारण स्वच्छ पुर्पक्षको सन्दर्भलाई लिएर नेपालको कानुनी व्यवस्थाको विश्लेषण र परीक्षण आवश्यक थियो । यस सन्दर्भमा राष्ट्रिय तहमा मानवअधिकारको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने राष्ट्रिय मानवअधिकार आयोगबाट पुर्पक्षका मापदण्डको कार्यान्वयनको अनुगमन हुने अपेक्षा  र विश्वास गरिएको थियो ।  कानुनअन्वेषण तथा स्रोतविकास केन्द्र ( सेलर्ड)ले  नागरिक समाजको एक हिस्साका हैसियतले  यसका लागि आयोगलाई सहज बनाउन र सहयोग गर्ने काम गर्न चाह्यो । यो प्रतिबेदन त्यही प्रयासको परिणाम हो ।

धेरै साथीहरूको सहयोग र मेहेनतले यो पुस्तक यस आकारमा आउन सकेको छ । यसर्थ यस गहन कार्य पूरा गर्न उहाँहरूले गर्नुभएको योगदानको कदर हुनुपर्छ भन्ने मलाई लागेको छ । यस सिलसिलामा महत्त्वपूर्ण सल्लाह र सुझाव दिनुहुने प्राध्यापक माधवप्रसाद आचार्य, किशोर सिलवाल र गीता पाठक संग्रौलाप्रति कृतज्ञता प्रकट गर्दछु । साथै यसभन्दा अघिल्लो अंग्रेजीमा प्रकाशित प्रतिवेदनदेखि यस प्रतिवेदन तयार पार्दासम्म समयसमयमा परामर्शकारी सहयोग गर्ने आशिष अधिकारी, खगेन्द्र प्रसाई र सुदीप गौतमलाई धन्यवाद दिन चाहन्छु । यस अध्ययनको प्रारम्भिक सर्वेक्षण, अध्ययन, पुनरावलोकन र लेखनको मुख्य जिम्मेवारी लिनुहुने रवीन्द्र भट्टराई र कपिल अर्याललाई विशेष धन्यवाद दिन चाहान्छु ।

यो प्रतिवेदनलाई यस रूपमा ल्याउनमा पहिलो  र दोस्रो कार्यशालाका सहभागीहरूको सुझावको पनि निकै देन छ । त्यस कारण म कार्यशालाका सहभागीहरूको अमूल्य सुझाउका लागि धन्यवाद दिन चाहन्छु । यस अध्ययनको नेपाली रूपान्तरण गर्न सहयोग पुऱ्याउने रवीन्द्र भट्टराई, सरोजकृष्ण घिमिरे, कपिल अर्याल, बालकृष्ण ढकाल, भोजराज भट्ट, गणेश भट्टराई, सुदीप देवकोटा र टङ्कराज  अर्याललाई म धन्यवाद दिन्छु । त्यस्तै विविध क्षेत्रमा सहयोग पुऱ्याउनु हुने राजनकुमार के.सी., जय विष्ट, महेश्वर फुयाल र प्रकाश कार्कीलाई पनि धन्यवाद दिन चाहन्छु ।

यस्तो महत्त्वपूर्ण कार्य सम्पादन गर्न पाउनु हाम्रा लागि गौरव र हर्षको कुरा हो ।  सम्बन्धित संस्थाहरूले यस प्रयासलाई उनीहरूको कार्यका लागि गरिएको सहयोगका रूपमा नलिएमा यो कार्यको  महत्त्व भनेजति रहँदैन । त्यस कारण राष्ट्रिय मानवअधिकार आयोगलगायत अन्य सम्बन्धित निकायलाई  यस अध्ययनको निचोड र सुझाउका आधारमा प्रणालीको सुधार र स्वच्छ पुर्पक्षका संरक्षणहरूको  सुधार गुणस्तरअभिवृद्धिका लागि अघि बढ्नका लागि विशेष अनुरोध गर्दछु ।

**युवराज सङ्ग्रौला**
संयोजक
सेलर्ड

# सङ्क्षिप्त रुपावली

| | | |
|---|---|---|
| **आईसीसीपीआर** | : | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध |
| **आईसीईएस्सीआर** | : | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध |
| **आईएल्आरआर** | : | इन्स्टिच्युट फर लिगल रिसर्च एन्ड रिसोर्स |
| **इन्सेक** | : | अनौपचारिक क्षेत्र सेवा केन्द्र |
| **एआई** | : | एम्नेस्टी इन्टरनेसलन |
| **केजीबी** | : | पूर्व सोभियत सङ्घको विशेष सूचना निकाय |
| **डिपिपिइडि** | : | सबै व्यक्तिलाई बाध्यात्मक रुपले बेपत्ता पार्नबाट संरक्षण सम्बन्धी घोषणापत्र |
| **पीपीपीडब्लुएमआइआइएमएचसी** | : | मानसिक विरामी व्यक्तिको संरक्षण तथा मानसिक स्वास्थ्यस्याहारको सुधारसम्बन्धी सिद्धान्त |
| **बीपीआईजे** | : | न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी आधारभूत सिद्धान्त |
| **बीपीपीएपीएएफ्डीआई** | : | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी घोषणापत्र |
| **बीपीयूएफएलईओ** | : | कानुन कार्यान्वयन गर्ने अधिकारीले गर्ने बल तथा गोलीगट्ठाको प्रयोगसम्बन्धी आधाभूत सिद्धान्त |
| **यसएमआरटिपी** | : | बन्दीप्रति गर्नुपर्ने व्यवहारका आधारभूत सिद्धान्त |
| **यस्एम्आर्एन्सीएम** | : | गैर हिरासतीय उपाय सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय न्यूनतम् मापदण्डको नियमावली |
| **यूडिएचआर** | : | मानवअधिकारको विश्वव्यापी घोषणापत्र |
| **यूएनएसएमआरएनसिएम** | : | गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय न्यूनतम मापदण्डको नियमावली |
| **सेलर्ड** | : | कानुनअन्वेषण तथा स्रोतविकास केन्द्र |
| **सीएटी** | : | यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि |
| **सीसीएलईओ** | : | कानुन कार्यान्वयन गर्ने अधिकारीका लागि आचारसंहिता |
| **सीआरसी** | : | बालअधिकारसम्बन्धी महासन्धि |
| **सीईडिएडब्लु** (सीड) | : | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि |
| **सिभिक्ट** | : | यातनापीडित सरोकार केन्द्र |
| **संवि.** | : | नेपाल अधिराज्यको संविधान |

# विषयसूची

प्राक्कथन
सङ्क्षिप्त रूपावली
विषय सूची
सारसङ्क्षेप

१. **परिचय** ........ १
१.१ उद्देश्य ........ २
१.२ विधि ........ ३
२. **फौजदारी न्यायमा स्वच्छ पुर्पक्षको मापदण्ड** ........ ५
२.१ फौजदारी न्यायप्रणालीका ढाँचा र औचित्य ........ ६
२.१.१ प्रहरी शक्ति दुरुपयोग हुने खतरा ........ ७
२.१.२ कानुनको सम्भाव्य उल्लङ्घनविरुद्ध कार्यविधिक संरक्षणको औचित्य . ९
२.१.३ गैरकानुनी र अनुचित हस्तक्षेपविरुद्ध सुरक्षाको आवश्यकता ... १३
२.१.४ अभियुक्तको पक्राउ र प्रहरी हिरासतमा थुनासँग सम्बन्धित अधिकार .. १६
२.२ मानवअधिकार कानुनमा स्वच्छ पुर्पक्षका मापदण्ड ........ २२
२.२.१ अन्तर्राष्ट्रिय मापदण्ड ........ २३
२.२.२ मान्यताप्राप्त मुख्य-मुख्य नेपालका मापदण्ड ........ २५
२.३ यो अध्ययनका लागि स्तरीकृत स्वच्छ पुर्पक्षका परिसूचक ........ २६
३. **स्वच्छ पुर्पक्षको मापदण्डसाग असंगत नेपाल कानुनको विश्लेषण** ........ २९
४. **निष्कर्ष-कथन** ........ १८१
सन्दर्भसूची ........ १८५

# सारसङ्क्षेप

यो स्वच्छ पुर्पक्षका परिप्रेक्ष्यबाट गरिएको नेपाल कानुनको कार्यान्वयनको अवस्थाबारेको अध्ययनको प्रतिबेदन हो । यो अध्ययन अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त मापदण्डका आधारमा नेपाल कानुनअन्तर्गत स्वच्छ पुर्पक्षको वास्तविक अवस्थाको आकलन गर्नमा लक्ष्यित छ । यस प्रतिबेदनले न्यायप्रशासन, सुरु अदालतका रूपमा क्षेत्राधिकारको न्यायिक अख्तियारी र सोउपरको पुनरावेदन सुन्ने अधिकार; र नेपालको वैधानिक ढाँचाभित्र छरिएका स्वच्छ पुर्पक्षलाई असर पार्ने मुद्दाको कार्यविधिका नियामक सिद्धान्तसम्बन्धी नेपालमा प्रचलित ऐनका व्यवस्थाहरूको विश्लेषणलाई समेटेको छ ।

यो अध्ययनको मुख्य उद्देश्य स्वच्छ पुर्पक्षका मापदण्डको नेपाली सन्दर्भमा उपयुक्त कार्यान्वयनलाई व्यवधान गर्ने मुख्य कानुनी व्यवस्थागत तत्त्वहरू पहिल्याउने रहेको थियो । यसै गरी न्यायप्रशासन र सुरक्षासम्बन्धी कानुनको कार्यान्वयनका सिलसिलामा नागरिक तथा राजनीतिक अधिकारको संरक्षण र प्रचलन सुनिश्चित पार्ने उपाय अपनाउन कानुनी सुधारका लागि सरकारलाई सिफारिस गर्ने राष्ट्रिय मानवअधिकार आयोगलाई सहज किसिमको विश्लेषण उपलब्ध गराउनु यस अध्ययनको अर्को महत्त्वपूर्ण उद्देश्य रहेको थियो ।

वास्तबमा यस अध्ययनमा स्वच्छ पुर्पक्षका मान्यताप्राप्त अन्तराष्ट्रिय मापदण्डहरूको आधारमा राष्ट्रिय कानुनहरूको पुनरावलोकन गर्ने प्रयास गरिएको छ । संवैधानिक व्यवस्था र अन्तर्राष्ट्रिय मापदण्डहरूसँग असङ्गत ऐनहरूको पहिचान गर्ने र स्वच्छ पुर्पक्षलाई बेवास्ता वा उल्लङ्घन गर्ने वा स्वच्छ पुर्पक्षलाई जोखिममा पार्ने प्रावधानलाई बदल्ने सुधार प्रस्ताव गर्ने कार्य यसमा समेटिएको छ ।

फौजदारी न्याय धेरै संयन्त्रबीच जेलिएको जटिल व्यवस्था हो । यो सम्बन्धित निकायहरूले पारस्पारिक समन्वय राखेर पनि आ-आफ्नो अधिकारक्षेत्रमा स्वतन्त्रतापूर्वक क्रियाशील भएमा मात्र गतिशील हुन सक्छ । फौजदारी न्यायसम्बन्धी सबै निकायको एउटै साझा उद्देश्य हो - समाजमा शान्ति स्थापना गरी जनताको जीउ र सम्पत्तिको संरक्षणका लागि कानुनले तोकेको विधिमा कडाइपूर्वक बाँधिएर कसुरदारलाई न्यायका सामुन्ने उभ्याउने ।

स्वच्छ पुर्पक्षका मापदण्डहरू विश्वव्यापी रूपमै मान्यताप्राप्त छ र यिनलाई सारमा सर्वव्यापक र ढाँचामा सापेक्ष मानिएको छ । स्वच्छ पुर्पक्षका मापदण्डहरूलाई विश्वभरमै फौजदारी न्यायप्रणालीको उपयुक्तता जाँच गर्ने कसीका रूपमा लिइने गरेको छ । अवधारणा, परम्परा र सांस्कृतिक अभ्यासको विविधताले गर्दा भिन्नभिन्न देशमा फौजदारी न्यायका ढाँचा पनि भिन्नभिन्न छन्; तथापि, सबै एकै लक्ष्यका लागि क्रियाशील छन् । सबैको लक्ष्यचाहिँ हुन सक्नेसम्म जीवन र मर्यादाको अधिकतम संरक्षण गरी समाजमा निर्भय स्थिरताको माध्यमद्वारा न्याय सुनिश्चित पार्ने नै हो ।

स्वच्छ पुर्पक्षसम्बन्धी अधिकारहरू सक्षम र स्वतन्त्र फौजदारी न्यायप्रणालीसँग सम्बद्ध रहेका आधारभूत मानवअधिकारहरूका समुच्चय (सेट) हुन् । सारवान र कार्यविधिगत दुवै रूपमा संरक्षण प्राप्त हुनुपर्ने र यस्ता संरक्षणहरूको स्वच्छता र वस्तुगत उद्देश्यमूलक रूपमा क्रियान्वित गर्नुपर्ने कुरालाई स्वीकार गरिएको छ ।

यो अध्ययन २०६० फागुनदेखि २०६१ साउनसम्म छ महिनाको अवधिमा सम्पन्न गरिएको हो । प्रारम्भमा स्वच्छ पुर्पक्षका मापदण्डका परिसूचकहरू तयार पारियो । त्यसपछि परिसूचकका केन्द्रीयतामा बसेर तिनीहरूसँग मेल नखाने वा असङ्गत रहेका कानुनी प्रवाधानको प्रारम्भिक सर्वेक्षण गरी मुख्य विश्लेषणक्षेत्र पहिचान गरिएको गरिएको थियो । प्रारम्भिक सर्वेक्षणको आकलनबाट मान्यताप्राप्त आन्तरिक र अन्तर्राष्ट्रिय मापदण्डको अभिप्रायसँग बाझिएका वा बेमेल देखा पर्ने गरी छनोटमा परेका नेपाल कानुनका प्रावधानहरूलाई दोहोऱ्याएर तिनको असङ्गतपनाको पुन: जाँच गरी तिनको लेखाजोखा गरिएको थियो । दोस्रो चरणको जाँच र लेखाजोखाबाट पनि असङ्गत देखा परेका प्रावधानहरूलाई तिनीहरू उल्लिखित कुन मापदण्डीय प्रावधानसँग बेमेल वा बाझिएको देखिएको हो भन्ने कुरा खुट्टयाएर सूचीबद्ध गरियो । सो सूचीबद्ध गरिएअनुसार नेपाल कानुनको प्रावधान मापदण्डसित केकस्तो आधारमा असङ्गत बा बाझिएको छ भन्ने कुराको आधारटिपोट तयार गरी विश्लेषण मसौदा गरियो ।

स्वच्छ पुर्पक्षका मापदण्ड कायम गर्न फौजदारी कानुनका देहायका विशेषता र सिद्धान्त अपरिहार्य हुन्छन्: वैधानिक आधिकारिकता, सुनिश्चितता, नियमितता, एकरूपता, दण्डनीयता र प्राकृतिक न्यायको सिद्धान्त; पक्षहरूबीचको सन्तुलन; दोहोरो खतरा नहुने; प्राङ्न्याय; भूतलक्ष्यी प्रयोग नहुने; निर्दोषिताको अनुमान; शङ्काको सुविधा अभियुक्तले पाउने; र अपराधको प्रकृति र गम्भीरतासँग समानुपाती

सजाय । यी सिद्धान्तहरूलाई यस अध्ययनको आधारसिलाको रूपमा लिइएको छ ।

न्यायप्रशासनमा स्वच्छ पुर्पक्षका अन्य साझा मापदण्डहरू खास गरी अभियोजन र निरूपणको ऐनद्वारा स्पष्ट किटान; दण्डको निर्धारण र कार्यान्वयन न्यायिक निकायबाट मात्र सम्पादन हुने; न्यायनिरूपणकर्ताको प्रत्याभूत सक्षमता, स्वतन्त्रता र निष्पक्षताको प्रत्यक्षता; अनुसन्धानका लागि अधिकारीलाई मुनासिब समय साथै अभियुक्तलाई प्रतिरक्षा र प्रतिनिधित्वको पूरापूर अवसर; पक्राउ, थुना र अभियोगको अभियुक्तलाई यथासमयमा जानकारी तथा उसको परिवार र कानुनव्यवसायीलाई त्यसको शीघ्र सूचना दिनेजस्ता व्यवस्थाहरूलाई स्वच्छ पुर्पक्षका सीमानिर्धारकका रूपमा लिएका छन् ।

त्यसै गरी शारीरिक दण्ड, यातना, अमानवीय एवं करकापपूर्ण व्यवहारको प्रयोगमा बन्देज; न्याय-अपयोजन तथा दुर्व्यवहार वा गलत व्यवहारमा क्षतिपूर्ति वा शोधभर्नाको व्यवस्था; अनुसन्धान, पुर्पक्षपूर्व, पुर्पक्ष, पुर्पक्षोत्तरका सबै चरणमा न्यायिक उपचारको अधिकारको सुनिश्चय; असक्षमलाई राज्यको खर्चमा निःशुल्क कानुनी सहायता; सुरु इन्साफउपर पुनरावेदन तथा दोस्रो तहको पुनरावेदनको अवसर; प्रमाण पुऱ्याउने भार अभियोजनपक्षमा रहने; कार्यविधि ऐनद्वारै किटान हुने र कार्यविधि तोक्ने अधिकार प्रत्यायोजित र तजबिजीमा छाड्न नमिल्ने जस्ता कुरालाई स्वच्छ पुर्पक्षका इन्कार गर्न नसकिने सूचकका रूपमा लिएको छ ।

त्यसैगरी खुला सुनवाइ र पुर्पक्ष; युक्तिसङ्गत तथा जायज जमानतको प्रावधान; स्वच्छ पुर्पक्ष प्रवर्द्धन गर्ने विशेष उपायको अबलम्बन (बन्द इजलास, महिलाको पक्राउ महिलाप्रहरीबाट, बालबालिकाको मुद्दाको सुनवाइ संरक्षक तथा बालविशेषज्ञको उपस्थितिमा सम्पादन हुने आदि ।) कैदसजायको विकल्पका रूपमा गैरहिरासतीय उपायको अवलम्बन; र समुदाय र पीडितका हितमा सुधारात्मक तथा पुनःस्थापनापरक रूपमा दण्डसजायको अवलम्बनजस्ता सिद्धान्तलाई पनि इन्कार गर्न नसकिने सूचकका रूपमा लिएका छ ।

यस अध्ययनका सिलसिलामा नेपालमा सिद्धान्ततः चालु देखिएका दुई सय ८३ वटा ऐनको सर्वेक्षण भएको छ । ती मध्ये ८३ वटा ऐनमा स्वच्छ पुर्पक्षको अधिकारको मापदण्डसँग असङ्गति राख्ने तीन सय २३ प्रावधान फेला परेका छन् । जुन अन्तर्राष्ट्रिय कानुनका मापदण्ड तथा नेपालअधिराज्यको संविधान २०४७ र अन्य कानुनले गरेका आधारभूत मापदण्ड दुवैका विरुद्धमा रहेको देखा परेका छन् ।

यस अध्ययनबाट निकालिएका निष्कर्षहरू निम्नानुसार छन् :

१. कैदसजायको अवधि र जरिवानाबीच व्यापक असङ्गति छ । सो अन्तर वा असङ्गति किन रहेको हो भन्ने कुनै प्रत्यक्ष र युक्तिगत स्पष्टता छैन । केही ऐनहरूले अधिक अवधिको कैदसजाय र न्यून जरिवानाको प्रावधान गरेका छन् छन् भने अरू ऐनले मामुली कैदसजाय र अविश्वसनीय रूपमा अधिक जरिवानाको प्रबन्ध गरेका छन् ।

२. नेपालमा फौजदारी कानुनको विधायनप्रक्रिया उचित नीति र पद्धतिबाट निर्दिष्ट छैन । विधेयकहरू विज्ञहरूको समूहबाट तयार गरिदैनन् र विधेयक तयारीका लागि नीतिगत विषय र विकल्पहरूबारे अध्ययन पनि भएको हुँदैन । नेपालमा सजायनिर्धारण नीतिको पूर्णतः अभाव रहेको छ, सजायको सिद्धान्त औचित्य र वस्तुगततामा आधारित छैन । कैदसजायको अवधि र जरिवानाको परिमाणहरू अधिकारीहरूबाट जथाभावी रूपमा निर्धारण हुने गरेका छन् ।

३. आर्थिक दण्ड खास गरी जरिवाना पीडित व्यक्तिलाई तिनको क्षतिको क्षतिपूर्ति प्रदान गर्ने उद्देश्यले बहन गराउनका लागि नभई राज्यको राजश्वको स्रोतका रूपमा लागू गरिएको हुन्छ ।

४. नेपालमा कानुननिर्माणप्रक्रिया पूर्ण रूपमा विभागीयकरण भएको छ । त्यस्तो कुनै संस्था छैन जसले स्वतन्त्र रूपमा विधेयकको अनुसन्धान र विकासमा लागि परोस् । विधेयकहरू एकल मन्त्रालयद्वारा तयार गरिन्छन् र विधायनको लक्ष्य सहजीकरण गर्ने नभई 'नियमन संयन्त्र' तयार पार्ने रहँदै आएको छ ।

५. दण्डभारको प्रकारमा सङ्गति नहुनाले सजायनिर्धारणमा एकरूपताको कमी रहेको छ ।

६ फौजदारी न्यायप्रणालीको विभागीयकरण न्यायप्रणालीको गम्भीर व्यवधान बनेको छ । धेरै ऐनमा अपराधको अनुसन्धान, अभियोजन र पुर्पक्ष गर्ने अधिकार प्रशासनिक अधिकारी वा निकायलाई अधिकार प्रयोग गर्न निर्देश गरिएको छ ।

७. केही ऐनहरूले अनुसन्धान, अभियोजन र पुर्पक्ष गर्ने अधिकार एकै प्रशासनिक कार्यालयलाई प्रदान गरेका छन् । यस्तो अवस्थामा स्वच्छ पुर्पक्षको सम्भावना उपेक्षित रहन्छ । केही ऐनहरूले अभियोजनको

अधिकार सरकारी न्यायाधिवक्ताहरूलाई प्रदान गरेका छन् तर अनुसन्धान र पुर्पक्ष गर्ने अधिकार प्रशासनिक कार्यालयमा निहित राखिएको छ। अझ पेचिलो गरी त धेरैं सङ्ख्यामा ऐनकानुनहरूले नियमबाट अनुसन्धानकर्ता, अभियोजनकर्ता र पुर्पक्षकर्ता तोक्न सक्ने तजबिजी अधिकार कार्यपालिकालाई प्रदान गरेका छन्। यस अतिरिक्त नियमद्वारा दण्डसजाय तोक्ने अधिकार कार्यपालिकालाई हुने व्यवस्था कायम राखेका छन्। अत: यस्तो अवस्थामा स्वच्छ पुर्पक्षको सम्भावना न्यून रहन्छ।

८ संविधानअनुसार सैनिक अदालतबाहेक न्यायसम्पादनमा संलग्न अन्य सम्पूर्ण निकाय वा संस्थाहरू सर्वोच्च अदालतको सुपरिवेक्षकीय क्षेत्राधिकारभित्र पर्दछन्। तर सर्वोच्च अदालतको सुपरिवेक्षकीय क्षेत्राधिकारभन्दा बाहिर अपराधको पुर्पक्ष गर्न कतिपय न्यायाधिकरण र आयोगहरू अधिकार सम्पन्न बनाइएका छन्।

९ कानुनको उचित प्रक्रियाका साथ पुर्पक्ष गर्न आवश्यक कानुनी पृष्ठभूमि प्रशासनिक पदाधिकारीहरूको छैन। उनीहरूका लागि न्यायिक पुर्पक्ष भनेको शङ्कित व्यक्तिलाई अभियुक्त कायम गर्ने घटना सिवाय अरू केही हुँदैन। शङ्कित वा अभियुक्तका स्वच्छ पुर्पक्षसम्बन्धी अधिकारहरू र संवैधानिक कार्यविधिगत प्रत्याभूतिहरू नियोजित तरिकाले बेवास्ता गरिएका छन्।

१०. जननिर्वाचित विधायिका नयाँ संविधान र अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी अध्यालेखहरूको आलोकबाट ऐनहरूको औचित्य जाँच्नमा गम्भीर रूपले असफल रह्यो। परिणामस्वरूप तथ्यगत रूपमा स्वच्छ र निष्पक्ष पुर्पक्षसँग नमिल्दा कानुन संविधानको प्रस्तावनाले सोचेअनुरूपको पर्याप्त र सक्षम न्यायप्रणालीलाई निस्तेज गर्नमा निरन्तर क्रियान्वित रहे।

११ अधिकांश कानुनले पुनरावेदन सुन्ने सक्षम न्यायिक निकायबारे स्पष्ट प्रावधान राख्न सकेका छैनन्। यसै गरी गैरकानुनी पक्राउ र थुनछेकको सिकार भएका र न्यायअपयोजनका पीडितलाई क्षतिपूर्ति दिनेबारेमा नेपाल कानुनमा कुनै प्रावधान राखिएको छैन।

यी निष्कर्षहरूबाट यस अध्ययनले सुधारका निम्न सुझाबहरू दिइएको छ।

- उल्लिखित दिशामा फौजदारी न्यायप्रणालीको मूलप्रवाहीकरण गर्नका लागि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले साझा अवधारणासाथ कार्य गर्नुपर्ने देखिन्छ। यसका लागि फौजदारी न्यायमा स्वच्छ पुर्पक्षको मान्य स्तर कायम गर्न र कार्यान्वयनमा ल्याउन मूलभूत नीतिनियमको तर्जुमा हुन आवश्यक छ। यस किसिमका मूलभूत नियम सबै परिस्थितिमा लागू हुने अनिवार्य व्यवस्थाका रूपमा स्थापित गरिनुपर्छ। विशेष, सैनिक वा अन्य जुनसुकै न्यायाधिकरण वा निकायको क्षेत्राधिकार भनेर यस्ता मूलभूत नियम लागू नहुने भनी अपवाद राख्न नसकिने गरी किटान गरिनुपर्छ। स्वच्छ पुर्पक्षका परिसूचकहरू सुस्पष्ट हुनुपर्छ र तिनलाई मौलिक हकको मर्यादामा राखी अपराध तथा दण्डसंहितामा समेटिनुपर्छ।
- अधिकांश कानुनले पुनरावेदन सुन्ने सक्षम न्यायिक निकायबारे स्पष्ट प्रावधान राख्न सकेका छैनन्। पुनरावेदनको अधिकारलाई स्वच्छ पुर्पक्षको अभिन्न भागका रूपमा किटान गरी साधारण अदालतबाट मात्र पुनरावेदनको सुनवाइ हुने कुरा निश्चित पार्न आवश्यक छ।
- यसै गरी गैरकाननी पक्राउ र थुनछेकको सिकार भएका र न्यायअपयोजनका पीडितलाई क्षतिपूर्ति दिनेबारेमा नेपाल कानुनमा कुनै प्रावधान राखिएको छैन। यसर्थ यसलाई सम्बोधन गर्ने गरी विशेष काननी प्रावधान मिलाउँदै पीडितलाई न्याय दिने वातावरण बनाउन जरुरी छ।
- यो अध्ययनमा विश्लेषणबात सिफारिस गरिएअनुसार कानुनको सुधार तथा संशोधनका लागि तत्काल पहल गर्न अत्यावश्यक छ।
- जनताको स्वच्छ पुर्पक्षको अधिकारलाई पूर्ण हदमा प्रचलन गर्ने कुरालाई सुनिश्चित पार्न आवश्यक पर्ने कानुनको तर्जुमा तथा विद्यमान कानुनमा उचित संशोधनको सिफारिस गर्ने कार्यको राष्ट्रिय मानवअधिकार आयोगले अगुवाइ गर्नुपर्छ।
- मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अध्यालेखअन्तर्गतको जिम्मेवारी पूरा गर्न सरकारले सस्थागत संरचना र व्यवहारको सुधारका लागि अग्रसरता र सक्रियता लिनुपर्दछ।

■

# १ परिचय

१.१ उद्देश्य ........................................................ २


१.२ विधि ........................................................ ३

## १.१ उद्देश्य

नेपाली जनताको खास गरी स्वच्छ पुर्पक्षको अधिकारको उपभोगलाई व्यवधान गर्ने असङ्गत र अनमेल प्रावधानहरूको पहिचान गर्ने उद्देश्यले यो अध्ययन गरिएको हो । यो मानवअधिकारका अन्तर्राष्ट्रिय अध्यालेखहरूमा व्यवस्थित पुर्पक्षको अधिकारसम्बन्धी मान्यता र नेपालका राष्ट्रिय कानुनको तुलनात्मक अध्ययन हो । सजिलाका लागि यस अध्ययनको प्रयोजनार्थ स्वच्छ पुर्पक्षको मापदण्डलाई पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी दुई तहमा विभक्त गरिएको थियो । नेपाल कानुन र स्वच्छ पुर्पक्षका सर्वव्यापक मापदण्डहरूको व्यापक लेखाजोखा नगरी स्वच्छ पुर्पक्षका प्रमुख मापदण्ड र न्यायका मान्य सिद्धान्तसँग असङ्गत वा अनमेल रहेका नेपाली कानुनी प्रावधानको विश्लेषणमा मात्र यो प्रतिबेदन केन्द्रित छ ।

यो अध्ययनको मुख्य उद्देश्य स्वच्छ पुर्पक्षका मापदण्डको नेपाली सन्दर्भमा उपयुक्त कार्यान्वयनलाई व्यवधान गर्ने मुख्य कानुनी व्यवस्थागत तत्त्वहरू पहिल्याउने रहेको थियो । यसै गरी न्यायप्रशासन र सुरक्षासम्बन्धी कानुनको कार्यान्वयनका सिलसिलामा नागरिक तथा राजनीतिक अधिकारको संरक्षण र प्रचलन सुनिश्चित पार्ने उपाय अपनाउन कानुनी सुधारका लागि सरकारलाई सिफारिस गर्ने राष्ट्रिय मानवअधिकार आयोगलाई सहज किसिमको विश्लेषण उपलब्ध गराउनु यस अध्ययनको अर्को महत्त्वपूर्ण उद्देश्य रहेको थियो । यस अध्ययनका निर्दिष्ट उद्देश्य थिए:

- स्वच्छ पुर्पक्षसम्बन्धी अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त मापदण्डका परिपेक्ष्यबाट नेपालको कानुनी व्यवस्थाको सर्वेक्षण अवलोकन गर्ने;
- स्वच्छ पुर्पक्षबारेको संवैधानिक निर्दिष्टता र अन्तर्राष्ट्रिय रूपमा मान्य मानदण्डको प्रतिकूलका नेपाल कानुनका प्रावधान पहिचान गर्ने;
- उल्लिखित मापदण्डसँग बाझिएका, असङ्गत वा प्रतिकूल रहेका प्रावधानहरूको लेखाजोखा गरी संविधान वा अन्तर्राष्ट्रिय अध्यालेखका कुनकुन मापदण्डीय बुँदासँग ती प्रावधान केकसरी बाझिएका छन् वा असङ्गत वा प्रतिकूल रहेका छन् भन्ने कुराको आधार खुल्ने गरी तिनको सारविवरण तयार पार्ने; र
- संवैधानिक तथा अन्तर्राष्ट्रिय अध्यालेखीय मापदण्डसँग यस्ता बेमेल देखिएका प्रावधानलाई सङ्गतिपूर्ण बनाउनका लागि सम्भाव्य सुधार सिफारिस गर्ने ।



## १.२ विधि

यो अध्ययन २०६० फागुनदेखि २०६१ साउनसम्म छ महिनाको अवधिमा सम्पन्न गरिएको हो । सकेसम्म अध्ययनलाई सान्दर्भिक बनाउन निम्न विधिको अवलम्बन गरियो ।

- उद्देश्यअनुरूप अध्ययनक्षेत्रसँग सान्दर्भिक कानुनभित्रका विषयवस्तुको सर्वेक्षणबाट यो अध्ययन थालिएको थियो ।
- अध्ययन कार्य थाल्नुअगि स्वच्छ पुर्पक्षसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डका प्रमुख सूचकहरूको जाँचसूची तयार पारिएको थियो । मसौदाका रूपमा तयार गरिएको जाँचसूचीलाई फौजदारी कानुनका विज्ञ, मानवअधिकारका प्रतिरक्षक, न्यायवेत्ता, कानुनव्यवसायी र समाजशास्त्रीहरू सम्मिलित कार्यगोष्ठीबाट अन्तिम स्वरूप दिइएको थियो ।
- सोही गोष्ठीले अध्ययनको प्रयोजनका लागि संवैधानिक ढाँचाभित्र स्वच्छ पुर्पक्षका लागि मान्य न्यायका सिद्धान्त र मापदण्डको मूलभूत खाका तय गर्‍यो । यी दुईका मुख्य साझा तत्त्वका आधारमा अध्ययनको निर्धारक परिसूचक तयार गरियो । सोही परिसूचकका आधारमा नेपालका विभिन्न ऐनमा रहेका प्रावधानहरूको परीक्षण र लेखाजोखा गरी यो विश्लेषण-प्रतिबेदन तयार गरिएको हो । अध्ययनमा प्रयुक्त निर्धारित परिसूचक (मापदण्ड) का बारेमा उपशीर्षक २.३ मा विस्तारमा वर्णन गरिएको छ ।
- मानवअधिकार र फौजदारी कानुनमा अनुभव रहेका दुई जना कानुनव्यवसायीलाई सो परिसूचक वा मापदण्डका आधारमा उल्लेख गरिएअनुसार ऐनहरूमा रहेका सम्भाव्य असङ्गत प्रावधानको प्रारम्भिक छनोट गर्ने जिम्मेवारी दिइएको थियो । अढाइ महिनाको अवधिमा प्रारम्भिक छनोटको कार्य सम्पन्न गरिएको थियो । प्रारम्भिक छनोटमा परेका सन्देहास्पद प्रावधानहरूलाई त्यसपछि अन्तर्राष्ट्रिय अध्यालेखहरू र संविधानका व्यवस्थासँग बुँदागत ढङ्गले सूक्ष्मतापूर्वक दाँजेर केलाइएको थियो ।
- यसपछि अन्तर्राष्ट्रिय मापदण्डको अभिप्राय र औँल्याइएका असङ्गत प्रावधानको तुलना गरी लेखाजोखा गरियो । यस क्रममा कुन प्रावधान मापदण्डको कुन प्रावधानसँग बाझिएको वा असङ्गत हुन गएको छ भन्ने कुरा झल्काउने गरी मापदण्डका प्रावधान सङ्केत गर्ने र केकसरी सो प्रावधान असङ्गत देखा पर्छ भन्ने कुरा खुलाउने गरी विश्लेषण र विवेचना गरी त्यसलाई लेखबद्ध गरिएको थियो । यसरी गरिएको परीक्षणबाट देखा परेको असङ्गतिको आधारबारे छोटोछरितो विवरण तयार गरी मसौदा विश्लेषण तयार पारिएको थियो ।
- यसरी कानुनका विज्ञहरूबाट तयार पारिएको अन्तिम मसौदालाई कानुनव्यवसायी, समाजशास्त्री, फौजदारी तथा मानवअधिकारसम्बन्धी कानुनविद्हरूको कार्यगोष्ठीमा छलफलमा ल्याइयो । सोही कार्यगोष्ठीबाट थपघट तथा परिमार्जन गरिएअनुसारको विश्लेषण यस प्रतिबेदनमा समेटिएको छ ।

स्पष्टतः सम्भाव्य असङ्गत हरेक प्रावधानलाई संयुक्त राष्ट्रसङ्घबाट पारित घोषणापत्र, सिद्धान्त र मार्गदर्शनलगायतका मानवअधिकारका अन्तर्राष्ट्रिय अध्यालेखहरूका प्रावधानका भावनाका आधारमा तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । बाझिएका, नमिलेका वा असङ्गत पहिचान गरिएका प्रावधानहरूको असङ्गतिको कारण तथा आधार अध्यालेखहरूको सान्दर्भिक धारालाई औँल्याएरै प्रस्तुत गरिएको छ ।

यस अध्ययनका सिलसिलामा नेपालमा सिद्धान्ततः चालु देखिएका दुई सय ८० वटा ऐनको सर्वेक्षण भएको छ । ती मध्ये ८३ वटा ऐनमा स्वच्छ पुर्पक्षको अधिकारको मापदण्डसँग असङ्गति राख्ने तीन सय २३ प्रावधान फेला परेका छन् । जुन अन्तर्राष्ट्रिय कानुनका मापदण्ड तथा नेपालअधिराज्यको संविधान २०४७ र अन्य कानुनले गरेका आधारभूत मापदण्ड दुवैका विरुद्धमा रहेको देखा परेका छन् ।

■

# २

# फौजदारी न्यायमा स्वच्छ पुर्पक्षको मापदण्ड


२.१ फौजदारी न्यायप्रणालीका ढाँचा र औचित्य ...................... ६

२.१.१ प्रहरी शक्ति दुरुपयोग हुने खतरा......................... ७

२.१.२ कानुनको सम्भाव्य उल्लङ्घनविरुद्ध कार्यविधिक संरक्षणको औचित्य ........................................ ९

२.१.३ गैरकानुनी र अनुचित हस्तक्षेपविरुद्ध सुरक्षाको आवश्यकता ................................................ १३

२.१.४ अभियुक्तको पक्राउ र प्रहरी हिरासतमा थुनासँग सम्बन्धित अधिकार ....................................... १६

२.२ मानवअधिकार कानुनमा स्वच्छ पुर्पक्षका मापदण्ड .......... २२

२.२.१ अन्तर्राष्ट्रिय मापदण्ड .................................... २३

२.२.२ मान्यताप्राप्त मुख्य-मुख्य नेपालका मापदण्ड........ २५

२.३ यो अध्ययनका लागि स्तरीकृत स्वच्छ पुर्पक्षका परिसूचक ... २६

## २.१ फौजदारी न्यायप्रणालीका ढाँचा र औचित्य

स्वच्छ पुर्पक्षका मापदण्डहरूलाई विश्वव्यापी रूपमा मान्यता दिइएको छ र यिनलाई सारमा सर्वव्यापक र ढाँचामा सापेक्ष मानिएको छ। स्वच्छ पुर्पक्षका मापदण्डहरूलाई विश्वभरमै फौजदारी न्यायप्रणालीको उपयुक्तता जाँच गर्ने कसीका रूपमा लिइने गरेको छ। अवधारणा, परम्परा र सांस्कृतिक अभ्यासको विविधताले गर्दा भिन्नभिन्न देशमा फौजदारी न्यायका ढाँचा पनि भिन्नभिन्न छन्; तथापि, सबै एकै लक्ष्यका लागि क्रियाशील छन्। सबैको लक्ष्यचाहिँ हुन सक्नेसम्म जीवन र मर्यादाको अधिकतम संरक्षण गरी समाजमा निर्भय स्थिरताको माध्यमद्वारा न्याय सुनिश्चित पार्ने नै हो।

"फौजदारी न्याय अपराधको प्रत्युत्तर हो, तर व्यक्तिगत प्रत्युत्तरका विपरीत,... फौजदारी न्याय ...सरकार(हरू)का प्रतिनिधिहरूद्वारा हुने औपचारिक प्रत्युत्तर हो" बोह्म र ह्याली, १९९९: १७)। सरकारका ढाँचाहरूमा अन्तर भएकाले सापेक्षतः फौजदारी न्यायको सञ्चालन पनि उस्तै हुने कुरा हुँदैन। फौजदारी न्यायप्रणाली स्थानीय वास्तविकताका आधारमा विभिन्न ढाँचामा सञ्चालनमा आउने भए पनि तिनका प्रमुख साम्यतालाई विचार गरेर तिनलाई प्रतिद्वन्द्वात्मक र अन्वेषणात्मक गरी दुई धारमा छुट्ट्याउन सकिन्छ।

ढाँचा जेसुकै भए पनि, "कुनै पनि फौजदारी न्यायप्रणालीको परिलक्ष्य कसुरदारलाई सजाय गर्ने र निर्दोषलाई संरक्षण गर्ने हुन्छ।... राज्यसंयन्त्र अपराधको रोकथाम र कसुरदारलाई सजाय गर्नमा परिचालित हुन्छ। तर सबैको सरोकारको विषयचाहिँ के हो भने न्यायका नाममा निर्दोषलाई सताइन हुँदैन" (आचार्य, २००३: ५७)। अन्वेषणात्मक ढाँचामा अभियुक्तको मौन रहन पाउने अधिकारको कमजोर मान्यताजस्ता कठोर अपवादलाई छाडेर फौजदारी न्यायका जुनसुकै ढाँचामा स्वच्छ पुर्पक्षका मापदण्डहरूलाई फौजदारी न्यायप्रणालीको सर्वसाझा आवश्यक सर्त मानिएको छ।

"नीतिनिर्माण, कार्यान्वयनसंयन्त्र र उचित दण्डनीतिसाथको अनुसन्धान, अभियोजन र न्यायनिरूपण प्रणालीले हरेक मुलुकको फौजदारी न्यायप्रणाली तय गर्दछ" (सेलर्ड, २००२: २८)। फौजदारी न्यायप्रणालीको औचित्य स्वच्छताको विधिसम्मत आधिकारिकता, उपयुक्तता र कानुनको शासनसँगको सङ्गतिमा रहन्छ। यी अपरिहार्य कुरा सबैको पालना हुनै पर्छ। स्वच्छ पुर्पक्षका मापदण्डहरूको सही अनुसरणले सुनिश्चित न्यायसाथको शान्तिमा समाजका हरेक सदस्यको मानवअधिकारको आदर, संरक्षण र व्यवधानरहित उपभोगतर्फ डोऱ्याउँछ।

अपराधपीडितहरू, खास गरी लाभवञ्चित, र साक्षीहरूको संरक्षणको सवाल फौजदारी न्यायको आधारभूत पक्ष हो। स्वच्छ पुर्पक्षका मापदण्डलाई फौजदारी न्यायप्रणालीलाई सही तरिकाले अगि बढाउने कुरा निश्चित गर्नमा सार्थक साधन मानिन्छन्। यी मापदण्डअनुकूल चल्ने फौजदारी न्यायप्रणाली पीडितलाई पुनर्लाभ गराउने र सामुदायमैत्री सुधार र दण्डप्रक्रियाबाट कसुरदारको पुनःस्थापना र पुनःसम्मिलन गराई न्याय गर्न सक्षम हुन्छ।

फौजदारी न्यायप्रणालीले अपराध र अपराधीबाट सुरक्षाको सामाजिक चाहनाविरुद्ध कहिल्यै सम्झौता गर्दैन। फौजदारी न्यायप्रणालीको मुख्य लक्ष्य नै अभियुक्तलाई समयानुरूप र प्रभावकारी ढङ्गले न्यायको परिधिभित्र ल्याउनु हो। अभियुक्तलाई निरुत्साहित पार्न न्यायको उचित र प्रभावकारी संयन्त्र र दण्ड प्रणाली, संस्था (प्रहरी, अभियोजक, अदालत र बार) विकास भैसकेका छन्। जे भएतापनि, न्यायको क्रममा शङ्कित र अभियुक्तमाथिको अनुचित र गैरकानुनी व्यवहारविरुद्धको संरक्षणलाई पनि सामाजिक चाहनाको प्रमुख मान्यताका रूपमा लिइएको छ।

कुनै पनि राज्यको न्यायिक संयन्त्रले व्यक्तिको स्वच्छ र निश्पक्ष पुर्पक्षको चाहनालाई लत्याउन वा अवमुल्यन गर्न सक्दैन। यसर्थ फौजदारी न्यायले राष्ट्रले शङ्कित र अभियुक्तमाथि जथाभावी पमा अधिकार प्रयोगको परिपाटी माथि अङ्कुश लगाउँछ। त्यसका लागि विभिन्न कार्य विधिगत सुरक्षाहरूको व्यवस्था भएका छन। शङ्कित र अभियुक्तहरूलाई

फौजदारी कार्यविधिको परिप्रेक्ष्यमा मानव अधिकारको संरक्षणको लागि यस्ता सुरक्षाहरू प्रदान गरिएका हुन्छन । वास्तबमा मानव अधिकारका रूपमा त्यस्ता सुरक्षाहरूले अभियुक्त माथि गरिने व्यवहार र सजाय राज्य वा यसको कार्यसंयन्त्रबाट जथाभावी वा अनुचित किसिमबाट नियन्त्रित वा निर्धारित नभएको अवस्थालाई सूचित गर्छ । (एन्ड्रयूस्, १९८२:९)

फौजदारी कार्यविधिको क्रममा कानुनको उचित प्रक्रिया अनुरूप उचित व्यवहार गर्नु फौजदारी न्याय कार्यान्वयनको क्रममा मानव अधिकारको संरक्षण सम्बन्धी विषयको मूल मान्यता हो । फौजदारी कार्यविधिको क्रममा अभियुक्तमाथि उचित व्यवहार हुन्छ भन्ने कुरा निश्चित गर्नु सामाजिम चासोको विषय हो ।

वास्तबमै, शङ्कित र अभियुक्तको अनुचित व्यवहार र सजायविरुद्ध सुरक्षाको चाहना र समाजको स्वाभाविक हित एकआपसमा अभिन्न छन् । उदाहरणको लागि सबै समाज र न्यायप्रणालीले करकापबाट भएको साबितीलाई अस्वीकार गरेका छन् । यो सिद्धान्त अभियुक्तको चाहना सुरक्षित गर्नको लागि मात्र महत्त्वपूर्ण नभएर तथ्य निर्क्योल गर्ने समाजको प्राकृतिक चाहनाका कारणले पनि उत्तिकै महत्त्वपूर्ण छ (एन्ड्रयूज, १९८२:९) । फौजदारी प्रक्रियाको समयमा शङ्कित व्यक्तिको मानवअधिकारको संरक्षण र सुरक्षा यसरी समाजको चाहना र दोषी स्थापित हुनुपूर्व कसुरदारउपरको स्वच्छ र निष्पक्ष व्यवहारबीच सन्तुलन प्राप्तिको अपेक्षित साधन हो ।

### २.१.१ प्रहरी शक्ति दुरूपयोग हुने खतरा

अनुसन्धानको क्रममा प्रहरीबाट अख्तियारीको दुरुपयोग हुन सक्ने कुरालाई ध्यानमा राखी फौजदारी न्यायप्रणालीले प्रहरीले प्रयोग गर्ने तजबिजी अधिकारको क्षेत्रलाई सीमित गर्न अनेक माध्यमको विकास गरेको छ । अपराधको अनुसन्धान र फौजदारी न्यायप्रक्रियामा प्रहरीसङ्गठनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । त्यस कारण स्वच्छ पुर्पक्षको सन्दर्भ अपराधको अनुसन्धानप्रक्रियामा पनि उत्तिकै गरी आकर्षित हुन्छ ।

प्रहरीलाई अनियन्त्रित असीमित अधिकार रहँदा यसले शङ्कित व्यक्तिको स्वच्छ पुर्पक्षको प्रत्याभूतिलाई असम्भव बनाउँछ । अपराधनियन्त्रणकर्ता तथा समाजको हितसंरक्षकको रूपमा प्रहरी सङ्गठनलाई हेरिए पनि बल र अख्तियारीको दुरुपयोगको सम्भावित खतराका कारण यसका कार्यहरूउपर सावधानीपूर्वक निगरानी रहनुपर्ने खाँचो रहन्छ । अभियोजन र पुर्पक्ष वा न्यायनिरूपण गर्ने निकायबाट अपराधअनुसन्धानसम्बन्धी कार्यउपर अनुगमन र मूल्याङ्कनसाथ निगरानी नहुने वा निगरानी गर्नमा असफल हुने जुनसुकै समाजमा प्रहरीले अख्तियारीको दुरुपयोग गर्ने खतरा बढी रहन्छ । अझ प्रशासनिक अधिकारीहरूलाई न्यायिक अधिकार रहने अवस्थामा त प्रहरीले आफूले पाएको अख्तियारीको अधिक दुरुपयोग र जथाभावी गर्ने खतरा धेरै हुन्छ ।

प्रहरीअख्तियारीमाथि रहने अनेक सीमामध्ये आत्मअपराधीकरणविरुद्धको अधिकार मूलभूतमध्येको एक हो । यस सन्दर्भमा विकास भएको कानुनदर्शनअनुसार सोधपुछ गर्ने अधिकार प्रहरीमा अन्तर्निहित अधिकार होइन र यो अनुसन्धानको निरपेक्ष प्रक्रिया पनि होइन । मिरान्डा वि. एरिजोना (१९६६) को मुद्दामा अमेरिकी सर्वोच्च अदालतले अपराधमा शङ्कित व्यक्तिलाई पक्रनु र जुनसुकै सोधपुछ गर्नुअगि उसलाई निजको चुप वा मौन बस्न पाउने अधिकार छ भनेर बताउनै पर्ने नियम स्थापित गरेको छ ।

अभियुक्तले जानीजानीकनै चुप रहन पाउने अधिकार छाड्यो र आफूले बोलेको कुरा आफ्नो विरुद्धमा प्रमाण लाग्छ भन्ने कुरा उसले स्पष्ट र सचेत रूपमा थाहा पाएको भएमा मात्र साबितीलाई प्रमाणमा लिन सकिन्छ । तर, नेपालमा भने साबितीलाई न्यायपालिकाले सफाइ तथा ठहर दुवैका लागि सर्वोच्च प्रमाणको रूपमा लिने गरेको छ । वास्तबमा नेपालमा फौजदारी पुर्पक्ष र यसका नतिजाहरू साबितीकै सेरोफेरोमा घुम्ने गरेका छन् । तथा यसको परिणाम यही साबितीको सेरोफेरोमा रहेको छ । साबितीलाई अकाट्य प्रमाणको रूपमा लिने गरिएको छ ।

तसर्थ सोधपुछसम्बन्धी प्रहरीको अख्तियारीमाथिको नियन्त्रण न्यायका सर्तहरू स्थापना गर्ने प्रत्याभूतिहरू हुन । विकसित देशहरूमा कार्यपालिका वा अधिकारीहरूमा खास गरी प्रहरीहरूले यी सीमितताहरूलाई अनावश्यक अडचनका रूपमा लिई

उल्लङ्घन गरिरहेका छन । तर यि सिमितता तथा अडचनहरूका कारणबाट अपराधीले पाउने फाइदा भन्दा, यि अडचनहरू नहुँदा प्रहरीमा अधिकारको दुरुपयोग हुने खतरा बढी हुन्छ ।

जस्टिस स्टुवार्टले ब्रेवेर वि. विलियम्स (१९७७) को मुद्दामा स्पष्ट भनेका छन कि जब समाज अपराधको चगुलमा पर्दछ, तब कार्यपालिका र न्यायिक अधिकारीहरूमा बढी दवाव पर्दछ । तर यही नै दवावहरूको भविष्य कथन हो जसले यसको सुरक्षा प्रति अनिवार्य शर्त राख्दछ जुन संविधानले सबैलाई दिएको छ । त्यसकारण समाजको उच्चतम् हित संरक्षण गर्न यस्ता नियन्त्रण वा सिमितताहरू परिकल्पित गरिएका हुन्छन्. । समाजको कानुन प्रणालीको औचित्यता यिनै संरक्षणद्वारा नियमित गरिएका हुन्छन ।

कार्यविधिगत अख्तियारीको यस्ता सीमा र बन्देजहरूको कानुनशास्त्रीय विकासक्रम लामो र जटिल छ । यसमा आसन्न मूल  मान्यताचाहिँ कानुनको परिपालना गर्ने सरकारी अख्तियारीको सिद्धान्त र तिनीहरूको प्रयोगको वैधानिकता हो । अतः स्वच्छ र निष्पक्ष फौजदारी न्यायप्रणालीका सन्दर्भमा यस्ता सीमाबन्देजहरू कानुनको शासनको प्रक्रटीकरण हुन् ।

फ्रेडरिकले औंलाएअनुसार अर्कातिर वैधानिकता भन्नाले कानुनले प्रदान गरेको अख्तियारीका सबै काम कानुनबाट बाँधिएर, पूर्वघोषित  पारदर्शी रूपमा सम्पादन गर्नु भन्ने बुझाउँछ । अर्थात् सबै प्रकारका गतिविधि पूर्वनिर्धारित कानुनद्वारा निर्देशित हुन्छन् । यसले गर्दा अख्तियारप्राप्त अधिकारीले कुन हदसम्म कसरी आफूमा निहित रहेको शक्ति प्रयोग गर्छन् र गर्न पाउँछन् भन्ने निश्चितता जोसुकैले जान्न सक्ने हुन्छ । मुरेका भनाइअनुसार अनुसन्धान गर्ने अधिकारीले आफ्नो गतिविधि सञ्चालनमा निम्न तरिका अपनाएर समाजका दृष्टिकोणमा आफूले विधिसम्मत कार्य गरेको देखाउन सक्तछन् ।

१. आफ्नो सम्पर्कमा सेवा प्राप्त गर्न आएका नागरिकलाई स्तरीय शीघ्र सेवा प्रदान गरेर र गिरफ्तारीमा परेका व्यक्तिहरूलाई कानुनले तोकेको तरिकाअनुरूप व्यवहार गरेर ।

२. आफ्नो सङ्गठनलाई सेवाग्राहीका निमित्त पारदर्शी र जनसेवी बनाएर ।

३. नागरिकबाट अपराधनियन्त्रण गर्न र भइसकेका अपराधमा प्रमाण जुटाउन सहयोग लिएर

४. अन्त्यमा न्याय र प्रजातन्त्रको पक्षमा जनताको नैतिक समर्थन लिएर (पृष्ठ ४८)

विगतमा फौजदारी न्यायसँग सम्बद्ध क्षेत्रलाई सुढृद र सक्षम बनाउन चासो राखिएन । जसको फलस्वरूप यस्ता निकाय गलत शैलीमा क्रियाशील रहे । यस्तो त्रुटिले गर्दा अनुसन्धानअधिकारीमाथि मात्र हैन फौजदारी न्यायव्यवस्थामाथि नै जनताको आस्था कम रहन गयो ।

लामो समयसम्म निरङ्कुश शासन व्यवस्था भएको नेपालजस्तो मुलुकमा प्रहरीबाट हुने शक्तिदुरुपयोग अनियन्त्रित रह्यो । फौजदारी न्याय आशङ्काकै भरमा सञ्चालन हुन सक्ने संयन्त्रको रूपमा विकसित भयो । फलस्वरूप चौडा कानुनी धरातलमा शक्तिको प्रयोग गर्नेले कानुनी आधार लिने र जसमा माथि कारबाई हुन्छ उसले पनि कानुनी संरक्षणमा आफ्नो क्रियाकलापको मूल्याङ्कन गराउने परिपाटी विकसित हुन पाएन ।

फौजदारी न्याय धेरै संयन्त्र जेलिएको जटिल व्यवस्था हो । यो परस्पर समन्वयमा तर आ-आफ्नो अधिकार क्षेत्रभित्र स्वतन्त्र रूपमा क्रियाशील रहेर गतिशील हुन्छ ।  यसका सबै अङ्गको उद्देश्य एउटै हुन्छ । तिनले समाजमा शान्ति स्थापना गरी जनताको जीउ र सम्पत्तिको संरक्षण गर्नको साथै कसुरदारलाई कानुनले तोकेअनुसार न्यायको दायरामा पुऱ्याउने लक्ष्य राखेको हुन्छ ।

फौजदारी न्यायको सङ्गठनात्मक स्वरूप सोलीजस्तो हुन्छ, जसले व्यापक परिवेशबाट समाजमा हुने गरेका कानुनउल्लङ्घनका घटनामाथि निगरानी राख्छ । छानबिनका प्रक्रियाबाट प्रमाणबाट कसुरदार स्थापित गर्न सकिने व्यक्तिलाई न्यायको दायरामा ल्याइन्छ । सङ्गठनभित्र कार्यरत विभिन्न अङ्गहरू जस्तो प्रहरी, सरकारी वकिल, प्रतिरक्षा कानुनव्यवसायी र अदालत

सबैको आ-आफ्नो क्षेत्राधिकार छ र सबै अङ्गले जनताप्रतिको आ-आफ्नो दायित्व बोध गरेर निपूणतापूर्ण काम गरेर मात्र यो व्यवस्था सूचारु हुन्छ । यी अङ्गहरूले कुनै एक मात्र केन्द्रीय प्राधिकारमाथि एकाङ्गी निर्भरता राख्दैनन् । अतः फौजदारी न्यायप्रणाली कुनै एउटा केन्द्रीय शक्तिबाट मात्र सञ्चालित हुँदैन । यस प्रणालीमा एउटा अङ्गको कामले अर्को अङ्गलाई सघाएको हुन्छ ।

आपराधिक घटनाको अनुसन्धानका क्रममा प्रमाणसङ्कलन गर्ने र अभियुक्तलाई गिरफ्तार गर्ने कुरा प्रहरीको क्षेत्राधिकारभित्र पर्छ भने अभियुक्तविरुद्ध लाग्ने-नलाग्ने प्रमाणहरूको मूल्याङ्कन गर्नु अभियोजनकर्ता (सरकारी वकिल) को क्षेत्राधिकारभित्र पर्दछ । अभियोजनकर्ताले पेस गरेका मुद्दा र प्रमाणहरूको औचित्य जाँच गर्ने काम अदालतको हुन्छ । यी सबै क्रियाकलाप कानुनसम्मत छ-छैन प्रतिरक्षा कानुनव्यवसायीले अभियुक्तको तर्फबाट हेर्दछ । कुनै एउटा अङ्गले गल्ती गरिदिँदा अर्को अङ्गको कारबाईमा समेत असर पर्दछ । त्यसको फलस्वरूप न्याय तलमाथि पर्न जान्छ र समग्र फौजदारी न्यायप्रणालीमाथि समाजले शङ्का गर्ने स्थिति आउँछ । गिरफ्तारी र प्रमाणसङ्कलन जथाभाबी हुन गयो भने अभियोजनकर्ताको कार्य सम्पादन प्रभावित हुन्छ । अभियोजनकर्ताको कार्य अस्पष्ट भए अदालतले अभियुक्तलाई शङ्काको सुविधा दिनुको विकल्प रहँदैन ।

प्रारम्भमा अभियुक्तलाई सोधपुछ गर्ने कुरामा प्रहरीलाई सीमित वैधानिकता दिनु अनुसन्धानकार्यविधिको अनुकुल कुरा हो । यसो गर्दा शक्तिको दुरुपयोग हुन पाउँदैन । बयान लिने अधिकार सीमित हुनुले वस्तुगत प्रमाणको खोजीमा अनुसन्धानकर्ताको ध्यान जान्छ र अनुसन्धान यथार्थपरक हुन जान्छ । परिणामस्वरूप स्वच्छ र निष्पक्ष पुर्पक्षको स्थिति निर्माण हुनमा बढी बल पुग्छ । मुद्दा हेर्ने अदालत अनुसन्धानकर्ताको गतिविधि कानुनबमोजिम स्वच्छ छ-छैन र अभियोजनदाबी स्वीकार्य छ-छैन भन्ने कुरा निर्क्योल गर्ने जिम्मेवारी पाएको संस्था हो । यसैले यी प्रत्येक अङ्गले विधिसम्मत तरिकाबाट काम गर्दा राज्यले स्वेच्छाचारी तबरले काम गर्ने स्थिति रहँदैन र जनताको हकअधिकार संरक्षित रहन्छ ।

प्रशासनिक निकायलाई न्यायिक अधिकार दिँदा माथि चर्चा भएजस्तै प्रत्येक अङ्गले स्वतन्त्र रूपमा काम गर्ने र आ-आफ्नो क्षेत्रको जबाफदेही बहन गर्ने स्थिति रहँदैन र स्वेच्छाचारिताको प्रवत्ति मौलाउँछ । नेपालमा भने यस पक्षमा कम ध्यान रहेको छ र अर्धन्यायिक निकायको विस्तार भएको पाइन्छ ।

### २.१.२ कानुनको सम्भाव्य उल्लङ्घनविरूद्ध कार्यविधिगत संरक्षणको औचित्य

त्यस्तै अमेरिकाको पाँचौ र छैठौं संविधानको संशोधन यही नागरिक अधिकारको अवधारणासँग गाँसिएको छ । अभियुक्तलाई निजको हक अधिकारको सचेतना दिएर मात्र अनुसन्धानकर्ताले कारबाही गर्नुपर्छ भन्ने अवधारणा “मिरन्डा वानिङ” अमेरिकाको संविधानको पाँचौं संशोधनपछि विकसित भएको निर्देशनात्माक पक्रिया हो । यी घटनाक्रमले सामान्यतः मानवअधिकारको विकासमा सघाउ पुऱ्याएका छन भने विशेषतः फौजदारी कार्यविधि र फौजदारी न्यायलाई सुनिश्चित र स्वच्छ पार्न सघाएका छन् । अमेरिकाको अदालतले निर्देशन गरेको मिरन्डा वार्निङ अमेरिकाका लागि मात्र हैन समकालीन विश्वलाई मार्गदर्शन रह्यो ।

मानवअधिकार र स्वच्छ न्यायको अवधारणको विकास क्रमलाई बराबर विश्वमा निरंकुश शासन वा सैनिक शासनले अवरोध पुऱ्याएको देखिन्छ । नेपालमा निरंकुश शासन प्रजातन्त्रको अभ्यदय हुनु पूर्वसम्म रह्यो । भारतमा सन १९६५ मा संकटकालको घोषणा सँगसँगै यस्तै निरंकुशता देखा पऱ्यो । चीनमा प्रहरीमाथि अपराध अनुसन्धान क्रममा निरंकुश अधिकार अझै रहेकै छ । नाजी जर्मनीमा शासकको निर्देशनमा गरिएको सबै काम वैध हुने शैली बन्यो । जापानमा रूसको केजीबी शासन छँदा यस्तै दुरवस्था यिनले भोग्नु परेको थियो । आयरल्यान्डमा सङ्कटकालको घोषणाले फौजदारी कार्यविधि थान्को लाग्न पुगको थियो । (मेडलनर १९८२: २४०-४२) ।

तेस्रो मुलुकमा मानवअधिकारको संरक्षण र कार्यविधि कानुनको विकासमा वाधा पर्ने सामाजिक संरचनामा तहगत विभाजन हुन सामन्ती शैलीको शासन व्यवस्था

हुनु र माथिबाट लादिएको राजनीतिक व्यवस्था हुनु जिम्मेवार छन् ।

नेपालमा शङ्कित व्यक्तिको संरक्षित हुन पाउने अधिकारलाई सन् १९९० सम्म स्पष्ट रूपमा सुरक्षित हुनु सकेन । अदालतहरूले स्वतन्त्र निकायको रूपमा न्याय सम्पादन गर्न नसकेको देखिन्छ । न्यायाधीशहरू आफ्नो परम्परागत मान्यता भित्रै आफ्नो कर्तव्य निर्वाह गर्न चाहने भएकोले उनीहरू मानवअधिकारको प्रश्नमा सचेत थिएनन् । शङ्कित वा अभियुक्तलाई कारबाईको प्रारम्भि चरणदेखि नै अपराधको दोषी नै हो भन्ने धारणाबाट निज माथि व्यवहार गरिन्थ्यो ( आर एल आर आर १९९९) ।

जर्मनीजस्तो मुलुकले अन्वेषणात्मक प्रणाली अपनाए पनि सँगसँगै अभियुक्तको कार्यविधि अन्य अधिकारको संरक्षण हुनुपर्ने आवाज उठेको देखिन्छ । अन्वेषणात्मक प्रणाली भएका मुलुकमा अभियुक्तको सोधपुछ र निजले अभिव्यक्त गर्ने साबितीलाई नै अनुसन्धान र अभियोजनको आधार बन्ने गरेको देखिन्छ। तसर्थ यिनले अभियुक्त माथिग निजले अनुसन्धानमा सहयोग नगरेमा सास्ति शासन साशना गर्नु हुने दृष्टिकोण बनाएको देखिन्छ ।

अभियुक्तको संरक्षण गर्ने आधुनिक फौजदारी कार्यविधि कानुनको विकास अमेरिकाको संविधानको पाँचौं संशोधनपछि आधुनिक प्रजातान्त्रिक समाजले अनुभव गर्न थालेको देखिन्छ। यस प्रणालीले अभियुक्तको नैसर्गिक मानवअधिकारसँग विधिसम्मत कारबाहीलाई जोडी यिनको संरक्षण हुनुपर्छ भन्ने कुरामा जोड दिएको छ (लिडस्टोन १९८२:१०८) ।

आधुनिक अवधारणाले अभियुक्तको कानुनबमोजिम संरक्षण हुन पाउने अधिकार मानवअधिकारकै विषयवस्तु बन्न पुगेको छ र मिरण्डाको फैसलाले यो विषय विश्वव्यापी चर्चा बन्न गएको छ। यसले राज्यको अनियन्त्रित प्रहरी शक्तिको नियन्त्रणमा जोड दिएको छ ।

अभियुक्त भए पनि मानिस भएको नाताले उसका मानवअधिकार र प्रतिष्ठा हुन्छन् भन्ने कुरा यी कार्यविधिजन्य कानुनले स्वीकार गर्दछन् । यसरी यी कानुनले प्रहरीलाई अभियुक्त वा शङ्कित व्यक्तिमाथि मनपरि गर्न छुट दिँदैन । कार्यविधिजन्य अभियुक्तको अधिकार सम्मानित हुँदा मानवअधिकारको संरक्षण हुने त्यसतर्फ क्रियाशील हुने संस्कृतिको विकास हुनु पाउँछ । कार्यविधिभित्र मुद्दाको अनुसन्धान र कारबाई चलाउँदा दोषी नठहरिएसम्म उसको मान प्रतिष्ठा संरक्षित रहन्छ । कानुनका किताबमा अभियुक्त संरक्षित हुने कार्यविधि तोकी दिदैमा यो समस्याको समाधान हुँदैन । फौजदारी न्यायसँग आवहरू सवै अङ्गले यसको अक्षरंश पालना गरे मात्र मानव अधिकारको प्रश्नले सार्थकता लिन पाउँछ । सत्रौं शताव्दीमा थोमस हब्सले कानुन र कानुन कार्यान्वयन प्रक्रियालाई व्यक्त गरेको कुरा यहाँ स्मरणीय छ । उनले भनेका थिए “मानवीय इच्छा, आकांक्षा, रिस राग लोभ जस्ता कुरालाई दण्डको भय नदेखाई कानुनका शब्दले मात्र नियन्त्रण गर्न सकिँदैन” हब्स आफ्ना समयमा सही थिए होलान् तर अहिले विश्व धेरै बदलिईसकेको छ । तसर्थ अहिले प्रहरीको काम बल प्रयोग गरी जुनसुकै समस्याको समाधान झिक्नु हो भनी अर्थ लगाउन मिल्दैन ।

जुन समाजमा मानिसको नैसर्गिक मानवअधिरकारको सम्मान हुनुपर्छ भन्ने धारणाले जरो गाडेको छ त्यहा बलप्रयोग गरेर वा तर्साएर वा धम्क्याएर कुनै तथ्य हासिल गरी न्याय स्थापित गर्न सकिन्छ भन्ने धारणा बनेको हुदैन । यस्तो समाजमा प्रहरीसङ्गठन नागरिकको सुरक्षा गर्न र अपराध र कानुन मिचाई विरुद्ध क्रियाशील हुन सक्रिय रहेको हुन्छ। यस कार्यमा लाग्दा प्रहरीले व्यक्ति विशेषको मानवअधिकारको उल्लङ्घन नहुने गरी आफ्नो कर्तव्य निर्वाह गर्दछ। तसर्थ समाजमा प्रहरी सङ्गठन हुनुपर्छ भन्ने कुरामा कुनै विवाद छैन ।

आधुनिक प्रजातान्त्रिक समाजमा राज्य र व्यक्तिबीचको अन्तरसम्बन्ध व्यक्तिगत स्वतन्त्रताका आधारमा मुखरित भएको हुन्छ । तसर्थ प्रजातान्त्रिक समाजमा जनताका गतिविधि स्वतन्त्र चिन्तन र व्यवहारबाट निर्देशित हुन्छ कानुन उल्लङ्घन गर्ने सीमित व्यक्ति उपर प्रहरीको हस्तक्षेप आवश्यक मानिन्छ ।

यस्तो समाजमा राज्य जनताको मालिक भएर उभिएको हुँदैन । ऊ त जनताको सेवक भएर जनताको स्वतन्त्रता मानवअधिकारको संरक्षण गर्न अग्रसर हुन्छ । तसर्थ यस्तो राज्यमा प्रहरी शक्ति राज्यको दमन गर्ने

नीति कार्यान्वयन गर्न लागि परेको हुँदैन । ऊ त जनताको स्वतन्त्रता संरक्षण गर्न गतिशील रहेको हुन्छ । यि आदर्शहरूलाई पछिल्लो पुस्ताले आत्मसात् गरी विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय दस्तावेजमा लिपिबद्ध गर्न पुगेका छन् ।

राष्ट्रसंघका अध्यालेखहरूले मानवअधिकार र व्यक्तिगत स्वतन्त्रताको संरक्षणमा प्रयाप्त जोड दिएका छन् । सन् १९७९ मा पारित राष्ट्र संघीय प्रस्तावना ३४/१६९ आचार संहिताले के भनेको छ भने कानुन कार्यान्वयन गर्ने निकाय प्रहरीले समाजमा जसरी काम गर्छ त्यसरी नै त्यो समाजको सोचाइ र व्यवहार बनेको हुन्छ ।

राष्ट्रसंघको सन १९९० को निर्णय नं. ४५/१६६ ले कानुन कार्यान्वयन गर्ने अधिकारीले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रयोग गर्नु पर्ने बल र हातहतियारको प्रयोगको सम्बन्धमा निर्देशिका जारी गरेको छ । यी दस्तावेजहरूले प्रहरी सङ्गठनलाई समाज प्रति उत्तरदायि हुनु पर्ने कुरामा जोड दिएका छन् । तसर्थ फौजदारी कार्यविधि प्रहरीलाई नियमित गर्न र व्यक्ति विशेषको स्वतन्त्रता र मानव अधिकारको संरक्षण गर्न व्यवहारमा कार्यान्वयन गरिन्छ । अपराध नियन्त्रण गर्ने सिलसिलामा प्रहरीलाई निश्चय नै थोर बहुत बल प्रयोग गर्नु पर्ने हुन्छ तर जहाँ प्रहरी शक्तिको ज्यादतीको प्रश्न उठ्छ त्यहाँ यो सङ्गठनले आफ्नो कार्यविधि माथि पुनरावलोकन गर्नुपर्ने हुन्छ र न्यायिक निर्णयहरूलाई आत्मसात् गर्नुपर्ने हुन्छ ।

प्रहरीबाट शक्तिको दुरुपयोग हुनसक्ने खतरा सधै रहिरहेको हुन्छ । स्वतन्त्रता र सुरक्षा एक अर्काका विरोधीजस्ता देखिन्छन् तर यिनलाई एक अर्काबाट टाढा राखेर हेर्न पनि सकिँदैन । उदाहरणको लागि अमेरिकन प्रहरीले नागरिक स्वतन्त्रता अभियोक्ता विरुद्ध सबै प्रकारको बर्बरता प्रदर्शन गरी त्यसलाई दबाउन प्रयत्न गऱ्यो ।

अमेरिकी अदालतलाई प्रहरी शक्तिमाथि नियन्त्रण गर्न गम्भिर रूपमा सोच्न बाध्य गरायो । यसबाट प्रहरीशक्ति जनताको स्वतन्त्रता सीमित गर्न होइन, जनताको स्वतन्त्रता संरक्षण गर्न आवश्यक हुन्छ भन्ने मान्यता स्थापित गऱ्यो ।

शङ्कित व्यक्तिको अधिकारको संरक्षणले प्रहरीशक्तिको दुरुपयोगलाई नियन्त्रण गर्ने लक्ष्य राख्दछ । तसर्थ शक्तिको दुरुपयोगको सम्बन्ध प्रहरी सङ्गठनसँग होइन प्रहरीको व्यक्ति विशेषसँग गर्ने आचरणसँग सम्बन्धित छ । प्रहरी सङ्गठनको अधिकार क्षेत्र र तैनाथीलाई दृष्टिगत गर्दा यिनलाई शसक्त फौजदारी कार्यविधि र त्यसमाथि निगरानी गर्ने सँगबाट नियन्त्रण गरिएन भने यिनले आफ्नो शक्तिको दुरुपयोग गर्न सक्ने ठूलो सम्भावना रहन्छ र यी आफूलाई शक्तिवान देखाउन उद्धत हुन्छन् जनताको सेवक भनी चिनाउन हैन ।

यस्तो स्थितिमा जनताको संरक्षित हुन पाउने अधिकार र स्वतन्त्रता यिनैबाट अपहरित र कुन्ठित हुन पुग्दछ । यस सन्दर्भमा नागरिक अधिकार अभियानमा अमेरिकन प्रहरीको व्यवहार उल्लेख्य उदाहरण हो । प्रहरीको अधिकार माथि नियन्त्रण गर्न अमेरिकी अदालतले यो-यो कुरा नगर्नु भनी (Exclusionary Provisions) निर्देशिका जारी गर्न बाध्य भए ।

एसियन मुलुकमा प्रहरी सङ्गठन प्राय सबैभन्दा शक्तिशाली संयन्त्रको रूपमा क्रियाशील रहेको देखिन्छ । धेरैजसो एसियन मुलुकमा प्रहरीलाई कानुन स्थापना गर्ने र कार्यान्वयन गर्ने लक्ष्यले प्रशिक्षण दिइन्छ । अपराध नियन्त्रण गर्ने परिप्रेक्ष्यमा दिइने प्रशिक्षणले प्रमुख स्थान ओगट्दैन । यी मुलुकहरूमा प्रहरीद्वारा भएको मानव अधिकारको उल्लङ्घनलाई सरकार र अदालतले समेत असाधारण परिस्थितिको उपजको रूपमा ग्रहण गर्ने गरेको देखिन्छ ।

कार्यविधि कानुनले प्रहरीलाई नियमित गर्न सकेमा प्रहरीले शक्तिको दुरुपयोग गर्न सक्ने सम्भाव्यता न्यून हुन्छ । अदालतमा मुद्दा पुग्दा स्वच्छ सुनुवाई र अदालतबाट निस्पक्षताको अनुशरण हुन सक्ने स्थिति सिर्जना हुन सक्ने हुन्छ । तसर्थ शङ्कित वा अभियुक्तलाई संरक्षित गर्ने कार्यविधि कानुन कुनै पनि हालतमा समाजको हितविपरीत हुँदैन । अभियुक्तको अधिकारको संरक्षण गरिदिनाले उसले पनि आफ्नो निमित्त न्यायको ढोका बन्द भएको अनुभूति गर्न पाउँदैन । यसरी मानव अधिकारको संरक्षण हुन पाउँदा समाजको स्वार्थ पनि संरक्षण हुन्छ । न्यायको तराजु पनि असन्तुलित हुन पाउँदैन ।

अपराधको अनुसन्धान प्रक्रिया एउटा जटिल प्रक्रिया हो । यसमा प्रहरीले धरै सुझबुझ लगाउनु पर्दछ । यो प्रक्रिया शुरुभए पछि व्यक्ति विशेषको स्वतन्त्रता

माथी हस्तक्षेप गर्नुपर्ने हुन्छ। तोकिएको ढाँचामा मात्रै अर्काको स्वतन्त्रता माथि हस्तक्षेप गर्न पाइने नियमको कडाइका साथ पालना गरिएन भने प्रहीले जो सुकैको प्रतिष्ठामा आँच पुग्ने काम गर्न सक्छ। अनुसन्धानको नाममा जथाभाबी गिरफ्तारी हुन सक्दछ। मन नपरेका व्यक्तिका विरुद्ध रिसइवी साध्ने शैलीका रूपमा यो अवसरको प्रयोग हुन सक्तछ। शङ्कितका विरुद्ध यातना दिने वा अरू क्रुर व्यवहार गर्ने सिलसिलामा चल्न सक्तछ। शङ्कित व्यक्तिले शारिरिक वा मानसिक तनाव र कष्ट झेल्नु पर्ने हुन्छ।

- प्रहरीको हिरासतमा परेको शङ्कित व्यक्ति पूर्णत प्रहरीको नियन्त्रणमा हुन्छ। उसले आफ्नो निर्दोषिता देखाउने प्रमाण जुटाउन वा बताउन सक्ने स्थितिको हुदैन। शङ्कित व्यक्ति प्रहरी हिरासतमा छदा ठूलो मानसिक तनावमा परेको हुन सक्तछ। उसलाई के भन्नु ठीक के भन्नु वेठीक हो भन्ने जानकारी नहुन सक्तछ। ऊ त्यहाँ एक्लो हुन्छ, उसमाथि त्यहाँ सहानुभूति राख्ने कोही पनि हुँदैन। तसर्थ ऊ डर त्रास र असुरक्षाको भावनाले थिचिएको हुन्छ।

- शङ्कित व्यक्तिको व्यक्तिगत स्वतन्त्रता हिरासतमा समाप्त हुने भएकोले ऊ आफ्नो स्वतन्त्रताको पक्षमा केही गर्न सक्दैन। प्रहरकिो व्यवहार र अफिसको वातावरणले गर्दा ऊ सिधै प्रहरकिो डर धाक धम्कीको प्रभावमा पर्दछ र प्रहरीलाई अनुकुल हुने गरी बयान दिने र तथ्य स्वीकार गर्ने काम गर्दछ र प्रहरीले यसैलाई कसुरको साबितीको रूपमा प्रयोग गर्न सक्छ।

- प्रहरी राज्य कै साधन सम्पन्न अङ्ग भएकोले शङ्कित व्यक्तिको तुलनामा उसको स्थान निकै प्रभावशाली हुन्छ। उसले कानुन जानेको हुन्छ। कुन भनाई कसरी प्रमाण लाग्छ उसलाई थाहा छ। कुन कसुरमा के दण्ड हुन्छ भन्ने ऊ जान्दछ। अभियुक्त यि सबै कुराबाट अनभिज्ञ हुन्छ। उसलाई कानुन थाहा छैन। आफू माथि लागेको आरोपमा के दण्ड लागु हुन्छ सो पनि थाहा छैन। आफूमाथि लागको आरोपको कसरी खण्डन गर्ने हो सो पनि ऊ भन्न नसक्ने स्थितिमा हुन्छ। उसलाई कसैसँग सम्पर्क गर्न दिइदैन।

- प्रहरीलाई शङ्कितको पक्षमा रहेका प्रमाणहरू खोज्न चासो परेको हुदैन। निजका पक्षमा कुनै प्रमाण भए पनि सो कुरा व्यक्त गर्न ऊ बाध्य हुँदैन। सफाइ वा रिहाइ पाउन सकिने प्रमाण भएर पनि प्रहरीले शङ्कितलाई जानकारी नदिई दवाएर राखेको हुन सक्तछ।

तोकिएको कानुनी संरचनाभित्र प्रहरीले आफ्नो अधिकारको उपयोग गर्न सक्तछन। उनले प्राप्त तथ्यको विश्लेषण गर्न परिस्थितिको मूल्यांकन गर्न स्वविवेक प्रयोग गरी आफ्नो कारबाई सञ्चालन गर्न सक्तछन। तर उनले अभियुक्तको अधिकारलाई सम्मान गर्नपर्दछ। त्यसको उल्लङ्घन गर्न हुँदैन। अनुसन्धानको क्रममा प्रहरीले शङ्कित व्यक्तिको शरीर तलासी लिने घर खानतलासी गर्ने काम गर्दछन र प्राप्त भएका प्रमाण निजको विरुद्ध अदालतमा पेश गरिन्छन। त्यस्तै अपराधका बारेमा देखे सुनेका व्यक्तिसँग प्रहरीले सोधपुछ गर्न सक्तछन र उपयुक्त साक्षीलाई अदालतमा प्रमाणको रूपमा पेस गर्न सक्तछन।

नेपालका परिप्रेक्ष्यमा भन्नुपर्दा सरकारी मुद्दासम्बन्धी ऐन २०४९ दफा ९ र १० ले प्रहरीलाई कुनै पनि शङ्कित व्यक्तिको तलासी लिन र घर वा स्थानको खानतलासी गर्न अधिकार दिएको छ। सोबाहेक यो दफाले प्रहरीलाई अरू जोसुकै व्यक्तिसँग अपराधका सम्बन्धमा सोधपुछ गर्न र साक्षी हुन सक्ने देखिएमा साक्षीको रूपमा अदालतमा उपस्थित गराउन सक्ने अधिकार दिएको छ। प्रहरीले पाएको यो अधिकार

निजको स्वविवेकद्वारा निर्देशित छ र त्यसमाथी अरू कुनै अधिकारीको नियन्त्रण रहेको छैन। यिनका गतिविधि माथि मुद्दा हेर्ने अदालतले प्रत्यक्ष नियन्त्रण गर्ने गरेको छैनन्। अतः प्रहरीलाई शङ्कित व्यक्ति गिरफ्तार गर्न वा कुनै ठाउँको तलासी लिन अदालतको अनुमति लिनु आवश्यक छ।

यस्ता स्थितिमा शङ्कित व्यक्तिविरुद्ध प्रहरीले सबै किसिमको कारबाई गर्न सक्ने तर शङ्कित व्यक्तिको सुरक्षाको निमित्त कुनै प्रयत्न नहुँदा शङ्कित व्यक्तिको स्वतन्त्रता र मानव अधिकार खतरामा पर्नु स्वभाविक देखिन्छ। उल्टै शङ्कित व्यक्तिले अनुसन्धानकतालाई सघाउनु पर्ने अपेक्षा गरिन्छ।

अभियुक्तले साबितीलाई कसुर ठहर गर्न महत्त्वपूर्ण आधारको रूपमा अनुसन्धानकर्ताले लिने गरेका छन र साबिती नहुनेका हकमा शारीरिक वा मानसिक पिडा दिने प्रयत्न गर्दछन। धेरै मुलकुमा आज पनि साबितीलाई अभियुक्तका विरुद्ध महत्त्बपूर्ण प्रमाणका रूपमा लिने गरेको देखिन्छ। साबित नहुनेका हकमा यातना दिइन्छ र निजलाई उनको नातेदार वकिल डक्टर वा सहयोगीसँग भेट गर्न दिँइदैन। आफ्नो मुट्ठीभित्र रहेको निस्सहाय शङ्कित व्यक्तिलाई प्रहरीले जोरजुलुम गर्ने भएकोले त्यसको असर स्वयं शङ्कित व्यक्तिमा र निजको परिवारमा प्रतिकुल रूपमा लामो समयसम्म प्रभावित रहने कुरा प्रष्ट छ।

नेपालमा शङ्कित व्यक्तिबाट साबिती प्राप्त गर्न र शङ्कित व्यक्तिले प्रहरीलाई सहयोग नगरेवापत सजाय दिन यातना दिने काम गरिन्छ। साबितीलाई अनुसन्धानप्रक्रिया छोटचाउने महत्त्वपूर्ण उपायको रूपमा हेरिन्छ र प्रमाण प्राप्त गर्ने अरू सझबुझ लगाउनु र अरू स्रोत खोज्नुको साटो अभियुक्तले नै दिएको जानकारी उपायोगी मान्ने गरिएको छ।

विगत तीन वर्षमा यातनापीडित सरोकार केन्द (सिभिक्ट) ले गरेको अध्ययनमा झण्डै १३३७ वटा मुद्दामा यातनापीडित फेला परेका छन्। त्यस्तै अनौपचारिक सेवा केन्द्रको अध्ययनमा पनि सन् १९९९ देखि २००१ सम्मका अवधिमा १२९४ मुद्दाहरू राज्यद्वारा यातना दिएका तथ्याङ्क उपलब्ध छ। (एन.एच.आर.सी. २००३) आई एल आर आर ले गरेको फौजदारी मुद्दाको सर्वेक्षण अध्ययनमा २२२ मध्ये १५३ ले अनुसन्धानको क्रममा यातना भोग्नु परेको कुरा प्रकाशमा आएको छ। सिभिक्टले गरेको पछिल्लो अध्ययनमा मुलुकमा अपातकालीन घोषणा भएपछि राज्यशक्तिद्वारा व्यापक शक्तिको दुरुपयोग गरी शङ्कित व्यक्तिलाई यातना दिएको कुरा प्रकाशमा आएको छ।

अनुसन्धानका क्रममा जात धर्म वर्ण लिङ्ग राजनीतिक आस्थाका आधारमा फरक दृष्टिकोण राखी कारबाई चल्ने हुँदा अक्सर अभियुक्तले अनुसन्धानकर्ताबाट सद्व्यवहार पाउने नगरेको देखिन आउँछ। प्रहरी शक्तिमाथि नियन्त्रणको संयन्त्र नहुँदा र प्रहरीलाई जनताप्रति उत्तरदायी नबनाउँदा यस्तो परिणति देखा पर्ने गर्दछ। प्रहरीको मुद्दामा रहेको शङ्कित व्यक्तिका विरुद्ध निगरानी व्यवस्था नभएसम्म प्रहरीद्वारा शक्तिको दुरुपयोग हुन सक्ने र शङ्कित व्यक्तिको मानवअधिकारको उल्लङ्घन हुन सक्ने सम्भाव्यता नकार्न सकिँदैन।

यस्तो शक्तिको दुरुपयोग मुलुकमा आपतकालीन घोषणा भएका बखत अरू तीव्र हुन सक्ने सम्भावना पनि प्रष्टै देखिन्छ। शक्तिको दुरुपयोग गरेकोमा छानबिन नहुने र दोषीलाई दण्डित नगरिने परिपाटीले यस्तो व्यवहारले व्यापकता पाएको देखिन्छ।

आतङ्ककारी तथा विध्वंसात्मक कार्यनियन्त्रण अध्यादेशको दफा २० ले सुरक्षा निकायले असल नियतले गरेको काममा जिम्मेवार हुनु पर्ने कानुनी व्यवस्था गरेबाट उनीहरूमा जस्तोसुकै मानवअधिकारको उल्लङ्घन हुन आए पनि वा कार्यविधिजन्य त्रुटि हुन गएको भए पनि कानुनी जबाफदेही बहन गर्नुपर्दैन भन्ने मान्यता विकास हुन सक्ने देखिन्छ। कानुनमा नै यस्तो व्यवस्था भएकोले नागरिकलाई संविधानले प्रदान गरेको नागरिक हक र स्वतन्त्रता ओझेलमा पार्न खोजेको देखिन्छ।

### २.१.३ गैरकानुनी र अनुचित हस्तक्षेपविरुद्धको सुरक्षाको आवश्यकता

मानवअधिकारका मान्यताहरूको सेरोफेरोमा अभियुक्तहरूको स्वतन्त्रताको संरक्षण गर्ने फौजदारी कार्यविधिहरूको नैसर्गिक विकास भएको पाइन्छ।

यस्ता कार्यविधिहरूको मूल उद्देश्य राज्यलाई उसको तजबिजले व्यक्तिका स्वतन्त्रतालाई हनन गर्नबाट रोकी अभियुक्तका अधिकारहरूको संरक्षण गर्न हो।

फौजदारी न्याय लागू गर्ने विभिन्न संस्थाहरू तथा सामाजिक आर्थिक विकासको सार हुँदाहुदै पनि विश्वका विभिन्न कानुनी प्रणालीहरूले स्वच्छ तथा निष्पक्ष फौजदारी न्याय प्रणालीलाई आवश्यकतालाई प्रत्याभूत गरेका छन्।

यस्ता संरक्षणका उपायहरू तजबिजी रूपमा सबै कानुनी प्रणालीमा सम्पन्न नुहन सक्छन। तथापि मानव अधिकारका मान्यताहरूको रूपमा त्यस्ता संरक्षणका उपायहरूको अस्तित्वले शक्तिको स्वेच्छाचारी दुरुपयोग तथा अवाञ्छित तजबिजीको प्रयोगलाई निषेध गर्नमा गहन भूमिका खेलेको हुन्छ।

आजसम्म पनि फौजदारी न्यायमा शङ्कित व्यक्ति र अभियुक्तको मानवअधिकारका कुन कुन त्यस्तो संरक्षणका उपायहरू हुन् भन्ने एउटा विवादित प्रश्न नै रहेको छ। संरक्षणका उपायहरूले सबै ठाउँमा हरेक परिस्थितिमा समेट्न सक्नु नै विवादको एउटा कारण रहेको पाइन्छ।

न्यायप्रशासन विभिन्न प्रणालीहरूअन्तर्गत रहेका विभिन्न संस्थाहरूको ऐतिहासिक विकास कुन क्रममा भएको छ सो कुरा निरन्तर रूपमा छलफलको विषय बन्न पुगको छ। शङ्कित र अभियुक्त र मानवअधिकार कुन सीमासम्म संरक्षित हुनुपर्छ भन्ने कुरा अहिलेसम्म पनि विवादित नै छ। शङ्कित र अभियुक्तको मानवअधिकारको संरक्षण दुई तरिकाबाट भएको पाइन्छ।

***<u>सारभूत संरक्षणः</u>*** सारभूत फौजदारी कानुनमा यस्ता संरक्षणका कुनै पनि उपायहरूको प्रावधान राखिएको छैन भने यस्ता फौजदारी कार्यविधका संरक्षणहरू अर्थहीन हुने गर्छन्। यसले सारभूत फौजदारी कानुनमा लेखिएका कुराहरूले फौजदारी कार्यविधि कानुनअन्तर्गत कुनै शङ्कित वा अभियुक्तको मानव अधिकार उल्लङ्घन भएमा सरोकार राख्दैन।

सारभूत फौजदारी कानुन फौजदारी ऐनसँग सम्बन्ध हुन्छ। फौजदारी ऐनका प्रावधानहरूको उल्लङ्घनमा कुनै व्यक्तिलाई उल्लङ्घनकर्तालाई पहिले भैसकेका घटनाको आधारमा पछि उत्तरदायी बनाउने गरी कानुन बनाउन पाइँदैन। फौजदारी ऐनले पूर्वसुनिश्चित सारबान फौजदारी कानुनले स्थापित गरेको कानुनको शासनसँग बाझ्दछ भने त्यस्तो फौजदारी एने विवादरहित बन्न सक्दैन। यस्तो विवादले शङ्कित व्यक्ति वा अभियुक्तको स्वतन्त्रतामाथि हस्तक्षेप गरीरहेको हुन्छ। पूर्व सुनिश्चित सारवान कानुनका अवस्थाहरूअन्तर्गत दुई वटा मुख्य मापदण्डहरू पर्दछन। पहिलो यसमा सबै नागरिकको पूर्व पहुँच हुनुपर्छ, दोस्रो यसमा कानुन बनाएर मात्रै सबै नागरिकका व्यवहारलाई निर्देशित गरिएको हुन्छ। सारबान फौजदारी कानुन कुनै पनि परिस्थितिमा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ देखि धारा २३ सम्ममा व्यवस्था भएका व्यक्तिका हक अधिकारहरूसँग बाझिने खालको हुनु हुँदैन।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४ मा भूतलक्षी कानुनविरुद्धको संरक्षण, दोहोरो न्यायको खतराविरुद्धको संरक्षण सम्बन्धमा किटानी व्यवस्था भएको पाइन्छ। कुनै पनि फौजदारी कानुनका प्रावधानहरू यस व्यवस्थासँग बाझिनु हुदैन। बाझिएमा धारा १ अनुसार बदर हुन्छन्। न्यायप्रशासनसँग सम्बन्धित नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धलगायतका विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकारसन्धि सम्झौताहरूमा नेपाल पक्ष भएको छ। नेपाल सन्धि ऐन १९९१ को दफा ९ ले अन्तराष्ट्रिय सन्धिसम्झौताहरूसँग नबाझिने गरी कानुन बनाउने कुरा उल्लेख गरेको छ। तसर्थ नेपालको सारभूत फौजदारी कानुन नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धका प्रावधानहरूसँग बाझिएमा अनुबन्धको व्यवस्था लागू हुन्छ भन्ने कुरामा सन्धि ऐनले स्पष्ट व्यवस्था गरेको छ।

यस कुराले के देखाउँछ भने राज्यसँग यस्तो पूर्ण अधिकार रहेको हुँदैन जसले अनावश्यक रूपमा जनताको स्वतन्त्रतामाथि हस्तक्षेप गरोस्। युरोपियन महासन्धिको धारा ८ अन्तर्गत सारभूत संरक्षणका दुईवटा पहलहरू छन। कानुनको शासनको ठोस पूर्ण सुनिश्चिताविना कुनै पनि व्यक्तिको स्वतन्त्रता माथि हस्तक्षेप गरिनु हुँदैन।

राज्यले कानुन बनाएर व्यक्तिको व्यक्तिगत स्वतन्त्रतामाथि सजिलो हस्तक्षेप गर्ने कुरा प्रजातान्त्रिक

समाजमा सुहाउने कुरा होइन । कानुनले स्पष्ट रूपमा अपराध भनेर किटानी नगरेसम्म कुनै नागरिकलाई उसको स्वतन्त्रतामाथि हस्तक्षेप गर्नु हुँदैन । तर राज्यले राष्ट्रिय सुरक्षाको सरोकारको विषय, सार्वजनिक सुरक्षा अर्था आर्थिक समुन्नतिजस्ता विषयमा कानुन बनाएर मात्रै नागरिकको क्रियाकलापहरूलाई निर्देशित गरेको हुन्छ ।

***कार्यविधिगत संरक्षण:*** जब कुनै व्यक्तिलाई पूर्वसुनिश्चित फौजदारी सारबान कानुनको उल्लङ्घनमा उत्तरदायी बनाइन्छ, त्यसबेला पनि फौजदारी कार्यविधिको न्यायको स्वच्छतालाई प्रत्याभूत गर्ने प्रक्रियागत संरक्षणका उपायहरू अपनाउनुपर्दछ । फौजदारी कार्यविधिसँग सम्बद्ध व्यक्तिहरूको प्रक्रियागत स्वच्छतालाई आधारभूत रूपमा प्रत्याभूत गरिएको हुनुपर्छ । यस कुरालाई त्यो व्यक्तिको स्वच्छ पुर्पक्ष भनिन्छ ।

दक्ष र स्वतन्त्र फौजदारी कार्यविधि प्रणालीसँग आधारभूत मानवअधिकारका सिद्धान्तहरू जोडिएका हुन्छन् । स्वच्छ पुर्पक्षलाई विभन्नि सन्दर्भहरूमा राखेर पनि प्रयोग गर्न सकिन्छ । स्वच्छ पुर्पक्षको विभिन्न समयमा र विभिन्न उद्देश्यको प्रयोजनको निमित्त फरकफरक ठाउँमा फरकफरक अर्थ हुन्छ ।

स्वच्छ पुर्पक्षको प्रावधानहरू उचित प्रक्रियाको अवधारणासँग समान रूपमा गाँसिएका हुन्छन् । जब उचित प्रक्रियाले खोजेका मापदण्डहरू सारबान र कार्यविधि आवश्यकताले परिपूर्ति गर्दछन् त्यस बेला स्वच्छ सुनुवाइ मानिन्छ ।

सारबान प्रक्रियागत स्वच्छताले व्यक्तिको स्वतन्त्रता, सम्पत्तिमाथि अनावश्यक हस्तक्षेपलाई निरुत्साहन गर्दछ । कार्यविधिगत स्वच्छ प्रक्रियाले स्वच्छ र निष्पक्ष पुर्पक्षको आधारस्तम्भ निर्माण गर्नको लागि निम्न आवश्यकता हद पूरा गर्नुपर्दछ ।

१. सुनुवाइ गर्ने न्यायिक शक्ति भएको निष्पक्ष अदालत वा ट्रिबुनलको आवश्यकता ।

२. प्रतिवादीको पहुँच गराउने कानुनी अधिकार स्रोत ।

३. प्रतिवादीलाई उसको कुराको सुनुवाइ गरिने मौका दिइनु ।

४. मुद्दाको कानुनी र वैधानिक सुनुवाइमा आधारित फैसला ।

प्रशासकीय प्रक्रियाहदमा निम्न लिखित कार्यविधिगत स्वच्छ प्रक्रिया तत्त्वहरू अपवादविहीन रूपमा प्रत्याभूत भएका हुन्छन्न ।

१. सुनुवाईको अधिकार जसमा मुद्दाको प्रस्तुतीकरण र त्यससँग सम्बन्धित प्रमाण पेस गर्ने कार्य ।

२. ट्रिबुनल पेस भएका प्रमाणहरूमाथि विचार गर्नुपर्दछ ।

३. निर्णयलाई प्रमाणबाट समर्थित हुनुपर्दछ ।

४. प्रमाण सारबान हुनुपर्दछ ।

५. निर्णय सुनुवाइको हकमा पेस भएका प्रमाणहरूमा प्रहरीले ती कार्यविधिगत अधिकारहरूको सम्मानको लागि आचारसंहिताको रूपमा रहेका निम्न लिखित सावधानीहरू अपनाउनुपर्दछ ।

- फौजदारी कार्यविधिका आधारभूत सिद्धान्तहरूमा व्यवस्था भएबमोजिम प्रहरीले उद्देश्यमूलक ढङ्गले आफ्नो कामहरू गर्नुपर्दछ । प्रहरीहरूले स्वच्छ र निष्पक्ष रूपमा कार्य गरी आफूलाई शक्तिको प्रयोगबाट टाढा राख्नुपर्दछ । टेनरी फिसरको भनाइमा प्रहरीले कुनै खास शङ्कित व्यक्तिको विरुद्धमा मुद्दा दायर गर्नको लागि पर्याप्त प्रमाण छन कि छैन भनेर मात्र नहेरी उचित विकल्पहरू त छैनन् भनेर समेत हेर्नुपर्दछ (फिसर रिर्पोट, १९७७) ।

- जबसम्म कसैको स्वीकारोक्तिलाई समर्थन गर्ने स्वतन्त्र प्रमाणहरू हुदैनन तबसम्म त्यस्तो स्वीकारोक्तिलाई साँचो मान्न सकिन्न । तर यस्तो

अवस्थामा जाँचबुझलाई उचित विकल्प फेला नपरुन्जेल निरन्तरता दिनुपर्छ (फिसर रिपोर्ट १९७७)।

- प्रहरीले अनुसन्धानको क्रममा शङ्कित व्यक्तिलाई बोल्न लगाउँदा कुनै पनि प्रकारको बलको प्रयोग गर्नु हुँदैन (राइस वि. लोनोली, १९६६ २ क्यूवी ४१४)।

प्रहरीको अनुसन्धानमा भूमिका भन्ने कुराले प्रहरीले बल प्रयोग गरेर कुनै शङ्कित व्यक्तिसँग कुनै कुरा लिनु होइन। प्रहरीको भूमिका भनेको शङ्कित व्यक्तिको मौन रहन पाउने अधिकारको संरक्षण गर्नु पनि हो।

### २.१.४ अभियुक्तको पक्राउ र प्रहरीहिरासतमा थुनासँग सम्बन्धित अधिकार

यहाँ छलफल गर्न खोजिएको विषयवस्तु के छ भने प्रहरीले सबै प्रकारका अनुसन्धान प्रक्रियामा शक्तिको प्रयोग गर्नु हुँदैन। अभियुक्तलाई जुन बेला गिरफ्तारी र थानामा राखिन्छ त्यती बेला नै उसका धेरै अधिकारहरू बन्देज भइसकेका हुन्छन्। यस्तो अवस्थामा उनीहरू विभिन्न प्रकारका अप्ठेराहरू पनि झेली सकेका हुन्छन। कसुर गर्दैमा मानिस अस्तित्वहीन बन्दै बन्दैन र उसमा सबै मानवअधिकार खोसिन सक्दैनन्। तसर्थ तिनका उचित व्यवहारका अधिकार नै स्वच्छ र निष्पक्ष न्यायको प्रत्याभूत गर्दछ।

प्रहरीले स्वच्छ एवं निष्पक्ष रही शक्तिको प्रयोग नगरीकन कारबाई गर्नुपर्दछ। तर यसो भएको पाइदैन। तसर्थ कानुनले अभियुक्तको थुना गर्दाको अवस्था, जथाभाबी गिरफ्तारी र थुनाविरुद्ध संरक्षण गरेर प्रहरीलाई अनावश्यक शक्ति प्रयोग गर्नबाट वञ्चित गरेको छ।

***गिरफ्तारी:*** अपराध गरेको अनुमान वा आशङ्का गरेर शङ्कित व्यक्तिलाई गिरफ्तार गरेर थुनामा लिने कार्यले उसलाई स्वतन्त्रताबाट वञ्चित गराउँछ। तसर्थ शङ्कित वा अभियुक्तलाई पक्राउ गर्नु र थुनामा राख्नुपर्ने औचित्य कानुनी रूपमा सिद्ध गरेर न्यायिक अधिकारीको आदेशबाट मात्र गिरफ्तारी र थुनछेक गर्ने कुरालई नियमित गरेर स्वतन्त्रता हरण गर्ने सिद्धान्तको एउटा गहन आदेश हो। तसर्थ प्रहरीले शङ्कित व्यक्तिलाई गिरफ्तारी गर्ने अधिकार पनि पूर्ण छैन। त्यसैले प्रजातान्त्रिक समाजमा राज्यले कुनै पनि व्यक्तिकोहक अधिकार र व्यक्तिगत स्वतन्त्रता माथी हस्तक्षेप गर्दा कानुनी शासनको पूर्ण पालना गरेर गर्नुपर्छ भन्ने सिद्धान्त सर्वमान्य रहेको छ (ब्रोग्याम विरुद्ध सं.रा. १९८९)।

यसरी व्यक्तिको मौलिक स्वतन्त्रताको रक्षा गरी उनीहरूको अधिकारहरू हनन हुन नदिन राज्य माथी लगाईने अंकुशका कारण नागरिकका स्वतन्त्रताहरू कुनै पनि अवस्थामा बन्देज नहोस भन्ने सिद्धान्तमा आधारित छन (एङ्गेल विरुद्ध नेदरल्याण्ड १९९९ को अनुच्छेद ५८)।

गिरफ्तारी तथा थुनछेक त्यतिबेला कानुन सँगत मानिन्छ जतिबेला उक्त व्यक्तिले अपराध गरेको सम्भावना देखिन्छ वा त्यस्तो अपराध गर्न सक्ने व्यक्तिलाई सो गर्नबाट रोक्न सकिन्छ वा अपराध गरेपछि भाग्न सक्ने सम्भावना रहन्छ। तर साधारणतया गिरफ्तारी त्यतिबेला मात्र कानुनसँगत हुन्छ जतिबेला उक्त व्यक्तिलाई कानुनी निकायमा उपस्थित गराउनको लागि गरिन्छ।

यसै सन्दर्भमा सर्वोच्च अदालतले माया पाठक विरुद्ध श्री ५ को सरकारको मुद्दामा विनाकारण कसैलाई पनि गिरफ्तार गर्न नहुने वा थुनामा राख्न नहुने, कानुनबमोजिमको कसुरमा थुनामा राख्दा पनि कानुनसम्मत र कानुनद्वारा निर्धारित कार्यविधि पूरा गरेको हुनुपर्ने भनेको छ (इन्सेक १९९६: ४)।

माथि उल्लेखित परिप्रेक्ष्य बाहेकेको गिरफ्तारीलाई शक्तिको दुरुपयोगको रूपमा लिन सकिन्छ। जसले गर्दा व्यक्तिका मौलिक स्वतन्त्रताको हनन हुने गर्दछ।

गिरफ्तारीको कानुनी मापदण्ड सम्बद्ध कानुनको निकायले तय गर्ने गर्दछ। कमल ल प्रणालीमा कानुनी प्रावधान विपरित कसैलाई पनि गिरफ्तार गर्ने अधिकार दिएको छै नभनि र्वन्स्नोफ विरुद्ध महानगर प्रहरी कमिस्नर लण्डन १९७८ ३ डब्लु.एल.आर. ५४० सं.रा. मा भनिएको छ। तसर्थ कानुनी प्रावधान विपरितको कुनैपनि गिरफ्तारीले व्यक्तिको स्वतन्त्रता माथि आँच

पुऱ्याउँछ । तसर्थ प्रहरीले गर्ने गिरफ्तारीका बारेमा सधैं जसो बहस चलिरहेको पाइन्छ ।

एङ्लोअमेरिकन प्रणालीमा गिरफ्तारी गर्नुभनेको पुर्पक्षपूर्वको कार्यविधिको सुरुआत अथवा अभियोगको प्रारूप हो । कुनै पनि व्यक्ति गिरफ्तारीमा पारिसकेपछि प्रहरीसँग समन्वय गर्नु वा नगर्नु, प्रहरीको प्रश्नको जबाफ दिनु वा नदिनु उसको अधिकार हुन आउँछ । यस्तो अवस्थामा गिरफ्तारीले चूप लाग्न पाउने अधिकारको उजागर गर्दछ । त्यस कारण कुनै समय व्यक्ति पक्राउ परेको छ वा छैन भन्ने कुरा एउटा प्रपञ्चात्मक अवस्था हुन्छ जहाँ व्यक्तिको स्वतन्त्रता खतरामा हुन सक्छ ।

क्यानडाको ओन्टारियो पुनरावेदन अदालतले भनेबमोजिम एउटा व्यक्ति जो औपचारिक रूपमा पक्राउ परेको छ-छैन, कैद भएको छ वा छैन भन्ने कुरा वास्तावमा उसले त्यो एउटा मुद्दा हो भन्ने विषयमा विश्वास गरेको छ वा छैन भन्ने कुरामा निर्भर रहन सक्दैन । तर यो अझ विस्तृत रूपमा धेरै संख्यामा परिस्थितिजन्य मापदण्डमा निर्भर रहन्छ (मोरान, १९८७) । उद्धृत मापदण्डहरू न्यूजील्यान्ड उच्च अदालतले अनुमोदित गरेको छ (मो.१९९५) ।

अर्को मुद्दामा पक्राउलाई प्रहरीद्वारा उक्त कार्य गर्न अधिकारको प्रयोग गर्दा सम्बन्धित व्यक्तिलाई आफ्नो निगरानी वा पकडमा राख्ने उद्देश्यले "संवाद अथवा प्रकटीकरण"को रूपमा परिभाषित गरेको थियो । अझ पक्राउ गर्ने व्यक्तिले आफ्नो आचरण कानुनसम्मत भएको प्रकट गर्नु अथवा अर्थ्याउनुले यस विषयलाई स्पष्ट पारेको छ की उसले आफूले योग्य ठानेको वा मन पराएको ठाउँमा जाने स्वतन्त्रताबाट बञ्चित भएको छ । इमर्सन र यासवर्थ, २००१: १७७ मा उद्धत गरिएको ।

अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरमा विकसित मानवअधिकार अध्यालेखहरूको सिद्धान्तको पृष्ठभूमिमा पक्राउ तब मात्र कानुन सम्मत हुन्छ :

- यदि यो व्यक्तिले अपराध गरेको औचित्यपूर्ण शङ्कामा आधारित हुन्छ ।
- कुनै व्यक्तिलाई अपराध गर्नबाट रोक्न वा अपराध गरेपछि भाग्न सक्ने भएकोले उक्त कार्य रोक्नका लागि उचित छ भन्ने लागेमा ।
- यदि पक्राउको उद्देश्य उक्त व्यक्तिलाई सक्षम कानुनी निकाय समक्ष ल्याउने छ ।

माथि उल्लेखित कुराबाहेक यसलाई अझ बढी कानुनसङ्गत बनाउन निम्न बुँदाले बढी भूमिका खेल्दछन ।

(क) कुनै व्यक्तिलाई गिरफ्तारी गरिँदा उसले बुझ्ने भाषामा किन गिरफ्तारी गरिन लागेको हो सोको कारण र उसलाई कुन अभियोग लागको हो सोको जानकारी दिनुपर्दछ ।

(ख) यसरी गिरफ्तारमा परेको व्यक्तिलाई चाँडो भन्दा चाँडो कुनै न्यायाधिश अथवा न्याय दिने अधिकारी समक्ष प्रस्तुत गर्नु पर्दछ ।

***हिरासत:*** कानुनसङ्गत गरिएमा पक्राउ गरेको व्यक्तिलाई थुनामा राख्न सकिन्छ । सोधपुछको उद्देश्यले मात्र कुनै पनि व्यक्तिलाई थुनामा राख्न सकिँदैन । प्रहरीले गिरफ्तार गरेको व्यक्तिलाई अदालत समक्ष उपस्थित नगरी थुनामा राख्न पाउँदैन । यस सन्दर्भमा प्रहरीले कुनै पनि व्यक्तिलाई फौजदारी अभियोगमा बाहेक अन्यमा सूचना (जानकारी) नदिईकन थुनामा राख्न नपाइने भन्ने स्थानीय सिद्धान्त रहेको पाइन्छ (शाही आयोग प्रतिवेदन १९२९) । यसै सन्दर्भमा युरोपयिन मानवअधिकार अदालतहरूले कैदको कानुनी हैसियतसँग सम्बन्धित गहिरो सिद्धान्त विकास गरेको छन् । जसले यससँग सम्बन्धीत धेरै समस्या एवं मुद्दाहरूको स्पष्ट रूपमा उत्तर दिएको छ । यस अदालतबाहेक अन्य क्षेत्रहरूलाई पनि यो विकास सहयोगी हुन सक्छ । युरोपियन मानवअधिकार महासन्धिको धारा ५ (१) अनुसार प्रत्येक व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार छ । धारा ५ (१) को (क) देखि (च) ले निश्चित गरेको परिस्थितिमा कसैलाई पनि उनीहरूको स्वतन्त्रताबाट वञ्चित गरिनु हुँदैन (विस्तृत रूपमा वार्डह्याम्प र माउण्टफिल्ड १९९९: ७०-७६) ।

धारा ५ (१) ले तोकेको अपवादको सूचीले परिस्थितिको विस्तृत रूपमा परिभाषा गरेको छ । जसले कानुनी रूपमा व्यक्तिलाई स्वतन्त्रताबाट वञ्चित गर्न सक्छ । अदालतले व्याख्या गरे अनुसार धारा ५ (१) ले सूचिकृत गरेका परिस्थितिहरू जसले व्यक्तिको स्वतन्त्रता हनन गर्न अनुमति प्रदान गर्दछन्, सङ्कीर्ण रूपमा व्याख्या गर्नु पर्दछ (गुजडाडी विरुद्ध इटलीको अनुच्छेद ९८ र १०० (१९८१.३.इ एच एच आर ३३३) ।

अझ अदालतले कारावास (१) कानुनी र (२) कानुनले तोकेको कार्यविधि बमोजिम कार्यान्वयन हुनुपर्नेमा जोड दिन्छ । उइन्टरवर्यप विरुद्ध नेदरल्याण्ड, १९७९ देखि १९८० को अनुच्छेद ३९ मा अदालत स्वतन्त्रताको उल्लङ्घनसम्बन्धी मुद्दाको हस्तक्षेप गर्ने क्रममा मुख्यतः दुई वटा तत्त्वमाथि केन्द्रिकृत भएको थियो । (अ) पक्राउ र कैद गर्न अनुमति प्रदान गर्ने परिस्थितिको सङ्कुचित व्याख्या; (आ) व्यक्तिलाई कैदमा लिदाँ कानुनद्वारा स्थपित कार्यविधिको पालना । अतः अदालतद्वारा विकास गरिएको सिद्धान्तले स्पष्ट रूपमा इङ्गित गर्दछ की व्यक्तिलाई स्वतन्त्रताबाट बञ्चित गर्ने राज्यको अधिकार निरपेक्ष नभई परिस्थितिजन्य हो ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धजस्ता अन्तर्राष्ट्रिय अध्यालेखहरूको नेपालजस्ता देशहरूमा कार्यान्वयनको लागि महत्त्वपूर्ण दिशानिर्देश प्रदान गरेको छ जहा पक्राउ, कैद र सोधपुछ जस्ता विषयहरू कानुनद्वारा स्थपित कार्यविधिहरूबाट निर्देशित भएका हुन्छन । तिनीहरू या त मानवअधिकारप्रति गम्भिर नभएर अथवा निरंकुश शासनको उत्पादनको रूपमा रहेका हुन्छन ।

उदाहरणको लागि सरकारी मुद्दासम्बन्धी ऐन २०४८ को दफा १४ (१) मा कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधमा संलग्न रहेको छ भनी शङ्का गर्नुपर्ने मनासिव कारण भएको व्यक्तिलाई पक्राउ गर्न सक्नेछ र त्यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरेको कारण सहित सूचना नदिई थुनामा राखिने छैन भनिएको छ तर ऐनको यस दफाले शङ्का गर्नुपर्ने मनासिव कारण कसरी थाहा पाउन सकिन्छ भन्ने कुरा प्रष्ट भने पारेको छैन । तसर्थ कुनै पनि व्यक्तिलाई पहिलो जाहेर (सूचनाको पहिलो प्रतिवेदन) को भरमा मात्र समात्न सकिने अवस्था छाडिदिएको छ ।

मुलुकी ऐन २०२० मा पनि व्यक्तिको गिरफ्तारीको बारेमा कहिले र कसरी गर्ने भन्ने व्यवस्थाहरू पाइन्छ जन् व्यवस्थाहरू आइ सि सि पि आर भन्दा पहिले नै बनाइएका हुन र अझ पनि जस्ताको तस्तै छन ।

सेलर्डको अध्ययनबाट नेपालमा ५० भन्दा बढी (प्रस्तुत अध्ययनमा ८४ वटा) ऐनहरूमा प्रशासकीय अधिकारी उदाहरणको लागि वन अधिकृत, भन्सार अधिकृत, वन्यजन्तु अधिकारीलाई गिरफ्तारी र थुनामा राख्न पाउने सो उपर अनुसन्धान गर्ने, अभियोजन गर्ने र अन्तमा पुर्पक्ष गर्ने अधिकारहरू प्रदान गरिएको छ । एउटै निकायलाई अनुसन्धान, अभियोजन र पुर्पक्ष गर्न पाउने व्यवस्थाको सर्न्दभिकताका बारेमा प्रष्ट हुन्छ । यसै सन्दर्भमा व्यक्तिको गिरफ्तारी, थुना गर्दा मुस्किलले कानुनी सिद्धान्त अवलम्बन गरिएको पाइन्छ भने गिरफ्तारी थुनामा परेको व्यक्तिको मानव अधिकार संरक्षण त अत्यन्त न्यून रहेको पाइन्छ । यस्ता सबै खालका परिस्थितिले स्पष्ट रूपमा व्यक्तिको स्वतन्त्रतालाई खतरामा पारेका छन् ।

यस कानुनले निर्धारण गरेको कार्यविधि बमोजिमबाहेक व्यक्तिलाई उसको स्वतन्त्रताबाट वञ्चित गरिनु हुदैन भन्ने सिद्धान्त स्वैच्छिक कारावासबाट रोक्नको लागि विकास भएको हो । यस नियमका दुई भाग छन्: प्रथमतः कानुनले निर्धारण गरेको कार्यविधि पूर्ण रूपमा पालना गरिनु पर्दछ र, दोस्रोमा कानुन स्पष्ट रूपमा बनाइनु पर्दछ । जसले सर्वसाधारण व्यक्तिले कैद हुन सक्ने परिस्थितिको अनुमान गर्न सकून् (वाडह्याम र माउण्टफिल्ड १९९९:७२) ।

***सोधपुछः*** प्रहरीलाई आफूले अनुसन्धान गरिरहेको अपराधसम्बन्धी सोधपुछ गर्ने अधिकार हुन्छ तर यसो भन्दैमा अभियुक्तलाई सबै प्रश्नहरूको जवाफ दिनुपर्ने जरुरी चाँहि देखिदैन । तसर्थ प्रहरीले सोधपुछ गर्दा सावधानी अपनाउनु पर्ने आवश्यक देखिन्छ । अभियुक्तले चूप बस्न भन्ने कुरा अभियुक्तले स्वयं व्यक्त गरेको कुरा आफैका विरुद्ध प्रमाण लाग्छ र उनीहरूले कानुनव्यवसायी राख्न पाउँछ भन्ने कुराको राम्रो जानकारी प्रहरीलाई हुनुपर्दछ । यस्ता कुराको

बेवास्ता गर्नुभनेको अभियुक्तको कार्यविधिगत अधिकारको बेवास्ता गर्नुहो (लिच १९८२:४०-४४)।

स्कर्ट आइ.जे, लेन्सस्की विरुद्ध क्रिष्टी (१९४७) ए.सी. ५७३ को मुद्दामा प्रहरीलाई सोधपुछ गर्न सक्ने विशेष अधिकार जुनसुकै बेला पनि र जसरी पनि हुँदैन भनिएको छ। फिसर (१९९७) को म्याक्सवैल कन्फियाटको मृत्युसम्बन्धी प्रतिवेदनमा के भनिएको छ भने जबसम्म साबितीलाई प्रमाणित गर्न सक्ने उपयुक्त प्रमाणहरू हुदैनन् प्रहरीले साबिती स्विकार गरेको भन्ने कुराको निर्णयमा आउनु सान्दर्भिकता हुँदैन। बरु अन्य उपायहरू अवलम्बन गरी सोधपुछ गरिरहनुपर्दछ। फिसरको प्रतिवेदनबाट प्रहरीको अधिकार र कार्यभारको बारेमा निम्न निष्कर्ष निकाल्न सकिन्छ।

- अनुसन्धानको बेलामा प्रहरीलाई स्वनिर्णय वा निष्कर्ष गर्ने अधिकार हुँदैन।
- उक्त कार्य कार्यविधिगत रूपमा हुनुपर्दछ।
- अनुसन्धानको उद्देश्य शङ्कित व्यक्तिबाट साबिती खोज्नु मात्र होइन।

सोधपुछको मुख्य तात्पर्य अपराधको स्पष्ट चित्रण र अपराधीको बारेमा साथै विभिन्न पक्षहरू, कारण र तत्वहरू पत्ता लगाउनु हो। तर अनुसन्धानको कार्यले साबितीबाहेकका अन्य सोधपुछ, प्रमाणको खोजी गरी अभियुक्तले अपराध गरेको निष्कर्षमा पुगिन्छ। त्यसैले प्रहरीको सोधपुछसम्बन्धी अधिकार सीमित छ। प्रहरीले कुनै परिस्थितिमा पनि पुर्पक्ष गर्दा शङ्कित व्यक्तिलाई आफ्नो इच्छाबेगर बयान दिन लगाउनु हुँदैन। तसर्थ प्रहरीको यो अधिकार भनेको प्रशासनिक अधिकार मात्र हो। उसलाई जुनसुकै अवस्थामा पनि अभियुक्तलाई साबिती गराउने अधिकार रहँदैन।

डेभलिनको प्रतिवेदन १९७६ अनुसार प्रहरीले शङ्कित व्यक्तिबाट पाउने सहयोग पूर्ण छैन। शङ्कित व्यक्तिले आफ्नो विरुद्ध वा आफूलाई दिकदारी नहुने कुनै पनि किसिमको बयान दिन बाध्य हुँदैन भन्ने कुरा प्रहरीले बुझ्नु पर्दछ। यसबाट के प्रष्ट हुन्छ भने प्रहरीले अपराधसँग सम्बन्धित व्यक्तिलाई अपराधको विषय विभिन्न प्रश्नहरू सोध्न त सक्दछ तर शङ्कित व्यक्तिलाई पनि चूप लागेर बस्न पाउने अधिकार रहन्छ। यस अधिकारले प्रहरीको जुनसुकै किसिमको सोधपुछद्ध कार्यलाई नियन्त्रण गर्दछ।

सोधपुछ त्यस्तो कार्य हो वा साधन हो जसले शङ्कित व्यक्ति आफैले आफ्नो दोष स्वीकार गर्ने अवस्थामा पुग्दछ। तर शङ्कित व्यक्ति आफैले स्विकार गरेको प्रमाणले अपराधको अन्तिम निर्णयमा मात्र पुग्न सकिने कुरा मानवअधिकारसम्बन्धी कानुनशास्त्रले मान्दैन। यसको पछाडि कुनै पनि व्यक्तिले आफूले आफैलाई दोषी घोषित गर्न सक्दैन भन्ने सिद्धान्तमा आधारित रहेको छ।

अमेरिकामा आफ्नो विरुद्ध दोष स्वीकारसम्बन्धीको अवधारणा माथिकै वाक्यांशबाट विकसित भएको हो। त्यसैले अमेरिकाको कुनै पनि अदालतमा फौजदारी पुर्पक्षको सिलसिलामा व्यक्तिले आफै विरुद्ध दिएको साबितीलाई प्रमाण मान्ने नमान्ने भन्ने विषयमा उठेको विवादलाई अमेरिकी संविधानको पाँचौं संशोधनले प्रदान गरेको कुनै पनि व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिनेछैन भन्ने वाक्यांशले जाँच गर्ने गरिन्छ (ब्राम विरुद्ध संयुक्त राज्य अमेरिका (१८९७)।

यसरी अमेरिकी अदालतले शक्ति प्रयोग गरेर गराइएको आफ्नो विरुद्ध दिएको साबितीका सम्बन्धमा धेरै सिद्धान्तहरू प्रतिपादन गरिसकेको छ। यस सम्बन्धीको परिपालन पाँचौं संशोधन १८९७ भन्दा अगाडि अमेरिकाका सङ्घीय अदालतले मात्र गरेको थियो।

राज्य अदालतबाट उठेको साबितीसम्बन्धी मुद्दाको पहिलो सुनुवाइमा अमेरिकी सर्वोच्च अदालतले प्रतिवादीको साबितीमा आधारित भएर दोषी ठहऱ्याइएको फैसलालाई किनारा लगाइदियो। यस्ता साबिती कोर्रा र पेटीको गट्टाले हिर्काइहिर्काई लिइएको थियो। ब्राउन विरुद्ध मिसिसिपी (१९३६) मा अदालतले निम्न निर्णय गऱ्यो:

*यहाँ आत्मसाबितीको सुविधाविरूद्धको सुविधाबाट राज्यको पछि हट्ने अधिकारको प्रश्न लागू हुँदैन। न्यायको*

*प्रक्रियामा अभियुक्तलाई साक्षीको रुपमा बोलाई परीक्षण गर्न चाहिँ अनिवार्य हुन्छ । यातनाबाट साबिती लिनु अर्कै कुरा हो । निवेदकको साबिती लिन प्रयोग गरिएको विधिबाहेक न्यायको मान्यताभन्दा अगल विल्कुलै अनुचित विधिको चाहना गर्नु साह्रै कठिन हुन्छ । यसरी लिएको साबिती फैसला गर्न वा सजाय गर्न उचित प्रक्रिया प्रणालीमा स्पष्टसँग इन्कार गरिएको छ ।*

यो मुद्दा पछिको लगभग ३० वर्षमा अमेरिकी सर्वोच्च अदालतले "परिस्थितिको समग्रता" मा विचार गरी सोधपुछको माध्यमबाट कुनै साबिती स्वैच्छिक र प्रमाणमा लिन हुने खालको हो वा करकापबाट लिइएको र प्रमाणमा लिन नहुने खालको हो भन्ने निश्चित गर्ने प्रयास गऱ्यो । अदालत सन्तुलनमा बसी रहेको बेला न्यायाधिश फ्याङ फटरको लेखमा एकातिर धेरै अपराधहरू समाधान गर्न अभियुक्तको प्रहरी सोधपुछ अपरिहार्य हुन्छ भने अर्कोतर्फ सोधपुछ प्रक्रिया कानुनको अगाडि निमुखा व्यक्तिमाथि प्रयोग नगरिने कुरा निश्चित गरिनुपर्छ ।

यो विरोधाभासलाई समाधान गर्न प्रयोग गरिएको हस्तक्षप स्वैच्छिकपनको जाँच थियो । के उक्त साबिती साबित हुने व्यक्तिको बिल्कुलै स्वतन्त्र र करकापविना भएको हो ? यदि यस्तो हो भने यस्तो साबिती उसको विरुद्ध प्रयोग गर्न सकिन्छ । कोलम्बस विरुद्ध कनेटिकट (१९६१) को मुद्दामा अदालतले "यदि यस्तो होइन भने र उसको आत्मा निर्धारण गर्ने क्षमता कमजोर तुल्याइएको छ भने यस्तो साबितीको प्रयोगले उचित प्रक्रियाको उल्लङ्घन गर्दछ ।"

यो विकासले सोधपुछको दायरालाई निकै साघुँरो पारिदियो । जे भए तापनि सोधपुछ एउटा प्रहरी र शङ्कित व्यक्तिलाई मात्र थाहा हुने र गोप्य रूपमा गरिने प्रक्रिया भएकोले कुनै साबिती स्वैच्छिक हो वा होइन भन्ने कुरा स्थापित गर्नु सजिलो कार्य होइन । यो प्रश्नले अमेरिकी सर्वोच्च अदालतलाई पछ्याइरहयो र फलस्वरूप भविष्यमा साबितीको ग्राह्यताको परीक्षणका लागि दर्जनौं बाटो पहिल्यायो ।

क. शारीरिक पीडा मात्र नभई अन्य प्रकारका दबाबमूलक सोधपुछका तरिकाहरू इच्छाविरुद्धको हुने हुनाले अग्राह्य हुन्छन् (ब्राउन विरुद्ध मिसिसिपी (१९३६) ।

ख. विना वारेन्ट गिरफ्तार गरी लामो सोधपुछ गर्नु, गिरफ्तारीको जानकारी नदिईकन लिइएका साबिती पनि जबरजस्ती साबिती हुन् (च्याम्बर्स विरुद्ध फ्लोरिडा (१९४०) ।

ग. गैरकानुनी तरिकाले गरिएका गिरफतारी र लामो समयसम्म अनावश्यक तरिकाले गरिएका सोधपुछबाट दोषी प्रभावित गर्ने गरिएका साबिती पनि स्वस्फूत सावित होइनन् (वार्ड विरुद्ध टेकसास, १९४२) ।

घ. करकाप शारीरिक वा मानसिक दुवै प्रकारका हुन सक्छन् (च्याम्बर्स विरुद्ध फ्लोरिडा (१९४०) ।

ङ. गैरकाानुनी गिरफ्तारी, गैरकानुनी कारबाई, गैरकानुनी खानतलासी र गैरकानुनी कब्जा गरी लिइएका साबितीहरू आफै कानुनी हुन सक्दैनन् (फ्यावी विरुद्ध कनेटिकट (१९६३) ।

१९६६ मा मिराण्डा वि. एरिजोनाको मुद्दाबाट सोधपुछसम्बन्धीको कानुनशास्त्रको विवेचना गर्ने काम भएको छ । उक्त मुद्दामा अदालतले सोधपुछ गर्नुअगाडि शङ्कित व्यक्तिलाई गरिने व्यवहारमा उसका संवैधानिक अधिकारहरूको ख्याल गरिनुपर्दछ । जुन यस प्रकार छन्:

(१) व्यक्तिसँग चुपचाप रहने अधिकार हुन्छ ।

२) व्यक्तिले दिएका बयान उसैको विरुद्धमा अदालतमा राखिन्छ ।

(३) व्यक्तिसँग कानुनव्यवसायी राख्ने अधिकार हुन्छ ।

(४) आफैले कानुनव्यवसायी राख्न नपाएमा निश्शुल्क कानुनव्यवसायी पाउने अधिकार हुन्छ ।

उक्त मुद्दाले गरेको फैसलाले अमेरिकमा मात्र नभई धेरै जसो राष्ट्रका फौजदारी न्यायप्रणालीमा उथुलपुथल ल्यायो । यस मुद्दा निष्पक्ष न्याय व्यवस्थामा कोसेढुंगा साबित हुन पुग्यो । यस मुद्दापूर्व थुनामा राखी गरिने सोधपुछ अत्यन्तै कठोर खालको थियो जसले सजिलैसँग शङ्कित व्यक्तिद्वारा गरिएको साबिती बलजफ्ती गरिएको साबिती हो भन्ने जनाउँदथ्यो ।

डिकर्सन विरुद्ध संयुक्त राज्य (१९९९) को मुद्दामा मिरान्डा नियमको वर्चश्वले चुनौती पायो । डिकर्सन भन्ने प्रतिवादीले बैंक डकैटी गर्ने क्रममा आफू गेटवे कारको चालक भएको साबिती गऱ्यो जब जिल्ला अदालतले प्रतिवादीको उक्त साबितीलाई समन गऱ्यो किनभने डिकर्सनले प्रहरी सोधपुछको क्रममा प्रहरी हिरासतमा आवश्यक मिरान्डा चेतावनीविना बयान दिएको थियो । पुनरावेदनको क्रममा संयुक्त राज्य चौथो डौडाह पुनरावेदन अदालत समक्ष एउटा प्रश्न खडा भयो कि १८ सं.रा.फौ.ऐन नं. ३५०१ जुन काङ्ग्रेसले मिरान्डापछि ऐनको रूपमा ओमनिबस अपराध नियन्त्रण ऐन १९६८ को एक भागको रूपमा लागू गरेको थियो । जुन संवैधानिक थियो ।

उक्त ऐनको एक भागमा उल्लेख भएबमोजिम संयुक्त राज्यले कुनै फौजदारी अभियोजन गर्ने क्रममा कसैले स्वेच्छाले साबिती दिएमा प्रमाणको रूपमा ग्राय हुने व्यवस्था गरेको छ । यदि यो विधान संवैधानिक थियो भने साबितीको ग्राह्यता ग्रहण गर्ने मापदण्ड मिरान्डापूर्वको साबितीको स्वेच्छिक मापदण्डमा फर्कनु पर्दछ । चौथो डैडाहा पुनरावेदन अदालतले संख्यात्मक आधारमा विधान नं. ३५०१ को संवैधानिकता भएको फैसला गऱ्यो र सङ्घीय अदालतमा साबितीको ग्राह्यता न्यायिक रूपमा बनाइएका नियमद्वारा भन्दा विधान नं. ३५०१ ले निर्धारित गरेबमोजिम हुने व्यवस्था गऱ्यो ।

संयुक्त राज्य चौथो दौडाहा पुनरावेदन अदालतले मिरान्डा चेतावनीको सावधानी दिएबेगर लिएका साबितीको ग्राह्यतालाई अमान्य गऱ्यो जब सन् २००० मा संयुक्त राज्यको सर्वोच्च अदालतले मिरान्डा फैसलाको पुर्नपुष्टि गऱ्यो । अदालतले मिरान्डा "अदालतको संवैधानिक फैसला भएको हुँदा काङ्ग्रेसले पारित गरेको कुनै ऐनले यसलाई उल्टाउन सक्दैन भन्ने मान्यो । अदालतले मिरान्डा स्वयंलाई उल्टाउन इन्कार गऱ्यो र घोषणा गऱ्यो की मिरान्डा र यसका वंशले हिरासतीय सोधपुछका क्रममा गरिएका बयानहरू दुवै राज्य र सङ्घीय अदालतहरूमा ग्राह्य हुने कुरा निर्धारण गऱ्यो ।

माथिको छलफलबाट शङ्कित व्यक्तिको कार्यविधिगत अधिकारको सुरक्षा हुनुपर्ने आवश्यकता देखिन्छ । पुरातन विचारधाराअनुसार शङ्कित व्यक्तिको अधिकारको सुरक्षा गर्नुलाई सार्वजनिक सुरक्षाको स्वार्थलाई असर गर्ने विपरित तत्वको रूपमा लिएको पाइन्छ । यो विचारधारा जे भए पनि समाजको चाहाना र एक अपराधीको स्वार्थबीच सन्तुलन कायम गर्ने दृष्टिबाट हेर्दा कालन्तरमा गएर बहिस्कृत हुनेछ । सारंशमा शङ्कित व्यक्तिको कार्यविधिगत अधिकारहरूको पक्षमा निम्न तर्कहरू अगाडि सर्न सकिन्छ जसले गर्दा स्वार्थहरूको सन्तुलन कायम गर्न सकियोस् । जसको आधारमा स्वच्छ र निश्पक्ष फौजदारी न्याय सिर्जना गर्न सकिन्छ ।

(अ) शङ्कित व्यक्ति दोषी थियो भन्ने पूर्ण सन्तुष्टिका साथ कसुर स्थापना हुनुले समाजलाई कुकृत्य हुनबाट जोगाउँछ। कसुर स्थापना शङ्कित व्यक्तिलाई पूर्ण छुटहरू दिएर गराउनले निश्चिय नै प्रणालीप्रति मानिसहरूको विश्वसनीयता बृद्धि हुन्छ र विश्वसनीयताले सम्भावित अपराधीलाई हतोसाह गर्न ठूलो योगदान दिन्छ ।

(आ) समाजको स्वार्थ र शङ्कितको स्वार्थबीच सन्तुलन कायम गर्ने उत्तरदायित्व भएको हुँदा न्यायाधीशले अति नै दुरदर्शिता र तर्कधारा, स्थापित सिद्धान्तहरू, विचारधाराहरू र न्यायका मूल्यहरूको गम्भीरताका साथ प्रयोग

गर्नुपर्दछ । उसले स्थापित सिद्धान्तहरूविपरीत छन्-छैनन् भनी प्रमाणको मूल्याङ्कन गर्नुपर्छ ।

(इ) शङ्कित व्यक्तिको अधिकारको सुरक्षा स्वयं समाजको चासोको विषय हो । त्यस कारण यहाँ स्वार्थका सम्बन्धमा विवाद र द्वन्दको गुन्जायस छैन । प्रहरीले त्यस्तो अधिकारको प्रयोग गर्न सक्छ, जसले शङ्कितलाई मात्र पीडित गराउँदैन तर सबै समाजमा पनि न्यायअपयोजनको खतरा पैदा गर्दछ । त्यस कारण शङ्कित व्यक्तिको कार्यविधित प्रत्याभूतिलाई समाज स्वयंले अनियन्त्रिण कारबाई र प्रहरीद्वारा अनाधिकृत अधिकारको प्रयोगमाथि रोक लगाउने माध्यमको रूपमा लिएको छ ।

## २.२ मानवअधिकार कानुनमा स्वच्छ पुर्पक्षका मापदण्ड

संसारभरका हरेक सभ्यतामा हरेक मानिसले मर्यादापूर्वक बाँच्न पाउने अधिकारलाई सर्वव्यापक र सर्वसम्मत मान्यताका रूपमा स्वीकार गरिएको पाइन्छ । बाँच्न पाउने अधिकारभित्र उत्पत्ति, जातीय उत्पत्ति, धर्म, वर्ण, लिङ्ग, भाषा, संस्कृति वा अन्य कुनै हैसियतको विभेद नराखी मानवजीवनलाई सार्थक बनाउन आवश्यक पर्ने अनेक अधिकार समेटिन्छन् । मानवसम्यताका लागि अपरिहार्य खाँचोका रूपमा मानवअधिकार कानुनको विकास भइआएको छ। मानवअधिकार न्यायको सारतत्व भएकाले कुनै पनि सभ्य सत्ता, संस्था वा व्यक्तिले यसलाई इन्कार गर्न सक्दैन ।

मानवअधिकारका अनेक सवालमध्ये स्वच्छ पुर्पक्षको अधिकार एक अति जरुर सरोकारको विषय हो । “स्वच्छ पुर्पक्षको अधिकार व्यक्तिका बाँच्न पाउने र स्वतन्त्रताका अधिकार सर्वाधिक महत्वका मानिने आधारभूत मानवअधिकार तथा स्वतन्त्रताको गैरकानुनी तथा जथाभावी कटौति र वञ्चनाविरुद्ध हरेक व्यक्तिको संरक्षणका लागि अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको मान्य स्तर हो” (एलसीएच्आर्, २०००) । फौजदारी कारबाईको प्रक्रियामा स्वच्छ पुर्पक्षको अधिकारको अक्षरशः पालना भएन भने मानवअधिकार र कानुनको शासन भन्ने कुरा नै निरर्थक हुन पुग्छन् ।

स्वच्छ पुर्पक्षलाई राज्यको सक्षम न्यायिक अङ्गबाट तथष्टतापूर्वक गरिने न्यायसम्पादनका रूपमा बुझिन्छ । “कानुनको नियमित प्रक्रियाअनुसार निष्पक्ष र निराकाङ्क्ष् न्यायाधिकरणद्वारा, खास गरी फौजदारी पुर्पक्ष जसमा प्रतिबादीका संवैधानिक तथा कानुनी अधिकारको सम्मान हुने पुर्पक्ष”(गार्नर, १९९९) जस्तो स्वच्छ पुर्पक्षको परिभाषाले फौजदारी मुद्दाहरूमा यो कढाइपूर्वक लागू हुने कुरा औँलयाउँछ । “स्वच्छ पुर्पक्षको शब्दावलीले अनुसन्धानदेखि अभियुक्तलाई सजाय गर्ने अन्तिम चरणसम्मका फौजदारी न्यायका सबै प्रक्रिया समेट्छ” (सङ्ग्रौला, २००३ः १) ।

स्वच्छ पुर्पक्ष सार्वजनिक निर्भयताका लागि अपराधको अनुसन्धान र सजायको कार्यान्वयनको वैज्ञानिक संयन्त्रलाई सुनिश्चित पार्ने कुरा हो । “न्यायको प्रणालीको अर्थ सामान्यतया न्यायिक निर्णयनप्रक्रियाको वैज्ञानिक [विधि?] हो”(सङ्ग्रौला, २००३ः १) । अतः स्वच्छ पुर्पक्षको धारणाले अनुसन्धान, अभियोजन, निरूपण र सुधारप्रणालीको व्यवस्थापनमा संलग्न सबै निकायको कामगराइमा सचेष्ट र वैज्ञानिक पद्धति अत्यावश्यक ठान्छ ।

फौजदारी प्रकृतिका कानुनको कार्यान्वयनअन्तर्गत अधिकार र कर्तव्यको निराकरणमा, तिनका निकाय र ढाँचाहरूप्रति कुनै पर्वाह नगरीकन, स्वच्छ पुर्पक्षको मापदण्ड सारपूर्ण र इन्कार गर्नै नमिल्ने मापदण्डका

रूपमा रहेको छ। सामान्य अवस्था होस् कि सार्वजनिक सङ्कटको अवस्थामा होस्, जुनसुकै परिस्थितिमा साथसाथै अल्पवयस्कको न्याय वा सैनिक अदालत, विभागीय वा विशेष अदालतजस्ता जुनसुकै प्रकृतिको अधिकारक्षेत्रअन्तर्गत यी मापदण्डहरू लागू हुन्छन्।

एम्नेस्टी इन्टरनेसनलले स्वच्छ पुर्पक्षका मापदण्डहरूलाई आफ्नो स्वच्छ पुर्पक्षसम्बन्धी मार्गदर्शन पुस्तिकामा अआस्थगनीय अधिकारको रूपमा लिएको छ। आइसीसीपिआर अन्तरगतको मानव अधिकार समितिको हालैको टिप्पणीलाई उद्धृत गर्दै यसले "मानव अधिकार समितिले आइसीसीपिआर अन्तरगत स्वच्छ पुर्पछका प्रावधान अआस्थगनीय मानेको छ" (एआई, १९९८ः १६०)। सभ्य आचरणयुक्त सुशासनको खाँचोलाई ख्याल गरेर राष्ट्रहरू र अन्तरराष्ट्रिय समुदायले स्वच्छ पुर्पक्षको अधिकारलाई अआस्थगनीय अधिकारको रूपमा सम्मान र कार्यान्वयन गर्नमा असहमति जनाएका छैनन्। त्यसैले विशेष परिस्थिति छ वा स्रोतसाधनको अभाव छ भनेर यस्ता अधिकारको उल्लङ्घन, आस्थगन वा निलम्बन क्षम्य हुँदैन।

### २.२.१ अन्तर्राष्ट्रिय मापदण्ड

मानवअधिकारका अन्तर्राष्ट्रिय अध्यालेखहरूको विकास र कार्यान्वयन संयुक्त राष्ट्रसङ्घको स्थापनापछि यसका प्रमुख प्रयासमध्येको एक कार्य रहिआएको छ। " अन्तर्राष्ट्रिय अध्यालेख दुई प्रकारका छन्। घोषणपत्र र अन्य अनुनयात्मक अध्यालेख...कुनै न कुनै रूपमा प्रतिज्ञात्मकै भए पनि तिनले मुख्यतया मापदण्ड र मार्गदर्शनको कार्य गर्दछन्। हुन त बहुपक्षीय सन्धि-महासन्धिको कुनै धारा आरक्षणमा राखेर पनि राष्ट्रहरूले हस्ताक्षर गर्न सक्दछन्, तापनि बहुपक्षीय महासन्धिहरू मुख्यतया तिनको अनुमोदन वा सम्मिलन गर्ने राज्यको हकमा बन्धनकारी हुन्छन्" (भट्टराई, २००१ः १९)।

स्वच्छ पुर्पक्षका अधिकार र मापदण्डहरू अन्तर्राष्ट्रिय अध्यालेखहरूमा छुट्टै फाँट बनाएर सूचीबद्ध गरिएका छैनन्। दुवै खालका अध्यालेखहरूमा यी अधिकार र मापदण्डहरूको केन्द्रीयता फेला पर्छ र मानवअधिकारको विश्वव्यापी घोषणापत्र; नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय

अनुबन्ध र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक प्रोटोकलचाहिँ स्वच्छ पुर्पक्षको मापदण्डहरू निश्चय गर्ने अन्तर्राष्ट्रिय मूल विधिविधान हुन्। अरू अध्यालेखहरूले राज्यका विभिन्न निकायमा काम गर्ने कार्याधिकारीहरूलाई तिनका कार्यक्षेत्र र अधिकारक्षेत्रमा हरेक व्यक्तिका स्वच्छ पुर्पक्षका अधिकारहरूको संरक्षण गर्नमा मान्य स्तर र मार्गदर्शन उपलब्ध गराउँछन्। स्वच्छ पुर्पक्षका अधिकारको संरक्षण तथा मार्गनिर्दिष्ट गर्ने मान्य स्तर उपलब्ध गराउने मूलभूत अन्तर्राष्ट्रिय अध्यालेखहरू निम्नानुसार छन् :

**प्रतिज्ञात्मक** (सन्धिस्तरीय) **कानुन**

१. यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि;
२. बालअधिकारसम्बन्धी महासन्धि;
३. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध;
४. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध।

**अनुनयात्मक कानुन** (घोषणापत्र, सिद्धान्त, मार्गदर्शन, मापदण्डका नियमावली र आचारसंहिता)

१. मानवअधिकारको विश्वव्यापी घोषणापत्र;
२. बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली;
३. बन्दीप्रति गर्नुपर्ने व्यवहारका आधारभूत सिद्धान्त;
४. जुनसुकै स्वरूपको थुनछेक वा कैदसजायअन्तर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङ्ग्रह;

५. यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी घोषणापत्र;

६. यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्ध बन्दी तथा थुनुवाको संरक्षणमा स्वास्थ्य-कर्मचारी, खास गरी चिकित्सक (फिजिसियन), को भूमिकासँग सान्दर्भिक चिकित्सा-आचारका सिद्धान्त;

७. कानुन कार्यान्वयन गर्ने अधिकारीका लागि आचारसंहिता;

८. कानुन कार्यान्वयन गर्ने अधिकारीले गर्ने बल तथा गोलीगट्ठाको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्त;

९. कानुनव्यवसायीको भूमिकासम्बन्धी आधारभूत सिद्धान्त;

१०. अभियोजनकर्ताको भूमिकासम्बन्धी मार्गदर्शन;

११. गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय न्यूनतम मापदण्डको नियमावली (टोकियो नियमावली);

१२. अपराध र अख्तियारको दुरुपयोगपीडितका लागि न्यायसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र;

१३. न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी आधारभूत सिद्धान्त;

१४. मानसिक रोगी व्यक्तिको संरक्षण तथा मानसिक स्वास्थ्योपचारको सुधार गर्ने सिद्धान्त ।

माथिका अध्यालेखहरूमा समाविष्ट अधिकारहरूलाई हेर्दा स्वच्छ पुर्पक्षका अधिकारहरूलाई निम्नानुसार कोटीकृत गर्न सकिन्छ :

१. जथाभावी गिरफ्तारी र थुनछेकविरुद्धको अधिकार;

२. गिरफ्तारी र थुनछेकको कारणको जनाउ पाउने अधिकार;

३. बुझ्िने भाषा र दोभासेको सेवा प्राप्त गर्ने अधिकार ;

४. पुर्पक्षपूर्व, पुर्पक्ष र पुर्पक्षोत्तर चरणमा प्रतिरक्षा, कानुनी सहायता पाउने अधिकार;

५. बाह्य संसारसँगको सम्पर्कको निकासको अधिकार;

६. यथाशीघ्र न्यायिक अधिकारीसमक्ष प्रस्तुतिको अधिकार;

७. थुनाको वैधानिकतामा चुनौती गर्ने र गैरकानुनी गिरफ्तारी वा थुनछेकको प्रतिपूर्ति पाउने अधि;

८. प्रतिरक्षाका लागि पर्याप्त समय र सरसुविधा पाउने अधिकार;

९. मनासिब समयावधिभित्र पुर्पक्ष भई थुनाबाट छुटकारा लिने अधिकार;

१०. थुनछेक स्थलमा मानवीय अवस्थामा राखिने र यातनाबाट मुक्त राखिने अधिकार;

११. करकापबाट मुक्त रहने र मौनताको अधिकार;

१२. कानुन र अदालतसमक्ष समानताको अधिकार;

१३. कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट पुर्पक्ष गरिने अधिकार;

१४. खुला र स्वच्छ सुनवाइको अधिकार;

१५. निर्दोषिताको अनुमानको अधिकार;

१६. आत्म-अपराधीकरणविरुद्धको अधिकार;

१७. भूतलक्ष्यी कानुनको प्रयोगविरुद्धको अधिकार;

१८. पुर्पक्ष र पुनरावेदनको छलफलमा उपस्थित हुन पाउने अधिकार;

१९. साक्षी गुहार्ने तथा तिनको परीक्षण गराउने अधिकार;

२०. यथोचित जमानत, मानवोचित तथा सजायको समानुपातिकताको अधिकार;

२१. पुनरावेदनको अधिकार;

२२ न्यायअपयोजनमा क्षतिपूर्ति पाउने अधिकार;

२३. सजायको कार्यान्वयनमा सुधारमूलक स्वच्छ व्यवहार र पुनःस्थापनाको अधिकार ।

### २.२.२ मान्यताप्राप्त मुख्यमुख्य नेपालका मापदण्ड

नेपाल अधिराज्यको संविधान २०४७ ले ''हरेक नागरिकका मूलभूत मानवअधिकारहरूको प्रत्याभूति'' (काकिव्यस, २०४७ : १) प्रतिको सम्मान खुलस्त रूपमा प्रकट गरेको छ र यसलाई संविधानका केन्द्रीय उद्देश्यमध्येको एक मानेको छ । संविधानको धारा ११, १२ र १४ ले मौलिक हकको स्थापनामार्फत स्वच्छ पुर्पक्षको अधिकारहरूलाई आधार खडा गरिदिएको छ । धारा ८४ र ८५ ले सक्षम, स्वतन्त्र तथा तटस्थ न्यायाधिकरण तथा अदालतहरूको सारपूर्ण अस्तित्वको मान्यता अँगालेका छन् ।

सरकारी मुद्दासम्बन्धी ऐन २०४९ ले व्यक्त रूपमा अपराधको अनुसन्धान र अभियोजनको भूमिका छुट्याइदिएको छ । मुलुकी ऐनको 'अदालती बन्दोबस्त' र 'दण्डसजाय'को महलका अनेक प्रावधानले फौजदारी न्याय र स्वच्छताका प्रमुख सिद्धान्तहरूको मान्यतासाथ स्वच्छ पुर्पक्षको वैधानिक ढाँचा स्थापित गरेका छन् । संविधानको धारा ९६ ले अदालतका निर्णय र आदेशको बन्धनकारी वा बाध्यात्मक शक्तिको प्रत्याभूति गरेको छ । सोही धाराले सर्वोच्च अदालतलाई कानुनी सिद्धान्त प्रतिपादन गर्न र कानुनको व्याख्या गरी कानुनसरह बन्धनकारी बनाउने अधिकार दिएको छ । यसअन्तर्गत सर्वोच्च अदालतले फौजदारी न्यायअन्तर्गत पर्ने र मान्य सिद्धान्तका रूपमा रहने गरी सिद्धान्त प्रतिपादित पनि गरेको छ ।

माथि उल्लिखित ढाँचाभित्र स्वच्छ पुर्पक्षका प्रमुख मापदण्डलाई नेपालले मान्यता दिएको छ र तिनलाई निम्नानुसार औंल्याउन सकिन्छ :

१. फौजदारी कानुनको भूतलक्ष्यी प्रभाव नहुने;

२. एक पटक अन्तिम भएकै कुरामा पुनः मुद्दा चलाउने वा सजाय गर्ने कार्य नगरिने;

३. आत्मअपराधीकरणविरुद्धको अधिकार;

४. निर्दोषिताको अनुमान;

५. गिरफ्तारी र थुनछेकको सूचना पाउने अधिकार;

६. कानुनी परामर्श र निःशुल्क कानुनी सहायता;

७. मुद्दा हेर्ने अधिकारीसमक्ष शीघ्र उपस्थित गराउने;

८. थुनछेकको कानुनसङ्गतताको चुनौती दिन पाउने अधिकार ( गैरकानुनी वा असङ्गत गिरफ्तारी र थुनछेकमा प्रतिपूर्ति दिने कुरालाई बाहेक गरेर);

९. थुनामा यातनाबाट मुक्त रहन पाउने अधिकार;

१०. सामान्य कानुनको प्रचलनमा समानताको अधिकार;

११. खुला र स्वच्छ सुनवाइको अधिकार;

१२. आफैले र कानुनव्यवसायीमार्फत प्रतिरक्षा गर्न पाउने अधिकार;

१३. पुर्पक्षमा उपस्थितिको अधिकार;

१४. साक्षीलाई गुहार्ने र परीक्षण गर्ने अधिकार (पुर्पक्षको चरणमा);

१५. पुनरावेदनको अधिकार (अदालतको संरचनाद्वारा)।

## २.३ यो अध्ययनका लागि स्तरीकृत स्वच्छ पुर्पक्षका परिसूचक

राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा स्वच्छ पुर्पक्षका मापदण्ड र अधिकारको मान्यताका आधारमा नेपालले आफ्ना भूभागमा अन्तर्राष्ट्रिय स्तरका मापदण्डलाई स्वीकार गरेकाले तिनको संरक्षण र कार्यान्वयनको दायित्व यसलाई रहेको स्पष्ट हुन्छ। अन्तर्राष्ट्रिय मापदण्ड नेपालका लागि अन्तर्राष्ट्रिय सन्धिसम्झौता र अन्तर्राष्ट्रिय कानुनको परम्पराद्वारा बन्धनकारी छन्।

उपशीर्षक २.२.१ र २.२.२ मा वर्णन गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड र फौजदारी कानुन र न्यायका केही मान्य सिद्धान्तका आधारमा परियोजनाटोली र विशेषज्ञहरूको पहिलो कार्यगोष्ठीले यस अध्ययनको प्रयोजनका लागि तल लेखिएअनुसारका मापदण्ड तय गरेको थियो। यो अध्ययन गोष्ठीले तय गरेको सोही मापदण्डका आधारमा आउँदा शीर्षकमा प्रस्तुत विवरण नेपालका चालु ऐनमा रहेका यससम्बन्धी प्रावधानहरूको परीक्षण र लेखाजोखा गर्ने कार्य सम्पन्न गरिएको हो।

### फौजदारी कानुन र न्यायका मान्य सिद्धान्त

स्वच्छ पुर्पक्षका मापदण्ड कायम गर्न फौजदारी कानुनका देहायका विशेषता र सिद्धान्त अपरिहार्य हुन्छन् :

### आदर्श विशेषता :

- ***वैधानिक आधिकारिकता:*** फौजदारी कानुनको निर्माण वैधानिकताको आधिकारिक स्रोतबाट मात्र हुनुपर्छ। अपराधको परिभाषा जनताको विधायिकी अङ्गबाट किटानीपूर्वक हुनुपर्छ र परिभाषा गर्ने अधिकार प्रत्यायोजित हुन सक्दैन। त्यसै गरी फौजदारी कानुनको सारभूत र कार्यविधि दुवै व्यवस्था वैधानिक, औपचारिक र आधिकारिक स्रोतबाट निष्पन्न हुनुपर्छ।

- ***सुनिश्चितता:*** फौजदारी कानुनले अपराधको परिभाषा गर्दा कार्य वा अकार्यको कठोर र अन्यन्त निश्चित अर्थ स्पष्ट गर्नुपर्छ। द्विविधाजनक परिभाषा सुनिश्चितताको सिद्धान्तप्रतिकूल हुन्छ। निर्दोषले सजाय पाउनबाट बचाउनु फौजदारी न्यायको मूल मर्म भएकाले यसरी कार्य वा अकार्यको स्पष्टताको कठोर र निश्चित आवश्यकतालाई मान्यता प्रदान गरिएको हो।

- ***नियमितता:*** फौजदारी कानुन वैधानिक आधिकारिक स्रोतबाट उद्भव भएर मात्र पुग्दैन, यसले सामाजिक हैसियतको कुनै पर्वाह नराखी सबैलाई समान रूपमा लागू हुने कुराको प्रत्याभूति दिएकै हुनुपर्छ । यसको सैद्धान्तिक आधार समानताको सिद्धान्त हो। असमान व्यवस्थाबाट समानताको नियमन हुन नसक्ने हुनाले नियमिततालाई यसको अनिवार्य तत्त्व मानिन्छ।

- ***एकरूपता:*** फौजदारी कानुनको कार्यान्वयन भेदभावबाट पूर्णतः मुक्त हुनुपर्छ। फौजदारी कानुनको उल्लङ्घनमा सामाजिक वा अन्य कुनै हैसियतका आधारमा अन्तर नराखी कारबाई चल्नुपर्छ।

- ***दण्डनीयता:*** फौजदारी कानुनको उल्लङ्घनकर्तालाई दण्ड हुनै पर्छ। राज्यले यस्तो दण्ड दिन्छ भन्ने भय नरहेको कानुनले फौजदारी

अपराधको परिभाषा दिन सक्दैन भन्ने मानिन्छ । कुनै कार्य गर्नु भनेको नगर्ने र नगर्नु भनेको गर्ने व्यक्तिको सो कार्य वा अकार्यलाई दण्डले सन्तुलित गर्नुपर्छ भन्ने मान्यता यसमा अन्तर्निहित छ ।

***सिद्धान्त***

- प्राकृतिक न्यायको सिद्धान्त;
- पक्षहरूबीचको सन्तुलनको सिद्धान्त;
- दोहोरो खतराको सिद्धान्त;
- प्राङ्न्यायको सिद्धान्त;
- भूतलक्ष्यी प्रयोगविरुद्धको सिद्धान्त;
- निर्दोषिताको सिद्धान्त;
- शङ्काको सुविधा अभियुक्तले पाउने सिद्धान्त; र
- अपराधको प्रकृति र गम्भीरतासँग समानुपाती सजायको सिद्धान्त ।

***न्यायप्रशासनमा स्वच्छ पुर्पक्षका साझा मापदण्ड***

१. अभियोजन र निरूपणको ऐनद्वारा स्पष्ट किटान;

२. दण्डको निर्धारण र कार्यान्वयन न्यायिक निकायबाट मात्र सम्पादन हुने;

३. न्यायनिरूपणकर्ताको प्रत्याभूत सक्षमता, स्वतन्त्रता र निष्पक्षताको प्रत्यक्षता;

४. अनुसन्धानका लागि अधिकारीलाई मुनासिब समय साथै अभियुक्तलाई प्रतिरक्षा र प्रतिनिधित्वको पूरापूर अवसर;

५. पक्राउ, थुना र अभियोगको अभियुक्तलाई यथासमयमा जानकारी तथा उसको परिवार र कानुनव्यवसायीलाई त्यसको शीघ्र सूचना;

६. शारीरिक दण्ड, यातना, अमानवीय एवं करकापपूर्ण व्यवहारको प्रयोगमा बन्देज;

७. न्याय-अपयोजन तथा दुर्व्यवहार वा गलत व्यवहारमा क्षतिपूर्ति वा शोधभर्नाको व्यवस्था;

८. अनुसन्धान, पुर्पक्षपूर्व, पुर्पक्ष, पुर्पक्षोत्तरका सबै चरणमा न्यायिक उपचारको अधिकारको सुनिश्चय;

९. असक्षमलाई राज्यको खर्चमा निःशुल्क कानुनी सहायता;

१०. सुरु इन्साफउपर पुनरावेदन तथा दोस्रो तहको पुनरावेदनको अवसर;

११. प्रमाण पुर्‍याउने भार अभियोजनपक्षमा रहने;

१२. कार्यविधि ऐनद्वारै किटान हुने र कार्यविधि तोक्ने अधिकार प्रत्यायोजित र तजबिजीमा छाड्न नमिल्ने;

१३. खुला सुनवाइ र पुर्पक्ष;

१४. युक्तिसङ्गत तथा जायज जमानतको प्रावधान;

१५. स्वच्छ पुर्पक्ष प्रवर्द्धन गर्ने विशेष उपायको अवलम्बन (बन्द इजलास, महिलाको पक्राउ महिलाप्रहरीबाट, बालबालिकाको मुद्दाको सुनवाइ संरक्षक तथा बालविशेषज्ञको उपस्थितिमा सम्पादन हुने आदि ।)

१६. कैदसजायको विकल्पका रूपमा गैरहिरासतीय उपायको अवलम्बन; र

१७. समुदाय र पीडितका हितमा सुधारात्मक तथा पुनःस्थापनापरक रूपमा दण्डसजायको अवलम्बन ।

■

# ३

# स्वच्छ पुर्पक्षको मापदण्डसँग असङ्गत कानुनको विश्लेषण

# स्वच्छ पुर्पक्षका अन्तर्राष्ट्रिय मापदण्डसँग असङ्गत नेपाल कानुनका प्रावधान

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| १ | **अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८** | १६ | **अभियुक्तलाई थुनामा राख्ने :**<br>(१) आयोगले भ्रष्टाचारको आरोपमा कारबाई चलाएको कुनै व्यक्तिले कुनै प्रमाण लोप वा नास गर्न सक्ने वा आयोगको कारबाईमा बाधाव्यवधान वा प्रतिकूल प्रभाव पार्न सक्ने पर्याप्त कारण विद्यमान भएमा आयोगले निजलाई प्रचलित कानुनबमोजिम थुनुवापुर्जी दिई थुनामा राख्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम थुनामा राखिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नुपर्ने देखिएमा आयोगले निजलाई अदालतसमक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नुपर्नेछ र सोबमोजिम अदालतसँग अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको बेहोरा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।<br>(३) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित गराइएको व्यक्तिले त्यसरी अदालतमा उपस्थित हुँदा आफ्नो शारीरिक जाँचको लागि अदालतसमक्ष निवेदन दिन सक्नेछ ।<br>(४) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमति मागेमा अदालतले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनक रूपमा भए वा नभएको विचार गरी सन्तोषजनक रूपमा तहकिकात भैरहेको देखिएमा एक | आइ सि सि पि आर - १४, | ६ महिना सम्मको हिरासत भनेको धेरै लामो समय हो । यस्तो व्यवस्थाले न्याय निरोपणलाई ढिलो गराउँदछ । न त यो प्रावधानले हिरासतमा लिइएका व्यक्तिका न्युनतम अधिकारको प्रत्यभुति गरेको छ न त निर्दोष साबित भएमा क्षतिपुर्तिको व्यवस्था गरेको छ । | कानुनमा सुधार गरी हिरासतको समय छोट्यानु पर्दछ र स्वच्छ पुर्पक्षको निस्चितता प्रदान गरी न्याय निरोपण गराइने व्यवस्था गरिनु पर्दछ । यदि आरोपित निर्दोष साबित भएमा उचित क्षतिपुर्ति गरीनु पर्दछ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | पटकमा एक महिनामा नबढ्ने गरी बढीमा छ महिनासम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ । (५) उपदफा (४) बमोजिम थुनामा राख्ने म्याद थप माग गर्दा थुनामा रहेको व्यक्तिले चाहेमा आफू थुनामा रहनु नपर्ने कारण र आधार खोली सम्बन्धित अदालतसमक्ष निवेदन दिन सक्नेछ । | | | |
| | | २९ क | मुद्दाको कारबाई र किनार गर्न बाधा नपर्ने :- प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनअन्तर्गतको मुद्दा दायर हुनु अगावै वा दायर भएपछि कुनै अभियुक्त वा प्रतिवादीको मृत्यु भएमा पनि त्यस्तो अभियुक्त वा प्रतिवादीउपर मुद्दाको कारबाई र किनार गर्न बाधा पर्नेछैन । | | उद्धत प्रावधानले अपराधीसंगै अपराध मर्दछ भन्ने न्यायको सामान्य सिद्धान्त बिरुद्ध छ । | उद्धत प्रावधान खारेज गरिनु पर्दछ । |
| | | ३४ | **मुद्दा हेर्ने अधिकारी :** (१) यस ऐनअन्तर्गत दायर हुने मुद्दा हेर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालतलाई हुनेछ । (२) उपदफा (१) बमोजिम तोकिएको अदालतले यस ऐनअन्तर्गतको मुद्दाको कारबाई र किनार गर्दा विशेष अदालतसम्बन्धी प्रचलित कानुनबमोजिमको कार्यविधि र अधिकार प्रयोग गर्नेछ । (३) उपदफा (१) बमोजिमको अदालतबाट भएको निर्णयउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ । (४) भ्रष्टाचारको आरोपमा यस ऐनअन्तर्गत चलेको मुद्दामा श्री ५ को सरकार वादी हुनेछ । | आइ सि सि पि आर - १४, | अदालत स्थापना गर्ने बिषय विधायिकी कानुन अर्न्तगतको हो, कार्यकारिणीको होइन। अदालत र न्यायधिकरण हुनको लागि निश्पक्ष, स्वतन्त्र, सक्षम र विधायिकी कानुनद्धारा स्थापित भएको हुनुपर्दछ । तर यस व्यवस्थाले श्री ५को सरकारलाई सुचना प्रकासित गरी अदालत स्थापना गर्न सक्ने स्वेच्छाचारी अधिकार प्रदान गरेको छ । | कानुनमा सुधार गरी अदालतहरू कानुनद्वारा मात्र स्थापित गरिने कुराको प्रत्याभुति गरिनुपर्दछ । |
| २ | **अचलसम्पत्ति अधिग्रहण ऐन २०१३** | ३ | **अचल सम्पत्ति अधिग्रहण गर्ने अधिकार :** (१) कुनै सार्वजनिक कामको निमित्त कुनै अचल सम्पत्तिको आवश्यकता परेको छ वा पर्ने सम्भावना छ र त्यसलाई अधिग्रहण गर्नुपर्दछ भन्ने लागेमा श्री ५ को सरकारले | यू डी एच आर ३, ८, १२, १७, संविधान-१७, | उद्धृत प्रावधान कसैको पनि जिवन स्वतन्त्रता र सुरक्षा माथी धम्कीपूर्ण छ। उद्धृत प्रावधानमा व्यक्तिको गोपनियता, घरपरिवार अथवा पत्रब्यवहार र व्यक्तिको मान एवं ख्याति माथि अनावश्यक स्वच्छिक हस्तक्षेप | कुनै पनि व्यक्तिको सम्पत्ति र सुरक्षा माथिको स्वच्छिक हस्तक्षेप विरुद्ध अधिकार प्रदान गर्ने गरी हालको व्यवस्थामा संशोधन गर्नु |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (क) सम्पत्तिको धनी वा त्यसलाई चलन गर्ने अरू कुनै व्यक्तिले सो सम्पत्ति श्री ५ को सरकारबाट अधिग्रहण गर्न नहुने कारण भएमा कारणसमेत खोली सूचना पाएको ३५ दिनभित्र भएको बेहोरा श्री ५ को सरकारमा पेस गर्न आउनू भनी सो सम्पत्ति धनी वा त्यसलाई चलन गर्ने अरू कुनै व्यक्तिका नाउँमा लिखित सूचना दिनु पर्दछ, र<br>(ख) आदेशद्वारा सम्पत्तिको धनी वा अरू कुनै व्यक्तिले सो आदेश पाएका मितिले ३५ दिन नपुगी श्री ५ को सरकारको स्वीकृतिविना सो सम्पत्ति बेच्न, त्यसको आकारमा हेरफेर गर्न वा कुनै मोहीलाई बहालमा दिनसमेत हुँदैन भनी निर्देश गर्न सक्दछ ।<br>(२) सम्पत्ति चलन गर्ने वा त्यसमा दावा वा सरोकार भएका कुनै व्यक्तिले कुनै कारण देखाएको भए सो विचार गरेपछि सम्पत्ति अधिग्रहण गर्नु उचित वा आवश्यक छ भन्ने लागेमा श्री ५ को सरकारले लिखित आदेशद्वारा त्यस्ता सम्पत्ति अधिग्रहण गर्न र त्यस्तो अधिग्रहण गरिएको कामको सम्बन्धमा आवश्यक तथा उचित देखिएको अरू आदेशहरू पनि निकाल्न सक्तछ ।<br>तर देहायका कुनै पनि सम्पत्ति वा त्यसको कुनै भाग अधिग्रहण गरिनेछैन :<br>(क) धनीले आफ्नो निजी वा आफ्ना जहान परिवारको बासस्थानको निमित्त बस्तुतः प्रयोग गरिराखेको, वा<br>(ख) धार्मिक पूजापाठ गर्ने स्थान वा स्कुल, अस्पताल, पब्लिक पुस्तकालय, धर्मशाला वा अनाथालयको निमित्त मात्र प्रयोग भइराखेको वा त्यस्तो धार्मिक पूजापाठ, स्कुल, अस्पताल, पुस्तकालय वा अनाथालयको बन्दोबस्ती काम सम्बन्धित | आई सी सी पि आर १४, १७<br>आई सी इ. एस. सि.आर. २, ११,<br>साधारण टिप्पणी नं. ४, ७ | हुन सक्ने धेरै सम्भावना छ । यस प्रकारका हस्तक्षेप अथवा आक्रमणबाट जोगाउन कानूनले कुनै व्यवस्था गरेको छैन । त्यसैगरी यस व्यवस्थाले संविधान तथा कानूनद्वारा प्रदान गरिएका मौलिक हकहरुको उल्लंघन भएको खण्डमा सक्षम राष्ट्रिय न्यायाधिकरणबाट प्रभावकारी उपचारको व्यवस्था गरेको छैन । कुनै पनि व्यक्तिको सम्पत्ति हनन गर्ने अधिकार सरकारको इच्छा र चाहनामा भर पर्नु हुदैन । यस व्यवस्थाले सरकारबाट निरंकुशता, स्वच्छाचारीपनाको प्रयोग गर्ने सम्भावना रहन्छ ।<br>उद्धृत प्रावधानले कानूनी प्रकृयाबाट क्षेतिपूर्ति पाउने अधिकारलाई वेवास्ता गर्दछ । उद्धृत प्रावधान स्वच्छ पुर्पक्षको अधिकारलाई सुनिश्चित गर्न पूर्ण रुपमा असफल भएको छ । वासस्थानको अधिकारलाई उपेक्षा गरिएको छ । | पर्दछ । कानूनी उपचारको अधिकार र स्वच्छ पुर्पक्षको अधिकार प्रदान गर्नुपर्छ । सरकारले कुनै व्यक्तिको सम्पत्ति प्राप्त गर्नु पूर्व औचित्यता देखाउनु पर्दछ । जसले गर्दा सम्बन्धित व्यक्ति छानविनको लागि न्यायालय जान सकोस । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | व्यक्तिहरू रहनको निमित्त प्रयोग गरिराखेको समेत सार्वजनिक स्थान ।<br>(३) यो दफाअन्तर्गत निकालिएको अधिग्रहणको आदेशउपर कुनै अदालतमा सवालजवाफ गरिनेछैन । | | | |
| | | ७ | **क्षतिपूर्ति दिने:**<br>यस ऐनअन्तर्गत कुनै सम्पत्ति अधिग्रहण गरिएमा श्री ५ को सरकारले क्षतिपूर्ति दिनेछ र दफा ८ मा तोकिएको सिद्धान्तअनुसार सो क्षतिपूर्तिको मूल्याङ्कन गरिनेछ । तर धनीले नेपालको नागरिक रही नेपाल राज्यबाहिर साधारणतः बसोवास गर्ने गरेको छ वा आफ्नो चल सम्पत्तिको अधिकांश भाग नेपाल राज्यबाहिर लगाएको छ भन्ने श्री ५ को सरकारको चित्तमा लागेमा वा विचार भएमा त्यस्तो धनीलाई कुनै क्षतिपूर्ति दिइनेछैन । | यूडीएचआर ३,७,८,१२,१७, संविधान-१७, आई सीसीपिआर १४,१७ आई सी इ. एस. सि.आर. २,, ११,साधारण टिप्पणी नं. ४, ७ | कानूनका अगाडी सबै व्यक्तिहरु समान हुन्छन र विना कुनै भेदभाव कानूनको समान संरक्षणबाट सुरक्षित हुन्छन । देश भन्दा बाहिर बस्नु नै क्षतिपूर्तिको लागि हकदैया नहुने आधार हुन सक्दैन । | प्रत्येक नागरिकलाई उसको व्यक्तिगत सम्पत्तिबाट वञ्चित गर्दा क्षतिपूर्ति माथि समान अधिकार हुने सुनिश्चित गरी उद्धत प्रावधानको संशोधन गर्ने । |
| | | ८ | **क्षतिपूर्ति तोक्ने सिद्धान्त र तरिका :-**<br>(१) दफा ७ मा उल्लेख गरेको क्षतिपूर्ति देहायका तरिकाबाट तोकिनेछ ।<br>(क) क्षतिपूर्ति अङ्क मन्जुरीनामामा किटिएकोमा सोही मन्जुरीनामाबमोजिम,<br>(ख) मन्जुरीनामा नभएमा श्री ५ को सरकारले बहालवाला वा अवकाशप्राप्त कुनै न्यायाधीशलाई मध्यस्थ नियुक्त गर्नेछ र सो मध्यस्थको निर्णय अनुसार क्षतिपूर्ति दिइनेछ ।<br>(२) अधिग्रहण गरिएको सम्पत्तिको क्षतिपूर्ति दिंदा देहाय बमोजिम दिनुपर्छ :-<br>(क) अधिग्रहण गरिएको अवधिभरलाई सो अधिग्रहण गरिएको सम्पत्तिको भोग चलन ठेक्कामा गरिएको | यूडीएचआर ३,८,१२,१७, संविधान -१७, आई सी सी पि अ ार १४, १७, आई सी इ. एस. सि.आर २, ११, साधारण टिप्पणी नं. ४, ७ | जब राज्यको हस्तक्षेपबाट व्यक्तिगत सम्पत्ति माथि हानी अथवा क्षति हुन पुग्दछ, क्षतिपूर्तिबाट अनुचित रुपमा बाहेक गर्नु पूर्ण रुपमा अन्याय हो । | सम्पत्तिको प्राप्ति, निष्काशन र प्रत्येक साधारण खालका हानी नोक्सानीहरुको पूर्ण क्षतिपूर्ति दिने सुनिश्चित गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | भए सो भोगचलन गर्दा जति बहाल वा तिरो तिर्नुपर्दथ्यो त्यति, र<br>(ख) अधिग्रहण अवधिभित्र त्यस सम्पत्तिमा भएको नोक्सानी चलनचल्तीबाट भएको स्वाभाविक नोक्सानीको वा दैवी घटनाको र दफा ५ को दोस्रो प्रकरणअन्तर्गत गरिएको हेरफेर विचार गरिने छैन, र<br>(ग) सो सम्पत्ति अधिग्रहण गर्दा जुन अवस्थामा थियो, सोही अवस्थामा ल्याउन लाग्ने खर्च । | | | |
| | | १० | **दण्डसजाय:**<br>यस ऐनमा लेखिएको कुराहरू वा यसअन्तर्गत बनेका कुनै नियम उल्लङ्घन गर्ने वा यस ऐनद्वारा वा यस ऐनले दिएको कुनै अधिकारको कानुनी प्रयोगमा बाधा पुऱ्याउने व्यक्तिलाई १०००।- सम्म जरिवाना वा छ महिना कैद वा दुवै सजाय हुनेछ । | आईसीसीपिआर १४ | कुनै पनि प्रकारको दण्डात्मक सजाय कानूनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निश्पक्ष अदालतबाट हुनु पर्दछ, सरकारबाट होइन । | अदालतलाई मात्र दण्ड निर्धारण गर्ने अधिकार प्रदान गरी उद्धत प्रावधानको संशोधन गर्ने । |
| ३ | **अन्तशुल्क ऐन २०५८** | १५ | **सूचना वा मद्दत नदिने व्यक्तिलाई दण्डसजाय:**<br>यस ऐनविपरीत कार्य हुन लागेको, भैरहेको वा भैसकेको कुरा थाहा पाएपछि सो कुराको सूचना दिनुपर्ने वा अन्तःशुल्क कार्यालयले मागेको बखत मद्दत दिनुपर्ने कर्तव्य भएको कुनै व्यक्तिले जानीजानी त्यस्तो सूचना वा मद्दत नदिएमा निजलाई कसुरको प्रकृति हेरी तीन महिनासम्म कैद वा दस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | आईसीसीपिआर १४<br>संविधान - १४.१, | फौजदारी न्यायको सिद्धान्त अनुसार कानूनी दायित्व भित्र नरहेको कुनै व्यक्तिलाई निजले गरेको कुनै कार्यप्रति उत्तरदायी बनाउन मिल्दैन । सामान्य तथा सूचना नदिनुलाई नै अपराध भनी परिभाषित गरिनु हुदैन । | यस ऐन विपरित कुनै कार्यको सूचना नदिएकै आधारमा फौजदारी दायित्व बहन गराउने प्रावधान संशोधनबाट हटाउने । |
| | | १८ | **अदालतलाई भएसरहको अधिकार हुने :**<br>(१) यस ऐनको प्रयोजनको लागि अन्तःशुल्क अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेस गर्न लगाउने, थुनामा राख्ने | आईसीसीपिआर १४ | अदालतको स्थापना कार्यपालिकाको विषय नभई वैधानिक कानूनको मात्र विषय हुन सक्छ । त्यसैगरी कार्यपालिकिय अंग न्याय सम्पादन गर्न सक्षम, निष्पक्ष र स्वतन्त्र हुन सक्दैन । | कानूनद्वारा स्थापित अदालतले पुर्पक्ष सम्बन्धी क्षेत्राधिकार प्रयोग गर्न सक्ने प्रावधानको व्यवस्था गरी संशोधन गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | वा जमानीमा छोड्ने सम्बन्धमा प्रचलित कानुन बमोजिम अदालतलाई भएसरहको अधिकार हुनेछ।<br>(२) यस ऐनबमोजिम कारबाई गर्दा अन्तःशुल्क अधिकृतले संक्षिप्त कार्यविधि ऐन २०२८ बमोजिमको कार्यविधि अपनाउनुपर्नेछ। | | | |
| ४ | **अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९** | १६ | **सामाजिक विक्षिप्तता भएका अपाङ्गसम्बन्धी थप व्यवस्था :**<br>(१) मानसिक विक्षिप्तता भएका अपाङ्गलाई अस्पताल वा उपचारगृहमा राखी उपचार गर्ने व्यवस्था गर्न सकिनेछ।<br>(२) फौजदारी अपराधमा प्रचलित कानुनबोजिम कारबाई भइरहेका वा सजाय पाएका व्यक्तिबाहेक प्रचलित कानुनमा जुनसुकै कुरा लेखिए तापनि उपचारको लागि वा सुरक्षात्मक व्यवस्थाको लागि बाहेक कुनै पनि मानसिक रोगले पीडित व्यक्तिलाई कारागारमा राखिनेछैन। | पि.पि.पि. एम.आइ.आ इ.एम.एच. सि. १(६), (७), ७, ९ | सम्भव भएसम्म आफु बस्ने समुदायमानै रहेर उपचार गराउन पाउने बिरामीको अधिकार हो। यो प्रावधानले बिरामीको तर्फबाट कानुनी प्रतिनिधित्व हुनु पर्ने र उसको अवस्था अनुसार उसको हितको रक्षाको उर्पयुक्त तरिकाहरू सुनिश्चित गरिनु पर्दछ। फौजदारी न्यायको सर्वमान्य सिद्धान्त अनुसार सामाजिक विच्छिङ्खलता र मानसिक बिरामी भएका व्यक्तिलाई फौजदारी अपराधमा उत्तरदाहि बनाइदैने र कैद गरिदैन। | उद्धृत प्रावधानलाई अन्तर्राष्ट्रिय मानवधिकार कानुनको मापदण्ड र न्यायका मान्य सिद्धान्त अनुकुल हुनेगरी संसोधन गर्ने। |
| ५ | **आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८** | ५ | **आतङ्ककारी तथा विध्वंसात्मक कार्य रोक्ने विशेष अधिकारः** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल अधिराज्यको सबै वा कुनै भागमा र सुरक्षा अधिकारीले आफ्नो क्षेत्रभित्र आतङ्ककारी तथा विध्वंसात्मक अपराध रोक्न देहायको कुनै वा सबै काम गर्ने आदेश दिन सक्नेछ :-<br>(क) आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न भएको भन्ने पर्याप्त र मनासिब शङ्काको आधारमा पक्राउ गरी पक्राउ भएको कारणसहितको सूचना यथाशक्य चाँडो दिने,<br>(ख) अवैध हातहतियार, खरखजाना, बम वा विष्फोटक पदार्थ राखेको वा आतङ्ककारीसँग सम्बन्धित कुनै | आईसीसी पिआर ९,१७ संविधान १ २,१५,२२ वि. पि.इउ. एफ.एल. इ. ओ आर्टिकल ४, ७ | उद्धत प्रावधानले नागरिकहरुलाई स्वतन्त्रताको उपभोग गर्नबाट रोक्नको लागि सुरक्षा निकायलाई असिमित अधिकार प्रदान गर्दछ। यीनले स्वेच्छिक रुपमा सम्भावित पक्राउ अथवा कैदका छिद्रहरु छाडेका छन। संविधानको धारा १५ अनुसार कुनै पनि व्यक्तिलाई पक्राउ गर्न वा कैद गर्न नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता अथवा शान्ति सुरक्षाको अवस्थामा तत्कालिन खतरा भएको पर्याप्त आधार हुनुपर्दछ। यस्तो धम्की वा खतरा स्पष्ट रुपमा देखिनु पर्दछ। जवकी उद्धत प्रावधानले कुनै आधार र | पक्राउ परेको व्यक्तिको कानून व्यवसायी र परिवारलाई पक्राउ र कैद भएको जानकारी तत्काल प्रदान गर्ने प्रावधान समावेश गरी संशोधन गर्ने। बलको प्रयोग स्वैच्छिक रुपमा प्रयोग नहुने प्रावधान पनि समावेश गर्नुपर्छ। गैर घातक उपायह, कम जोखिमका उपायहरुको क्रमबद्ध प्रक्रियामा प्रयोग |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | शङ्कास्पद व्यक्ति लुकेछिपेको छ भन्ने शङ्का लागेमा जुनसुकै व्यक्तिको घर, पसल, गोदाम, यातायातको साधन वा अन्य कुनै स्थानमा सूचना दिई जुनसुकै समयमा खानतलासी लिने र खानतलासीको क्रममा बरामद भएका मालबस्तुहरू बुझेको भए सोको भरपाई दिने,<br>(ग) आतङ्ककारी तथा विध्वंसात्मक कार्य राख्ने प्रयोजनको लागि कुनै पनि स्थान वा बाटो घाटोमा कसैको जीउ वा निजको साथमा रहेको सामान वा निजले प्रयोग गरेको साधन वा सवारी साधनको खानतलासी लिने,<br>(घ) खण्ड (क) बमोजिम पक्राउ गर्दा वा खण्ड (ख) वा (ग) बमोजिम खानतलासी लिँदा वा अन्य कुनै कारबाई गर्दा कसैले बाधाविरोध गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियारसहित बाधा विरोध गरेमा हातहतियार प्रयोग गर्ने,<br>(ङ) आतङ्ककारी तथा विध्वंसात्मक कार्य गरिरहेको वा गर्ने व्यक्ति भागी वा उम्की जाने वा पक्रन नसकिने अवस्था देखेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,<br>(च) आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्ने व्यक्तिले जबरजस्ती कब्जा गरी राखेको स्थान वा सवारी साधन वा वायुयान वा पानी जहाज वा अन्य कुनै यातायातको साधन वा त्यस्ता साधनहरूमा बन्धक बनाई राखेको मानिसलाई छुटाउने क्रममा निजहरूको जीउज्यानमा पर्न सक्ने क्षति, जोखिम वा अन्य नोक्सानीबाट बनाउन आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,<br>(छ) कर्तव्यपालनको सिलसिलामा कुनै व्यक्ति वा समूहले कुनै सुरक्षाकर्मीउपर आक्रमण गरेको अवस्थामा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने, | | अवस्थाको स्पष्टता विना नै सुरक्षा निकायलाई कसैको पनि गोप्यता, घर परिवार अथवा पत्र व्यवहारमाथि स्वैच्छिक हस्तक्षेप गर्न सक्ने अत्याधिक अधिकार प्रदान गर्दछन । कानून कार्यान्वयन गर्ने कर्मचारीहरुले आफ्नो कार्य सम्पादनको क्रममा सकेसम्म बल अथवा हतियार प्रयोग गर्नु पूर्व गैर घातक उपायहरु अवलम्बन गर्नु पर्दछ। हातहतियारको प्रयोग अन्य उपाय वा माध्यमहरु प्रभावहिन भएको अवस्थामा मात्र प्रयोग गर्न सकिन्छ। जबकी उद्धत प्रावधानहरु गैर घातक माध्यमहरु र उपायहरुको निर्धारण गर्ने कुरामा मौन छन । | अवलम्बन गर्ने र हातहतियारको प्रयोग अन्य सम्पूर्ण नरम उपायहरु असफल भएपछि अन्तिभम उपायको रुपमा प्रयोग गर्ने। परिस्थितिको फाइदा उठाएर अधिकारको दुरुपयोग र क्रमबद्ध प्रक्रियाको अनुशरण गर्न असफल सुरक्षाकर्मीलाई उत्तरदायी र यथोचित सजाय बहन गराउने प्रावधान अवस्था समावेश गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (ज) कुनै व्यक्ति वा समूहले कुनै स्थान विशेषमा कार्यरत सुरक्षाकर्मीलाई जीउधनमा असर पुऱ्याउने उद्देश्यले कुनै हातहतियार लिई धम्की दिएमा वा धम्की दिने चेष्टा गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,<br>(झ) कुनै व्यक्ति वा समूहले सुरक्षाकर्मीद्वारा सुरक्षा प्रदान गरिनुपर्ने व्यक्तिहरू वा सुरक्षाकर्मीले सुरक्षा गरिरहेका सर्वसाधारण जनता, सरकारी काममा खटिएका कर्मचारी वा सरकारी सामान वा सुरक्षाकर्मीको जीउज्यानमा असर पुऱ्याउने उद्देश्यले आक्रमण गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,<br>(ञ) हतियारधारी व्यक्ति वा समूहसँग मुठभेट भएमा वा तोकिएको कार्य गर्न लाग्दा सुरक्षाकर्मीलाई विनाहातहतियार वा हतियारसहित कुनै व्यक्ति वा समूहले अवरोध खडा गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,<br>(ट) आतङ्ककारी तथा विश्वंसात्मक कार्य गर्ने उद्देश्यले हातहतियार लिई हिड्ने व्यक्ति वा समूह, हातहतियार भण्डारण गर्ने वा तालिम संचालन गर्ने इलाकामा सुरक्षाकर्मीले आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,<br>(ठ) सुरक्षाकर्मीले आवश्यकतानुसार कुनै पनि हतियारधारी व्यक्ति वा समूहसँग रहेको हतियार नियन्त्रणमा लिई आफ्नो जिम्मामा लिने वा हतियारधारीलाई निःशस्त्र पार्ने,<br>(ड) कुनै पनि शङ्कास्पद व्यक्ति वा स्थानको निगरानी गर्ने र आवश्यक परेमा त्यस्तो व्यक्तिलाई पक्राउ गर्ने वा शङ्कास्पद स्थानको तालाबन्दी वा नाकाबन्दी गर्ने,<br>(ढ) आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न भएको छ भन्ने पर्याप्त र मनासिब आधारमा शङ्का लागेको व्यक्तिको बैंक खाता वा राहदानी निश्चित अवधिको लागि रोक्का गर्ने। | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ६ | **सम्पत्ति प्राप्त गर्न सक्ने**: आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा रोकथामको सिलसिलामा आवश्यक पर्ने निजी वा सरकारी सवारी साधन, खाद्य सामग्री वा अन्य चिजवस्तु वा सम्पत्ति श्री ५ को सरकार वा सुरक्षा अधिकारीले उचित र प्रचलित मूल्य बराबरको क्षतिपूति दिने गरी वा पछि फिर्ता गर्ने गरी प्राप्त गर्न सक्नेछ । | यू डी एच आर १७, संविधान -१७ | उद्धत प्रावधानले सुरक्षाकर्मीलाई अत्याधिक विशेषधिकार प्रयोग गर्ने अधिकार प्रदान गर्दछ र त्यस्तै आतंककारी र विध्वंशात्मक कार्यहरुको रोकथाम र नियन्त्रण गर्न सजिलो दावीका साथ जन साधारणको व्यक्तिगत सम्पत्ति, खाना र अन्य सम्पत्तिमाथि अनियन्त्रित कब्जा गर्न सक्ने अधिकार प्रदान गर्दछ । | यस्तो सम्पत्ति प्रयोग गर्नु अपरिहार्य भएको अवस्थामा मात्र प्रयोग गर्न सक्ने प्रावधान समावेश गर्ने । क्षतिपूर्ति तत्कालको मूल्यमा सिमित गरिनु हुदैन तर त्यसलाई पुनः प्रदान गर्ने जसले गर्दा सम्पत्तिको धनीले राज्यले नागरिकको सम्पत्तिमा नभई राज्यको स्वयं सम्पत्तिबाट आतंकवाद तथा विध्वंश विरुद्ध कार्य गरेको महशुस गर्न सकोस । प्रयोग पछि फिर्ता भएको खण्डमा छुट्टै प्रकृतिको क्षतिपूर्ति समावेश हुनु पर्दछ । (सम्पत्ति मालिक) धनीले चाहेमा यस्ता अधिकारहरु अदालती कार्यविधिबाट प्रयोग हुनु पर्दछ । |
| | | ९ | **नजरबन्दमा राख्न सक्ने**: आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुन सक्ने कुनै कामकुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिब आधार भएमा सुरक्ष्नाा अधिकारीले त्यस्तो व्यक्तिलाई नब्बे दिसम्म कुनै मानवोचित ठाउँमा नजरबन्द राख्ने आदेश जारी गर्न सक्नेछ । | आईसीसीपिआर ९, संविधान -१५ | निवारक नजरबन्दलाई व्यक्तिगत स्वतन्त्रता विरुद्ध प्रत्यक्ष, अप्रशंसनिय र दुखद अवरोधको रुपमा लिइन्छ । निवारक नजरबन्द हिंसाको वारदात घट्ने सम्भावित कम समयको लागि हुनु पर्दछ । यो सधैं मनासिव पर्याप्त र असुली योग्य क्षतिपूर्तिबाट सन्तुलित गरिनु पर्दछ । जवकी उद्धत प्रावधान जनसाधारणलाई स्वतन्त्रताबाट विचलन गर्न अधिकारीलाई | ९० दिनको अवधि घटाएर ३० दिन वा सो भन्दा कम दिन गरेर र यदि थुना अदालतद्वारा बदनियतपूर्ण अथवा गैर कानूनी भएको पाइएको खण्डमा कैदीलाई राष्ट्रिय मानव अधिकार आयोग नियमहरुले तोके अनुरुपको दर अनुसार |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | | | अधिकार प्रदान गर्न योगदान गर्दछन । कुनै निवरणात्मक उपचार र कुनै पनि प्रकारको क्षतिपूर्ति विना लामो समयको अनियन्त्रित निवारक नजरबन्दको समयावधि लाद्छन । जवसम्म सार्वभौमसत्ता राष्ट्रिय अखण्डता अथावा कानून माथि तत्कालिक धम्की रहेको पर्याप्त आधार आधार हुदैन तवसम्म निवरक नजरबन्दको आवश्यकता पर्दैन । उद्धत नियमहरुले यसका प्रावधानहरु अभियोजनका लागि तयार गरिएका पुर्पक्ष अथावा सजायको कार्यान्वयनमा रहेका सम्पूर्ण व्यक्तिहरु उपर लागू हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी यो फौजदारी न्यायिक प्रशासनको सम्पूर्ण तहहरुमा लागु हुन्छ । जसमा शंकित आरोपित अथवा सजाय पाएका सम्पुर्ण समावेश हुन्छन । | स्वचालित रुपमा क्षतिपूर्ति दिइनु पर्ने शर्त/प्रतिवन्ध र कैद गर्ने व्यक्ति विरुद्ध कारवाही पनि स्वचालित रुपमा उठान हुने गरी संशोधन गर्ने । कारावास परिवार संग पत्रव्यवहार, सम्वाद गर्ने, कानूनी सल्लाहकार र डाक्टरसंग परामर्श गर्ने अधिकार दिइएको र सार्वजनिक हुनुपर्दछ भन्ने सुनिश्चित गरिनु पनि आवश्यक छ । |
| | | ११ | **थुनामा राखी पुर्पक्ष गरिने:** यस ऐन बमोजिमको अपराधको गाम्भीर्य हेरी अभियोग लागेको अभियुक्तलाई मुद्दाको पुर्पक्ष गर्दा सामान्यतया थुनामा राखी गरिनेछ । | आईसीसीपिआर १४, संविधान - १४, यस्एम् आर्एन्सिएम २.१ | जहाँ अन्य विकल्पहरु न्यायको उद्देश्य हासिल गर्न असफल रहन्छन कारावासलाई अन्तिम उपायको रुपमा लिनु पर्दछ । उद्धत व्यवस्था स्वच्छ पुर्पक्षको सामान्य सिद्धान्त विपरित रहेको छ । प्रावधानले अनुचित ढिलाईका साथ कैदलाई स्वीकृति दिन्छ । | जमानतको सामान्य नियम अन्तर्गत यो विषय अदालतको विशेषधिकारको रुपमा छाड्ने गरी संशोधन गर्ने । |
| | | १३ | **अनुगमन तथा समन्वयसम्बन्धी व्यवस्था:** (१) आतङ्ककारी तथा विध्वसांत्मक अपराधको अनुसन्धानको सिलसिलामा अधिकार प्राप्त अधिकारीले यस ऐनबमोजिम प्राप्त अधिकार प्रयोग गरी गरेको कामकारबाईबाट मर्का परेको व्यक्ति वा निजको तर्फबाट अरू कसैले देहाय बमोजिको अध्यक्ष तथा सदस्यहरू रहेको अनुगमन समितिसमक्ष निवेदन दिन सक्नेछ :- | आईसीसीपिआर १४ बी पिआई जे ४ ५,६ | निर्धारण गरिएको प्रावधानले स्वच्छ कार्यविधिलाई प्रत्याभूत गर्दैन । यो कानूनद्वारा प्रत्याभूत अथवा निर्धारण गरिएको छैन । यसले गर्दा आयोगको स्वैच्छाचारीता बढ्न सक्छ । | अंगहरुको स्वच्छ कार्य प्रणालीको मुख्य मापदण्डहरु समावेश गर्ने र सामान्य व्यक्तिहरुको पहुँचको सुनिश्चित गर्ने । सामान्य रुपमा यो जनाताहरु प्रति उत्तरदायी |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (क) सर्वोच्च अदालतको न्यायाधीश पदबाट अवकाश प्राप्त व्यक्तिमध्ये श्री ५ को सरकारले तोकेको व्यक्ति - अध्यक्ष<br>(ख) सचिव, रक्षामन्त्रालय - सदस्य<br>(ग) सचिव, गृहमन्त्रालय - सदस्य<br>(घ) सचिव, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय - सदस्य<br>(ङ) नायब महान्यायाधिवक्ता नेपाल अधिराज्यको महान्यायाधिवक्ताको कार्यालय - सदस्य<br>(२) अनुगमन समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।<br>(३) उपदफा (१) बमोजिम पर्न आएको निवेदनका सम्बन्धमा अनुगमन समितिले जाँबुझ गर्दा निवेदकलाई मर्का परेको देखिएमा त्यस्तो मर्का निवारण गर्न सम्बन्धित निकायलाई आवश्यक परामर्श दिई देखा परेको समस्या र समाधानका उपायका बारेमा श्री ५ को सरकारलाई आवश्यक सुझावसमेत दिनेछ ।<br>(४) उपदफा (३) बमोजिम अनुगमन समितिले सम्पन्न गरेको कामकारबाईको जानकारी प्रतिनिधि सभा, राज्यव्यवस्था समितिलाई दिनु पर्नेछ ।<br>(५) आफ्नो कार्यक्षेत्रभित्र आतङ्ककारी तथा विध्वंसात्मक कार्य रोक्न वा नियन्त्रण गर्नका लागी शाही नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र आवश्यक अन्य सरकारी निकायको बीच समन्वय कायम गर्न सम्बन्धित क्षेत्रीय प्रशासक वा प्रमुख जिल्लाअधिकारीको संयोजकत्वमा शाही नेपाली सेना, नेपाल प्रहरी सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान र आवश्यक अन्य सरकारी निकायको प्रमुख सदस्य रहेको एक समन्वय समिति रहनेछ ।<br>(६) उपदफा (५) बमोजिमको समन्वय समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ । | | | रहेको र नियमित रुपमा यसको कार्य र प्रगतिको सूचना दिने व्यवस्थाको प्रष्ट गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | १५ | **मुद्दा हेर्ने अधिकार र पुनरावेदन :**<br>(१) यस ऐनअन्तर्गतको कसुरसम्बन्धी मुद्दा हेर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी गठन गरेको वा तोकेको अदालतलाई हुनेछ ।<br>(२) उपदफा (१) बमोजिमको अदालतले यस ऐन अन्तर्गतका मुद्दामा कारबाई र किनारा गर्दा विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्यविधि अपनाउनेछ ।<br>(३) उपदफा (१) बमोजिमको अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ । | यूडीएच आर १०, आईसीसी पिआर १४, सी सी एल ईओ १, संविधान ८४,८५,८६, | कुनै पनि दण्डभार बहन गराउने अधिकार प्रयोग गर्ने अधिकारी प्रशासनिक पदाधिकारी नभई कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निश्पक्ष न्यायधिकरण हुनुपर्दछ । आफ्नो कानुनअनुसारको आचरणका लागि कानुन कार्यान्वयन गर्ने अधिकारीले दायित्व लिनुपर्छ । उद्धृत प्रावधानमा भएको अधिकारप्रत्यायोजनको व्यवस्थामा कार्यपालिकाको पूर्वाग्रह र व्यवस्थाको दुरुपयोग हुने गुन्जाइस छ । सजायनिर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट मात्र हुनुपर्छ प्रशासनिक निकाय वा अधिकारीबाट हुनु हुँदैन । | न्यायपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा रहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने । |
| | | १७ | **विशेष कार्यविधि :**<br>(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनअन्तर्गतको आतङ्ककारी तथा विध्वंसात्मक अपराध मानिने कुनै कार्य गर्ने व्यक्ति फेला नपरी फरार भएमा निजलाई गिरफ्तार गर्न सकेसम्म हुलियासमेत खुलाई पन्ध्र दिनको वारेन्ट जारी गर्नुपर्नेछ । सो म्याद भित्र पनि फेला नपरेको वा गिरफ्तार हुन नसकेको व्यक्ति उपर यस ऐनबमोजिम कारबाई गर्न बाधा पर्नेछैन ।<br>(२) आतङ्ककारी तथा विश्वंसात्मक कार्य गर्ने समूहमा कुनै व्यक्ति, कर्मचारी वा सुरक्षाकर्मीलाई सुराकीको रूपमा प्रयोग गर्न सकिनेछ र सो व्यक्ति, कर्मचारी वा सुरक्षाकर्मी सो समूहमा लागेको आधारमा निजलाई प्रचलित कानुनबमोजिमको कुनै सजायको भागी बनाइने छैन ।<br>(३) सुराकीको पहिचान गोप्य राखिनेछ । | आईसीसी पिआर १४, संविधान - १४ | उद्धत प्रावधान स्वच्छ पुर्पक्षको सामान्य सिद्धान्त विपरित रहेको छ। यसले अनुचित ढिलाईका साथ कैदलाई अनुमति दिन्छ । | पुर्पक्षको समयलाई बढीमा २५ दिनमा घटाइ अन्य सामान्य फौजदारी अनुसन्धान बमोजिम हुने गरी संशोधन गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (४) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम कारबाई चलाइएको मुद्दामा मुछिएको अभियुक्तले श्री ५ को सरकार, प्रहरी कर्मचारी वा अन्य अधिकारीलाई विश्वास पर्ने किसिमसँग महत्त्वपूर्ण कुरा वा सबुदप्रमाण देखाइदिएमा वा अपराधको वास्तविक नेतृत्वगर्ने मुख्य अपराधी पत्ता लगाउने काममा प्रत्यक्ष सहयोग दिएमा त्यस्तो अभियुक्तलाई सरकारी गवाहको रूपमा कायम गर्न सकिनेछ र त्यसरी सरकारी गवाह कायम गरिएमा निजलाई प्रचलित कानुनबमोजिम कुनै सजाय हुनेछैन । तर निजले झुट्टा कुरा लेखिदिएमा वा बनावटी प्रमाण पेस गरेमा वा मनासिब कारण नभई रिसइबीले काम गरेको देखिएमा त्यस्तो व्यक्ति अभियुक्तसरह मानी सजायको लागी दावी भएमा मुद्दा हेर्ने अधिकारीले सजाय गर्न सक्नेछ ।<br>(५) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिमको अपराधमा मुछिएको अभियुक्तलाई मुद्दा हेर्ने अधिकारीको अनुमति लिई पक्राउ भएको मितिले बढीमा साठी दिनसम्म अनुसन्धानको लागि प्रहरी हिरासतमा राख्न सकिनेछ । | | | |
| | | १९ | **उपचार खर्च तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था :**<br>(१) आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि नियन्त्रण तथा अनुसन्धान कार्यमा खटिएका सुरक्षाकर्मी वा प्रहरीको अङ्गभङ्ग वा मृत्यु भएमा श्री ५ को सरकारले मनासिव माफिकको उपचार खर्च तथा क्षतिपूर्ति दिनेछ ।<br>(२) आतङ्ककारी तथा विध्वंसात्मक गतिविधिबाट प्रभावित वा पीडित व्यक्तिको आवश्इक स्वास्थ्यउपचार तथा त्यस्तो व्यक्तिलाई दिइने राहत सुविधासम्बन्धी व्यवस्था श्री ५ को सरकारले गर्नेछ ।<br>(३) आतङ्ककारी तथा विध्वंसत्मक गतिविधिमा संलग्न व्यक्ति वा सुरक्षाकर्मीको कारबाईको परिणामबाट मृत्यु भएका | सिएटि १४<br>आईसीसी<br>पिआर ३ | उद्धत प्रावधानले सुरक्षा कर्मीको कारवाहीबाट भएको मृत्युमा मात्र क्षतिपूर्ति प्रदान गर्दछ । यसले अनावश्यक कैद वा पक्राउमा प्रदान गर्दैन । यसले अन्य प्रकारका चोटपटक, खती अथवा बर्बादीलाई व्यवास्ता गरेको छ । निदोषको मृत्युको अनुमान गर्नु अरुहरु आतंकवादी भएको स्वत: पुष्टि गर्ने अनुमान गर्नु हो । उद्धत प्रावधान मृतक निदोष थियो वा थिएन भने अनुसन्धान गर्ने बारे केही उल्लेख गर्दैन । | घटनाको अनुसन्धानको लागि दफाहरु समावेश गर्ने । कुनै पनि प्रकारको मानसिक वा शारीरिक चोटपटकको क्षतिपूर्ति र उपचारको सुनिश्चित गर्ने । कारणी दोषी पाइएका दायित्व बहन गर्ने गरी संशोधन गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | निर्दोष सर्वसाधारण व्यक्तिका आश्रित परिवारलाई श्री ५ को सरकारले मनासिव माफिकको क्षतिपूर्ति दिनेछ ।<br>(४) यो एनेको प्रयोग बदनियतपूर्वक गरिएको प्रमाणित भएमा सम्बन्धित मुद्दाको फैसलाको क्रममा मनासिबमाफिकको क्षतिर्पूति पीडितलाई दिइनेछ । | | | |
| | | २० | **असल नियतले गरेकोमा बचाउः**<br>यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम असल नियतले गरेको वा गर्न प्रयत्न गरेको कुनै कामकारबाईको सम्बन्धमा कुनै अधिकारी वा व्यक्ति सजायको भागी हुने छैन । | एनसि ११, १४.१ र २, ८४ आईसीसी पिआर २,१४ | आपराधिक मनसायलाई अदालतले सजाय निर्धारण गर्ने क्रममा विचार गर्दछ र आपराधिक कार्यलाई पनि गरिएको कार्य क्रिया, अकर्म वा ओहदा वारदात के हो भनि छुट्याउन मुद्दा सुनुवाइको सिलसिलामा मुद्दाको गम्भिर्यता हेरी विचार गर्नु पर्दछ । यो फौजदारी न्यायको सामान्य सिद्धान्त हो । जुन उल्लेखित दस्तावेजहरुले पूर्ण रुपमा स्वीकारेका छन । यस व्यवस्थाले व्यक्तिको नियत राम्रो वा नराम्रो के थियो भन्ने जाँच नगरी असल नियत रहेको विश्वासको भरमा आरोपित र अभियोजित गर्ने छुट दिन्छ । | उद्धत प्रावधान हटाउने । |
| ६ | **आयुर्वेद चिकित्सा परिषद् ऐन २०४५** | ९.३ | **सजाय**<br>९.३.१ दफा ५.१ को बर्खिलाप आयुर्वेद चिकित्साव्यवसाय गर्ने व्यक्तिलाई तीन हजार रूपैयासम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।<br>९.३.२ दफा ५.२ बमोजिमको अधिकार दुरपयोग गर्ने दर्तावाला चिकित्सकलाई दुई हजार रुपैयाँसम्म जरिवाना वा दुई महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।<br>९.३.३ दफा ६.१ बमोजिम आयुर्वेद विभागको स्वीकृति नलिई आयुर्वेदिक औषधि उत्पादन गर्ने व्यक्तिलाई | यूडीएचआर १०, आइसीसी पीआर १४, संविधान ८४, ८५, ८६ | कुनै पनि दण्डभार बहन गराउने अधिकार प्रयोग गर्ने अधिकारी कार्यपालिकाको तजबिजले तोक्ने कुरा नभई कानुन स्वयंबाट तोकिनुपर्छ । आफ्नो कानुनअनुसारको आचरणका लागि कानुन कार्यान्वयन गर्ने अधिकारीले दायित्व लिनुपर्छ । उद्धृत प्रावधानमा भएको अधिकारप्रत्यायोजनको व्यवस्थामा कार्यपालिकाको पूर्वाग्रह र व्यवस्थाको दुरुपयोग हुने गुन्जाइस छ । सजायनिर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट मात्र हुनुपर्छ प्रशासनिक निकाय वा अधिकारीबाट हुनु हुँदैन । | कार्यपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा नरहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | तीन हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।<br>९.३.४ दफा ६.२ को बर्खिलाप हुने गरी आयुर्वेदिक औषधि बिक्रीवितरण गर्ने व्यक्तिलाई पाँचसय रुपैयाँसम्म जरिवाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुनेछ । | | | |
| | | ९.३ क | **(क) अनुसन्धान तहकिकात गर्ने तथा मुद्दा चलाउने अधिकारी :**<br>दफा ५.१ र ५.२ बमोजिमको कसुरको अनुसन्धान तहकिकात गर्ने तथा मुद्दा चलाउने अधिकारी वा निकाय र तत्सम्बन्धी कार्यविधि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएबमोजिम हुनेछ । | | | |
| ७ | **आवश्यक वस्तु संरक्षण ऐन २०१२** | ३ | **अनधिकृत मानिसले गर्न नपाउने र गरेमा सजाय:**<br>कसैले कुनै आवश्यक वस्तुमा अरूलाई लगाई वा आफैले हात हाल्न, झिक्न, चुडाल्न र कुनै किसिमले बिगार्न, चोरी गर्न, गर्न लगाउन हुँदैन । सो गर्न लगाए ऐनसवालले हुने सजायको थप बिगो र बिगोबमोजिमको दण्ड हुनेछ जरिवाना वा दुवै हुनेछ । | आईसीसी पिआर १५.१ संविधान - १४.१ | यस व्यवस्था अनुसार थप सजाय खतिको क्षतिपूर्ति र कैद र जरिवाना अथवा क्षतिपूर्तिको परिमाण अनुसार दुवै हुनेछ। उद्धृत प्रावधान अस्पष्ट छ र यसमा निश्चित सजायको व्यवस्था छैन । | संशोधनद्वारा थप कैद सजायको निश्चित व्यवस्था गर्ने । |
| | | ४ | **अनधिकृत मानिसलाई मद्दत दिन दबाउन नपाउने र सो गरेमा सजाय:**<br>कुनै स्थानका वासिन्दाहरूले उक्त चोरी बदमासी गर्नेहरूसूग मिलेमतो गरेको वा निजहरूलाई मद्दत गरेको वा त्यस्तालाई राखी पालेको अथवा ती चोर बदमासलाई लुकाइछपाई राखेको वा कसुरबाट बचाउन खोजेको वा निच मारी रोक्न नखोजेको वा जानीजानी खबर नदिएको भए त्यस्ता मानिसलाई दफा ३ बमोजिम सजाय हुनेछ । | ऐ.ऐ. | ऐ.ऐ. | ऐ.ऐ. |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ६ | **कसुरदारउपर मनासिबमाफिकको शक्ति प्रयोग गर्ने अधिकार:**<br>कसुरदारलाई वारदात भएको ठाउँमा पक्राउ गर्न खोज्दा जबरजस्ती हूलहुज्जत गरी वा तेसै भाग्न उम्कन खोज्यो भने त्यस्तालाई भाग्न-उम्कन दिनु हुदैन । सो गर्दा हातहतियार नचलाई नहुने भएमा प्रहरी फोर्सको हेड कन्स्टेबल र सोभन्दा माथिका कुनै अधिकृतले वा शाही सेनाका पति र सोभन्दा माथिका कुनै अधिकृतले अन्य फोर्सका सोसरहका कुनै पति वा अधिकृतले आफै वा आफ्ना मातहतका अरूलाई अर्डर दिई भरसक घुडामुनि हातहतियार चलाई वा गोली हानी पक्राउ गर्नुपर्छ । लेखिएबमोजिम पक्राउ गर्न खोज्दा मानिस मर्न गएमा समेत सम्बन्धित सरकारी कर्मचारीलाई बात लाग्नेछैन ।<br>**स्पष्टीकरण:** यस दफाको प्रयोजनका निमित्त अन्य फोर्स भन्नाले मिलिसिया, पाइनियर, रिजर्भ, ग्यारिजन वा श्री ५ बाट खास कामका निमित्त खडा गरिबक्सेको यस्तै अरू सङ्गठित दललाई समेत जनाउनेछ । | वि.पि.यू.एफ. एल.इ.ओ ४ र ५ | यसले तर्कसंगत एवं क्रमबद्ध कार्यविधि तोक्नुको सट्टा प्रत्यक्ष रुपमा सशस्त्र बलको प्रयोगलाई जोड दिन्छ । | संशोधनद्वारा तर्कसंगत एवं क्रमबद्ध कार्यविधि अथवा शक्ति प्रयोग गर्दा सामान्य रुपमा पालन गर्नुपर्ने नियम निर्धारण गर्ने । |
| | | ७ | **किन्नेबेच्नेलाई सजाय:**<br>आवश्यक वस्तुसम्बन्धी माल चोरीको हो भन्ने जानीजानी किन्ने, बेच्ने राख्ने लाई दफा ३ बमोजिम सजाय हुनेछ । | | यस व्यवस्थामा तोकिएका सजाय अपराधको प्रकृति र गाम्भिर्यता अनुसार असमानुपातिक छन । | अपराधसंग समानुपातिक हुने गरी निश्चित कैदसजाय तोक्ने। |
| | | ९ | **मुद्दा हेर्ने अधिकार र पुनरावेदन:**<br>यो ऐनअन्तर्गतको मुद्दा प्रमुख जिल्लाअधिकारीले हेर्नेछ र त्यसउपरको पुनरावेदन पुनरावेदनअदालतमा लाग्नेछ । | आईसीसी पिआर १४ | न्यायिक अधिकार सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणले प्रयोग गर्नुपर्छ । | मुद्दाहरुको उठान र पुर्पक्ष गर्ने अधिकार न्यायिक अधिकारी/ निकायलाई हुने गरी अधिकार सारिनु पर्दछ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| ८ | **आवश्यक सेवा सञ्चालन ऐन २०१४** | २ | **परिभाषा:**<br>विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा<br>(क) आवश्यक सेवा भन्नाले निम्न लिखित सेवा सम्झनुपर्छ :-........<br>७. श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अरू जुनसुकै सेवा । | आईसीसी पिआर १५.१, २१ | कुनै सेवालाई आवश्यक सेवा हो भनि तोक्न सक्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्दा व्यक्तिहरुको अधिकार कटौती गर्न प्रयोग हुन सक्दछ । | कुनै सेवा आवश्यक सेवा भनी समावेश गरीएका छन भने त्यसको स्पष्टसंग परिभाषा गरिनुपर्दछ र यस प्रकारका सेवाहरुको परिभाषा गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्नुको सट्टा सूचिकृत गरिनु पर्दछ । |
| | | ४ | **निषेध गरिएको हडताल गर्ने वा त्यसमा भाग लिने वा भाग लिइराख्ने व्यक्तिलाई सजाय:**<br>यो ऐनअन्तर्गत निषेध गरिएको कुनै हडताल कुनै व्यक्तिले गरेमा वा त्यसमा भाग लिएमा वा लिइराखेमा निजलाई ६ महिनासम्म कैदै वा रु २०० दुई सयसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | आईसीसी पिआर १५ | उद्धृत दफाहरुले वास्तविक अपराधीलाई भन्दा प्रोत्साहनकर्ता र आर्थिक सहयोग गर्ने व्यक्तिलाई बढी सजाय तोकेको छ। यी दफाहरुले अपराधको गाम्भिर्यता र प्रकृतिसंग सजायको समानुपातिकता हुनुपर्छ भन्ने दण्डको सिद्धान्तलाई उल्लंघन गरेको छ । | प्रोत्सहानकर्ता र आर्थिक सहयोग गर्ने व्यक्तिलाई तोकिएको सजाय घटाउनु पर्दछ र मुख्य अभियुक्तलाई हुने सजाय भन्दा कम बनाइनु पर्दछ । |
| | | ५ | **दुरुत्साहन गर्नेलाई सजाय:**<br>यो ऐनअन्तर्गत निषेध गरिएको कुनै हडताल गर्न वा त्यसमा भाग लिन भाग लिइराख्न कुनै व्यक्तिले अरूलाई दुरुत्साहन गरेमा निजलाई एक वर्षसम्म कैदै वा रु १००० एक हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | | | |
| | | ६ | **निषेध गरिएको हडतालको निमित्त नगदी सहायता दिनेलाई सजाय:**<br>यो ऐनअन्तर्गत निर्णय गरिएको कुनै हडतालको निमित्त कुनै व्यक्तिले जानीजानी कुनै नगदी सहायता दिएमा निजलाई एक वर्षसम्म कैदै वा रु १००० एक हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
| --- | --- | --- | --- | --- | --- | --- |
| ९ | **आयकर ऐन २०५८** <br> **<u>कसुर तथा सजाय</u>** | १२३ | **कर दाखिला नगर्नेलाई हुने सजाय :** <br> मनासिबमाफिकको कारणविना कर दाखिला गर्नुपर्ने निर्धारित समयसम्म कर दाखिला नगर्ने व्यक्तिलाई पाँच हजार रूपैयादेखि तीस हजार रुपैयाँसम्म जरिवाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ। | यूडीएचआर १०, आईसीसी पिआर १४, संविधान ८४,८५,८६ | उद्धृत प्रावधानहरुले कैद सम्बन्धी सजाय गर्न सक्ने गरी कर कार्यालयलाई अधिकार दिएको छ। अझ भन्दा यो प्रावधानले अदालतलाई भए सरहको अधिकार कार्यालयलाई प्रदान गर्दछ जवकी यस प्रकारका सजाय प्रयोग कानूनद्वारा स्थापित निपक्ष स्वतन्त्र र सक्षम न्यायाधिकरणले मात्र गर्नु पर्दछ। | दण्ड गर्न सक्ने अधिकार कानून द्वारा स्थापित सक्षम स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणलाई मात्र हुने गरी उद्धृत प्रवधान संशोधन गर्ने। |
| | | १२४ | **झुट्टा वा भ्रमपूर्ण विवरण दिनेलाई हुने सजायः** <br> कुनै व्यक्तिले विभागमा दिएको कुनै जानकारी वा विवरण जानाजानी वा लापरवाही साथ पेस गरेको कारणले झूठा वा भ्रमपूर्ण भएमा वा त्यस्तो व्यक्तिले त्यस्तो विषयका सम्बन्धमा कुनै खास कुरा वा विषयको जानकारी विवरणमा उल्लेख नगरी वा हटाई सो विवरण भ्रमपूर्ण हुन गएकोमा त्यस्तो व्यक्तिलाई चालीस हजार रुपैयाँदेखि एक लाख साठी हजार रूपैयासम्म जरिवाना वा छ महिनादेखि दुई वषसम्म कैद वा दुवै सजाय हुनेछ। <br> **<u>स्पष्टीकरण</u>** : यस दफाको प्रयोगजनको लागि “विभागमा दिएको कुनै जानकारी वा विवरण” भन्नाले दफा १२० को स्पष्टीकरणमा उल्लेख भएको विवरण सम्झनुपर्छ। | | | |
| | | १२५ | **करप्रशासनमा बाधाविरोध गर्ने वा अनुचित प्रभाव पार्नेलाई हुने सजायः** <br> (१) देहायका कार्य गर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ :- <br> (क) यस ऐन बमोजिम आफ्नो कर्तव्य पालना गर्ने सिलसिलामा विभागको अधिकृतलाई बाधाविरोध गरेमा <br> (ख) दफा ८३ बमोजिमको सूचना बमोजिम कार्य नगरेमा, वा <br> (ग) अन्य कुनै रूपमा यस ऐनको कार्यान्वयनमा बाधा विरोध गरेमा। <br> (२) उपदफा (१) बमोजिमको कार्य गर्ने उद्योग गरेमा सो उपदफामा लेखिएको सजायको आधा सजाय हुनेछ। | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | १२६ | **अख्तियारप्राप्त वा अख्तियारप्राप्त नभएको व्यक्तिले कसुर गरेमा हुने सजाय :-**<br>(१) दफा ८४ को उल्लङ्घन गर्ने कुनै पनि अख्तियारप्राप्त व्यक्तिलाई असी हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।<br>(२) यस ऐनबमोजिम अख्तियार नपाएको कुनै व्यक्तिले कर वा कर भनी अन्य कुनै रकम उठाएमा वा उठाउन प्रयत्न गरेमा असी हजार रूपैयादेखि दुई लाख चालीस हजार रूपैयासम्म जरिवाना वा एक वर्षदेखि तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ। | | | |
| | | १२७ | **मतियारलाई हुने सजायः**<br>यस ऐन बमोजिम कुनै कसुर गर्न कुनै व्यक्तिलाई जानीजानी मद्दत गर्ने वा त्यस्तो कसुर गर्न सल्लाह दिने वा दुरुत्साहन गर्ने व्यक्तिलाई कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ। तर यस्तो मतियार सरकारी कर्मचारी भएमा कसुरदारलाई हुने सजाय बराबर सजाय हुनेछ। | | | |
| | | १२८ | **ऐनको पालना नगर्नेलाई हुने सजाय** :<br>यस ऐन अन्यथा व्यवस्था गरिएकोमा बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियमहरूका कुनै व्यवस्थाको पालना नगर्ने ल्यक्तिलाई पाँच हजार रुपैयाँदेखि तीस हजार रूपैयासम्म जरिवाना हुनेछ। | | | |
| | | १२९ | **विभागले जरिवानाको रकम दाखिला गर्न आदेश दिन सक्ने :-**<br>(१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १२६ मा उल्लिखित कसुरमा बाहेक कुनै व्यक्तिले आफुले यस परिच्छेदमा उल्लेख भएको अन्य कुनै एक वा एकभन्दा बढी कसुर गरेको भनी अदालती कारबाईको प्रक्रिया सुरु हुनुअगावै लिखित रूपमा स्वीकार गरेमा त्यस्तो एक वा एकभन्दा बढी कसुर गरेवापत | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | लाग्ने जरिवाना रकममा नबढ्ने गरी जरिवाना रकम दाखिला गर्न विभागले त्यस्तो व्यक्तिलाई आदेश दिन सक्नेछ ।<br>(२) विभागले उपदफा (१) बमोजिमको आदेश दिँदा सो आदेशमा त्यस्तो कसुर, बुझाउनुपर्ने जरिवाना रकम र जरिवाना रकम बुझाउनुपर्ने मिति खुलाउनुपर्नेछ ।<br>(३) विभागले यस दफाबमोजिम दिएको आदेश अन्तिम हुनेछ र सो उपर पुनरावेदन लाग्ने छैन । | | | |
| | | १३५ | **अदाललाई भएसरहको अधिकार हुने :-**<br>यस ऐनको प्रयोजनको लागि विभागलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेस गर्न लगाउने सम्बन्धमा प्रचलित कानुन बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ । | | | |
| १० | **उखडासम्बन्धी ऐन २०२१** | ६ | **दण्डसजाय :**<br>(१) दफा ५ बमोजिम विवरणपत्र पेस गर्दा कुनै पक्षले अर्को पक्षको हकमा मर्का पर्ने गरी जानी जानी झूटो विवरण वा जाली सवुद प्रमाण पेस गरेमा निजलाई रु १०००।- एक हजारसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।<br>(२) यस ऐनबमोजिमको कुनै कामकारबाई गर्न लागेको कुनै अधिकारप्राप्त अधिकारीलाई कसैले सो काम गर्न नदिन कुनै बाधाविरोध गरेमा वा सो गर्न कसैलाई दुरुत्साहन दिएमा सो बाधाविरोध गर्ने दुरुत्साहन दिने व्यक्तिलाई तोकिएको अधिकारीको आदेशले रु ५००।- पाँच सयसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।<br>(३) ... | युडिएच आर - १०, आईसीसी पिआर १४, संविधान - ८४,८५,८६ | कुनै पनि दण्डभार बहन गराउने अधिकार प्रयोग गर्ने अधिकारी कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निश्पक्ष न्यायधिकरण हुनुपर्दछ । | कार्यपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा नरहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूति रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सजाय निर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ७ | **मुद्दा मामिलाको कारबाई :**<br>दफा ५ को उपदफा (४) र दफा ९ बमोजिमको मुद्दा मामिलाको कारबाई गरी किनारा तोकिएको अदालतले गर्नेछ । | | | |
| ११ | **कानुनी सहायता ऐन २०५४** | ३ | **कानुनी सहायता प्राप्त गर्ने व्यक्ति :**<br>(१) तोकिएको वार्षिक आयभन्दा कम आय भएको व्यक्तिले मात्र यस ऐनबमोजिम कानुनी सहायता प्राप्त गर्न सक्नेछ ।<br>(२) कुनै व्यक्तिलाई कानुनी सहायता उपलब्ध गराउने वा नगराउने कुराको निर्णय गर्ने अधिकार सम्बन्धित समितिलाई हुनेछ ।<br>(३) सम्बन्धित समितिले कानुनी सहायता उपलब्ध गराउने विषयमा निर्णय गर्दा अरूलाई अनावश्यक रूपमा दुःख दिने र आधारहीन मुद्दा गर्ने प्रवृत्तिलाई प्रोत्साहन नहोस् भन्नेतर्फ समेत विचार गर्नुपर्नेछ । | आईसीसीपीआर १४ र संविधान १४,२६ र ८४ | कानुनी सहायता पाउने अधिकार स्वच्छ पुर्पक्षको एक महत्वपूर्ण तत्व हो । कसैलाई पनि कानुनी सहायताबाट बञ्चित नगरिने एक सर्बमान्य मापदण्ड हो । कानुनी सहायताको उपलब्धताको बारेमा कानुनले नै त्यस्तो सेवा प्रदान गर्ने वा नगर्ने आधारहरू तोकेको हुनु पर्दछ तर यस प्रावधानमा कानुनी सहायता प्रदान गर्ने वा नगर्ने कुराको निर्णय गर्ने हकाधिकार समितीलाई दिएको छ जसले गर्दा विशेष गरी फौजदारी अपराधको पुर्पक्षको क्रममा रहेकाहरूको स्वच्छ पुर्पक्षको अधिकारमाथि असर पर्ने देखिन्छ । | उद्धृत प्रावधानमा संसोधन गरी कानुनद्वारा नै कानुनी सहायता प्रदान गर्ने नगर्ने आधारहरू निर्धारण गरी सबै आधार पुग्ने व्यक्तिले कानुनी सहायता पाउने प्रत्याभुती सहितको व्यवस्था गर्नु पर्दछ । |
| | | ४ | **कानुनी सहायतावापतको खर्च सोधभर्ना गर्नुपर्ने**<br>(१) कुनै व्यक्तिले कानुनी सहायता प्राप्त गरेको कारणबाट कुनै सम्पत्ति वा आर्थिक लाभ प्राप्त गरेमा त्यस्तो व्यक्तिले कानुनी सहायता प्राप्त गरे वापत तोकिएबमोजिम सम्बन्धित समितिले गरेको खर्च समितिलाई सोधभर्ना गर्नुपर्नेछ । तर त्यस्तो व्यक्तिबाट कानुनी सहायता वापतको खर्च सोधभर्ना लिंदा सो व्यक्तिलाई मर्का पर्ने देखिएमा सम्बन्धित समितिले त्यसरी आफूले गरेको खर्च आंशिक वा पूर्ण रूपमा नलिने गरी छुट दिन सक्नेछ ।<br>(२) अदालतले आफ्नो फैसलामा सम्बन्धित समितिले कुनै व्यक्तिलाई कानुनी सहायता उपलब्ध गराउँदा गरेको खर्च त्यस्तो कानुनी सहायता प्राप्त गर्ने व्यक्तिबाट असुलउपर गरी लिन पाउने गरी आदेश दिन सक्नेछ र त्यस्तो आदेश प्रचलित कानुनबमोजिम कार्यान्वयन गरिनेछ । | आईसीसीपीआर १४ र संविधान २६ | कानुनी सहायताको सिद्धान्त र प्रकृती अनुसार यो निशुल्क हुनु पर्दछ, पेशिक वा ऋणको रुपमा प्रदान गरिने होइन । जब कानुनी सहायता निशुल्क हुन्छ भने राज्यले गरेको खर्च पछि सोधभर्ना गर्ने गरि कानुनमा व्यवस्था गरिनु हुदैन । | उद्धृत प्रावधान खारेज गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| १२ | **कारागार ऐन २०१९** | प्रस्तावना | शान्ति र व्यवस्था कायम राख्न कारागार सम्बन्धी नेपाल कानूनलाई संशोधन र एकिकृत गर्न वाञ्छनिय भएको श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ । | आईसीसी पिआर १० | आई.सि.सि.पि.आर. को पक्ष भएकाले राज्यले सुधारागार पद्धतिको प्रयोजन (अभिप्राय) र सामाजिक पुर्नस्थापनाको लक्ष्यका साथ स्पष्टसंग उल्लेख गर्नुपर्दछ । उद्धृत प्रावधान यी सम्पूर्ण क्षेत्र समेट्न असफल भएको छ र कानुन र व्यवस्थाको मुद्दामा (विषयमा) न्यून रुपमा सिमित छ । | दण्ड विषयक संस्थाको प्रशासनिक लक्ष्य र यसको समुदायसंगको सम्बन्ध समेतलाई समावेश गरी राज्य र समाजको सम्बद्ध अंगहरुको रुपमा रहने गरी दण्ड र फौजदारी नितिको वृहत क्षेत्र ओगट्ने गरी नयाँ कानुन ल्याउने । |
| | | ३.३ | थुनिने वा कैद पर्ने कुनै व्यक्तिको उपदाफा एक वा दुई बमोजिम दिइएको पूर्जी बुझ्ी नदिएमा सो बुझ्ी नलिएको व्यहोरा जनाई नजिकको एक अड्डाका हाकिमको सोही पूर्जामा साक्षी सहि गराइराख्नु पर्छ । | संविधान - १४ | यस प्रकारका मुद्दामा थुनुवा पुर्जी जारी गर्दा उसको कानून व्यवसायी अथवा परिवारको सदस्य, स्थानिय राजनैतिक निकाय र अदालतलाई साक्षी राखिनु पर्दछ । | सामान्य प्रकृतिका मुद्दाहरुमा थुनुवा व्यक्तिका कानून व्यवसायी परिवारका सदस्य र स्थानिय प्रतिनिधिहरुलाई थुनुवा पुर्जीको एक प्रति दिने र यस उपदफा बमोजिमका विशेष प्रकृतिका मुद्दाहरुमा भनिएका व्यक्तिहरुद्वारा साक्षी बस्ने वा भएको मिसिलको व्यवस्था गर्ने प्रावधान समावेश गरी नयाँ कानुन बनाउने । |
| | | ५ | **थुनुवा वा कैदीको तलाशी लिने**<br>१ कुनै थुनुवा वा कैदीलाई कारागार भित्र प्रवेश गराउँदा निजको तालासि लिनुपर्छ र कुनै हतियार वा निषिद्व वस्तु फेला परेमा सो कब्जा गर्नुपर्छ ।<br>२ प्रचलित नेपाल कानून बमोजिम थुनुवा कैदीले कारागारभित्र लैजान पाउँने वा निजको उपयोगको निमित्त कारागारभित्र पठाउन हुने, निजको दैनिक व्यवहारको निमित्त चाहिने भन्दा बढ्ता मालसामानहरु थुनुवा वा कैदीलाई आवश्यक भएको बखत दिने गरी जेलरको जिम्मा राख्नु पर्छ । | सि.इ.डि.ए. डब्लु २..ड. | यस प्रावधानमा महिलाको शरीर महिलाद्वारा खानतलास गर्ने व्यवस्था गर्न असफल भएको छ र महिलाको शरीर खानतलास गर्न पुरुषलाई अधिकार सम्पन्न बनाएको छ । | महिलाको शरीरको खानतलास महिला कर्मचारीबाट मात्र गर्ने गरी अर्को एक दफा समावेश गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ६ | **थुनुवा वा कैदीलाई राख्ने व्यवस्था:**<br>१ थुनुवा कैदीलाई थुन्दा वा कैद गर्दा देहाय बमोजिम राखिने छ ।<br>(क) लोग्ने मानिस र स्वास्नी मानिस छुट्याई पाएसम्म छुट्टाछुट्टै घरमा र सो नभै एउटै घरमा राख्नु पर्ने भएमा परस्पर भेटघाट वा कुराकानी गर्न नपाउने गरी सो घरको भिन्नाभिन्नै भागमा<br>(ख) थुनुवा र कैदी एउटै कारागारमा राख्ने व्यवस्था भएको खण्ड (क) का अधिनमा रही थुनुवा र कैदी छुट्याइ यथासम्भव छुट्टाछुट्टै भागमा<br>(ग) खण्ड (क) र (ख) अधिनमा रही २१ वर्ष मुनिको र २१ वर्ष माथिको कैदी वा थुनुवालाई छुट्याई यथासम्भव भिन्दाभिन्दै भागमा<br>(घ) खण्ड (क) र (ग) का अधिनमा रही देवानी मुद्दा र फौजदारी मुद्दाका कैदीलाई छुट्याई यथासम्भव भिन्दाभिन्दै भागमा<br>(ङ) रोगी थुनुवा वा कैदीलाई छुट्याई यथासम्भव भिन्दै भागमा<br>(च) पागल र अर्धपागल थुनुवा वा कैदीलाई छुट्याई यथासम्भव भिन्दै भागमा<br>२ फौजदारी मुद्दामा सजाय पाएका कैदीलाई आवश्यकता अनुसार एक्लै भिन्दै कोठामा राख्न हुन्छ । | आई सी सी पि आर १०अन्य दस्तावेजहरु | यस प्रावधान अन्तर्गत पृथकीकरण जहासम्भव छ ऐच्छीक जस्तो देखिन्छ जबकी अन्तराष्ट्रिय मापदण्ड अनुसार पृथकीकरण बाध्यात्मक हुनु जरुरी छ । | भेदात्मक उपचार र सुधारका लागि बन्दीहरुको विशेष वर्गिकरण अनुसार पृथकीकरणलाई बाध्यात्मक बनाइनु पर्दछ । |
| | | ७ | **नेल हड्कडी नलगाईने**<br>कैदबाट भागी पक्राउ परेको वा कैदबाट भाग्ने उद्योग गर्ने वा दफा २२ को उपदफा २ बमोजिमको कुनै काम कुरा गर्ने कैदी बाहेक अन्य थुनुवा वा कैदीलाई कारागार भित्र नेल वा हड्कडी लगाईने छैन । | यस.एम. आर.टि.पि. ३३ | हड्कडी र नेलकडीहरुको अपवादजनक प्रयोगको व्यवस्था अन्तराष्ट्रिय मापदण्डहरुले निर्धारण गरेका क्षेत्रहरुभित्र पर्दैनन् । | नयाँ कानूनमा यस प्रकारका अपवाद हटाउने |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ८ | **कारागारमा नावालकको हेरचाह**<br>१ थुनिए वा कैद परेकी स्वास्नी मानिसको कारागार भित्र छोराछोरी जन्मेछ वा २ वर्ष नपुगेको नाबालक छोरा छोरी रहेछ भने वाहिर हेरविचार गर्ने वारिसवाला भए पनि निजलाई आमाले आफैसित राखी हेरविचार गर्न चाहेमा कारागार भित्रै राख्न हुन्छ । त्यस्ता नाबालक २ वर्ष पुगेपछि आवश्यक भएमा बाहेक निजलाई वासिर वालाको जिम्मा लगाईदिनु पर्छ ।<br>२ कुनै थुनुवा वा कैदीको निजले लालनपालन गर्नुपर्ने नावालक रहेछ र त्यस्तो नाबालकको लालनपालन गर्ने अरु कोही रहेन छ भने निज थुनुवा वा कैदमा रहञ्जेल त्यस्तो नाबालकको सम्पूर्ण हेरविचार, शिक्षादिक्षा र लालनपालन तोकिए बमोजिम श्री ५ को सरकारको खर्चमा गरिनेछ ।<br>३ १२ वर्ष ननाघेको कुनै नाबालक थुनिए वा कैद परेमा निजको हेरविचार गर्न निजको आमा, बाबु वा अरु नातेदार कारागार भित्र बस्ने चाहेमा पनि बस्ने दिइने छैन । | सि.आर.सि १,३,१९,३९ | यस प्रावधानले नावालक भन्ने उल्लेख गरेको भएतापनि उमेरको परिभाषा गरेको छैन । यस प्रावधान अनुसार सानै उमेरमा बच्चालाई छुटाउन दिइनु र आश्रितहरुलाइ कारागारमा राखिनुले बच्चाको अधिकारहरुको बृहत रुपमा उल्लंघन गरिएका छन । | नयाँ कानूनमा यस पक्षलाई सम्बोधन गर्ने आवश्यक व्यवस्था गर्ने । |
| | | ९ | **थुनुवा र कैदीहरुको सिधा खर्च र लुगा सम्बन्धी व्यवस्था**<br>कारागारमा थुनिएका वा कैद परेका थुनुवा वा कैदीहरु र त्यस्ता थुनुवा र कैदीहरुको दफा ८ को उपदफा (१) र (२) मा उल्लेख भएका नाबालक छोरा छोरीलाई तोकिए बमोजिम सिधा खर्च र लुगा दिइनेछ । तरः<br>(क) कैदी नठेकिइ १ वर्षसम्म वा सो भन्दा बढी थुनामा रहेको थुनुवालाई लुगा दिइनेछ ।<br>(ख) कुनै थुनुवा वा कैदी आफ्नो सिधा र लुगाको व्यवस्था आफ्नै खर्चमा खर्च चाहेमा तोकिए बमोजिम निजलाइ त्यस्तो व्यवस्था गर्न दिइनेछ । | एस.एम. आरटि.पि. १७, १८ र १९ | अन्तराष्ट्रिय प्रावधानहरु अनुसार पोषण - खाना), लुगाफाटो र ओछ्यानको राष्ट्रिय मापदण्डहरु हुनु पर्दछ । जवकी यस प्रावधानले आपूर्ति (वितरण) नियमिता र यी सेवाहरुको वस्तुत्वभावको मापदण्ड तोकेको छैन । बन्दीहरुले कारागार प्रवेश गरेको मिति देखिनै लुगाफाटो र ओछ्यान पाउनु पर्दछ जवकी यस प्रावधानले कारागारमा एक वर्ष बसी सकेपछि मात्र लुगाफाटा र ओछ्यान वितरण गर्ने व्यवस्था गरेको छ । | खाना, लुगाफाटा र ओछ्यान जस्ता सेवाहरुको मापदण्ड निर्धारण गरी नयाँ कानुनमा समावेश गर्नुपर्दछ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ११ | **स्वास्थ्य र उपचार**<br>१) मानसिक वा शारीरिक विरामी परेका थुनुवा वा कैदीहरुलाई सरकारीया चिकित्सकद्वारा उपचार गराउनु पर्छ। तर कुनै थुनुवा र कैदीले आफ्नो खर्च लगाई अरु कुनै चिकित्सकबाट उपचार गराउन चाहेमा तोकिए बमोजिम त्यस्तो उपचार गराउन अनुमति दिइनेछ।<br>२) कुनै थुनुवा वा कैदी असाध्यै विरामी परी निजको राम्रो उपचारका लागि निजलाई अस्पतालमा राख्न आवश्यक छ भन्ने सरकारी चिकित्सकले ठहराई कारण सहित आफ्नो लिखित राय व्यक्त गरेमा त्यस्तो थुनुवा वा कैदीलाई नेल वा हड्कडी परेकोमा सो समेत काटी तोकिए बमोजिम अस्पतादमा राखी औषधी गराउनु पर्छ।<br>३) विरामी परी सिकिस्त भएको कुनै थुनुवा वा कैदी बाच्ने नबाच्ने दोसाधमा रहेको कुराको कारण सहितको राय सरकारी चिकित्सकले दिएमा त्यस्तो थुनुवा वा कैदीको हकवालाले निजलाई घाट लैजान चाहेमा निजको रोग निको भएमा पुनः कारागारमा फिर्ता ल्याउने व्यहोराको हाजिर जमानि कागज गराई त्यसरी थुनिएको ठाउँको नजिकको घाटमा लैजान दिइनेछ। थुनुवा वा कैदी जिम्मा लिई घाट लैजाने सम्बन्धीत थुनुवा वा कैदीको स्वास्थ्य सम्बन्धी प्रतिवेदन लेखि प्रत्येक हप्ता सम्बन्धीत कारागारलाई दिनु पर्नेछ।<br>४) उपदफा २ वा ३ अन्तर्गत अस्पताल वा घाट लगिएको थुनुवा वा कैदी कारागार भित्रै रहेको सम्झिने छ र सो अवधि निजलाई हुने कैदको अवधिमा कट्टा गरिनेछ।<br>५) उपदफा २ वा ३ मा उल्लेख भएको थुनुवा वा कैदीलाई निको भएमा निजलाई थुन्न नपर्ने भएकोमा वा निजको कैद म्याद भुक्तान भईसकेकोमा बाहेक निजलाई फेरी कारागार भित्र राखिने छ। | एस.एम. आरटि.पि. २२-२६ | कम्तीमा मनोरोग विज्ञानको ज्ञान भएको योग्य चिकित्सकको स्थाइ सेवा प्रत्येक कारागारमा प्राप्त हुनु पर्दछ। त्यसैगरी प्रवेश गर्दा र त्यसपछि नियमित तवरमा बन्दीहरुको स्वास्थ्य जाँच गरिनु पर्दछ। प्रसुति र प्रसवोपरान्त हेरचाह सेवा चिकित्सकिय हेरचार र सेवाहरुसंग सम्बन्धीत हुनुपछ। स्वास्थ्यको दृष्टिकोणबाट खाना बसोबासको व्यवस्था र प्रकाशको नियमित रुपमा निरीक्षण हुनु आवश्यक छ। जवकी यी प्रावधानहरु यी सम्पुर्ण पक्षहरुको सुनिश्चित गर्न पूर्ण रुपमा पर्याप्त छैनन। | स्वास्थ्य सेवाहरु सम्बन्धीत प्रावधानको मापदण्ड निर्धारण गरी बजेट तथा प्रशासनिक व्यवस्थाहरु कानूनसंग मेल खाने निश्चित गरी त्यसलाई नयाँ कानूनमा समावेश गर्ने। |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | १२ | **थुनुवा वा कैदी स्वास्नी मानिस गर्भवति भएमा**<br>१) कुनै थुनुवा वा कैदी स्वास्नी मानिस गर्भवति रहिछ भने राजगद्दी राजपरिवारको गाथ वा राजकाज सम्बन्धी मुद्दाको वा दामल वा जन्म कैदको सजाय पाएकी वा त्यस्तो सजाय हुने अपराधाको अभियोग लागेकी थुनुवा वा ज्यान मारा बाहेक अरुको हकमा ६ महिनाको गर्भ पुगेपछि जमानलिई छाडी दिनुपर्छ र त्यसरी जमानीमा छुटेकिलाई जिनको बालक जन्मिएको २ महिना भएपछि थुन्नु पर्ने भएकोमा वा कैद म्याद भुक्तान भई सकेकोमा बाहेक फेरी कारागारभित्र राखिनेछ । | | | |
| | | १४ | **भेटघाट र पत्रव्यवहार**<br>१) कुनै थुनुवा वा कैदीले वा त्यस्तो थुनुवा वा कैदीसित अरु कुनै व्यक्तिले भेट वा पत्रव्यवहार गर्न चाहेमा तोकिएको अवस्थामा बाहेक, भेट वा पत्रव्यवहार गर्न तोकिए बमोजिम दिइनेछ। तर यस उपदफामा लेखिएको कुनै कुराले कुनै थुनुवा वा कैदीको कानूनी सल्लाहकारलाई त्यस्तो थुनुवा वा कैदीसित तोकिए बमोजिम भेट गर्न बाधा पुऱ्याउने छैन ।<br>२) उपदफा १ मा गरिएको व्यवस्थाको विरुद्ध कुनै पत्रव्यवहार गरिएकोमा त्यस्तो सबै पत्र इत्यादि नष्ट गर्न सकिनेछ । | एस.एम. आरटि.पि.३५, ३९,वि.पि.पि ए.पि.ए एफ.डि.आई १९ | यी व्यवस्था प्रावधानलाई स्पष्ट पार्न र पूर्ण रुपमा प्रत्यायोजित कानुनलाई पालन गर्न आधाररित गर्न पूर्ण छैन । अन्तराष्ट्रिय दस्तावेजहरु यो स्पष्ट र सुनिश्चित हुनु पर्ने सल्लाह दिन्छन । | उद्धृत प्रावधान स्पष्ट पार्नका लागि संशोधन गर्ने । |
| | | १८ | **म्याद भन्दा बढी थुन्न वा कैद गर्न नहुने:**<br>१) म्याद तोकी थुनिए वा कैद परेका थुनुवा वा कैदीलाई सो म्याद पुगेपछि र प्रचलित नेपाल कानून बमोजिम अधिकार प्रांप्त अधिकारीबाट छोड्न आदेश भई आएका थुनुवा कैदीलाई सो आदेश बमोजिम २४ घण्टाभित्र जेलरले थुना वा कैदबाट मुक्त गरिदिनुपर्छ । | एस.एम. आरटि.पि. ३५,३६,५५ | उद्धृत प्रावधानहरुले बन्दीहरुद्वारा गरिएका उजुरीहरु उठान गर्नका लागि व्यवस्था गरेका छैनन । यसले निरिक्षण गर्नको लागि पुनरावेदन अदालतलाई मात्र क्षेत्राधिकार प्रदान गरेको छ। राष्ट्रिय मानव अधिकार आयोग लगायत अन्य व्यवसायिक संस्थाहरुलाई निरिक्षणको बृहत अधिकार हुनुपर्दछ । | बन्दीहरुको उजुरी उठान गर्ने र तिनीहरुको किनारा गर्ने कार्यविधि निर्धारण गरी अन्याय भएको देखिएको खण्डामा सजायको निश्चित गरी व्यवस्थाहरु बनाउने । त्यसैगरी नयाँ कानुनमा राष्ट्रिय मानव अधिकार |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | २) पुर्पक्षलाई थुनिएको थुनुवाका सम्बन्धमा निज कारागार भित्र थुनिएको छ महिनाासम्ममा पनि कैद म्याद ठेकिएको रहनेछ वा निजलाई थुनाबाट मुक्त गर्ने आदेश आएको रहेन छ भने सो ६ महिना नाघेकाा ३ दिन भित्र जेलरले सो सम्बन्धी सबै कुरा खोली त्यस्तो थुनुवालाई थुन्न आदेश दिने अदालतको पुनरावेदन सुन्ने अदालतमा प्रतिवेदन गर्नुपर्छ ।<br>३) कुनै थुनुवा वा कैदीलाई छाड्नु पर्ने गरी फैसला वा आदेश भएकोमा त्यसको सूचना अविलम्ब सम्बन्धीत कारागारलाई पठाईदिनु पर्छ ।<br>४) पुनरावेदन अदालतको मुख्या न्यायाधिश वा न्यायाधिशले पुनरावेदन अदालतको प्रादेशीक अधिकार क्षेत्र भित्रको कारागारको वर्षमा कम्तीमा १ पटक निरीक्षण गर्नुपर्नेछ र त्यसरी निरीक्षण गर्दा कुनै व्यक्ति ठेकिएको कैद भन्दा बढी अवधि कैदमा रहेको वा प्रचलित कानूनले थुन्न पाउने भन्दा बढी अवधि थुनमा परेको देखेमा त्यस्तो कैदी वा थुनुवालाई तुरुन्त छाडीदिने आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएकोमा त्यसको पालन गर्नु सम्बन्धीत जेलरको कर्तव्य हानेछ । पुनरावेदन अदालतको मुख्य न्यायाधिश वा न्यायाधिशले कुनै कैदी वा थुनुवालाई तुरुन्त छाडी दिने आदेश दिएकोमा र कारागर निरीक्षण गर्दा यस ऐन बमोजिम नभएको वा नगरेको अन्य कुराहरु देखिएमा सो कुरा समेत खुलाई सर्वोच्च अदालत र श्री ५ को सरकार गृह मन्त्रलायमा प्रतिवेदन पठाउनु पर्नेछ ।<br>५) कुनै कर्मचारीको हेलचेक्र्याईबाट कुनै थुनुवा वा कैदी प्रचलित कानून बमोजिम भन्दा बढी समयसम्म थुनसवा कैदीमा रहेको देखिएमो वा यस ऐन बमोजिम नभएको वा नगरेको अन्य कुनै कुरा देखिएमा त्यस्तो कर्मचारी उपर विभागिय कारवाही भई सजाय हुनेछ । | | | आयो्ग र अन्य सम्बद्ध संस्थाहरुद्वारा निरिक्षणको क्षेत्र बृहत बनाउने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | १९ | **कारागारको जाँच**<br>१) प्रत्येक प्रमुख जिल्ला आधिकारीले आफै वा आफू मुनिका असिष्टेण्ट पठाउनेछ। छ महिनामा एकपटक र आवश्यक देखेमा जहिलेसुकै पनि आफ्नो मातहतमा रहेको कारागारको जाँच गर्नु गराउनु पर्छ।<br>२) उपदफा १ अन्तर्गत जाँच गर्न गएका प्रमुख जिल्ला अधिकारी वा असिष्टेण्टले देहायका कुराहरुको जाँच गर्नुपर्छ।<br>(क) कैद म्याद ठेकिएको कैदीले म्याद पुगेको दिन रिहाइ पाएको छ वा छैन,<br>(ख) प्रचलित नेपाल कानून बमोजिम हुनु, गर्नुपर्ने अरु काम कुरा सो बमोजिम भए गरेको छ वा छैन।<br>३) उपदफा २ बमोजिमको कुरा जाँच्दा कुनै काम कुरा प्रचलित नेपाल कानूनको बर्खिलाप भए गरेको देखिएमा दफा २० मा लेखिएकोमा सोही बमोजिम र सो दफामा नलेखिएको कुरामा तोकिए बमोजिमको कामकारवाही गर्न गराउन पर्छ। | | | |
| १३ | **कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२** | ८ | **जरिवानाको उपल्लो हद र जरिवाना वापतको कैद :**<br>(१) यस ऐनअन्तर्गत कसुर गरेवापत जरिवाना गर्दा बिगोबमोजिम वा पच्चीस हजार रुपैयाँसम्म जुन बढी हुन्छ सो हदसम्म जरिवाना हुनेछ। तर कसुरदारको वा कसुर गरेको अवस्थासँग नसुहाउने गरी अत्याधिक जरिवाना तोक्न हुँदैन।<br>(२) जरिवानाको सजाय तोक्दा जरिवाना नतिरेमा सो नतिरे वापत कति समयका लागि कैद हुने हो भन्ने कुरा पनि मुद्दा हेर्ने अधिकारीले आफ्नो निर्णयमा तोक्नुपर्छ। | यूडीएचआर १०, आइसिसिपिआर-१४, संविधान -८४,८५,८६ | उद्धृत प्रावधानहरुले प्रशासकलाई पुर्पक्ष गर्ने अधिकार प्रदान गर्दछ र कैद दण्डको सजायको हद निर्धारण गरिएको छैन। यसलाई प्रशासनिक पदाधिकारीको किनाराको विषयका रुपमा खुल्ला छाडीएको छ। कुनै पनि दण्डभार बहन गराउने अधिकार प्रयोग गर्ने अधिकारी प्रशासनिक पदाधिकारी नभई कानुनद्धारा स्थापित स्वतन्त्र, सक्षम र निश्पक्ष न्यायधिकरण हुनुपर्दछ। सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट कानुन | न्यायपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा रहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने। |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (३) जुन कसुर गरे वापत जरिवानाको सजाय भएको छ सो कसुरमा कैदको सजाय समेत हुने रहेछ भने उपदफा (२) अन्तर्गत जरिवाना नतिरेवापत पाँच वर्षभन्दा बढी अवधिका लागि कैद तोक्नु हुदैन । जन्म कैद गरिएकोमा जरिवानावापत थप कैद गरिनेछैन । | | सम्मत रुपमा गर्नु पर्छ, प्रशासनिक अधिकृत वा सरकारको कुनै अङ्ग बाट गरिने होइन । | |
| | | १४ | **मुद्दा दायर गर्ने कार्यविधि :**<br>(१) यस ऐनअन्तर्गत मुद्दा दायर गर्दा श्री ५ को सरकार वा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारीको स्वीकृतिबेगर दायर गरिनेछैन ।<br>(२) बाटोघाटोमा वा अन्यत्र सानातिना पसल थापी खुद्रा व्यापारीले दफा ३, ४ र ५ अन्तर्गतको कसुर गरेमा कसुरको रूप हेरी पहिलो पटकको कसुर भए अनुचित रूपले लिएको नाफा दाखिल गराई सम्बन्धित व्यक्तिलाई भराई अबउप्रान्त यस्तो कसुर गर्नेछैन भन्ने काजगसम्म गराई मुद्दा नचलाउने गरी उपदफा (१) अन्तर्गतको अधिकारीले तामेलीमा राखी दिन सक्नेछ ।<br>(३) यस ऐनअन्तर्गतको मुद्दा अपराध भएको वा पत्ता लागेको ९० दिनभित्र दायर गरी सक्नुपर्छ । | | | |
| | | १५ | **मुद्दा हेर्ने अधिकारी :**<br>(१) यस ऐनअन्तर्गत सजाय हुने कसुरसम्बन्धी मुद्दाको सुरु कारबाई र किनारा गर्ने अधिकारी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अदालत वा अधिकारीलाई हुनेछ र त्यसरी नतोकिएकोमा प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।<br>(२) उपदफा (१) बमोजिम अदालत वा अधिकारीले यस ऐनअन्तर्गत कारबाई गर्दा विशेष अदालत ऐन २०३१ बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (३) उपदफा (१) बमोजिम तोकिएको अधिकारी वा प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर पुनरावेदन अदालतमा र पुनरावेदन अदालतले गरेको निर्णय उपर प्रचलित नेपाल कानुन बमोजिम सो अदालतको पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन लाग्नेछ । | | | |
| | | १६ | **अपराधी ठहरिएको व्यक्तिलाई सार्वजनिक रूपमा निन्दा गर्ने :**<br>अन्तिम निर्णय भैसकेपछि यस ऐनअन्तर्गत अपराधी ठहरिएको व्यक्तिको नाम, ठेगाना र निजले गरेको अपराध तथा सजायको प्रकृति खोली प्रकाशित गराउन व्यापक सार्वजनिक हितको लागि उपयोगी हुन्छ भन्ने देखिएमा अन्तिम निर्णय गर्नेले समाचार पत्र वा अन्य कुनै माध्यमबाट प्रकाशित गराई सार्वजनिक रूपमा निन्दा गर्ने निर्देश दिन सक्नेछ । | यू डी एच आर १, आइसिसि पिआर - १०, एस.एम.एन. आर.एन. सि. एम. | दण्ड अपराधीको व्यक्तिको नष्ट गर्न होइन सुधारका निम्ति हो । दण्डले मानिसको मर्यादा र बाच्न पाउने लगायत सामाजिक अखण्डता जुन मानवमा निहित हुन्छ संकटमा पार्नु हुदैन । अपराधिको सामाजिकिकरण वा पुर्नस्थापनालाई उच्च प्राथमिकता दिनु पर्छ। प्रत्येक व्यक्तिहरुलाई मानविय आधारमा व्यवहार गरिनु पर्दछ र व्यक्तिको निहित मर्यादाको सम्मान गरिनु पर्दछ । जवकी उद्धत प्रावधानलहरुले सार्वजनिक रुपमा अपमान गर्दछन । कैद सजायले जो कोहीको मर्यादा माथि आच पुऱ्याउँछ । त्यसकारण यसलाई दण्ड सजायका विभिन्न विकल्पहरुबाट रोजिनु हुदैन । | उद्धृत प्रावधान झिक्ने । |
| १४ | **केही सार्वजनिक (अपराध तथा सजाय) ऐन २०२७** | ३ | **पक्राउ गर्ने अधिकारी :**<br>(१) कुनै व्यक्तिले दफा २ अन्तर्गतको कसुर गर्दा घटनास्थलमा फेला परेमा निजलाई प्रहरीकर्मचारीले विनावारेन्ट पक्राउ गर्न सक्नेछ ।<br>(२) कुनै व्यक्तिले दफा २ अन्तर्गतको कसुर गरेको छ भन्ने कुराको कसैको युक्तियुक्त उजुरी परी विश्वासपर्दो सूचना प्राप्त भई वा युक्तियुक्त शङ्का भई सो आधारमा जाँचबुझ गर्दा कसुर गरेको भन्ने विश्वास लागेमा | आईसीसीपि आर १४,२६ | उद्धृत प्रावधानले प्रहरीलाई पक्राउ पूर्जीको जारी विना अथवा यदि उसले त्यस्तो देखेको अवस्थामा/विश्वास गरेमा पक्राउ पुर्जी जारी गरी व्यक्तिलाई पक्राउ गर्न अधिकार सम्पन्न बनाएको छ । जवकी यस्तो अवस्थामा निज व्यक्तिको अधिकारको सुरक्षा गर्न आवश्यक प्रत्याभूति हुनुपर्नेमा पूर्ण रुपमा वेवास्ता गरिएको छ । अझ | पक्राउ पर्ने व्यक्ति र उसको परिवारलाई पक्रउको कारण खोलि सुचना र कानुनी सल्लाहको व्यवस्था गरिनु पर्दछ । यस्तो अधिकार पक्राउ परेको यथासिघ्र र २४ घण्टा भित्रै दिइने व्यवस्था समावेश गरी |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | स्थानीय प्रहरीचौकी वा थानाको नायव प्रहरीनिरीक्षक (सब इन्स्पेक्टर) सम्मको मुख्य प्रहरीअधिकृतले अभियुक्तलाई पक्राउ गर्न वारेन्ट जारी गर्न सक्नेछ ।<br>तर पक्राउ गरिएको व्यक्तिलाई बाटोको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनुपर्छ र त्यस्तो व्यक्तिलाई त्यस्तो मुद्दा हेर्ने अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राख्नु हुँदैन । | | भन्दा पक्राउ पूर्जी याचिकाको एक स्वरुप हो जुन सम्बन्धीत कानूनी अदालतले जारी गर्दछ । जवकी यस प्रावधानले पक्राउ पूर्जीको मौलिक सिद्धान्त विपरित निम्नस्तरको प्रहरी कर्मचारीलाई पक्राउ पूर्जी जारी गर्न अधिकार सम्पन्न बनाउँछ । | संशोधन गर्नु पर्ने । साथै पक्राउ पर्ने व्यक्तिको वस्तु स्थिति र अभियोग सावित भएमा उसलाई हुन सक्ने सामान्य सजाँयको बारेमा पनि जानकारी दिने व्यवस्थाको सूनिश्चितता गरिनु पर्दछ । |
| | | ५ | **मुद्दा हेर्ने अधिकारी र कार्यविधि :**<br>(१) यस ऐनअन्तर्गको मुद्दामा सुरु कारबाई र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।<br>(२) यस ऐनअन्गर्ततको मुद्दामा प्रमुख जिल्लाअधिकारीले नेपाल विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्यविधि अपनाउनेछ । | आईसीसी पि आर १४,२६ संविधान - ८४,८५,८६, | सजायनिर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट मात्र हुनुपर्छ प्रशासनिक निकाय वा अधिकारीबाट हुनु हुँदैन । | कार्यपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा नरहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने । |
| | | ६ | **दण्डसजाय :**<br>(१) यस ऐनबमोजिम कारबाई भएको मुद्दामा प्रमुख जिल्लाअधिकारीले कसुरको मात्रा अनुसार दस हजार रुपैयाँसम्म जरिवाना गर्न र पिडित पक्षलाई कसुरदारबाट विगोबमोजिम क्षतिपूर्ति भराई दिन सक्नेछ तथा अनुसन्धानको सिलसिलामा मनासिब कारण देखिएमा थुन्नुपर्ने कारण खोली पर्चा खडा गरी बढीमा पैंतीस दिनसम्म थुनामा राख्ने आदेश दिन सक्नेछ । यस्तो मुद्दा तीन महिनाभित्र फैसला गरिसक्नुपर्नेछ ।<br>तर जरिवानाको सजायले मात्र पर्याप्त नभई कैदको सजाय समेत गर्नुपर्ने देखिएमा बढीमा दुई वर्षसम्म कैद गर्नको लागि पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नेछ र त्यस्तो मुद्दामा पुनरावेदन सुन्ने अदालतबाट निर्णयमा तोकेबमोजिम हुनेछ । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (२) मुद्दा हेर्ने अधिकारीले पहिलो पटकको कसुर भए कसुर हेरी उपदफा (१) बमोजिम सजाय नगरी कसुरदारलाई अबउप्रान्त यस्तो कसुर गर्नेछैन भन्ने कागज गराई छाड्न सक्नेछ । | | | |
| १५ | **खाद्य ऐन २०२३** | ५ | **दण्डसजाय :**<br>(१) न्यूनस्तरको खाद्य पदार्थ उत्पादन, बिक्रीवितरण, निकासी वा पैठारी गर्ने व्यक्तिलाई पहिलो पटक रु १,०००।- देखि २,०००।- सम्म जरिवाना र दोस्रो पटकदेखि प्रत्येक पटक रु २,०००।- देखि रु ५,०००।- सम्म जरिवाना वा छ महिनादेखि एक वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पसल नथापी घुमी दूध, दही तथा अन्य खाद्य पदार्थ बिक्री गर्ने व्यक्तिले यो ऐन वा यस ऐनअन्तर्गतको नियम वा आदेशमो उल्लङ्घन गरेमा निजलाई पहिलो पटक रु ५०।- देखि रु २००।- सम्म जरिवाना, दोस्रो पटक रु २००।- देखि रु ५००।- सम्म जरिवाना वा ती महिनासम्म कैद वा दुवै सजाय र तेस्रो पटकदेखि प्रत्येक पटक रु ५००।- देखि रु १०००।- सम्म जरिवाना वा तीन महिनादेखि छ महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।<br>(३) दुषित खाद्य पदार्थ उत्पादन, बिक्रीवितरण, निकासी वा पैठारी गर्ने व्यक्तिलाई रु ५०००।- देखि रु १०,०००।- सम्म जरिवाना वा एक वर्षदेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।<br>(४) कुनै दूषित खाद्य पदार्थ खानाले कुनै व्यक्तिको मृत्यु हुने सम्भावना भएमा वा मृत्यु भएमा वा शरीरलाई अपूरणीय क्षती भएमा वा हुने सम्भावना भएमा त्यस्तो दुषित | आईसीसी पि आर १४,२ संविधान - ८४,८५,८६ | सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट कानुन सम्मत रुपमा गर्नु पर्छ, प्रशासनिक अधिकृतबाट गरिने होइन । | न्यायपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा रहेको र कानुनद्धारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | खाद्य पदार्थ उत्पादन वा बिक्री वितरण गर्ने व्यक्तिलाई रु १०,००० देखि रु २५,०००।- सम्म जरिवाना र ३ वर्षसम्म कैद हुन सक्नेछ र निजले सो दूषित खाद्य पदार्थबाट प्रभावित व्यक्ति वा निजको हकदारलाई रु २५,०००।- देखि १,००,०००।- सम्म क्षतिपूर्ति दिनु पर्नेछ ।<br>(५) उपदफा (१), (२), (३) र (४) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा आदेशको अन्य कुनै कुरा उल्लङ्घन गर्ने व्यक्तिलाई रु १,०००।- सम्म जरिवाना हुन सक्नेछ । | | | |
| | | ११ | **मुद्दा हेर्ने अधिकारी :**<br>यस ऐनअन्तर्गतको मुद्दा मामिलाको सुरु कारबाई र किनारा गर्ने अधिकार प्रमुख जिल्लाअधिकारीलाई हुनेछ । | | | |
| १६ | **खानी तथा खनिज पदार्थ ऐन २०४२** | २५ | **दण्डसजाय :**<br>...<br>(६) विभाग वा अनुमति प्राप्त व्यक्तिले यस ऐन बमोजिम खनिज कार्य गर्दा कसैले बाधा विरोध वा रोकटोक गरेमा निजलाई श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अधिकारीको आदेशले ६ महिनासम्म कैद वा दसहजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ ।<br>(७) उपदफा (१), (२), (३), (४) वा (६) बमोजिम भएको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र क्षेत्रीय अदालतमा पुनरावेदन दिन सक्नेछ । | यूडीएचआर १०, आईसीसीपिआर १४,सि.सि. एल.इ.ओ. १ संविधान -८४,८५,८६ | कुनै पनि दण्डभार बहन गराउने अधिकार प्रशासनिक पदाधिकारीको स्वविवेकमा नभई कानुनद्वारा निर्धारण हुनुपर्दछ । आफ्नो कानुनअनुसारको आचरणका लागि कानुन कार्यान्वयन गर्ने अधिकारीले दायित्व लिनुपर्छ । उद्धृत प्रावधानमा भएको अधिकारप्रत्यायोजनको व्यवस्थामा कार्यपालिकाको पूर्वाग्रह र व्यवस्थाको दुरुपयोग हुने गुन्जाइस छ । सजायनिर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट मात्र हुनुपर्छ प्रशासनिक निकाय वा अधिकारीबाट हुनु हुँदैन । | न्यायपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा रहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| १७ | **खेलकुद विकास ऐन २०४८** | २७ | **सजायः**<br>(१) परिषद्को कुनै कर्मचारीले जानीजानी वा लापरबाही गरी वा बदनियतसाथ परिषद्लाई हानिनोक्सानी पुऱ्याएमा निजबाट बिगो असुल गरी निजलाई तीन महिनासम्म कैद वा तीनहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br>(२) परिषद्को कुनै कमैचारीले परिषद्को लेखापरीक्षण गर्ने कार्यमा खटिएका लेखापरीक्षकलाई निजको काम काजमा बाधाअवरोध गरेमा वा निजले मागेको आवश्यक लिखत वा सूचना नदिएमा त्यस्तो कर्मचारीलाई दुई हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।<br>(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक परिषद्को कुनै कर्मचारीले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको बर्खिलाप हुने गरी कुनै कामकारबाई गरेमा निजलाई एक हजार रुपैयाँसम्म जरिवाना हुनेछ । | आई सीसी पिआर १४ | ऐनको उक्त प्रावधानले सजायको व्यवस्था त गरेको छ तर त्यसको अनुसन्धान कसले गर्ने हो, न्यायनिरोपण कसले गर्ने हो ? सोको व्यवस्था भने गरेको छैन । | सो को अनुसन्धान र निरोपण स्वच्छ, निष्पक्ष र स्वतन्त्र कानुनद्वारा स्थापित न्यायाधिकरणबाट हुनु पर्दछ । |
| १८ | **गुठी संस्थान ऐन २०३३** | ५९ | **सजाय गर्ने अधिकारी :**<br>(१) दफा ५४, ५५, ५६, ५७ र ५८ बमोजिम सजाय गर्ने अधिकार प्रशासकलाई हुनेछ ।<br>(२) उपदफा (१) अन्तर्गत प्रशासकले गरेको सजायको आदेशउपर श्री ५ को सरकारमा पुनरावेदन लाग्नेछ । | यूडीएच आर १०, आई सीसी पिआर १४ संविधान ८४,८५,८६, | कुनै पनि प्रकारको सजायहरु दिदा सो सजायको प्रकृतिका बारेमा कानूनमा स्पष्ट रुपमा उल्लेख गरिएको हुनु पर्दछ । कार्यपालिकिय निकायलाई स्वविवेकिय अधिकार हुनु हुँदैन । कानून कार्यन्वयन गर्ने अधिकार कानूनी निकायप्रति उत्तरदायी हुनुपर्दछ । सो नभएमा अधिकारको दुरुपयोग हुने सम्भावना रहन्छ । सजायनिर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट मात्र हुनुपर्छ प्रशासनिक निकाय वा अधिकारीबाट हुनु हुँदैन । | कार्यपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा नरहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| १९ | **गैरसैनिक हवाईउडान (सिभिल एभिएसन) ऐन २०१५** | ९ ङ | **गिरफ्तार गर्ने अधिकार:**<br>(१) दफा ९ (क) अन्तर्गतको अपराध भएमा वा हुन लागेमा अपराधी वा अभियुक्तलाई विमानस्थलको अधिकारीहरू, वायुयानका चालकहरू वा सम्बन्धित हवाई यातायात सेवाका अधिकारीहरूले अपराध भएको वा हुन लागेको देख्ने वा अपराधी वा अभियुक्त सो व्यक्ति हो भन्ने विश्वास लिने कारण भई विश्वास लिने जुनसुकै व्यक्ति, प्रहरी वा शाही सेनाका जवान वा सुरक्षा अधिकारी वा जोसुकैले पक्राउ गर्न सक्नेछ र निजहरूले पक्राउ गरेपछि तुरुन्त प्रहरीलाई बुझाई दिनुपर्छ ।<br>तर त्यस्तो अपराध वा अभियुक्तलाई पक्राउ गर्दा यात्रु वा अन्य व्यक्तिहरूको जीवनको खतरा हुने भएमा वा वायुवान वा हवाई परिवहन सुविधा (फेसिलिटिज) मा ठूलो क्षति पुग्ने आसन्न स्थिति भएमा प्रहरी र सुरक्षा अधिकारीबाहेक अरूले भए प्रहरी वा सुरक्षाअधिकारीको अनुमतिले मात्र पक्राउ गर्ने कारबाई गर्नुपर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम विमानस्थलको अधिकारीहरू, प्रहरी, सुरक्षाअधिकारीहरूले पक्राउ गर्न सशस्त्र प्रहरी, सुरक्षा अधिकारी र शाही सेना वा अन्य सरकारी र गैरसरकारी व्यक्तिको मद्दत माग्न सक्नेछ र त्यस्तो मद्दत मागेमा मद्दत दिनु त्यस्ता सबैको कर्तव्य हुनेछ ।<br>(३) यस दफाबमोजिम पक्राउ परेको अपराधी वा अभियुक्त यदि विदेशी राष्ट्रको नागरिक भए निजलाई आफ्नो मुलुकको नजिकको उपयुक्त प्रतिनिधिसँग सम्पर्क स्थापित गर्ने मौका र सहयोग दिनुपर्नेछ र साथै त्यस्तो पक्राउको खबर र अन्य प्रारम्भिक जाँचबुझ गरी सकेपछि त्यस्तो जाँचबुझको ठहर र यस ऐनको अधिकार क्षेत्र प्रयोग गर्ने वा नगर्ने बारेसमेतको जानकारी सम्बन्धित राष्ट्रलाई दिनुपर्छ । | आइसिसिपिआर-१४ | ऐनको यो प्रावधानले पुर्पक्ष पूर्वको स्वच्छताको अधिकारको उल्लङ्घन गरेको छ । कुनै पनि व्यक्तिलाई पक्रिनु भन्दा अगाडि उसले बुझ्ने भाषामा उसलाई लगाइएको अभियोग र अपराधको प्रकृतिको बारेमा उचित तवरले जानकारी गराउनु पर्दछ । उसलाई प्रतिरक्षाको उचित मौका दिनु पर्दछ । | पक्राउ पर्ने व्यक्ति र उसको परिवारलाई पक्राउको कारण खोली सुचना र कानुनी सल्लाहको व्यवस्था गरिनु पर्दछ । यस्तो अधिकार पक्राउ परेको यथासिघ्र र २४ घण्टा भित्रै दिइने व्यवस्था समावेश गरी संशोधन गर्नु पर्ने । साथै पक्राउ पर्ने व्यक्तिको वस्तु स्थिति र अभियोग सावित भएमा उसलाई हुन सक्ने सामान्य सजाँयको बारेमा पनि जानकारी दिने व्यवस्थाको सूनिश्चितता गरिनु पर्दछ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | १२<br><br><br><br><br><br><br><br><br><br><br><br><br><br>१२ क. | **मुद्दा हेर्ने अधिकारी र मुद्दाको कारबाई :**<br>(१) यस ऐनअनतर्गतको मुद्दाको सुरु कारबाई र किनारा गर्ने अधिकार स्थानीय जिल्ला अदालतलाई हुनेछ ।<br>(२) मुद्दाको किनारा लगाउँदा जिल्ला अदालतले दफा ३ को उपदफा (२) को खण्डा (ख) वा (ङ) को सम्बन्धमा बनेको नियम बमोजिमको कसुर र दफा ४ को उपदफा (१) को आदेश बर्खिलाप गरेको कसुरसित सम्बन्धित वायुयान वा पदार्थ वा दुवै जफत गरी श्री ५ को सरकार लाग्ने गरी आदेश दिन सक्नेछ ।<br>(३) दफा ९ क. अन्नार्ततको कसुरसम्बन्धी मुद्दाको कारबाई र किनारा गर्दा जिल्लाअदालतले विशेष अदालत ऐन २०५९ बमोजिको कार्यप्रणाली अपनाउनेछ ।<br>(४) उपदफा (१) वा (२) बमोजिम जिल्ला अदालतले गरेको निर्णयउपर पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।<br>**विशेष अदालत गठन गर्न सकिने :**<br>दफा १२ मा जुनसुकै कुरा लेखिएका भए तापनि दपा ९ क. अन्तर्गतको कसुर गरेमा त्यस्तो कसुरसम्बन्धी मुद्दाको कारबाई र किनारा गर्न श्री ५ को सरकारले विशेष अदालत ऐन २०५९ अन्तर्गत विशेष अदालत गठन गर्न सक्नेछ । | आइसिसिपिआर -१४, संविधान - ८४,८५,८६ | न्याय निरोपणको क्षेत्राधिकारलाई यसका व्यवस्थाहरूले संकुचित बनाएका छन् । त्यसैगरी यी व्यवस्थाहरूले बिशेष मुद्धाको लागि छुट्टै विशेष अदालतको व्यवस्था गरेका छन् । एकातिर जिल्ला अदालतलाई विशेष अदालत सरहको क्षेत्राधिकार प्रदान गरिएको छ भने अर्को तिर कार्यकारिणीले विशेष अदालत गठन गर्नसक्ने प्रावधान छ ।यी प्रावधानहरूले अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रावधान संग मेल नखाने र अस्पष्ट व्यवस्था गरेका छन् । | यस ऐन अन्तरगतका मुद्धाहरू जिल्ला अदालतबाट हेरिने गरी कानुनमा सुधार गरिनुपर्ने । |
| २० | **चिठ्ठा ऐन २०२५** | ५ | **गिरफ्तार गर्ने र खानतलासीलिने अधिकार:**<br>कसैले यो ऐनको बर्खिलाप कामकारबाई गरेको वा गराएको वा सो काम गर्न दुरुत्साहन दिएको छ भन्ने मुनासिबमाफिकको कारण देखेमा वा पत्ता लागेमा नायब निरीक्षक वा सोभन्दा माथिल्लो दर्जाको प्रहरीअधिकृतबाट अधिकार पाएको प्रहरी कर्मचारीले सम्बन्धित व्यक्तिलाई गिरफ्तार गर्न घरजग्गामा प्रवेश गरी खानतलासी लिन र कसुरसम्बन्धी वस्तुहरू कब्जामा लिन सक्नेछ । | आईसीसीपीआर १४ | उद्धृत प्रावधानले स्वच्छ पूर्पक्ष पूर्वको अधिकारलाई इन्कार गर्दछ । तत्काल सूचित हुन पाउने अधिकार र आफू विरुद्द लगाइएको आरोपको कारण र प्रकृति उसले बुझ्ने भाषामा विस्तृत रुपमा दिनु पर्छ । उसलाई प्रतिरक्षाको उचित मौका दिनु पर्दछ । | पूर्पक्ष पूर्वको अधिकारहरु र गिरफ्तार पछिको अधिकारहरुको सुनिश्चिर्ते गरी उद्धृत प्रावधानको संशोधन गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| २१ | **छापाखाना र प्रकाशन सम्बन्धी ऐन २०४८** | ३२ | **पुनरावेदन:** यस परिच्छेदबमोजिम स्थानीय अधिकारीले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र तोकिएको अदालतमा पुनरावेदन दिन सक्नेछ। | आईसीसी पिआर १४, संविधान - ८५ | पुनरावेदन माथिल्लो न्यायिक निकायमा दायर गरिनु पर्दछ, जसले न्यायिक पुनरावलोकनको अधिकार राख्दछ। तर यस प्रावधानले कार्यपालिकालाई स्वइच्छीक रुपमा अदालत तोक्ने अधिकार दिएको छ। | कानूनद्वारा नै पनुरावेदन गर्ने अदालत निश्चित गर्ने गरी संशोधन गर्ने। |
| २२ | **जग्गाप्राप्ति ऐन २०३४** | २५ | **विशेष परिस्थितिमा जग्गा प्राप्त गर्न सक्ने विशेष अधिकार:** (७) क्षतिपूर्ति वा मुआब्जामा चित्त नबुझ्ने व्यक्तिले क्षतिपूर्ति वा मुआब्जा निर्धारण भएको सूचना जारी भएको मितिले पन्ध्र दिनभित्र श्री ५ को सरकार, गृह मन्त्रालयसमक्ष उजुर गर्न सक्नेछ र त्यस्तोमा श्री ५ को सरकार, गृहमन्त्रालयको निर्णय अन्तिम हुनेछ। | आईसी सी पिआर १४ | उद्धत प्रावधानले श्री ५ को सरकारले गरेको निर्णय उपर पुनरावेदन गर्न पाउने अधिकारलाई इन्कार गर्दछ। पुनरावेदन गर्न पाउने अधिकारको प्रत्याभूति गरिनु पर्दछ। यस्तो प्रकारको पुनरावेदन सुन्ने निकाय कानूनद्वारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायलय हुनु पर्दछ। | कमसेकम पुनरावेदन तहको कानूनी अदालतमा पुनरावेदन गर्न पाउने अधिकारको सुनश्चित गरी उद्धत प्रावधानको संशोधन गर्ने। |
| | | ३९ | **दण्डसजाय :** (१) कसैले दफा ६ बमोजिमको कुनै कारबाई गर्न लाग्दा बाधाविरोध गरी त्यस्तो काम कारबाई गर्न नदिएमा वा त्यस्तो काम कारबाई गर्न जाने व्यक्तिहरूलाई हूलहुज्जत गरेमा वा हातपात गरेमा वा त्यस्तो काम कारबाईको सिलसिलामा जडान वा खडा गरिएको कुनै उपकरणलाई तोडफोड गरेमा वा लगाएको वा बनाएको चिन्ह वा नक्सा मेटिदिएमा वा बिगारी दिएमा एक हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ। (२) कसैले दफा ९ बमोजिम सूचना टाँस गर्दा बाधाविरोध गरेमा वा हूलहुज्जत गरेमा एक हजार रुपैयाँसम्म जरिवाना हुनेछ। | यूडीएचआर १०, आइसिसि पिआर - १४, संविधान - ८४,८५,८६ | कुनै पनि दण्डभार बहन गराउने अधिकार प्रयोग गर्ने अधिकारी प्रशासनिक पदाधिकारी नभई कानुनद्धारा स्थापित स्वतन्त्र, सक्षम र निश्पक्ष न्यायधिकरण हुनुपर्दछ। आफ्नो कानुनअनुसारको आचरणका लागि कानुन कार्यान्वयन गर्ने अधिकारीले दायित्व लिनुपर्छ। उद्धृत प्रावधानमा भएको अधिकारप्रत्यायोजनको व्यवस्थामा कार्यपालिकाको पूर्वाग्रह र व्यवस्थाको दुरुपयोग हुने गुन्जाइस छ। सजायनिर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट मात्र हुनुपर्छ प्रशासनिक निकाय वा अधिकारीबाट हुनु हुँदैन। | न्यायपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा रहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने। |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (३) दफा १२ को उपदफा (१) वा दफा २५ को उपदफा (३) बमोजिम स्थानीय अधिकारीले जग्गा कब्जामा लिँदा कसैले बाधाविरोध वा हूलहुज्जत गरेमा एक हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ । | | | |
| | | ४० | **मुद्दा हेर्ने र पुनरावेदन सुन्ने अधिकारीहरू:**<br>(१) यस ऐनअन्तर्गत सजाय हुने कसुरसम्बन्धी मुद्दाको सुरु कारबाई र किनारा गनेएअधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।<br>(२) उपदफा (१) बमोजिम प्रमुख जिल्लाअधिकारीले गरेको निर्णयउपर पैतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।' | | | |
| २३ | **जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन, २०३३** | १३ | **दण्ड सजाय :**<br>(१) दफा ८ को उपदफा (२) बमोजिम मागिएको विवरण वा सोधिएको प्रश्नावलीको जवाफ नदिनेलाई बढीमा पचास रुपैयाँसम्म जरिवाना हुनेछ ।<br>(२) कसैले अरूलाई दुःख दिने वा व्यक्तिगत लाभ गर्ने नियतले झुठो व्यक्तिगत घटनाको सूचना दिएको प्रमाणित भएका त्यस्तो सूचना दिने व्यक्तिलाई बडीमा एक सय रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै हुनेछ र त्यस्तो घटना दर्ता भइसकेको रहेछ भने सो दर्ता रद्द हुनेछ ।<br>(३) कसैले आफ्नो जिम्मामा रहेको व्यक्तिगत घटनासम्बन्धी सूचना फाराम वा दर्ता किताव वा परिवार लगत जानी जानी नष्ट गरेमा वा व्यक्तिगत लाभ वा अनधिकृत कामको लागि प्रयोग गरेमा निजलाई तीन महिनासम्म कैद वा तीन सय रुपैयाँदेखि छ सय रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सकिनेछ । | आइसिसि पिआर - १४, बि पि आइ जे ५ र संविधान - ८४,८५,८६ | उद्धृत प्रावधानले प्रशासकिय अधिकारीलाई मुद्धाको निरोपण गर्ने अधिकार प्रदान गरेको छ र कैदको सजाय गर्दा न्युनतम सजायँ तोकिएको छैन । कुनै पनि प्रकारको सजायँ तोक्ने निकाय कानुनद्धाराने निर्दिष्ट हुनु पर्दछ, सरकार वा प्रसासकिय अधिकारीले तोक्ने होईन । यो प्रावधान अनुशार कार्यकारिणीले अधिकारको दुरुपयोग गर्ने सम्भावना रहन्छ । | सजायको सुनुवाई कानुनद्धारा स्थापित स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायधिकरणबाट मात्र हुनेगरी संसोधन गर्नुपर्दछ । साथै त्यस्तो न्यायधिकरणको योग्यता, पदावधि, क्षेत्राधिकार र कार्यगत स्वतनत्रता न्यायपालिकाको नियन्त्रणमा रहने व्यवस्था गरिनु पर्दछ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (४) कसैले व्यक्तिगत घटना दर्ता गराउन आउने व्यक्तिलाई दर्ता गराउन रोकेको वा छेकथुन गरेको वा भड्काएको ठहरेमा निजलाई बढीमा दुई सय रुपैयाँसम्म जरिवाना हुनेछ । | | | |
| | | १५ | **मुद्दा हेर्ने अधिकारी र कार्यविधि :**<br>(१) दफा १३ अन्तर्गत सजाय हुने मुद्दाको कारबाई र किनारा गर्ने अधिकार प्रमुख जिल्लाअधिकारीलाई हुनेछ ।<br>(२) उपदफा (१) बमोजिम मुद्दाको कारबाई गर्दा प्रमुख जिल्लाअधिकारीले विशेष अदालत ऐन २०३१ बमोजिमको कार्यविधि अपनाउनेछ ।<br>(३) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ । | | | |
| २४ | **जलस्रोत ऐन २०४९** | २२ | **दण्डसजायः**<br>(१) कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रूपैयासम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानिनोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानिनोक्सानी बापतको क्षतिपूर्तिसमेत भराई दिन सक्नेछ ।<br>(२) कसैले यस ऐनबमोजिम अनुमतिपत्र लिनुपर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका सर्तहरू पालन नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ ।<br>(३) यस ऐनबमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा तोकिएको अधिकारीले निजबाट बिगो असूल गरी निजलाई बिगोबमोजिम जरिवानासमेत गर्न सक्नेछ । | आईसीसीपिआर १४ बी पिआइजे ५ संविधान - ८४,८५,८६, | यस प्रावधानले प्रशासकलाई न्याय निरोपण गर्ने अधिकार प्रदान गरेको छ । तर सजायको हद नतोकी प्रशासकलाई खुल्ला छाडी दिएको छ । यस्तो अधिकार प्रयोग गर्न सकिने कुरा कानूनमा उल्लेख नगरीकन कार्यपालिकालाई खुल्ला रुपमा सजायको निर्धारण गर्न सक्ने अधिकारको व्यवस्था गरेको छ । कुनै पनि दण्डभार बहन गराउने अधिकार प्रयोग गर्ने अधिकारी प्रशासनिक पदाधिकारी नभई कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निश्पक्ष न्यायधिकरण हुनुपर्दछ । सजायनिर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट मात्र हुनुपर्छ, सरकारबाट हुनु हुँदैन । | कार्यपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा नरहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (४) कसैले बदनियतसाथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलस्रोतको उपयोगसित सम्बन्धित कुनै संरचना वा त्यस्तो सरंचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानिनोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानिनोक्सानीको बिगो असूल गरी निजलाई बिगोबमोजिम जरिवाना वा दसवर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ । | | | |
| | | २३ | **पुनरावेदन :**<br>दफा १०, १५ वा १६ बमोजिम दिएको क्षतिपूर्तिको रकममा वा दफा २१ बमोजिम तोकिएको अधिकारीले अनुमतिपत्र खारेज गरेकोमा वा दफा २२ को उपदफा (१), (२) वा (३) बमोजिम तोकिएको अधिकारीले दिएको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्ने छ । | | | |
| २५ | **जासुसी ऐन २०१८** | ३ | **जासुसी :**<br>(१) कुनै व्यक्तिले नेपाल अधिराज्यभित्र वा बाहिर नेपाल अधिराज्यको हित वा सुरक्षामा कुनै प्रतिकुल प्रभाव पोर्न उद्देश्यले वा कुनै विदेशी राज्यको हितको लागि त्यस्तो विदेशी राष्ट्रबाट कुनै किसिमको प्रलोभन प्राप्त गरी वा नगरी कुनै व्यक्तिलाई सैनिक स्थिति, सामरिक व्यवस्था वा आन्तरिक सुरक्षाको व्यवस्थाको सूचना दिएमा वा सो दिन उद्योग गरेमा वा दुरुत्साहन दिएमा वा त्यस्तो सूचना दिने उद्देश्यले सामग्री एकत्रित गरेमा वा त्यस्तो सूचना पाओस् भन्ने उद्देश्यले कुनै कामकुरा सुलभ पारी दिएमा वा सुलभ पारी दिनेतर्फ उद्योग गरेमा त्यस्तो व्यक्तिले जासुसी कसुर गरेको मानिनेछ । | संविधान - १६ | यस परिभाषाले सूचनाको हकलाई विचार गर्दैन र संवैधानिक मर्म भन्दा फरक छ । विश्वसनिय मुद्दाहरु कानूनले स्पष्ट रुपमा औल्याउनु पर्छ । | गोप्यता कायम गरिएका कुराहरु कानूनले नै क्रमिक रुपमा किटेर राख्नु पर्दछ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (२) कुनै व्यक्तिले नेपाल अधिराज्यभित्र वा बाहिर नेपाल अधिराज्यको हित वा सुरक्षामा कुनै प्रतिकूल प्रभाव पोर्न उद्देश्यले वा कुनै विदेशी राष्ट्रको हितको लागि त्यस्तो विदेशी राष्ट्रबाट कुनै किसिमको प्रलोभन प्राप्त गरी वा नगरी कुनै व्यक्तिलाई श्री ५ को सरकारको तर्फबाट गोप्य राखिएको कुनै कुटनैतिक लेखोट वा अन्य कुनै गोप्य सरकारी कागजातसम्बन्धी लेखोटको सूचना दिएमा वा सो दिन उद्योग गरेमा वा त्यस्तो सूचना दिन दुरुत्साहन दिएमा त्यस्तो व्यक्तिले जासुसी गरेको मानिनेछ । | | | |
| | | ४ | **खानतलासी र पक्राउ गर्ने अधिकार :**<br>(१) कुनै व्यक्तिले जासुसी कसुर गरेको छ र त्यस्तो व्यक्तिसँग सैनिक स्थिति सामरिक व्यवस्था वा आन्तरिक सुरक्षा व्यवस्थासम्बन्धी कुनै किसिमको नोट, प्लान, मोडेल वा स्केच वा श्री ५ को सरकारको तर्फबाट गोप्य राखिएका कुनै किसिमको सरकारी कागजातसम्बन्धी लेखोट छ भन्ने भरपर्दो शङ्का लागेमा श्री ५ को सरकारले त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न वा जुनसुकै समय त्यस्तो व्यक्तिको घर जग्गामा प्रवेश गरी खानतलासी गर्न वा निजको जीउ वा त्यस्तो मालसामान भएको शङ्का लागेको बाकस, पोको, गुन्टा वा अन्य कुनै मालसामानको खानतलासी गर्न वारेन्ट जारी गर्न सक्नेछ र खानतलासी गर्दा प्राप्त हुन आएको त्यस्तो नोट, प्लान, मोडेल, स्केच वा गोप्य राखिएका सरकारी कागजातसम्बन्धी लेखोट वा जासुसीसम्बन्धी अन्य कुनै मालसामानउपर कब्जा गर्न सक्नेछ ।<br>तर खानतलासी गर्न पाउने वा कुनै कसुरदारलाई गिरफ्तार गर्न पाउने वारेन्ट प्राप्त गर्न केही समय लाग्ने भई कसुरदार भागी जाने वा कसुरको सबूद गायब गरिने सम्भावना देखिएमा त्यस कुराको लिखित | | उद्धृत प्रावधानले स्वच्छ पूर्पक्ष पूर्वको अधिकारलाई इन्कार गर्दछ । तत्काल सूचित हुन पाउने अधिकार र आफू विरुद्द लगाइएको आरोपको कारण र प्रकृति उसले बुझ्ने भाषामा विस्तृत रुपमा दिनु पर्छ । | पक्राउ पर्ने व्यक्ति र उसको परिवारलाई पक्राउको कारण खोली सुचना र कानुनी सल्लाहको व्यवस्था गरिनु पर्दछ । यस्तो अधिकार पक्राउ परेको यथासिघ्र र २४ घण्टा भित्रै दिइने व्यवस्था समावेश गरी संशोधन गर्नु पर्ने । साथै पक्राउ पर्ने व्यक्तिको वस्तु स्थिति र अभियोग सावित भएमा उसलाई हुन सक्ने सामान्य सजाँयको बारेमा पनि जानकारी दिने व्यवस्थाको सूनिश्चितता गरिनु पर्दछ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | | पर्चा खडा गरी श्री ५ को सरकारले वा निजको जीउ वा त्यस्तो मालसामान भएको शङ्का लागेको बाकस, पोका, गुन्टा वा अन्य कुनै मालसामानको खानतलासी गर्न सक्नेछ र खानतलासी गर्दा प्राप्त हुन आएको त्यस्तो नोट, प्लान, मोडेल, स्केच गोप्य राखिएको सरकारी कागजातसम्बन्धी लेखोट वा जासुसीसम्बन्धी अन्य कुनै मालसामानउपर कब्जा गर्न सक्नेछ ।<br>(२) जासुसी कसुर गर्ने व्यक्ति कुनै किसिमको सवारीद्वारा भाग्न लागेमा श्री ५ को सरकारले त्यस्तो सवारी रोक्न वा तोकिएको ठाउँमा उतार्न सक्नेछ । | | | |
| | | ६ | **सजाय :**<br>१ दफा ३ को उपदफा (१) अन्तर्गतको जासुसी कसुर गर्ने व्यक्तिलाई पाँच वर्षदेखि जन्मभरसम्म कैद हुनेछ।<br>२ दफा ३ को उपदफा (२) अन्तर्गतको जासुसीकसुर गर्ने व्यक्तिलाई पाँच वर्षदेखि दस वर्षसम्म कैद हुनेछ।<br>३. जासुसी कसुर गरेको कुरा थाहा पाई दफा ५ बमोजिम जनाउ नदिने व्यक्तिलाई चार वर्षसम्म कैद वा बीस हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br>४. यस दफाबमोजिम कैद वा जरिवानाको सजाय भएको व्यक्ति गैरनेपाली नागरिक भए सो भुक्तान असुल भएपछि श्री ५ को सरकारले निजलाई नेपाल अधिराज्यबाट निष्कासित गर्न सक्नेछ । | | माथि हेर्नुहोस् | माथि हेर्नुहोस् |
| | | ७ | **मुद्दाको पुर्पक्षको लागि अभियुक्तलाई थुनामा राख्ने :**<br>यस ऐन अन्तर्गत जासुसी कसुरको अभियोग लागेको व्यक्ति मुद्दा हेर्ने अधिकारीसमक्ष सावित भयो वा तत्काल प्राप्त सबुद प्रमाणबाट निजले जासुसी कसुर गरेको देखिन आएमा त्यस्तो अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरिनेछ। | आइसिसिपिआर-१४, संविधान १४ एस.एम.आर एन.सि.एम. २.१ | जहाँ अन्य विकल्पहरु न्यायको उद्देश्य पूर्ति गर्न असफल हुन्छन तवमात्र कैदलाई अन्तिम अस्त्रको रुपमा लिनु पर्दछ । यो व्यवस्था स्वच्छ पुर्पक्षको सामान्य सिद्धान्त विपरित छ । यस व्यवस्थाले अनुचित विलम्वका साथ कैद गर्न स्वीकृति दिन्छ। | यस ऐनको दफा ६.३ यस श्रेणीबाट हटाइनु पर्छ र तदनुरुप संशोधन गर्नुपर्छ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | १० | **अदालतको अधिकारक्षेत्र :**<br>श्री ५ को सरकारले अधिकार दिएको अदालतमा बाहेक अरू कुनै अदालतमा यस ऐनअन्तर्गतको अपराधमा मुद्दा चल्न सक्दैन त्यस्तो अदालतको फैसला उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्दछ । | आईसीसी पिआर १४ | व्यक्तिको अधिकार र कर्तव्य कानुनद्वारा स्थापित अदालतले निर्धारण गर्नुपर्दछ । जवकी यस प्रावधानले अदालतलाई अधिकार दिने कुरा कार्यपालिकामा राख्दछ । | कानुनद्वारा पुर्पक्ष गर्ने निकाय सक्षम स्वतन्त्र र निष्पक्ष हुने गरी स्थापना गर्ने सुनिश्चित गरिनुपर्दछ र सामान्य रुपमा फौजदारी मुद्दाहरु साधारण अदालतले हेर्न पाउने अधिकार सम्पन्न बनाउने अथवा यो प्रावधान हटाउने । |
| २६ | **जीउ मास्नेबेच्ने कार्य नियन्त्रण ऐन २०४३** | ७ | **प्रमाण पुऱ्याउने भार :**<br>(१) कुनै स्वास्नीमानिसलाई निजको अभिभावक वा नजिकको नातेदारबाहेक अन्य कसैले विदेश लैजान लागेकोमा बेचविखन गर्ने वा वेश्यावृतिमा लगाउने उद्देश्यले लगेको हो भन्ने दफा ५ बमोजिम कसैको उजुर परेमा त्यस्तो उद्देश्यले लगेको होइन भन्ने कुराको प्रमाण अभियुक्तले पुऱ्याउनु पर्नेछ ।<br>(२) दफा ६ को उपदफा (२) बमोजिम अदालतद्वारा प्रमाणित बयानमा उल्लिखित कुरा झुटो हो भन्ने प्रमाण अभियुक्तले पुऱ्याउनुपर्नेछ । | आईसीसी पिआर १४.२, ३ | उद्धृत प्रावधानले निर्दोषिता अनुमानको सिद्धान्त र (स्वयं दोषारोपण) आत्मअपराधिकरण विरुद्ध सुरक्षाको उल्लंघन गर्दछ । | उद्धृत प्रावधान हटाउने । |
| २७ | **जुवा ऐन २०२०** | ३ | **जुवा खेल्न वा खेलाउनमा प्रतिबन्धः**<br>(१) कुनै व्यक्तिले जुवा खेल्नखेलाउन वा जुवा खेल्ने खाल थाप्न वा आफ्नो हकको वा आफ्नो भोगचलन वा जिम्माको कुनै घर, कोठा वा ठाउँलाई जुवा खेल्ने वा खेलाउने काममा व्यवहार गर्न वा गराउन, जुवा खेलेको ठाउँमा बस्न हुदैन । | यूडीएचआर १०, आई सीसी पि आर १४,२६ संविधान-१४ | अपराधको परिभाषा वैधानिक कानूनद्वारा हुनुपर्छ । जब कुनै कार्य अपराध भनि परिभाषित हुन्छ राज्यको कुनै कार्यपालिकिय अंग वा निकायले स्वीकृति दिएकैभरमा कानूनी हुन्छ भन्न मिल्दैन । यी व्यवस्थाहरुले एकातर्फ जुवालाई अपराध भनि परिभाषित | उद्धृत प्रावधान संशोधन गरी विभिन्न प्रावधानहरु वीच सामान्जस्यता कायम हुने गरी समायोजन गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (२) कुनै व्यक्तिले उपदफा (१) बमोजिम कसुर हुने काम कुरा भएको वा हुन लागेको देखी जानी सो दबाउन वा त्यस्तो कसुर गर्नको निमित्त अरू कसैलाई कुनै प्रकारको मद्दत वा दुरुत्साहन दिन हुँदैन | | गरेको छ र अर्कोतर्फ विशेष व्यवस्था गरी श्री ५ को सरकारले जुवा खेल्न खेलाउन दिन सक्नेगरी अधिकार प्रधान गरेको छ। त्यसकारण यी व्यवस्थाहरु एकअर्कासंग विवादित छन र अपराधको सिद्धान्त र परिभाषासंग असमान रुपमा रहेका छन । | |
| | | ८ | **जुवा सम्बनधी विशेष व्यवस्था :**<br>(१) यस ऐनका अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले कुनै खास स्थान वा क्षेत्र तोकी स्वीकृति दिएमा दफा ३ मा लेखिएको कुनै काम गरे गराएमा यो ऐन बमोजिम कारबाई चलाइने र सजाय गरिनेछैन ।<br>(२) उपदफा (१) बमोजिम स्वीकृति दिँदा श्री ५ को सरकारले आवश्यक सर्त तोक्न सक्नेछ। | | | |
| २८ | **झोरा क्षेत्रको जग्गासम्बन्धी ऐन २०२८** | ७ | **विशेष अदालतको कार्यविधि अपनाउन र अधिकार प्रयोग गर्न पाउने :**<br>यस ऐनअन्तर्गतका काम कारबाई गर्दा उठेको मुद्दा मामिलाको सम्बन्धमा तोकिएको अधिकारीले विशेष अदालत ऐन, २०५९ को कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ। | आईसीसी पिआर १४, बी पिआई जे ५, संविधान - ८४,८५,८६ | उद्धृत प्रावधानहरुले पुर्पक्षको अधिकार प्रशासकलाई दिन्छ र सजायको रुपमा दिइने कैदको हद निर्धारण नगरी खुल्ला रुपमा प्रशासकको जिम्मामा छाडेको छ। त्यसैगरी यस प्रकारको अधिकार प्रयोग गर्ने निकाय/अधिकारी कानुन आफैले नतोकी कार्यपालिकालाई आफ्नै तवरले तोक्न वा किनारा लगाउन छुट दिएको छ। कुनै पनि दण्डभार बहन गराउने अधिकार प्रयोग गर्ने अधिकारी प्रशासनिक पदाधिकारी नभई कानुनद्वारा हुनुपर्दछ। उद्धृत प्रावधानमा भएको अधिकारको दुरुपयोग हुने गुन्जाइस छ। सजायनिर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट मात्र हुनुपर्छ, सरकारबाट हुनु हुँदैन । | न्यायपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा रहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष साधारण अदालत अथवा न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने । |
| | | ८ | **दण्ड सजाय :**<br>(१) कसैले झुठ्ठा व्यहोरा देखाई जग्गा प्राप्त गरेमा वा दफा ६ को कुनै कुरा उल्लङ्घन गरेमा तोकिएको अधिकारीले निजले प्राप्त गरेको जग्गा र सो जग्गा प्राप्त गर्दा बुझाएको रकम जफत गर्न सक्नेछ।<br>(२) यस ऐनअन्तर्गत कामकारबाई गर्दा कसैले बाधा विरोध गरेमा तोकिएको अधिकारीले निजलाई एक हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ। | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ९ | **उजुर वा पुनरावेदन नलाग्ने :**<br>यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम तोकिएको अधिकारीले कुनै कामकारबाई वा निर्णय उपर कुनै अदालतमा नालिस, उजुर वा पुनरावेदन लाग्ने छैन। तर तोकिएको अधिकारीको त्यस्तो निर्णयउपर उजुर परेमा श्री ५ को सरकारले दोहऱ्याई हेर्न सक्नेछ। | आईसीसीपिआर १४.५ | पुर्पक्षोत्तरको चरणमा पुनरावेदन गर्न पाउने अधिकार एउटा स्वच्छ पूर्पक्षको आधारभूत मापदण्ड हो। यस प्रावधानले अझ पुनरावेदनको अधिकारलाई इन्कार गर्दछ र माथिल्लो निकायबाट पुनरावलोकन गर्नको लागि बाटो बन्द गर्दछ। | पुनरावेदन गर्न पाउने अधिकारको सुनिश्चित गरी यस प्रावधानको संशोधन गर्ने। |
| २९ | **ट्रेड युनियन ऐन २०४९** | २८ | **दण्डसजाय:**<br>(१) कुनै पदाधिकारी, सदस्य वा ट्रेड युनियनको कुनै कर्मचारीले ट्रेड युनियनको वा त्यस्तो ट्रेड युनियनबाट सञ्चालित कोष तथा कार्यक्रमको सम्पत्ति हिनामिना गरेमा वा त्यस्तो सम्पत्तिमा कुनै किसिमको हानिनोक्सानी गरेमा श्रम अदालतले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट त्यसरी हिनामिना वा हानिनोक्सानी भएको रकम बराबरको रकम भराउने आदेश दिई पाँच हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ। | आईसीसीपिआर१४,२६ संविधान - ८४,८५,८६, | सजायनिर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट मात्र हुनुपर्छ प्रशासनिक निकाय वा अधिकारीबाट हुनु हुँदैन। ऐनको यस व्यवस्थाले सो अधिकार श्रम अदालतलाई दिएको छ तर पनि सो व्यवस्थाले अदालतलाई पुरा सक्षम बनाउन सक्ने अवस्था भने देखिदैन। | कार्यपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा नरहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने। |
| ३० | **तथ्याङ्क ऐन २०१५** | ३<br><br><br><br><br>४ | **विवरण दाखिल गराउने अधिकार :**<br>श्री ५ को सरकारले सूचित आदेशद्वारा कुनै वर्गको व्यक्तिहरूको भोगचलन वा नियन्त्रणमा रहेको सोही आदेशमा तोकिएको कुरासम्बन्धी तोकिएको खवर, लगत र तथ्याङ्कको तोकिएको ढाँचाको विवरण तोकिएको समयमा महानिर्देशकछेउ दाखिल गर्न त्यस्तो व्यक्तिलाई आदेश गर्न सक्छ।<br>**तथ्याङ्क सङ्कलन गर्दा निर्देश गर्ने अधिकार :**<br>(१) श्री ५ को सरकारले सूचित आदेशद्वारा यस दफामा लेखिएबमोजिम कुनै कुराका सम्बन्धमा तथ्याङ्क सङ्कलन गर्न निर्देश गर्न सक्छ। | आईसीसीपिआर १४,१४.५, बी पिआई जे ५ संविधान- ८४,८५,८६ | ऐनको उक्त व्यवस्थाले प्रशासकिनय अधिकारीलाई न्याय निरोपण गर्न सक्ने अधिकार दिएको छ तर यसले कैदमा राख्न सक्ने सजायको हकको व्यवस्था नगरी प्रशासकिय अधिकारीलाई खुल्ला छाडीदिएको छ। यस व्यवस्थाद्वारा श्री ५ को सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कुनै पनि अधिकारीलाई प्रशासकिय अधिकारीको कारवाही गर्न सक्ने अधिकारीको हस्तान्तरण गर्न सक्ने व्यवस्था गरेको छ। | कार्यपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा नरहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | | (२) उपदफा (१) अन्तर्गत निकालिएको आदेशद्वारा देहायबमोजिम गर्न सकिनेछ :-<br>(क) सङ्कलन गर्नु पर्ने खवरको लगत तोक्ने,<br>(ख) त्यस्तो खवर सङ्कलन गर्ने कामको निमित्त अधिकारप्राप्त अधिकृतहरू नियुक्त वा मनोनीत गर्ने, तिनीहरूका काम, कर्तव्य र अधिकारहरू तोक्ने र त्यस्तो काम, कर्तव्य र अधिकारहरू प्रयोग तथा पालन गर्दा तिनीहरूले अपनाउनुपर्ने कार्यविधि तोक्ने, र<br>(ग) त्यस्तो आदेशअन्तर्गत सङ्कलन गर्नुपर्ने तथ्याङ्क सुविधापूर्वक सङ्कलन गर्नको निमित्त श्री ५ को सरकारको विचारमा आवश्यक देखिएमा वा आकस्मिक अरू सबै कुराहरूको व्यवस्था । | | तर यस्तो कारवाही गर्न सक्ने अधिकार श्री ५ को सरकार वा यसका प्रशासकि अधिकारीले तोकेको व्यक्तिलाई नभई कानूनद्वारा तोकिएको व्यक्तिबाट हुनु पर्दछ । अन्यथा श्री ५ को सरकार वा यसका प्रशासकिय अधिकारीद्वारा शक्तिको दुरुपयोग हुन सक्ने सम्भावना रहन्छ ।<br>सजाय निर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट मात्र हुनुपर्छ प्रशासनिक निकाय वा अधिकारीबाट हुनु हुँदैन । उद्धृत प्रावधानमा भएको अधिकारको दुरुपयोग हुने गुन्जाइस छ ।पुनरावेदन गर्न पाउनु पर्ने अधिकार स्वच्छ न्यायको मुख्य पूर्वाधार हो । तर ऐनको उक्त व्यवस्थाले पुनरावेदन गर्न पाउने अधिकारको वञ्चित गरेको छ । कुनैपनि घटनाको अनुशन्धान अभियोजन फौजदारी कार्यविधि अनुसार हुनुपर्दछ । माथिल्लो निकायका सरकारी अधिकारीबाट फौजदारी कार्यमा कारवाही गर्नका निमित्त अनुमति लिनु पर्दा अनावश्यक झन्झट र समस्या हुन सक्दछ । यदि महानिर्देशकले तल्ला कर्मचारीका अभियोजनका लागि अनुमति नदिएमा त्यसको लागि अरु कुनै कानूनी उपाय ऐनमा छैन । महानिर्देशकबाट लिनु पर्ने अनुमतिको कारणले अपराधीलाई सजायको सट्टा बचाउने वातावरण सृजना हुन्छ । | सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने । ऐनको उक्त व्यवस्थालाई संशोधन गरी पुनरावेदन गर्न पाउने अधिकारलाई संरक्षण गर्नुपर्छ र अनावश्यक र गैरकानूनी तरिकाले आफ्नो शक्तिको दुरुपयोग गरी अपराध गर्नेलाई संरक्षण नगर्ने किसिमको हुनुपर्दछ । |
| | | ५ | **विवरण दाखिल गराउने महा-निर्देशकको अधिकार**<br>महानिर्देशकले आफै वा अरू कुनै अधिकृतद्वारा कुनै व्यक्ति छेउ लेखित सूचना पठाई तोकिएको कुरासम्बन्धी तोकिएको खवर, लगत र तथ्याङ्कको ढाँचाको विवरण तोकिएको समयमा आफूछेउ दाखिल गर्न त्यस्तो व्यक्तिलाई आदेश गर्न सक्छ । | | | |
| | | ९ | **सजाय :**<br>(१) दफा ३ वा ४ वा दफा ५ अन्तर्गत कुनै खवर वा विवरण दिनुपर्ने कर्तव्य भएका कुनै व्यक्तिले देहायको कसुर गरेमा निजलाई त्यस्तो प्रत्येक कसुरको निमित्त रु २००।- दुई सयसम्म जरिवाना वा दुई महिनासम्म कैद वा दुवै सजाय हुनेछ :-<br>(क) जानीजानी त्यस्तो खबर वा विवरण तोकिएको म्यादभित्र नदिएमा वा दिन इन्कार गरेमा, वा<br>(ख) जानीजानी कुनै झुटो खवर वा विवरण दिएमा वा दिलाएमा, | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | तर यस उपदफाअन्तर्गत सजाय हुने कसुर कुनै कम्पनी वा सङ्गठित संस्थाले गरेकोमा सो कसुर भएको कुरा आफूलाई थाहा थिएन वा सो कसुर रोक्न आफूले सकभर उचित प्रयत्न गरेको थियो भन्ने कुरा प्रमाणित गर्न सकेमा बाहेक सो कम्पनी वा संस्थाको प्रत्येक महादिर्नेशक, मैनेजर, सेक्रेटरी वा अरू अधिकृत वा प्रतिनिलाई रु ३००।- तीन सयसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(२) कुनै व्यक्तिले महानिर्देशक वा निजद्वारा दफा ६ अन्तर्गत अधिकारप्राप्त कुनै अधिकृतलाई सो दफाको खण्ड ( क) अन्तर्गत कुनै घरजग्गामा प्रवेश गर्ने अधिकारको प्रयोगमा बाधा पुऱ्याएमा वा सो दफाको खण्ड (ख) अन्तर्गत पेस गर्न दिइएको कुनै लिखत वा चिज जानीजानी पेस गर्न इन्कार गरेमा वा सो दफाको खण्ड (ग) अन्तर्गत सोधिएको कुनै प्रश्नको उत्तर दिन इन्कार गरेमा वा जानीजानी झुटो उत्तर दिएमा निजलाई रु १००।- एक सयसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(क) दफा ७ क. बमोजिम स्वीकृति प्राप्त गरी तथ्याङ्क सङ्कलन गर्नुपर्नेमा स्वीकृति प्राप्त नगरी वा स्वीकृति प्रदान गर्दा तोकिएको प्रणाली वा सर्तविपरीत हुने गरी तथ्याङ्क सङ्कलन गरेमा वा दफा ७ ख बमोजिम कुनै तथ्याङ्कलाई प्रयोगमा ल्याउनु वा प्रकाशित गर्नुअगि प्रमाणित गराउनुपर्नेमा सो नगराई प्रयोगमा ल्याउने व्यक्ति वा संस्था र प्रकाशन गर्ने व्यक्तिलाई त्यसतो प्रत्येक कसुरवापत पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।<br>तर यस उपदफाअन्तर्गत सजाय हुने कसुर कुनै सङ्गठित संस्थाबाट भएकोमा त्यस्तो कसुर आफ्नो | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | जानकारीबेगर भएको हो भन्ने कुरा प्रमाणित गर्न सकेमा बाहेक त्यस्तो कसुरवापतको सजाय सम्बन्धित संस्थाको महाप्रबन्धक वा प्रबन्धक वा प्रमुखलाई हुनेछ ।<br>(३) महा-प्रबन्धक वा विभागको अधिकृत वा कुनै अधिकारप्राप्त अधिकृतले देहायको कसुर गरेमा निजलाई त्यस्तो प्रत्येक कसुरको निमित्त रु २००।- दुईसयसम्म जरिवाना वा २ महिनासम्म कैद वा दुबै सजाय हुनेछ :<br>(क) दफा ८ उल्लङ्घन गरी कुनै खवर वा विवरण वा त्यसको कुनै अंश प्रकाश गरेमा, वा<br>(ख) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियमअन्तर्गत दिइएको आदेश पालन नगरेमा वा पालन गर्न इन्कार गरेमा वा आदेश पालन गर्दा उचित सावधानी वा तत्परता नदेखाएमा, वा<br>(ग) आफ्नो जिम्मामा रहेका तथ्याङ्कसम्बन्धी रेकर्ड लापरबाहीले वा जानीजानी नष्ट गरेमा वा अन्य किसिमबाट त्यसमा नोक्सानी पुऱ्याएमा वा गलत नतिजा निस्कने गरी कुनै खवर कीर्ते गरेमा वा अन्य तरिकाबाट प्रयोग गरेमा वा त्यस्तो रेकर्ड आफ्नो व्यक्तिगत लाभ वा अनधिकृत कामको लागि प्रयोग गरेमा ।<br>(४) दफा ८ उल्लङ्घन गरी कुनै व्यक्तिले कुनै अधिकार प्राप्त अधिकृत वा विभागको अधिकृतबाट कुनै खवर वा विवरण प्राप्त गरेमा निजलाई रु २००।- दुई सयसम्म जरिवाना वा २ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।<br>तर त्यसरी प्राप्त गरेको खवर वा विवरण प्रकाशितसमेत गरेमा निजलाई रु ५००।- पाँचसयसमम जरिवाना वा ५ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(५) कुनै व्यक्तिले जनतालाई यो ऐनअन्तर्गत दिइएको कुनै आदेशको पालन नगर्नु भनी वा अधिकार पाएका कुनै | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | अधिकृतद्वारा कानुनबमोजिम मागिएको कुनै खवर वा विवरण वा सोधिएको कुनै प्रश्नको उत्तर नदिनु भनी प्रचार गरेमा निजलाई रु ५००।- पाँचसयसम्म जरिवाना वा पाँच महिनासम्म कैद वा दुवै सजाय हुनेछ । | | | |
| | | १० | **मुद्दा हेर्ने अधिकार र पुनरावेदन :**<br>(१) यस ऐनअन्तर्गत देहायको कसुरको सम्बन्धमा कारबाई र सजाय गर्ने अधिकार देहायको अधिकारी वा अदालतलाई हुनेछ : -<br>(क) दफा ९ को उपदफा (१), (२) र (५) को कसुर सम्बन्धमा प्रमुख जिल्लाअधिकारी,<br>(ख) दफा ९ को उपदफा (२क) को कसुरको सम्बन्धमा महानिर्देशक, र<br>(ग) दफा ९ को उपदफा (३) र (४) को कसुरको सम्बन्धमा जिल्ला अदालत ।<br>(२) राजपत्राङ्कत अधिकृतको सम्बन्धमा श्री ५ को सरकारको अनुमति र केन्द्रीय तथ्याङ्क विभागका कर्मचारीको सम्बन्धमा महानिर्देशकको अनुमति नभई यो ऐनअन्तर्गत सजाय हुने कुनै कसुरको सम्बन्धमा कुनै उजुर लाग्ने छैन ।<br>(३) उपदफा (१) बमोजिम प्रमुख जिल्लाअधिकारी वा महानिर्देशकले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ । | | | |
| | | १० क. | **अधिकार प्रत्यायोजन गर्न सक्ने :**<br>दफा १० को उपदफा (१) को खण्डा (ख) बमोजिम महानिर्देशकलाई भएको अधिकार श्री ५ को सरकारले नेपालराजपत्रमा सूचना प्रकाशित गरी कुनै अधिकृतले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| ३१ | **दानापदार्थ ऐन २०३३** | ८ | **दण्डसजाय :** यो ऐन वा यस ऐनअन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेशको उल्लंघन गर्ने व्यक्तिलाई पहितो पटक पाँचसय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै र दोस्रो पटकदेखि प्रत्येक पटक एक हजाररुपैयाँदेखि दुई हजार रूपैयासम्म जरिवाना र ६ महिनादेखि दुई वर्षसम्म कैद हुन सक्नेछ । | आईसीसी पिआर १४ बी पिआई जे ५, संविधान ८४,८५,८६ | उद्धृत प्रावधानहरुले पूर्पक्ष गर्ने अधिकार प्रशासकलाई प्रदान गर्दछ । सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट कानुन सम्मत रुपमा गर्नु पर्छ, प्रशासनिक अधिकृत वा सरकारको कुनै अङ्गबाट होइन । | न्यायपालिकाको पुर्ण सुपरिवेक्षकीय नियन्त्रणमा रहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्ने । |
| | | १४ | **मुद्दाको तहकिकात र दायरी :** (१) यस ऐनअन्तर्गतको कसुरसित सम्बन्धित मुद्दाको तहकिकात दाना जाँचकीले गर्नेछ र तहकिकात पूरा गरी निजले मुद्दा हेर्न अधिकारीसमक्ष मुद्दा दायरगर्नेछ । (२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा दाना जाँचकीले सरकारी वकिलको राय लिन सक्नेछ । | | | |
| | | १५ | **मुद्दा हेर्न अधिकारी :** यस ऐनअन्तर्गतको मुद्दा मामिलाको सुरु कारबाई र किनारा र्गेन अधिकार प्रमुख जिल्लाअधिकारीलाई हुनेछ । | | | |
| | | १६ | **पुनरावेदन :** दफा १५ बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सो निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ । | | | |
| ३२ | **दूरसञ्चार ऐन २०५३** | ४८ | **पुनरावेदन :** दफा ४७ को उपदफा (१), (२), (३) र (४) बमोजिम प्राधिकरणले दिएको आदेशउपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र तोकिए बमोजिको समिति समक्ष पुनरावेदन दिन सक्नेछ र सो पुनरावेदनको सम्बन्धमा त्यस्तो समितिले गरेको निर्णय अन्तिम हुनेछ । | आईसीसी पिआर १४.५ | पुनरावेदन गर्न पाउने अधिकार स्वच्छ पुर्पक्षको एउटा प्रमुख मापदण्ड हो । ऐनको उक्त व्यवस्थाले सम्बन्धित निकायमा पुनरावेदन गर्न सक्ने अधिकारको व्यवस्था गरेका छ तर यस व्यवस्थाले उपल्लो सक्षम स्वतन्त्र न्यायिक निकायमा पुनरावेदन गर्न सक्ने अधिकारलाई बन्देज गरेको छ । | ऐनको उक्त व्यवस्थालाई संशोधन गरी स्वतन्त्र निष्पक्ष र सक्षम न्यायिक अंङ्गमा पुनरावेदन गर्न पाउने व्यवस्था गर्नुपर्छ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| ३३ | **दैवी प्रकोप (उद्धार) ऐन २०३९** | १६ | **दण्डसजाय:**<br>१. दफा ४ बमोजिम दिएको आदेश उल्लङ्घन गर्नेलाई तीन महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br>२. दैवीप्रकोप उद्धार कार्यमा बाधा पुऱ्याउनेलाई छ महिनासम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | | उद्धृते प्रावधान अस्पष्ट रुपमा परिभाषित गरिएको छ । यस प्रावधानले सजाय दिने अधिकार प्रयोग गर्ने निकाय (अधिकारी) तोकेको छैन । | अभियोजन र पुपर्क्ष गर्ने अधिकार प्रयोग गर्ने अधिकारी स्पष्ट रुपमा तोकिनु पर्दछ । पूर्पक्षको अधिकार न्यायिक अंङ्गलाई मात्र दिएको छ भन्ने सुनिश्चित गरी संशोधन गर्ने । |
| ३४ | **नगर विकास ऐन २०४५** | १० | **रोक्ने वा भत्काउने :**<br>५ उपदफा १०.४ बमोजिम समिति आफैले कुनै निर्माणको भाग भत्काउँदा वा हटाउँदा गाउँविकास समिति वा नगरपालिकाका सम्बन्धित वडाका सदस्यको रोहबरमा भत्काउनु-हटाउनुपर्नेछ र यसरी भत्काउँदा वा हटाउँदा भरमग्दुर प्रयास गर्दा गर्दै पनि भत्काउनु वा हटाउनुपर्ने भाग भन्दा बढी भाग भत्किन गएमा समिति जवाफदेही हुने छैन र त्यसरी बढी भाग भत्किन गई क्षति पुग्न गए वापत सम्बन्धित व्यक्तिले क्षतिपूर्ति माग गर्न पाउनेछैन । | यूडीएचआर ३,८,१२,१७, संविधान १७आइसी सीपिआर १४,१७ आई सि.इ. एक. सिआर२,११, सामान्य टिप्पणी ४,७ | सम्पत्ती माथिको अधिकार प्रत्येक व्यक्तिमो रहेको हुन्छ । विना क्षतिपूर्ती सार्वजनिक स्वार्थ संरक्षणका लागि होस् वा कुनै अन्य कारणले होस् व्यक्तिको सम्पत्ति माथिको अधिकारलाई कटौती गर्न पाइदैन । यो व्यवस्थाले आवश्यकता अनुसार व्यक्तिको सम्पत्ति विना क्षतिपूर्ति समेत हनन गर्न सक्ने अधिकार समितिलाई प्रदान गरेको छ। समितिको कार्यबाट सम्पत्तिमा पर्न गएको नोक्सानी माथि क्षतिपूर्तिको अधिकारलाई इन्कार गर्नु स्वच्छ सुनुवाई अन्तर्गत न्यायोचित भागको इन्कारी गर्नु हो । | कुनैपनि व्यक्तिको सम्पत्ति नष्ट भए वापत उसले पाउनु पर्ने क्षतिपूर्ति सम्बन्धी अधिकारलाई सुनिश्चित हुने व्यवस्थाका लागि उक्त व्यवस्थाको संशोधन गर्नु पर्दछ । |
| | | १८ | **सजाय :**<br>१. कसैले दफा ९ अन्तर्गत समितिले नियमित, नियन्त्रण वा निषेध गरेका काम कुराहरू समितिको पूर्वस्वीकृतिविना गरेमा वा समितिले स्वीकृति दिँदा कुनै सर्त वा मापदण्ड तोकिदिएको भए त्यस्तो सर्त वा मापदण्ड विपरीत हुने गरी गरेमा त्यस्तो व्यक्तिलाई समितिले अपराधको गाम्भीर्य र अभियुक्तको हैसियत | आईसीसी पिआर १४,१४.५ बी पिआई जे ४,५,६ संविधान-८४,८५,८६, | उद्धृत व्यवस्थाहरुले समितिको न्याय सम्पादनको अधिकार र जेल सजायको अवधिको निर्धारण सम्बन्धी अधिकार प्रदान गर्दछ । अझ अगाडी भन्नुपर्दा यस कमिटिलाई न्यायिक अधिकार दिइएको छैन । सो अधिकार पुनरावेदन कमिटिलाई लाई दिएको छ । पुनरावेदन समिति पनि कार्यकारिणीद्वारा गठन गरिएको हुन्छ र | कानुनद्वारा स्थापित स्वच्छ, निष्पक्ष र सक्षम निकाय वा साधारण अदालतबाट मात्र दण्ड सजाय गर्न सक्ने अधिकार सहितको व्यवस्थाका लागि ऐनको संशोधन गरिनु पर्दछ । न्यायपालिकाको पूर्ण |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | हेरी बढीमा एक लाख रूपैयासम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ<br>२. कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावलीबमोजिम समितिले गरेको वा गर्न लागेको काम कारबाईमा बाधाविरोध गरेमा त्यस्तो व्यक्तिलाई समितिले पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।<br>३. कसैले यो एन वा यस ऐनअन्तर्गत बनेको नियमावली बमोजिम समितिले दिएको आदेश वा निर्देशनविपरीत कुनै काम कारावही गरेमा त्यस्तो व्यक्तिलाई समितिले पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।<br>४. कसैले माथि लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरित अन्य कुनै काम कारबाई गरेमा त्यस्तो व्यक्तिलाई समितिले पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।<br>५. उपदफा १८.१ वा १८.२ बमोजिम समितिले कैदको सजाय गर्दा दफा २० बमोजिमको पुनरावेदन समितिमा साधक जाहेर गरी सदर भएपछि मात्र कार्यान्वयन गर्नु पर्नेछ । | | यसको नियमित काम कारवाहीका लागि कार्यविधिगत नियमहरु बनाउने अधिकार पनि प्रदान गरिएका हुन्छ ।<br>पुनरावेदन कमिटि को नियम शर्त अवधि कार्यविधि, कार्यकारिणीद्वारा निर्धारिण गरी कमिटिद्वारा गरिएको निर्णयलाई सार्वजनिक स्वार्थका लागि शुन्यकरण गर्ने अधिकार कार्यकारिणीलाई हुने व्यवस्था यहाँ गरिएको छ । त्यसकारण कुनै समितिहरु जसले न्यायसम्पादन गर्ने अधिकार प्राप्त गरेका छन तिनीहरु कार्यकारीणिको अन्तर्गत रहेका हुन्छन ।<br>कुनैपनि प्रकारको दण्ड दिने अधिकार प्रयोग गर्ने निकायलाई त्यस्तो अधिकार कानुन स्वयंद्वारा निर्देशित गरिएको हुनुपर्दछ नकी सरकार न कुनै विकास समितिद्वारा निर्देशित हुनुहुन्छ । कार्यकारणीले अधिकार दुरुपयोग गर्न सक्ने गाउँहरु यहाँ पाउन सकिन्छ । कानूनद्वारा स्थापित स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायिक निकायबाट दण्ड सजाय हुनुपर्दछ । नकी कार्यकारणी अन्तर्गत स्थापित कुनै निकायबाट । स्वच्छ सुनुवाइको Post Trial अवधिका लागि अपिल गर्न पाउने अधिकार एक महत्वपूर्ण आधार हो । तसर्थ यि व्यवस्थाहरुले अपिल गर्न पाउने अधिकारको प्रयोग स्वच्छ, निष्पक्ष र सक्षम न्यायिक निकायबाट प्रयोग गर्न पाउने कुरालाई सुनिश्चित गर्न सकेको छैन । | सुपरिवेक्षण नियन्त्रण अन्तर्गत कानूनद्वारा क्षमता, क्षेत्राधिकार, अवधि र कार्यकारिणी निष्पक्षता रहने गरी ऐनको संशोधन गरिनु पर्दछ । न्यायिक पुनरावेदन गर्न पाउने निकायमा पुनरावेदन गर्न पाउने अधिकारको सुनिश्चितताका साथ व्यवस्थाको संशोधन गरिनु पर्दछ । |
| | | २० | **पुनरावेदन समिति**<br>(१) दफा १० वा १८ बमोजिम समितिले दिएको आदेश उपर पुनरावेदन सुन्न श्री ५ को सरकारले आवश्यकता अनुसार पुनरावेदन समितिहरु गठन गर्न सक्नेछ ।<br>(२) पुनरावेदन समितिमा श्री ५ को सरकारले तोकेका देहायका सदस्यहरु रहनेछन ।<br>(क) पुनरावेदन अदालतको न्यायाधिश वा पुनरावेदन अदालतको न्यायाधिश हुन योग्यता पुगेका कुनै व्यक्ति-अध्यक्ष<br>(ख) सम्बन्धीत विषयको विशेषज्ञ-सदस्य | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (ग) एक जना प्रतिष्ठित व्यक्ति- सदस्य<br>(३) पुनरावेदन समितिलाई बयान गराउने, साक्षी प्रमाण बुझ्ने, साक्षीलाई उपस्थित गराउने, लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुनेछ ।<br>(४) पुनरावेदन समितिको कार्य सञ्चालन सम्बन्धी कार्यविधि पुनरावेदन समिति आफैले निर्धारण गर्नेछ ।<br>(५) पुनरावेदन समितिका सदस्यहरुको पदावधि, सेवाको सर्त वा सुविभा सम्बन्धी व्यवस्था श्री ५ को सरकारले तोकिदिए बमोजिम हुने । | | | |
| | | २४ | **श्री ५ को सरकारको अधिकारः**<br>(२) श्री ५ को सरकारले सार्वजनिक हितलाई ध्यानमा राखी आवश्यक देखेमा समितिले यस ऐन बमोजिम दिएको कुनै आदेश पूर्ण वा आंशिक रुपमा बदर गर्न सक्नेछ । | | | |
| ३५ | **निजी वनजङ्गल राष्ट्रियकरण ऐन २०१३** | ५ | **क्षतिपूर्तिको दावी गर्न नपाइनेः**<br>निजी वनजङ्गलमा भएको हक यो ऐन बमोजिम हरिएकोमा कुनै क्षतिपूर्तिको दावी गर्न पाइनेछैन । | यूडीएचआर ३,८,१२,१७, संविधान १७, आईसीसी पिआर१४,१७, आई. सि.इ. एस.सि. आर २, ११, सामान्य टिप्पणी ४,७ | कुनै व्यक्तिलाई उसको सम्पत्तिबाट बन्चित गरिएको खण्डमा उसको क्षतिपूर्तिको अधिकारलाई प्रावधानले पूर्ण रुपमा इन्कार गर्दछ । | जग्गा वा वनको वास्तविक मालिकले क्षतिपूर्ति पाउने सुनिश्चित गरी प्रावधानको संशोधन गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ७ | श्री ५ को सरकारको वाधा अड्काउ हटाउने अधिकार :यो ऐनको दफाहरु कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा श्री ५ को सरकारले ती बाधा फुकाउनको लागि राजपत्रमा प्रकाश गरी चाहिदो आदेश निकाल्न सक्नेछ र त्यस्तो हरेक आदेश यस ऐनमा परे सरह मानिने छ । | यूडि.एच.आरको प्रस्तावना आईसीसी पिआर ९ र १४ | कानुनको शासन भित्र नागरिकको अधिकार र कर्तव्य साथसाथै पदाधिकारीको अधिकार र त्यसको दायरा निर्धारण गर्ने कुरामा कानुन स्वयं स्पष्ट हुनु पर्दछ । जवकी यस प्रावधानले कार्यपालिकालाई आदेश जारी गर्ने छुट दिन्छ र त्यसलाई कानुन समान सम्झन्छ । | संशोधनबाट उद्धृत प्रावधान खारेज गर्ने । |
| ३६ | **निजीकरण ऐन २०५०** | १८ | **सजाय :**<br>कसैले यो ऐन वा यस ऐन अन्तर्गत भएको सम्झौताको पालन गर्नगराउनमा वा निजीकरण गर्ने कार्यमा कुनै पनि किसिमको बाधा अवरोध खडा गरेमा श्री ५ को सरकारले त्यस्तो व्यक्तिलाई दुई महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ। | यूडीएचआर १०, आईसीसी पिआर १४, संविधान -८४,८५,८६ | कुनै पनि दण्डभार बहन गराउने अधिकार प्रयोग गर्ने अधिकारी प्रशासनिक पदाधिकारी नभई कानुनद्धारा स्थापित स्वतन्त्र, सक्षम र निश्पक्ष न्यायधिकरण हुनुपर्दछ । उद्धृत प्रावधानमा भएको अधिकारको दुरुपयोग हुने गुन्जाइस छ ।सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट गर्नु पर्छ,सरकार बाट गरिने होइन । | कार्यपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा नरहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने । |
| ३७ | **निर्वाचन (अपराध र सजाय) ऐन २०४७** | १८ | **सजाय :**<br>(१) कुनै व्यक्तिले दफा ६ वा दफा ११ को खण्ड (ङ) वा (च) वा दफा १४ को विपरीत कुनै काम गरेमा निजलाई दुईहजार रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(२) कुनै व्यक्तिले दफा ४, दफा ५, दफा ७, दफा ८ वा दफा ११ को खण्डा ...(ख), (ग), (घ), (छ) वा (ज), दफा १२ वा दफा १५ को विपरीत कुनै काम गरेमा | आइसिसि पिआर -१४, बी पिआई जे ५,संविधान -८५,८६, | यसका कानुनका प्रावधानले कार्यकारिणीलाई राजपत्रमा सुचना प्रकाशन गरी निर्वाचन अदालत गठन गर्ने र सो उपर पुनरावेदन सुन्ने निकाय तोक्ने अधिकार प्रदान गरेको छ अदालत अथवा न्यायाधिकरणको निर्माण कानून स्वयंको विषय हो, कार्यपालिकाको होइन । यि सिद्धान्तहरुको निर्वाचन अदालतहरुको निर्माण गर्ने समयमा अझ आदर गर्नुपर्छ किनभने कार्यपालिकाको | न्यायपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा रहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | निजलाई एक हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(३) दफा १० को विपरीत कुनै काम गर्ने व्यक्तिको साथमा रहेको हातहतियार वा विषालु वा विष्फोट पदार्थ जफत गरी निजलाई एकहजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(४) कुनै व्यक्तिले दफा ३, दफा ९ वा दफा १३ को विपरीत कुनै काम गरेमा निजलाई एकहजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(५) दफा १७ को उपदफा (१) बमोजिम विवरण पेस नगरेमा त्यस्तो व्यक्तिलाई आयोगले निर्वाचन खर्चको लागि तोकिएको हद बराबरको रकमसम्म जरिवाना गर्न सक्नेछ । त्यसरी जरिवाना गर्ने आदेश दिनुअघि आयोगले सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइ पेस गर्ने मनासिवमाफिकको मौका दिनुपर्नेछ ।<br>(६) दफा १७ को उपदफा (१) बमोजिम पेस भएको विवरणमा सोही दफाको उपदफा (२) बमोजिम लेखापरीक्षण हुँदा लेखापरिक्षकको प्रतिवेदनको आधारमा अस्वाभाविक वा निर्वाचनको स्वच्छतामा प्रतिकूल हुने गरी वा गैरकानुनी प्रयोजनको लागि अनुचित वा गैरकानुनी तवरले खर्च गरेको देखिएमा त्यस्तो व्यक्तलाई तत्काल देखि लागू हुने गरी बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुने गरी आयोगले निर्णय गर्न सक्नेछ । आयोगले त्यस्तो निर्णय गरेकोमा त्यस्तो व्यक्तिलाई निर्वाचित सदस्य रहेछ भने निजको निर्वाचन समेत बदर हुनेछ । आयोगले त्यस्तो निर्णय गर्नुअघि सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइ पेस गर्ने मनासिवमाफिकको मौका दिनुपर्नेछ । | | सर्वसाधारणलाई प्रभावित पर्नको निमित्त राजनैतिक लक्ष्य अझ बढी हुन सक्छ । | न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने । कानूनद्वारा स्वयं तोकिएको न्यायिक पुनरावेदकिय अंगमा पुनरावेदन गर्न पाउने सुनिश्चित गरी उद्धत प्रावधानको संशोधन गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | २२ | **मुद्दा हेर्ने अधिकार :**<br>(१) यस ऐनअन्तर्गतको मुद्दामा कारबाई र किनारा गर्ने अधिकार निर्वाचन अदालतलाई हुनेछ ।<br>(२) निर्वाचन अदालतले गरेको निर्णयउपर श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अदालतमा पुनरावेदन लाग्नेछ र त्यसरी अदालतको निर्णय अन्तिम हुनेछ ।<br>(३) दफा ११ को खण्ड (ङ), (च) वा दफा १४ बमोजिमको अवस्थामा सो बमोजिम अपराध भएको ठहर भई सजाय हुने भए तापनि सबै मतदान केन्द्र वा निर्वाचन क्षेत्रमा आयोगको निर्णयअनुसार भएको पुनः मतदानमा कुनै असर पर्नेछैन ।<br>(४) निर्वाचन अदालतले आफूसमक्ष पर्न आएको निर्वाचनसम्बन्धी कुन उजुरीमा निर्णय दिँदा त्यस्तो उजुरीबाट उठेको कीर्ते वा जालसाजी मुद्दा समेतमा प्रचलित कानुनबमोजिम निर्णय गर्न सक्नेछ । | | | |
| | | २३ | **निर्वाचन अदालतको गठन :**<br>आयोगको सिफारिसमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी निर्वाचन अदालत गठन गर्नेछ । | | | |
| ३८ | **निकासी-पैठारी (नियन्त्रण) ऐन २०१३** | ५ | **दण्डसजाय:**<br>(१) यो ऐन वा यस ऐनअन्तर्गतको सूचित आदेशबमोजिम नियन्त्रण वा मनाही गरिएको वस्तु वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम निकासी वा पैठारी गर्न जारी गरिएको इजाजतपत्रमा तोकिएको वस्तु वा त्यसको मूल्य वा परिमाणमा मनासिब कारणविना फरक पारी कसैले कुनै वस्तु निकासी वा पैठारी गरेमा त्यसरी निकासी वा पैठारी गरेको वस्तु जफत गरी निजलाई | आईसीसीपिआर १४,२६ संविधान ८४,८५,८६ | दण्ड सजाय निर्धारण गर्ने अधिकार प्रयोग गर्ने अधिकारी प्रशासनिक पदाधिकारी नभई कानुनद्धारा स्थापित स्वतन्त्र, सक्षम र निश्पक्ष न्यायधिकरण हुनुपर्दछ । त्यसैगरी शुरु क्षेत्राधिकार भएको निकायले गरेको फैसला उपर माथिल्लो न्यायिक निकायमा पुनरावेदन गर्न सक्ने अधिकार दिइनु पर्दछ । | दण्ड निर्धारण गर्ने अधिकार कानूनद्वारा स्थापित सामान्य अदालत अथवा निष्पक्ष सक्षम र स्वतन्त्र न्यायाधिकरणमा हुनुपर्दछ । जसमा शैक्षिक योग्यता, क्षेत्राधिकार, कार्यकाल एवं कार्यगत |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | सो वस्तुको मूल्यबराबर जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(२) उपदफा १ बमोजिम सजाय हुने कार्यमा सहयोग पुऱ्याउने व्यक्तिलाई सोही उपदफामा उल्लिखित सजायको आधा सजाय हुनेछ | | | स्वतन्त्रताको निश्चितता गरी न्यायालयको पूर्ण निगरानीमा रहन्छ र पुनरावेदन क्षेत्राधिकार सामान्य अदालतलाई दिने गरी यस प्रावधानलाई संशोधन गर्ने । |
| | | ६ | **मुद्दा हेर्ने अधिकार र पुनरावेदन:**<br>दफा ५ को उपदफा १ र २ बमोजिमको कसुरसम्बन्धी मुद्दाको सुरु कारबाई र किनारा गर्ने अधिकार सम्बन्धित भन्सार अधिकृतलाई हुनेछ र निजको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र राजश्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ । | | | |
| ३९ | **नेपाल अधिराज्यको व्यापारिक पानीजहाजको झन्डासम्बन्धी ऐन २०२७** | ९ | **दण्डसजाय :**<br>(१) दफा ५ को उपदफा (२) वा (३) दफा ६ को उल्लङ्घन गर्ने वयक्तिलाई वा सङ्गठित संस्थालाई रु २०००।- सम्म जरिवाना हुनेछ ।<br>(२) दफा ८ को उल्लङ्घन गर्ने व्यक्ति वा सङ्गठित संस्थालाई रु ८०,०००।- असी हजार रुपैयाँसम्म जरिवाना हुनेछ वा त्यस्तो पानीजहाज नै जफत हुन सक्नेछ वा त्यस्तो कसुर गर्ने जिम्मेवार व्यक्तिलाई ५ वर्षसम्क्म कैद हुन सक्नेछ । | आईसीसी पिआर १४ बी पिआई जे ५, संविधान ८४,८५,८६ | उद्धृत प्रावधानले पूर्पक्ष गर्ने अधिकार प्रशासकलाई प्रदान गर्दछ । सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट कानुन सम्मत रुपमा गर्नु पर्छ, प्रशासनिक अधिकृत वा सरकारको कुनै अङ्गबाट गरिने होइन । | दण्ड निर्धारण गर्ने अधिकार कानूनद्वारा स्थापित साधारण अदालत अथवा निष्पक्ष, सक्षम र स्वतन्त्र न्यायाधिकरणमा हुनुपर्दछ । जसमा शैक्षिक योग्यता, क्षेत्राधिकार, कार्यकाल र कार्यगत स्वतन्त्रताको निश्चितता गरी न्यायालयको पूर्ण निगरानीमा रहन्छ र पुनरावेदन क्षेत्राधिकार सामान्य अदालतलाई दिने गरी यस प्रावधानलाई संशोधन गर्नुपर्छ । |
| | | १० | **मुद्दा हेर्ने :**<br>(१) यो ऐन बमोजिम दण्डसजाय हुने कसुरसम्बन्धी मुद्दाको सुरु कारबाई र किनारा गर्ने अधिकार नेपाल पानीजहाज कार्यालयको रजिुट्रारलाई हुनेछ ।<br>(२) उपदफा (१) बमोजिम कारबाई र किनार गर्दा रजिस्ट्रारले प्रचलित नेपाल कानुनबमोजिम जिल्ला अदालतलाई प्राप्त सवै अधिकार प्रयोग गर्नेछ र सो अदालतको कार्यविधि अपनाउनेछ । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (३) रजिस्ट्रारले आवश्यक सम्झेमा आफैं वा अन्य अधिकृत खटाई नेपाल अधिराज्यबाहिर पनि आवश्यक जाँचबुझ गर्न सक्नेछ ।<br>(४) उपदफा (१) बमोजिम रजिस्ट्रारले गरेको निर्णय उपर चित्त नबुझ्नेले ३५ दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ । | | | |
| ४० | **नेपाल इन्जिनियरिङ परिषद् ऐन २०५५** | ३० | **कसुर तथा दण्डसजाय:**<br>(१) दफा ११ बमोजिम परिषद्मा नाम दर्ता नगराई इन्जिनियरिङ व्यवसाय गरेमा यस ऐनबमोजिमको कसुर गरेको मानिनेछ ।<br>(२) उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।<br>(३) उपदफा (२) मा उल्लेख गरेदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने गरी कुनै काम गर्ने व्यक्तिलाई दुई हजार रुपैयाँसम्म जरिवाना हुनेछ । | आईसीसीपिआर १४<br>सि.सि.एल.इ.ओ. १<br>संविधान - ८४,८५,८६ | कुनै पनि दण्डभार बहन गराउने अधिकार प्रयोग गर्ने अधिकारी प्रशासनिक पदाधिकारी नभई कानुनद्धारा स्थापित स्वतन्त्र, सक्षम र निश्पक्ष न्यायधिकरण हुनुपर्दछ । आफ्नो कानुनअनुसारको आचरणका लागि कानुन कार्यान्वयन गर्ने अधिकारीले दायित्व लिनुपर्छ । उद्धृत प्रावधानमा भएको अधिकारप्रत्यायोजनको व्यवस्थामा कार्यपालिकाको पूर्वाग्रह र व्यवस्थाको दुरुपयोग हुने गुन्जाइस छ ।सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट गर्नु पर्छ, प्रशासनिक अधिकृत बाट गरिने होइन । | अनुसन्धान र अभियोजन गर्ने अधिकारी (निकाय) कानून आफैले स्पष्ट रुपमा तोकेर र न्यायपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा रहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने । |
| | | ३५ | **अनुसन्धान तहकिकात तथा मुद्दा चलाउने अधिकारी**<br>दफा ३० बमोजिमको कसुरको अनुसन्धान तहकिकात गर्ने, मुद्दा चलाउने अधिकारी वा निकाय र तत्सम्बन्धी कार्यविधि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएबमोजिम हुनेछ । | | | |
| ४१ | **नेपाल कानुन व्याख्यासम्बन्धी ऐन २०१०** | २ | **परिभाषा :**<br>विषय वा प्रसङ्गबाट अर्को अर्थ नलागेमा यस ऐन वा अरू नेपाल ऐनहरूमा -<br>(च) बाबु-यो शब्ले कानुन बमोजिम धर्मपुत्र राख्न पाउनेमा सो राख्ने बाबुलाई समेत जनाउँछ।<br>(म) पुत्र (छोरा)- यो शब्दे ऐनमा धर्मपुत्र राख्न पाउनेले राखेको धर्मपुत्रलाई समेत जनाउँछ। | यूडीएचआर ७,<br>सि.इ.डि.ए. डब्लु १, १५<br>आईसीसी पिआर २,२६ | यस प्रावधानको परिभाषाले लैङ्गिक भेदभावका आधारमा "आमा" र "छोरी" शब्दलाई बाहेक गरेको छ । | लैङ्गिक समानता कायम गर्न सम्पूर्ण आवश्यक शब्दहरु समावेश गरी संशोधन गर्नुपर्छ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | २५ | **दुई वा धेरै ऐनअन्तर्गत सजाय हुने कसुर बारेका कुरा:**<br>दुई वा दुईभन्दा बढी ऐन मुताविक गरेमा वा नगरेमा कसुर मानिने काम रहेछ भने कसुरदारलाई तीमध्ये कुनै एक ऐनबमोजिम सजाय हुन्छ तर एक पटक सजाय पाइसकेपछि सो कसुरमा दोस्रो पटक सजायको भागी हुँदैन । | संविधान - १४ | यस प्रावधानको व्यवस्था भएर पनि दोहोरो खतराको सिद्धान्तको अन्य विभिन्न व्यवस्था भएका छन । त्यस कारण यो प्रावधान प्रचलित कानुन र नजिरका अन्य व्यवस्थाहरुसित समानजस्यपूर्ण छैन । | दोहोरो खतराको सिद्धान्त यस प्रावधान र विभिन्न कानुका अन्य प्रावधानहरुसंग समानजस्य कायम गरी संशोधन गर्नु पर्दछ । |
| ४२ | **नेपाल गुणस्तर (प्रमाण चिह्न) ऐन २०३७** | १३<br><br><br><br><br><br><br><br>१५ | **दण्डसजाय :**<br>(१) दफा ८ को बर्खिलाप काम गर्ने व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(२) दफा ९ को बर्खिलाप काम गर्ने व्यक्तिलाई एक हजार पाँचसय रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(३) दफा १० बमोजिम तोकिएको पदार्थ वा प्रक्रियामा निर्धारित गुणस्तर नभएमा वा कसैले त्यस्तो पदार्थ वा प्रक्रियामा प्रमाण चिन्ह नलगाई प्रयोगमा ल्याएमा त्यस्तो व्यक्तिलाई पाँच हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(४) कसैले दफा ११ बमोजिम तोकिएको पदार्थ निर्धारित गुणस्तरको नभईकन निकासी पैठारी गरेमा वा गर्न प्रयत्न गरेमा वा गर्न दुरुत्साहन दिएमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँा सम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(५) यस ऐनको अन्य दफा बर्खिलाप काम कारबाई गर्ने व्यक्तिलाई एक हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।<br>**मुद्दा हेर्ने अधिकारी :**<br>यस ऐन अन्तर्गतको मुद्दामा सुरु कारबाई र किनारा गर्ने अधिकार प्रमुख जिल्लाअधिकारीलाई हुनेछ । | आईसीसी पिआर १४ बी पिआई जे ५ संविधान ८४,८५,८६ | यी प्रावधानहरुले पुर्पक्षको अधिकार प्रशासकलाई दिन्छ । सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट कानुन सम्मत रुपमा गर्नु पर्छ, प्रशासनिक अधिकृत वा सरकारको कुनै अङ्ग बाट गरिने होइन । | न्यायपालिकाको पुर्ण सुपरिवेक्षकीय नियन्त्रणमा रहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| ४३ | **नेपाल नर्सिङ परिषद् ऐन २०५२** | २९<br><br><br><br><br><br><br><br>३० | **दण्डसजायः**<br>(१) दफा २० को बर्खिलाप नर्सिङ व्यवसाय गर्ने व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(२) उपदफा (१) मा उल्लेख गरिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने गरी कुनै काम गर्ने व्यक्तिलाई दुई हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।<br>**अनुसन्धान तहकिकात गर्ने तथा मुद्दा चलाउने अधिकारी :**<br>दफा २० बमोजिमको कसुरको अनुसन्धान तहकिकात गर्ने तथा मुद्दा चलाउने अधिकारी वा निकाय र तत्सम्बन्धी कार्यविधि श्री ५ को सरकाले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएबमोजिमको हुनेछ । | आईसीसी पिआर १४, बी पिआई जे ४,५,६, संविधान - ८४,८५,८६ | यसका प्रावधानहरु अस्पष्ट रुपमा परिभाषित गरिएका छन । अनुसन्धान कर्ता, अभियोजनकर्ता र पुर्पक्षकर्ता कानून आफैले राम्रोसंग परिभाषित र निश्चित गरिनुपर्छ । यसलाई कार्यपालिकिय विशेषधिकार वा किनारको विषयको रुपमा छाडीनु हुन्न । जबकि यसका प्रावधानहरुले सम्पुर्ण अथिकार कार्यपालिकालाइ छाड्छ । यस ऐन अन्तर्गतका मुद्दाहरु कानुनद्वारा स्पष्ट रुपमा स्थापित साधारण अदालत अथवा न्यायाधिकरणबाट हुने स्पष्ट व्यवस्था प्रावधानले गर्नुपर्दछ  सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट  कानुन सम्मत रुपमा गर्नु पर्छ, प्रशासनिक अधिकृत वा सरकारको कुनै अङ्ग बाट गरिने होइन । | कानुन स्वयंले अनुसन्धानकर्ता, अभियोजना कर्ता र पुर्पक्षकर्ता स्पष्ट रुपमा तोकी यस प्रावधानको संशोधन गर्नुपर्छ र पुर्पक्षको कार्य कानुनद्वारा स्थापित साधारण अदालत अथवा न्यायाधिकरणबाट मात्र हुने सुनिश्चित गर्नुपर्दछ । |
| ४४ | **नेपाल पशुचिकित्सा परिषद् ऐन २०५५** | २६<br><br><br><br><br>२७ | **अनुसन्धान, तहकिकात तथा मुद्दा चलाउने अधिकारी**<br>दफा २७ बमोजिमको कसुरको अनुसन्धान तहकिकात गर्ने तथा मुद्दा चलाउने अधिकारी वा निकाय र तत्सम्बन्धी कार्यविधि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएबमोजिम हुनेछ ।<br>**कसुर तथा दण्ड सजाय :**<br>(१) दफा ११ बमोजिम परिषद्मा नाम दर्ता नगराई पशु चिकित्सा व्यवसाय गरेमा यस ऐनबमोजिम कसुर गरेको मानिनेछ ।<br>(२) उपदफा (१) बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ । | आईसीसीपि आर १४ बी पिआई जे ४,५,६ संविधान - ८४,८५,८६ | यसका प्रावधानहरु अस्पष्ट रुपमा परिभाषित गरिएका छन । अनुसन्धान कर्ता, अभियोजनकर्ता र पुर्पक्षकर्ता कानून आफैले राम्रोसंग परिभाषित र निश्चित गरिनुपर्छ । यसलाई कार्यपालिकिय विशेषधिकार वा किनारको विषयको रुपमा छाडीनु हुन्न । जबकि यसका प्रावधानहरुले सम्पुर्ण अधिकार कार्यपालिकालाइ छाडेको छ। यस ऐन अन्तर्गतका मुद्दाहरु कानुनद्वारा स्पष्ट रुपमा स्थापित साधारण अदालत अथवा न्यायाधिकरणबाट हुने स्पष्ट व्यवस्था प्रावधानले गर्नुपर्दछ । | कानुन स्वयंले अनुसन्धानकर्ता, अभियोजना कर्ता र पुर्पक्षकर्ता स्पष्ट रुपमा तोकी यस प्रावधानको संशोधन गर्नुपर्छ र पुर्पक्षको कार्य कानुनद्वारा स्थापित साधारण अदालत अथवा न्यायाधिकरणबाट मात्र हुने सुनिश्चित गर्नुपर्दछ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (३) उपदफा (२) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावालीको विपरीत हुने गरी कुनै काम गर्ने व्यक्तिलाई दुई हजार रुपैयाँसम्म जरिवाना हुनेछ । | | सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट कानुन सम्मत रुपमा गर्नु पर्छ, प्रशासनिक अधिकृत वा सरकारको कुनै अङ्ग बाट गरिने होइन । | |
| ४५ | **नेपाल फार्मेसी परिषद् ऐन २०५७** | २९<br><br><br><br><br><br><br><br><br><br>३० | **कसुर तथा दण्डसजाय**<br>(१) दफा ११ विपरीत परिषद्मा नाम दर्ता नगराई फार्मेसी व्यवसाय गरेमा यस ऐन बमोजिम कसुर भएको मानिनेछ र त्यस्तो कसुर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br>(२) उपदफा (१) मा उल्लेख भएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियमको बर्खिलाप हुने गरी कुनै काम गर्ने व्यक्तिलाई दुई हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।<br><br>**अनुसन्धान, तहकिकात तथा मुद्दा चलाउने अधिकारी** दफा २९ बमोजिमको कसुरको अनुसन्धान, तहकिकात गर्ने तथा मुद्दा चलाउने अधिकारी वा निकाय तथा तत्सम्बन्धी कार्यविधि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिम हुनेछ । | आईसीसी पिआर १४ बी पिआई जे ४,५,६, संविधान - ८४,८५,८६ | यसका प्रावधानहरु अस्पष्ट रुपमा परिभाषित गरिएका छन । अनुसन्धान कर्ता, अभियोजनकर्ता र पुर्पक्षकर्ता कानून आफैले राम्रोसंग परिभाषित र निश्चित गरिनुपर्छ । यसलाई कार्यपालिकिय विशेषधिकार वा किनारको विषयको रुपमा छाडीनु हुन्न । जबकि यसका प्रावधानहरुले सम्पुर्ण अधिकार कार्यपालिकालाइ छाडछ। यस ऐन अन्तर्गतका मुद्दाहरु कानुनद्वारा स्पष्ट रुपमा स्थापित साधारण अदालत अथवा न्यायाधिकरणबाट हुने स्पष्ट व्यवस्था प्रावधानले गर्नुपर्दछ । सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट कानुन सम्मत रुपमा गर्नु पर्छ, प्रशासनिक अधिकृत वा सरकारको कुनै अङ्गबाट गरिने होइन । | कानुन स्वयंले अनुसन्धानकर्ता, अभियोजना कर्ता र पुर्पक्षकर्ता स्पष्ट रुपमा तोकी यस प्रावधानको संशोधन गर्नुपर्छ र पुर्पक्षको कार्य कानुनद्वारा स्थापित साधारण अदालत अथवा न्यायाधिकरणबाट मात्र हुने सुनिश्चित गर्नुपर्दछ । |
| ४६ | **नेपाल मेडिकल काउन्सिल ऐन २०२०** | १९ | **पुनरावेदन :**<br>(१) यस ऐन बमोजिम रजिस्ट्रारले गरेको कुनै निर्णय वा अरू कुनै काम कुराका सम्बन्धमा चित्त नबुझ्नेले त्यस्तो निर्णय वा काम कुरा गरे भएको मितिले ३५ दिनभित्र काउन्सिलमा पुनरावेदन गर्न सक्नेछ । | आईसीसी पिआर १४.५,१४ बी पिआई जे ४,५,६, संविधान - ८४,८५,८६ | पुर्पक्षोत्तरको चरणमा पुनरावेदन गर्न पाउने अधिकार एउटा स्वच्छ पूर्पक्षको आधारभूत मापदण्ड हो । यस प्रावधानले समिति, श्री ५ को सरकार अथवा रजिष्ट्रारले गरेको निर्णय विरुद्ध पुनरावेदन गर्ने अधिकार प्रदान गरेको छैन । यस प्रावधानले अझ पुनरावेदनको अधिकारलाई इन्कार गर्दछ र | सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायिक अंगमा पुनरावेदन गर्न पाउने अधिकारको सुनिश्चित गरी प्रावधानको संशोधन गर्ने कानुन स्वयंले अनुसन्धानकर्ता, अभियोजना कर्ता र |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (२) यो ऐन बमोजिम काउन्सिलले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले निर्णय भए गरेको मितिले पैंतीस दिनभित्र पुनरावेदन अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ । | | सक्षम स्वतन्त्र र निष्पक्ष माथिल्लो निकायबाट पुनरावलोकन गर्नको लागि बाटो बन्द गर्दछ ।<br>यसका प्रावधानहरु अपस्ष्टसंग परिभाषित गरिएको छ । अनुसन्धान कर्ता, अभियोजन कर्ता र न्याय निरोपण कर्ता कानून आफैले स्पष्ट रुपमा तोक्ने र परिभाषित गर्नुपर्छ । यसलाई कार्यपालिकिय विशेषधिकार अथवा किनारको विषयको रुपमा छाडिनु हुन्न । जबकि यसका प्रावधानहरुले सम्पुर्ण अधिकार कार्यपालिकालाइ छाडछायस ऐन अन्तर्गतका मुद्दाहरु कानुनद्वारा स्पष्ट रुपमा स्थापित साधारण अदालत अथवा न्यायाधिकरणबाट हुने स्पष्ट व्यवस्था प्रावधानले गर्नुपर्दछ । कैद पारित कानुनद्वारा स्थापित र उचित वैद्याधिक कार्यविधिका आधारमा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायधिकरणले गर्नुपर्दछ । सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट कानुन सम्मत रुपमा गर्नु पर्छ, प्रशासनिक अधिकृत वा सरकारको कुनै अङ्ग बाट गरिने होइन । | पुर्पक्षकर्ता स्पष्ट रुपमा तोकी यस प्रावधानको संशोधन गर्नुपर्छ र पुर्पक्षको कार्य कानुनद्वारा स्थापित साधारण अदालत अथवा न्यायाधिकरणबाट मात्र हुने सुनिश्चित गर्ने । |
| | | २५ | **नालिस र अरू कानुनी कारबाई चल्न नसक्ने :**<br>यो ऐन वा नियममा व्यवस्था गरिएको बाहेक यस ऐन वा नियमले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले वा काउन्सिलले वा रजिस्ट्रारले गरेको कामकारबाई उपर कुनै अदालतमा नालिस उजुर वा अरू कानुनी कारबाई चल्नेछैन । | | | |
| | | २६ | **दर्ता किताबमा नाम दर्ता नभएका व्यक्तिहरूले चिकित्सा सम्बन्धी व्यवसाय गर्न मनाही :**<br>(१) दर्तावाला चिकित्सकहरू बाहेक अरू व्यक्तिले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले आधुनिक चिकित्साको व्यवसाय गर्न पाउने छैन ।<br>(क) प्रचलित कानुनबमोजिम गठन भएको स्वास्थ्यसम्बन्धी व्यावसायिक परिषद्‌मा नाम दर्ता भएका व्यक्तिले औषधि ऐन २०३५ को अधीनमा रही चिकित्सा व्यवसाय गर्न पाउने गरी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमको चिकित्सा व्यवसाय गर्न पाउनेछ ।<br>(२) ......................<br>(३) कसैले यो दफा बमोजिम कसुर गरेमा निजलाई तीन वर्षसम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | २७ | **मेडिकल योग्यतासम्बन्धी उपधि प्रयोग गरेमा सजाय**<br>(१) कुनै व्यक्तिले आधुनिक औषधिसम्बन्धी चिकित्साको काम गर्ने हेतुले आफूले नपाएको अधुनिक औषधि सम्बन्धी डिग्री, डिप्लोमा, सर्टिफिकेट, लाइसेन्स वा उपाधि आफ्नो नामसँग जोडी लेख्न वा लेख्न लाउन हुँदैन ।<br>(२) कसैले उपदफा (१) को बर्खिलाप कसुर गरेको ठहरेमा निजलाई तीन वर्षसम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | | | |
| | | २८ | **मुद्दा चलाउने:**<br>(क) यो ऐनको कुरा भङ्ग गरे बापत कुनै व्यक्ति वा संस्था उपर मुद्दा चलाउन आवश्यक छ भन्ने काउन्सिलको राय भएमा सो काउन्सिलले मुद्दा चलाउने कुराको प्रस्ताव पारित गरी श्री ५ को सरकारछेउ पेस गर्न सक्नेछ ।<br>(ख) त्यस्तो मुद्दाको कारबाई चलाउनको लागि श्री ५ को सरकारले कुनै अधिकृतलाई लिखित रूपमा अख्तियार दिन सक्नेछ । | | | |
| ४७ | **नेपाल विशेष सेवा ऐन २०४२** | ९ | **दण्डसजाय:**<br>यस ऐनको बर्खिलाप काम गर्ने सेवाको कर्मचारी वा सेवाको काममा लगाइएका अन्य व्यक्तिलाइ कसुरको मात्रा हेरी १० वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ र त्यस्तो कसुर गर्ने व्यक्तिबाट धनसम्पत्तिको नोक्सान भएको रहेछ भने क्षति निजको आफ्नो अंशभागको हुने चलअचल सम्पत्ति लिलाम गरी त्यसबाट भराइने छ । त्यसरी भराइदिँदा क्षतिपूर्ति दिनुपर्ने रकम निजको त्यस्तो सम्पत्तिबाट उपर हुन नसकेमा बाँकी रकमवापत प्रचलित कानुनबमोजिम जरिवाना नतिरेसरह गरी कैद हुनेछ । | आईसीसीपिआर १४, बी पिआई जे ४,५,६ संविधान - ८४,८५,८६ एस.एम.आर. एन.सि.एम | अनुसन्धानको समयमा जमानत र संशर्त रिहा गरी र टिप्पणी लेखेर पुर्पक्ष गर्ने प्रक्रियालाई इन्कार गर्ने यस प्रावधानले प्रक्रिया तोकेको छ । अझ यसले यस प्रकारको कैद र टिप्पणीको मुद्दा विरुद्ध पुर्नविचार गर्ने न्यायिक अधिकारलाई वेन्देज गर्दछ । यी प्रावधानहरु जमानत र गैर हिरासतिय उपायहरुको प्रयोगका सिद्धान्तहरु विपरित छन । यसका प्रावधानहरु अपस्ष्टसंग परिभाषित गरिएको छ । अनुसन्धान कर्ता, अभियोजन कर्ता र न्याय | कानुन स्वयंले अनुसन्धानकर्ता, अभियोजन कर्ता र पुर्पक्षकर्ता स्पष्ट रुपमा तोकी यस प्रावधानको संशोधन गर्नुपर्छ र पुर्पक्षको कार्य कानुनद्वारा स्थापित साधारण अदालत अथवा न्यायाधिकरणबाट मात्र हुने सुनिश्चित गर्नुपर्दछ । यस ऐन अन्तर्गत पुर्पक्षका |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | १० | **मुद्दा हेर्न अधिकार :**<br>(१) यस ऐनअन्तर्गत सजाय हुने कसुरसम्बन्धी मुद्दा हेर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गठन गरेको वा तोकेको अदालतलाई हुनेछ ।<br>(२) उपदफा (१) बमोजिमको अदालतले यस ऐनअन्तर्गतका मुद्दामा कारबाई र किनारा गर्दा विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्यविधि अपनाउनेछ ।<br>तर यस ऐनबमोजिमको अभियुक्तलाई थुनामा राख्ने सम्बन्धमा विशेष अदालत ऐन, २०३१ को दफा ९ को उपदफा (२) को खण्ड (छ) मा वा अन्य प्रचलित नेपाल कानुनमा जेसुकै लेखिएको भए तापनि अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने मनासिब कारण भए सो र सो सम्बन्धमा सरकारी वकिलको समेत कुनै जिकिर भए सोसमेत खुलाई पर्चा खडा गरी अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्न सक्नेछ । यसरी पर्चा खडा गरी थुनामा राखी पुर्पक्ष गरेकोमा थुनुवापर्चाउपर कुनै प्रश्न उठाई उजुरी गर्न पाइनेछैन ।<br>(३) उपदफा (१) बमोजिमको अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ र त्यस्तो पुनरावेदनको कारबाई र किनारा सर्वोच्च अदालतको घटीमा तीन जना न्यायाधशिको इजालासबाट हेरिनेछ । | | निरोपण कर्ता कानून आफैले स्पष्ट रुपमा तोक्ने र परिभाषित गर्नुपर्छ । यसलाई कार्यपालिकिय विशेषधिकार अथवा किनारको विषयको रुपमा छाडिनु हुन्न । जबकि यसका प्रावधानहरुले सम्पुर्ण अधिकार कार्यपालिकालाइ छाडछ। यस ऐन अन्तर्गतका मुद्दाहरु कानुनद्वारा स्पष्ट रुपमा स्थापित साधारण अदालत अथवा न्यायाधिकरणबाट हुने स्पष्ट व्यवस्था प्रावधानले गर्नुपर्दछ । सजायको निर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट कानुन सम्मत रुपमा गर्नु पर्छ, प्रशासनिक अधिकृत वा सरकारको कुनै अङ्ग बाट गरिने होइन । | लागि जमानत प्रदान गर्ने र सशर्त रिहाको प्रयोगका सामान्य सिद्धान्त अन्तर्गत आरोपित व्यक्तिको जमानत र गैर कारावासिय उपायको प्रयोगको पुर्ण अधिकारको प्रत्याभूत गरिनु पर्दछ । |
| | | ११ | **बन्द इजलासमा कारबाई हुने:**<br>यस ऐनबमोजिम सजाय हुने कसुरसम्बन्धी मुद्दाको पुर्पक्ष गर्दा र पुनरावेदनको कारबाई र निर्णय गर्दा बन्द इजलासमा गरिनेछ । | यूडीएचआर १०, आई सीसी पिआर १४.१ | स्वच्छ र सार्वजनिक सुनुवाई स्वच्छ पुर्पक्षको न्यूनतम् मापदण्ड हो । यस प्रावधानले शुरु पुर्पक्षमा मात्र नभई पुनरावेदन तहमा पनि यस मापदण्ड विपरित बन्द सुनुवाईको व्यवस्था थोपर्द छ । | उद्धृत प्रावधान हटाउने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| ४८ | **नेपाल पेट्रोलियम ऐन २०४०** | १९ | (६) यस ऐनबमोजिम कुनै ठेकेदारलाई पेट्रोलियम सम्झौताअनुसार पेट्रोलियम कार्य गर्दा वा अन्य अधिकृत काम गर्दा कसैले मनासिव कारणमा बाहेक त्यस्तो कार्यमा बाधा पारेमा वा कुटपिट गरेमा वा रोकटोक गरेमा निजलाई श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अधिकारीले आदेशले छ महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना वा दुवै हुन सक्नेछ ।<br>(७) उपदफा (१), (२), (३), (४) वा (६) बमोजिम भउको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ । | आईसीसी पिआर १४, बी पिआई जे ४,५,६, संविधान - ८४,८५,८६ | यसका प्रावधानहरु अस्पष्ट रुपमा परिभाषित गरिएका छन । अनुसन्धान कर्ता, अभियोजनकर्ता र पुर्पक्षकर्ता कानून आफैले राम्रोसंग परिभाषित र निश्चित गरिनुपर्छ । यसलाई कार्यपालिकिय विशेषधिकार वा किनारको विषयको रुपमा छाडीनु हुन्न । जबकि यसका प्रावधानहरुले सम्पुर्ण अधिकार कार्यपालिकालाइ छाडछ। यस ऐन अन्तर्गतका मुद्दाहरु कानुनद्वारा स्पष्ट रुपमा स्थापित साधारण अदालत अथवा न्यायाधिकरणबाट हुने स्पष्ट व्यवस्था प्रावधानले गर्नुपर्दछ । सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट कानुन सम्मत रुपमा गर्नु पर्छ, प्रशासनिक अधिकृत वा सरकारको कुनै अङ्ग बाट गरिने होइन । | कानुन स्वयंले अनुसन्धानकर्ता, अभियोजन कर्ता र पुर्पक्षकर्ता स्पष्ट रुपमा तोकी यस प्रावधानको संशोधन गर्नुपर्छ र पुर्पक्षको कार्य कानुनद्वारा स्थापित साधारण अदालत अथवा न्यायाधिकरणबाट मात्र हुने सुनिश्चित गर्नुपर्दछ । |
| ४९ | **प्रहरी ऐन २०१२** | ९ | **प्रहरीकर्मचारीको नियुक्ति, बढुवा, बर्खासी र अन्य विभागीय सजायः**<br>(१) राजपत्राङ्कित प्रहरीअधिकृतको नियुक्ति र बढुवा श्री ५ को सरकारबाट र अन्य मातहत दर्जाका प्रहरी कर्मचारीहरूको नियुक्ति र बढुवा प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षक वा अञ्चल उपरीक्षकबाट तोकिएबमोजिम हुनेछ ।<br>(२) प्रहरी कर्मचारी श्री ५ को सरकारको इच्छाअनुसारको अवधिसम्म आफ्नो पदमा वहाल रहनेछन् ।<br>(३) राजपत्राङ्कित प्रहरी अधिकृतलाई श्री ५ को सरकारले र अन्य मातहत दर्जाका अधिकृत र जवानलाई तोकिए बमोजिम प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षक वा अञ्चल | आईसीसी पिआर २,७,१४,२६ सि ए टि १, १६ संविधान ११,१४.४ एच.आर.सि साधारण टिप्पणी २०.५ एम एस आर टि पि ३१ | उद्धृत प्रावधानले मातहत दर्जाका प्रहरी कर्मचारीहरुलाई शारिरिक सजायको रुपमा उचित अभिलेख नराखी १५ दिनसम्म फ्याटिग वा कैद गर्न अनुमति दिन्छ । यातना मातहत दर्जाका दस्तावेजहरुले प्रतिवन्दित गरेको सजायको एक रुप हो । जुन भौतिक सजायमा हुन्छ । | भौतिक वा शारिरिक सजायलाई अनुशासनात्मक सजायको रुपमा दिन प्रतिबन्धीत गर्ने र कुनै पनि व्यक्तिमाथि गरिएको कारवाही अथवा लादिएको सजायको उचित रुपमा अभिलेख राखिएको सुनिश्चित गरी यस प्रावधानको संशोधन गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | उपरीक्षकले बर्खास्त गर्न, सेवाबाट हटाउन, दर्जा वा तलब घटाउन वा अरू सजाय गर्न सक्नेछ ।<br>(४) मातहत दर्जाका प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालन गर्दा असावधानी वा लापरबाही गरेमा वा कुनै कर्तव्य पालन गर्नबाट बच्नको लागि आफूले केही गरी सो कर्तव्य पालन गर्न अयोग्य भएमा वा अनुशासन भङ्ग गरेमा वा अन्यथा अनुचित आचरण गरेमा निजलाई तोकिएको अधिकृतले बर्खास्त गर्न, सेवाबाट हटाउन, दर्जा वा तलब घटाउन वा आवश्यक सम्झे तोकिएबमोजिम देहायको सजाय गर्न सक्नेछ ।<br>(क) एक महिनाको तलब सम्म जरिवाना गर्ने ।<br>(ख) सजायको कवाज, थप गार्ड वा फ्याटिग (शारीरिक थकाइहुने) वा अरू ड्यूटी गराई वा नगराई १५ दिनसम्म क्वार्टरमा नजरबन्द राख्ने ।<br>तर यो खण्डमा लेखिएको सजाय कुनै अधिकृतलाई दिन सकिने छैन ।<br>(ग) महत्वपूर्ण जिम्मेवारीको पदबाट हटाउने वा विशेष तलव भत्ता भएको झिक्ने । | | | |
| | | १० क | **मुद्दा चलाउन बाधा नपर्ने :**<br>(क) दफा ९ बमोजिम विभागीय कारबाई वा सजाय भएकै कारणले यो ऐन वा प्रचलित अन्य नेपाल कानुनअन्तर्गत मुद्दा चल्नमा कुनै बाधा भएको मानिनेछैन । | आईसीसी पिआर १४ | उद्धृत प्रावधानले स्वच्छ पूर्पक्ष पूर्वको अधिकारलाई इन्कार गर्दछ । तत्काल सूचित हुन पाउने अधिकार र आफू विरुद्द लगाइएको आरोपको कारण र प्रकृति उसले बुझ्ने भाषामा विस्तृत रुपमा दिनु पर्छ । यस्ता व्यक्तिहरुलाई प्रतिरक्षा गर्नको लागि उचित समय दिइनु पर्दछ । | पक्राउ पर्ने व्यक्ति र उसको परिवारलाई पक्रउको कारण खोलि सुचना र कानुनी सल्लाहको व्यवस्था गरिनु पर्दछ । यस्तो अधिकार पक्राउ परेको यथासिघ्र र २४ घण्टा भित्रै दिइने व्यवस्था समावेश गरी संशोधन गर्नु पर्ने । साथै पक्राउ पर्ने व्यक्तिको वस्तु स्थिति र अभियोग सावित |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | | | | भएमा उसलाई हुन सक्ने सामान्य सजाँयको बारेमा पनि जानकारी दिने व्यवस्थाको सूनिश्चितता गरिनु पर्दछ । |
| | | १५ | **प्रहरी कर्मचारीको कर्तव्य :**<br>(१) प्रत्येक प्रहरी कर्मचारीको देहाय बमोजिम कर्तव्य हुनेछ ।<br>(क) अधिकार प्राप्त अधिकारीले कानुनबमोजिम दिएको आदेश र जारी गरेको वारेन्ट तदारुखतासाथ पालन तथा तामेल गर्नु ।<br>(ख) शान्ति र व्यवस्थालाई असर पार्ने खालको खबर सङ्कलन गर्नु र माथिल्लो अधिकारीलाई जानकारी दिनु ।<br>(ग) अपराधको रोकथाम गर्नु र जनतालाई अनावश्यक झन्झटमा पर्नबाट बचाउ गर्नु ।<br>(घ) अपराधीहरू पत्ता लगाउनु र अपराधीलाई कानुनबमोजिम सजाय गराउनु ।<br>(ङ) कानुनबमोजिम पक्रनुपर्ने व्यक्तिलाई पक्रनुपर्ने पर्याप्त कारण भएका व्यक्तिहरूलाई पक्रनु ।<br>(च) प्रचलित कानुन बमोजिम गर्नुपर्ने कर्तव्य पालन गर्ने ।<br>(छ) असमर्थ र असहाय भई बाटो घाटोमा परिरहेका व्यक्तिहरूलाई आफूबाट हुन सक्ने हरकिसिमको मद्दत दिने र जोखिम किसिमका र आफ्नु हेरचाह गर्न नसक्ने किसिमका अम्मल खाएका व्यक्ति वा बौलाहाहरूको जिम्मा लिने ।<br>(ज) पक्राउ भएका वा थुनामा रहेका व्यक्ति घायल र बिरामी भएमा आवश्यक मद्दतलाई चाहिने कारबाई | आईसीसी पिआर १४.५ | पुर्पक्षोत्तरको चरणमा पुनरावेदन गर्न पाउने अधिकार एउटा स्वच्छ पूर्पक्षको आधारभूत मापदण्ड हो । यस प्रावधानले अझ पुनरावेदनको अधिकारलाई इन्कार गर्दछ र माथिल्लो निकायबाट पुनरावलोकन गर्नको लागि बाटो बन्द गर्दछ | पुनरावेदन गर्न पाउने अधिकारको सुनिश्चित गरी संशोधन गर्नुपर्दछ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | | तुरुन्त गर्न र त्यस्तालाई पहरा दिँदा वा अन्त लाँदा निजको व्यवस्थाको उचित ख्याल राख्ने ।<br>(झ) पक्राउ भएका वा थुनामा रहेका व्यक्तिलाई चाहिने सिधा र बासको इन्तजाम गर्ने ।<br>(ञ) खानतलासी गर्दा असभ्य व्यवहार नगर्ने र नचाहिने हैरानी नदिने । ।<br>(ट) सर्वसाधारण जनतासँग शिष्ट व्यवहार गर्ने र स्वास्नीमानिस र केटाकेटीहरूसङ्ग व्यवहार गर्दा पूरा इज्जत र मनासिब नम्रतासाथ व्यवहार गर्ने ।<br>(ठ) आगोबाट हानिनोक्सानीको बचाउ गर्न सकभर कोसिस गर्ने ।<br>(ड) जनतालाई दुर्घटना वा खतराबाट बचाउन सकभर कोसिस गर्ने ।<br>(२) माथि खण्ड (क) देखि (ङ) मा लेखिएको कुनै उद्देश्यको प्राप्तिको लागि लागू औषधि वा मदिरा बिक्री गर्ने र सेवन गराउने भट्टी, पसल, होटल, लज, रेष्टुराँ, जुवा खेलिरहेको ठाउँ, साधारणतः चरित्रहीन र बदमासहरू भेला हुने कुनै ठाउँमा विनावारेन्ट प्रवेश गर्न र निरीक्षण गर्न कम्तीमा सहायक निरीक्षकसम्म दर्जाको प्रहरी अधिकृतलाई अधिकार हुनेछ ।<br>(३) उपदफा (२) बमोजिम बिना वारेन्ट प्रवेश वा निरीषण गरेमा त्यस्तो प्रहरी अधिकृतले सो कुराको कारणसहितको लिखित जानकारी यथाशक्य चाँडो प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | १६ | **वारेन्ट इत्यादि जारी गर्ने प्रमुख जिल्लाअधिकारीको अधिकार :**<br>जुनसुकै प्रहरीअधिकृतले आफ्नो कर्तव्यको सिलसिलामा पाएको खवर प्रमुख जिल्ला अधिकारीसमक्ष पेस गरी कुनै अपराध गरेको वा सो गरेको भनी शङ्का भएको वा अपराध गर्न लागेको व्यक्तिको नाममा कानुनद्वारा जारी हुन सक्ने वारेन्ट, खानतलासीको वारेन्ट, समाह्वान वा अरू म्याद सूचना जारी गर्न प्रतिवेदन दिने सक्नेछ र प्रचलित कानुनले त्यस्तो वारेन्ट, समाह्वान वा म्याद सूचना जारी गर्न कुनै अड्डा वा अधिकारीको स्पष्ट व्यवस्था नभएकोमा प्रमुख जिल्ला अधिकारीले जारी गर्न सक्नेछ। त्यस्तो वारेन्ट, खानतलासीको वारेन्ट, समाह्वान वा अरू म्याद सूचना कुनै अड्डा वा अदालतले जारी गर्ने कानुनी व्यवस्था भएकोमा प्रहरीअधिकृतले सो प्रतिवेदन सोझै त्यस्तो अड्डा वा अदालतमा दिनेछ। | आईसीसीपिआर १४.५ | पुर्पक्षोत्तरको चरणमा पुनरावेदन गर्न पाउने अधिकार एउटा स्वच्छ पूर्पक्षको आधारभूत मापदण्ड हो। यस प्रावधानले अझ कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायाधिकरणमा पुनरावेदनको अधिकारलाई इन्कार गर्दछ र माथिल्लो न्यायाधिकरणबाट पुनरावलोकन गर्नको लागि बाटो बन्द गर्दछ। अझ यस ऐनले कार्यपालिकालाई पुनरावलोकनका लागि तोक्न सक्ने असमिति ऐच्छिक अधिकार प्रदान गर्दछ। | पुनरावेदनको अधिकारको सूनिश्चित गरि सशोधन गर्ने। |
| | | ३३ क | **कडा अपराधहरू :**<br>प्रहरीकर्मचारीले देहायको कुनै कसुर गरेमा निजलाई ...आजन्म कैद वा चौध वर्षसम्म कैद वा तीन वर्षको तलब बराबरसम्म जरिवाना वा दुवै सजाय हुनेछ।<br>(क) प्रहरीसेवामासशस्त्र विद्रोह गरेमा वा गराएमा वा विद्रोहमा सरीक भएमा वा सो गर्न गराउन उत्तेजना फैलाएमा वा त्यस्तो गर्न षडयन्त्र वा उद्योग गरेमा,<br>(ख) विद्रोह हुने ठाउँमा आफू भएकोमा सकभर रोक्ने कोसिस नगरेमा वा यस्तो बेलामा देशभक्ति, राजभक्ति वा कर्तव्यरत कुनै पनि व्यक्तिलाई आफ्नो कर्तव्यबाट विचलित गराएमा वा त्यस्तो उद्योग गरेमा,<br>(ग) विद्रोह गर्ने मनसाय गरेको वा षडयन्त्र वा उद्योग भइरहेको थाहा पाई वा त्यस्तो भइरहेको विश्वास गर्नुपर्ने कारण हुादा हुँदै पनि निच मारी उच्च पदाधिकारीहरूलाई यथाशक्य तत्कालै खवर वा सूचना नदिएमा,<br>(घ) ..................... | यूडीएचआर १०, आईसीसीपिआर ९, १४,१५.१ एस.एम. आरटि.पि., एस.एम.आर. एन,सि.एम संविधान १४,८४, | यस प्रावधानले गम्भिर प्रकृतिका साथै अनुशासन सम्बन्धी अपराधहरुमा प्रहरी अदालतलाई आरोपितलाई ठूलो सजाय दिन सक्ने व्यापक स्वविवेकिय अधिकार दिएको छ। जहाँसम्म आरोपित व्यक्तिको अधिकारको कुरा जसमा कानूनी सल्लाह पाउने/लिने अधिकार निर्दोषीताको अनुमान, यातनाबाट स्वतन्त्रता सुनिश्चित गर्ने स्वच्छ कार्यविधिका बारेमा कानूनले कही कतै उल्लेख गरेको छैन। त्यहा कार्यविधिगत प्रत्याभूतिको पूर्ण रुपमा अभाव छ। त्यहाँ न त कैद गर्न प्रयोग गरिने स्वविवेकिय अधिकारलाई मार्ग दर्शन गर्ने कुनै प्रावधान छ न त त्यहा कैदको निश्चित रुपमा तोकिएको माथिल्लो अथवा तल्लो हद नै छ। अनुसन्धान, अभियोजन, पुर्पक्ष र सैनिक अदालतले गरेको फैसला कार्यन्वयन गर्दा | स्वच्छ पुर्पक्षको पूर्ण मान्यताको निश्चित गरी नयाँ कानून जारी गर्ने र पुनरावेदनको अधिकार न्यायिक पुनरावलोकन र न्याय अपयोजन भएको खण्डमा क्षतिपूर्तिको सुनिश्चित गर्ने। |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (ङ) थाना, चौकी, गारद, पालो पहरा आदि र आफूसाथ वा आफ्नो जिम्मा रहेको हातहतियार, खरखजाना अन्य सरकारी धनमाल र कागजातहरू आक्रमणकारीहरूलाई सुम्पी मद्दत गरेमा,<br>(च) आक्रमण वा मुठभेडको समयमा वा सो हुने सम्भावनामा प्रहरी फोर्स वा जनतामा जानीजानी झुटो आतङ्क फैलाएमा वा हरेस खुवाउने वा आतङ्क पार्ने नियतले झुटो खतराको खवर फैलाएमा । | | नेपाल कानूनको विधिवत रुपमा पालना गर्नुपर्छ भन्ने कुरा सैनिक कानूनले कही कतै उल्लेख गरेको छ । यस कानूनका लागि गरिएको अपराधको प्रकृति, गाम्भियता र कैद विचको अनुपात र सन्तुलन नितान्त असम्बन्धीत कुरा हुन । उदाहरणको लागि कुनै व्यक्ति (काममा भएको बेला ) कर्तव्य पालनको सिलसिलामा निदाएमा निजलाई नोकरीबाट निकालिन्छ, यदि त्यसलाई विवेकसिल र समानुपातिक रुपमा लिएको खण्डमा यि व्यवस्थाहरुले सात वर्ष भन्दा बढी कैद सजाय हुन्छ । त्यहा पुनरावेदन गर्ने अधिकार, सार्वजनिक सुनुवाईको अधिकार, अन्याय भएको खण्डमा क्षतिपूर्तिको अधिकार आदिको पूर्ण रुपमा अभाव रहेको छ । न्यायिक पुनरावलोकन र कानूनी सहायतालाई पूर्ण रुपमा उपेक्षा गरीएको छ । वकपत्र गर्न र मृत्युदण्ड स्वीकार्न बाध्य पार्ने प्रावधानले स्वेच्छाचारीताको पराकाष्ट देखाउँछ ।सम्पूर्ण प्रावधानले कारावासलाई महत्व दिन्छ र विकल्पहरु नगन्य छन् । | |
| | | ३३ ख | **अन्य कडा अपराधहरू**:<br>प्रहरी कर्मचारीले देहायको कुनै अपराध गरेमा दस वर्षसम्म कैद वा दुई वर्षको तलब बराबरसम्म जरिवाना वा दुबै सजाय हुनेछ :-<br>(क) श्री ५ को सरकार श्री ५ को सरकारको काम कारबाई र नेपाल अधिराज्यको सार्वभौमसत्ता वा प्रादेशिक अखण्डता र अक्षुण्णतामा खलल पर्न सक्ने गरी घृण, द्वेष वा अवहेलना हुने गरी लेखेर वा बचन वा आकार र चिन्हद्वारा वा अरू कुनै किसिमबाट कुनै कामकुरा गरेमा गराएमा वा सो उद्योग गरेमा,<br>(ख) श्री ५ को सरकारको कुनै मित्रराष्ट्र भित्र लुटमार गरेमा वा गर्न तयारी गरेमा, त्यस्तो व्यक्तिलाई मद्दत वा सूचना दिएमा वा सो मनसायले त्यस्तो व्यक्तिसँग सम्पर्क राखेमा,<br>(ग) आफू खटिएर वा आफ्नो जिम्मामा रहेको वा आफूले रक्षा गर्नुपर्ने थाना, चौकी, गारद, पालो पहरा, पिकेट, टोली वा प्याट्रोल वा प्रतिष्ठापन वा कार्यालयमाथि आक्रमणकारी डाँकु, तस्कर, बदमास र हुलदङ्गा गर्नेहरूले आक्रमण गरेका बखत तिनीहरूसँग मुठभेड हुँदा वा त्यस्तो मुठभेड हुने आशङ्कामा नामदीसँग भागेमा, | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (घ) आफ्नो जिम्मामा रहेको सरकारी वा अरू कसैको हातहतियार खरखजाना बेचबिखन गरेमा,<br>(ङ) लुटको खोजिमा हिड्न आफ्नो थाना, चौकी, गारद, पालो पहरा, पिकेट, टोली, प्याट्रोल प्रतिष्ठापन वा कार्यालय छाडेमा,<br>(च) ड्यूटीमा रहेको वा नरहेको भएतापनि माथिल्लो दर्जाको कर्मचारी भनी थाहा पाएपछि वा विश्वास गर्ने कारण छदाँछदै आपराधिक बल प्रयोग गरेमा वा गर्ने उद्योग गरेमा वा धम्की दिएमा,<br>(छ) आफू माथिको कुनै अधिकृतले आदेश दिएमा वा बाहाल टुटेपछि नियुक्तिको प्रमाणपत्र र बहाल छँदा आफ्नो जिम्मा भएको सरकारी वा अरू कसैको हातहियतार खरखजाना, संयन्त्र, ज्याबल, सरसामान, नगदी जिन्सी समेत तुरुन्त नबुझाएमा वा मनासिब फाँटवारी नदिएमा,<br>(ज) लुट्ने अभिप्रायले घर वा कुनै ठाउँ फेरेमा वा कुनै किसिमबाट धनमाल लुटेमा, हानिनोक्सानी वा क्षति गरेमा,<br>(झ) कर्तव्य पालना गर्दा कायरता देखाएमा । | | | |
| | | ३४ | **अरू अपराधहरू :**<br>प्रहरी कर्मचारीले देहायको कुनै अपराध गरेमा, पाँच वर्षसम्म कैद वा एक वर्षको तलब बराबर सम्म जरिवाना वा दुवै सजाय हुनेछ :<br>(क) आफ्नो जिम्मा रहेको सरकारी वा अरू कसैको संयन्त्र, ज्यावल, सरसामान, वर्दि, तानामाना, तक्मा, पदक, नगदी जिन्सी सवारीको साधन र इन्धन इत्यादी जानी जानी वा लापरवाही गरी बिगारेमा, नासेमा, हराएमा वा दुरूपयोग गरेमा वा बदनीयतीले आफ्नो वा अरू कसैको निमित्त लिएमा वा दिएमा । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (ख) क्याम्पमा रसद वा अरू चाहिने कुरा ल्याउने व्यक्ति उपर हमला वा बेइज्जत गरेमा वा बल प्रयोग गरी अपराध गरेमा वा कुनै स्थानमा बलमिचाइ गरेमा,<br>(ग) आफूमाथिको प्रहरी कर्मचारीले दिएको कानुनी उर्दी नमानेमा,<br>(घ) प्रहरीफोर्सबाट भागेमा,<br>(ङ) सेन्ट्री भै पालो बसेको ठाउँमा सुतेमा वा निमित बदली नआई विनाइजाजत छाडेमा,<br>(च) नियमित बदली नआई वा विनाइजाजत आफ्नो गारद, पिकेट, टोली वा प्याट्रोल छोडेमा,<br>(छ) आफूलाई नियुक्त गर्न अख्तियार पाएका अधिकारीको इजाजतविना रानीजामा गरेमा वा आफ्नो पदको कर्तव्य पालन गर्न छाडेमा,<br>(ज) सेण्ट्रीलाई कुटेमा वा जबरजस्ती गरेमा वा गर्न उद्योग गरेमा,<br>(झ) गारद, पिकेट, प्याट्रोलको कमान्डमा छँदा रीतपूर्वक बुझाएको कैदी वा व्यक्ति बुझ्न इन्कार गरेमा, मनासिव अख्तियारविना आफ्नो जिम्मामा रहेको कुनै व्यक्ति वा कैदीलाई छाडेमा वा लापरबाही गरी त्यस्तो कैदी वा व्यक्तिलाई भाग्न दिएमा,<br>(ञ) गिरफ्तारी वा थुनिएका बखत छाड्न सक्ने अख्तियार पाएकोले नछाड्दै गिरफ्तारी भएको वा थुनिएको ठाउँ छाडी गएमा,<br>(ट) रोग वा शरीरको निर्वलताको झुटो बहाना गरेमा वा भान पारेमा,<br>(ठ) आफ्नो कमान वा जिम्मामा रहेको व्यक्तिहरूको सङ्ख्या वा अवस्थाको वा त्यस्ता व्यक्ति वा श्री ५ को सरकार वा प्रहरी वा प्रहरीफोर्समा सामेल हुन आएको कसैको रुपैयाँ, हातहतियार, खरखजाना, लुगाफाटो, सरसामान | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | वा अन्य मालसामानको झुटो फाँट वा प्रतिवेदन जानीजानी पेस गरेमा वा खराब मनसायले वा जानीजानी बात लाग्ने लापरबाहीबाट माथि लेखिएका विषयको फाँट वा प्रतिवेदन तयार गर्न वा पठाउन छुटाएमा वा इन्कार गरेमा,<br>(ड) राजनैतिक उद्देश्यले सङ्गठन गरिएको सभा, जुलुस वा प्रदर्शनमा भाग लिएमा, भाषण गरेमा, नारा लगाएमा वा वक्तव्य दिएमा,<br>(ढ) आफ्नो ओहदाको धाकधम्की दिई कसैलाई अनाहक दुःख र टण्टा दिएमा वा कसैको सम्पत्ति हानिनोक्सानी गरेमा । | | | |
| | | ३६ | **प्रहरी विशेष अदालतको स्थापना र गठन :**<br>(१) यस परिच्छेदअन्तर्गत सजाय हुने कसुरसम्बन्धी मुद्दाको सुरु कारबाई र किनारा गर्न देहायको दर्जाको प्रहरी कर्मचारीको सम्बन्धमा देहायको प्रहरी विशेष अदालत गठन हुनेछ :-<br>(क) प्रहरी जवानदेखि प्रहरी सहायक निरीक्षक सम्मको लागि जिल्लाप्रहरी विशेष अदालत,<br>(ख) प्रहरी नायव निरीक्षकदेखि प्रहरी नायव उपरीक्षक सम्मको लागि क्षेत्रीय प्रहरी विशेष अदालत,<br>(ग) प्रहरी उपरीक्षक र सोदेखि माथिल्लो तहको प्रहरीअधिकृतको लागि केन्द्रीय प्रहरी विशेष अदालत ।<br>(२) उपदफा (१) बमोजिम जिल्लाप्रहरी विशेष अदालत, क्षेत्रीय प्रहरी विशेष अदालत र केन्द्रीय प्रहरी विशेष अदालतको गठन आवश्यकताअनुसार श्री ५ को सरकार गृहमन्त्रालयले गर्नेछ र प्रत्येक अदालतमा न्यायसेवाको अधिकृतको अध्यक्षतामा एकजना प्रहरी अधिकृतसहित तीन जना सदस्यहरू रहनेछन् र कारबाईमा पर्ने व्यक्ति प्रहरी अधिकृत भएमा निजभन्दा तल्लो श्रेणीको अधिकृत विशेष अदालतमा रहनेछैन । | आई सी सी पिआर १४ बी पिआई जे ५,१० संविधान - ८४,८५,८६ | कुनै पनि अदालत स्वतन्त्र, निष्पक्ष, सक्षम र कानूनद्वारा स्थापित हुनु पर्दछ । जसले कानूनद्वारा तोकिएको कार्यविधि अवलम्बन गरोस । फौजदारी दण्ड कानूनद्वारा स्थापित निष्पक्ष, सक्षम र स्वतन्त्र न्याधिकरणबाट मात्र हुनु पर्दछ । जसमा निश्चित योग्यता, अधिकार क्षेत्र, कार्यकाल र कार्यगत स्वतन्त्रता हुन्छ । प्रहरी अदालतमा न्यायाधिशको रुपमा कार्य गर्ने व्यक्तिहरुको पेशागत तालिम र सक्षमताको बारे वास्तविक चासो (प्रश्न) रहेको छ । | जहा पहिलो उजुरी सुन्ने पुर्पक्ष गर्ने र पुनरावेदन सुन्ने अधिकारी वा निकाय उल्लेख गरिएको छ । त्यसको न्यायिक प्रकृया स्पष्ट कार्यविधिबाट हुने र न्यायाधिशको रुपमा कार्य गर्ने व्यक्तिहरुको योग्यता, अधिकार, काम र दायित्व, कार्य अवधि र कार्यगत स्वतन्त्रता तोकी यस प्रावधानको संशोधन गरिनु पर्दछ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ३६ क | **छुट्टै प्रहरी विशेष अदालत गठन गर्न सकिने :** दफा ३६ मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रहरी नायव निरीक्षक वा सो देखि माथिल्लो दर्जाका अधिकृत र सोही वा तल्लो तहका प्रहरी कर्मचारीसमेत सङ्गठित भै यस परिच्छेदअन्तर्गतको कसुर गरेमा त्यस्तो मुद्दाको सुरु कारबाई र किनारा गर्न श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरि छुट्टै प्रहरी विशेष अदालतको गठन गर्न सक्नेछ । | आईसीसी पिआर १४,२६, बी पिआई जे ५,१० संविधान - ८५,८६ | | |
| | | ३६ ख | **पुनरावेदन :** (१) यस परिच्छेदअन्तर्गतको कसुरसम्बन्धी मुद्दामा दफा ३६ बमोजिमको प्रहरी विशेष अदालतले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले एक तहमाथिको प्रहरी विशेष अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।<br>(२) दफा ३६ को उपदफा (२) ...बमोजिमको केन्द्रीय प्रहरी विशेष अदालत वा दफा ३६क बमोजिमको प्रहरी विशेष अदालतले गरेको निर्णय उपर श्री ५ को सरकारसमक्ष पुनरावेदन लाग्नेछ । | आईसीसी पिआर १४.५, बी पिआई जे ५,१० | | |
| | | ३६ ग | **प्रहरी विशेष अदालतको कार्यविधिः** (१) यस ऐनअन्तर्गत गठन भएको प्रहरी विशेष अदालतले अफ्नो कार्यविधि आफै निर्धारण गरी व्यवस्थित गर्नेछ ।<br>(२) यस परिच्छेदअन्तर्गतको कसुर भएकोमा एक वर्षभित्र मुद्दा चलाउनुपर्नेछ । | आईसीसी पिआर १४, बी पिआई जे ५ | | |
| | | ३७ | **कर्तव्य पालन गर्दा असल नियतले काम गरेमा कर्मचारी दोषी नहुने :** प्रमुख जिल्लाअधिकारी वा प्रहरीकर्मचारीले यस ऐन वा अरू प्रचलित ऐनबमोजिम गर्नुपर्ने कर्तव्य पालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा वा अदालतले दिएको वा जारी गरेको आज्ञप्ति, आदेश वा वारेन्ट तामेल गर्दा असल नियतले गरेकोमा सजायको र हर्जाना तिर्ने भागी हुँदैन । | आईसीसी पिआर २, १४,२६ संविधान - १,११, ८४ | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ३८ | **मुद्दा चलाउने हदम्याद :**<br>यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा विनियमअनुसार वा उक्त ऐन नियम वा विनियमले अधिकार दिएको भन्ने सम्झी कुनै काम गरेका वा सो गर्ने आशयले गरेको कुनै कामको सम्बन्धमा प्रमुख जिल्लाअधिकारी वा प्रहरीकर्मचारीउपर देहायमा लेखिए बमोजिम नभै मुद्दा चल्न सक्दैन ।<br>(क) मुद्दा चलाउने कारण र वादी हुनेको र निजको वारिस भए त्यसको नाम र ठेगाना खाली लिखित नोटिस प्रमुख जिल्लाअधिकारी, प्रहरी कर्मचारीलाई बुझाएको वा हुलाकद्वारा रजिस्टरी गरी पठाएको र त्यसको एक प्रति नक्कल श्री ५ को सरकारमा पेस गरेको एक महिना ननाघी,<br>(ख) मुद्दा चलाउने कारण भएको आठ महिनाभित्र मुद्दा दायर नभई । | | | |
| ५० | **प्राइभेट फर्म रजिस्ट्रेसन ऐन २०१४** | ९ | **नियम बनाउने अधिकार :**<br>यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्छ । सो नियममा लेखिएका कुराहरू उल्लङ्घन गर्ने व्यक्तिलाई जरिवाना वर्ने व्यवस्था पनि सोही नियममा श्री ५ को सरकारले गर्न सक्छ । | यूडीएचआर १०, आईसीसीपिआर १४ संविधान ८४,८५,८६ | कुनै पनि दण्डभार बहन गराउने अधिकार प्रयोग गर्ने अधिकारी सरकार नभई कानुनद्वारा स्वयम निर्धारण हुनुपर्दछ । उद्धृत प्रावधानमा भएको अधिकारको दुरुपयोग हुने गुन्जाइस छ । सजाय निर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट मात्र हुनुपर्छ प्रशासनिक निकाय वा अधिकारीबाट हुनु हुँदैन । | कार्यपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा नरहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| ५१ | **प्राचीन स्मारक संरक्षण ऐन २०१३** | १८ | **यस ऐनबमोजिम काम गर्ने सरकारी कर्मचारीको बचाउः**<br>यस ऐनले दिएको अधिकारबमोजिम असल नियतले गरेको कुनै कामका लागि कुनै सरकारी कर्मचारी उपर हर्जानाको वा कुनै किसिमको मुद्दा कुनै अड्डाअदालतमा चल्न सक्तैन । | आईसीसी पिआर – २,१४ र संविधान- २, ११, १४.१, ८४ | आपराधिक मनसायलाई अदालतले सजाय निर्धारण गर्ने क्रममा विचार गर्दछ र आपराधिक कार्यलाई पनि गरिएको कार्य क्रिया, अकर्म वा ओहदा वारदात के हो भनि छुट्याउन मुद्दा सुनुवाइको सिलसिलामा मुद्दाको गम्भिर्यता हेरी विचार गर्नु पर्दछ । यो फौजदारी न्यायको सामान्य सिद्धान्त हो । जुन उल्लेखित दस्तावेजहरुले पूर्ण रुपमा स्वीकारेका छन । यस व्यवस्थाले व्यक्तिको नियत राम्रो वा नराम्रो के थियो भन्ने जाँच नगरी असल नियत रहेको विश्वासको भरमा आरोपित र अभियोजित गर्ने छुट दिन्छ । | उद्धृत प्रावधान खारेज गर्ने । |
| | | २० | **प्रचलित नेपाल कानुनबमोजिम हुने :**<br>यस ऐनमा लेखिएको कुरामा यसै बमोजिम र अरू कुरामा प्रचलित नेपाल कानुनबमोजिम हुनेछ । तर देहायमा लेखिएको कुरा देहाय बमोजिम गर्नुपर्छ :<br>(क) जुनसुकै अड्डाअदालतले अन्य प्रचलित कानुनबमोजिम गर्दा गराउँदा प्राचीन स्मारक वा पुरातात्त्विक वस्तुको हकमा भने माल धनी जो सुकै भएतापनि त्यस्तो वस्तु श्री ५ को सरकारको पुरातत्त्व विभाग वा उक्त विभागले तोकिदिएको ठाउँमा पठाउनका लागि प्रमुख जिल्लाअधिकारीकहाँ पठाउनुपर्छ र सो वस्तु माल धनीलाई दिने वा लिलाम गरिनेसमेत कुनै कारबाई गर्नु पर्दैन । | युडिएचआर ३,८,१२,१७ संविधान - १७, आईसीसी पिआर १४, १७ आईसीइएस सीआर - २,११ महाटिप्पणी -४,७ | प्रत्येयक नागरिकलाई सम्पत्ति सम्वन्धि अधिकार छ र त्यस्तो सम्पत्ति अन्य कुन प्रयोनज तथ सार्वजनिक हितकै लागि पनि क्षतिपुर्ति नदिइकन प्रयोग गरिनु हुदैन, तर यस कानुनको प्रावधानले न्यायलयलाई नागरिकको सम्पत्तिको अधिकारबाट क्षतिपुर्ति बिना बञ्चित गर्ने सक्ने देखिन्छ । समितिको कुनै कार्यबाट सम्पतिमा पर्न गएको क्षतिमा क्षतिपुर्तिको अधिकारबाट बञ्चित गरिनु स्वच्छ पुर्पक्षको मागदावि माथि बन्दज लगाइनु हो । | कसैको सम्पतीमा नोक्सानी पुग्न गएमा क्षतिपुर्ति लिन पाउने अधिकारको व्यवस्था गरी संसोधन गर्ने। |
| ५२ | **प्रादेशिक विकास योजनाहरू (कार्यान्वित गर्ने) ऐन २०१३** | ४ | **जग्गाजमिन प्राप्त गर्ने श्री ५ को सरकारको अधिकार**<br>(१) दफा २अन्तर्गत सूचनामा उल्लेख भएअनुसारको कुनै विकास योजना कार्यान्वित गर्नको निमित्त विकासक्षेत्रभित्रको कुनै जग्गाजमिन इत्यादिको आवश्यकता छ भन्ने श्री ५ को सरकारको विचारमा | यूडीएचआर ३,८,१२,१७, संविधान - १७ आई सीसीपआर | उद्धृत प्रावधान कसैको पनि जिवन स्वतन्त्रता र सुरक्षा माथी धम्कीपूर्ण (त्रासपूर्ण) छ । यस व्यवस्थामा व्यक्तिको गोपनियता घर परिवार, अथवा पत्राचार र व्यक्तिको मान र ख्याति माथि अनावश्यक स्वेच्छिक | कुनै पनि व्यक्तिलाई सम्पत्तिबाट वन्चित गरिएका प्रत्येक व्यक्तिको क्षतिपूर्ति माथि समान अधिकारको सुनिश्चित गरी |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | लागेमा श्री ५ को सरकारले त्यस्तो जग्गाजमिन प्राप्त गर्न सक्तछ ।<br>(२) जग्गा प्राप्त गर्नेबारे तत्काल लागू भइरहेको ऐनबमोजिम यस्ता जग्गाजमिन प्राप्त गरिनेछ । तर जग्गा प्राप्त गर्नु भन्दा अघि दई वर्षसम्म पर्ति रहेको जग्गाजमिनका हकमा कुनै क्षतिपूर्ति दिइने छैन र श्री ५ को सरकारले विकसित क्षेत्रको कुनै विकसित जग्गाजमिन बेच्न चाहेको खण्डमा जुनजुन व्यक्तिबाट श्री ५ को सरकारले क्षतिपूर्तिबेगर त्यस क्षेत्रमा जग्गाजमिन प्राप्त गरेको थियो, तीती व्यक्तिले दफा ५ अन्तर्गत बनिने नियमहरुको अधिनमा रही त्यस्तो विकसित जग्गाजमिन किन्न नपाई अरूले किन्न पाउनेछैन । | १४,१७, आइ सि इ एस सि आर २, ११, साधारण टिप्पणी नं. ४, ७ | हस्तक्षेप हुन सक्ने धेरै सम्भावना छ । यस प्रकारका हस्तक्षेप अथवा आक्रमणबाट जोगाउन कानूनले कुनै व्यवस्था गरेको छैन । त्यसैगरी यस व्यवस्थाले संविधान तथा कानूनद्वारा प्रदान गरिएका मौलिक हकहरुको उल्लंघन भएको खण्डमा सक्षम राष्ट्रिय न्यायाधिकरणबाट प्रभावकारी उपचारको व्यवस्था गरेको छैन । कुनै पनि व्यक्तिको सम्पत्ति हनन गर्ने अधिकार सरकारको इच्छा र चाहनामा भर पर्नु हुदैन । यस व्यवस्थाले सरकारबाट निरंकुशता, स्वच्छाचारीपनाको प्रयोग गर्ने सम्भावना रहन्छ । (सरकार) जब राज्यको हस्तक्षेपको कारण व्यक्तिगत सम्पत्तिमाथि हानी अथवा नोक्सानी पुग्दछ । क्षतिपूर्तिबाट विमुख गराउनु पूर्ण रुपमा अन्याय र अस्वभाविक हो । | यस प्रावधानको संशोधन गर्ने । |
| ५३ | **वन ऐन २०४९** | ६५ | **मुद्धा हेर्ने अधिकारी :**<br>(१) यस ऐनअन्तर्गत दस हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा जिल्ला वनअधिकृतले कारबाई र किनारा गर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम जिल्ला वनअधिकृतले मुद्दाको कारबाई र किनारा गर्दा विशेष अदालत ऐन २०३१ बमोजिमको कार्यविधि र अधिकारको प्रयोग गर्नेछ ।<br>(३) उपदफा (१) बमोजिम जिल्ला वनअधिकृतले गरेको निर्णयउपर चित्त नबुझ्ने पक्षले निर्णयका सूचना पाएको मितिले ३५ दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ । | आईसीसी पिआर १४, संविधान - ८४,८५,८६ | सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट गर्नु पर्छ, प्रशासनिक अधिकारीबाट होइन । | दण्ड सजाय निर्धारण गर्ने अधिकार अदालतलाई मात्र हुने गरी उद्धत प्रावधानको संशोधन गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
| --- | --- | --- | --- | --- | --- | --- |
| ५४ | **वातावरण संरक्षण ऐन २०५३** | १८ | **दण्डसजाय :**<br>(१) कसैले दफा ६ बमोजिम प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रस्तावविपरीत कुनै कार्य गरेमा तोकिएको अधिकारीले त्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्नेछ र त्यस्तो कार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए निजलाई कसुरको मात्रा हेरी एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।<br>(२) कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा निर्देशिकाविपरीत अन्य कुनै कार्य गरेमा तोकिएको अधिकारीले त्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्नेछ र त्यस्तो कार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए निजलाई कसुरको मात्रा हेरी पचास हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ। | आइसिसिपिआर - १४, संविधान ८४,८५,८६ सि.सि. एल.इ.ओ. १ | कुनै पनि दण्डभार बहन गराउने अधिकार प्रयोग गर्ने अधिकारी कार्यपालिकाको तजबिजले तोक्ने कुरा नभई कानुन स्वयंबाट तोकिनुपर्छ। आफ्नो कानुन अनुसारको आचरणका लागि कानुन कार्यान्वयन गर्ने अधिकारीले दायित्व लिनुपर्छ। उद्धृत प्रावधानमा भएको अधिकार प्रत्यायोजनको व्यवस्थामा कार्यपालिकाको पूर्वाग्रह र व्यवस्थाको दुरुपयोग हुने गुन्जाइस छ। त्यसैगरी दोस्रो भागले अधिकारीको सामान्य निर्देशन नमानेमा त्यस्तो व्यक्तिलाई दण्डित गर्न सक्ने अधिकार दिएको छ। जरिवाना गर्न (बृहत) धेरै स्वविवेकिय अधिकार दिएको हुँदा अधिकारीबाट अधिकारको दुरुपयोग हुने यथेष्ट सम्भावना रहन्छ। | कानून उल्लंघन भएको अवस्थामा जरिवाना गर्ने खास अधिकारीलाई अधिकार प्रयोग गर्न सक्ने गरी संशोधन गर्ने। उल्लंघन हुने सम्भाबना भएका खास (श्रेणी) प्रकारका कानूनको नियम र निर्देशनद्वारा किटान नगरी कानून आफैले किटान गर्ने गरी संशोधन गर्नुपर्ने। |
| ५५ | **बालबालिका सम्बन्धी ऐन २०४८** | २ | **परिभाषा:**<br>विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:<br>क) "बालक" भन्नाले १६ वर्षको उमेर पूरा नभएको बालबालिका सम्झनुपर्छ। | सि.आर.सि. १, ३७ | यस प्रावधान अनुसार वालिग मताधिकारको उमेर आपराधिक दायित्वको उमेर बिचमा फरक छ। यस व्यवस्थाले १८ वर्ष भन्दा मुनिका बालबालिकाहरूलाई मृत्यु दण्ड हुनेगरी सजायँ तोकिने सम्भावनालाई रोक्न सकेको छैन। | संविधान संसोधन गरी यात १६ बर्षलाई बालिग मानेर मताधिकार समेत दिइनु पर्दछ यात १८ वर्ष मुनिकालाई बालक मान्नुपर्दछ। १८ वर्ष मुनिका बालबालिकालाई मुत्युदण्डको सजाय हुने व्यवस्थारू खारेज गरी १८ वर्ष मुनिका बालबालिकालाई आजन्म कारावासको सजायँ नहुने व्यवस्था गरिनु पर्दछ। |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ७ | **क्रूर वा यातनापूर्ण व्यवहार गर्न नहुने:** बालकप्रति क्रूर वा यातनापूर्ण व्यवहार गर्नु हुदैन । तर बाबु, आमा, परिवारका सदस्य, संरक्षक वा शिक्षकले बालकको हितको लागि हप्काएको वा सामान्य पिटाइ गरेकोमा यस दफाको उल्लङ्घन गरेको मानिनेछैन । | सि.आर.सि. १९, ३७ | बालक विरुद्ध कुनै पनि प्रकारको शारिरिक र मानसिक सजायँलाई निशेध गरिएको छ जवकि यो प्रावधानमा बालकलाई हप्काउनु वा सामान्य पिटाइ गर्नुलाई स्वीकार्य मानिएको छ | उद्धृत प्रावधानलाई पुर्णरुपमा खारेज गरिनु पर्दछ । |
| | | ११ | **बालक र अपराधिक दायित्व**<br>१) कानून बमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा १० वर्ष मुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय हुन सक्दैन ।<br>२) बालकको उमेर १० वर्ष वा सो भन्दा माथी र १४ वर्ष भन्दा कम रहेछ भने निजलाई कानून बमोजिम जरिवाना हुने कुनै अपारध गरेकोमा हप्काइ, सम्झाई, बुझाई र कैद हुने अपराध गरेकोमा कसुर हेरी ६ महिनासम्म कैद हुन्छ ।<br>३) १४ वर्ष वा सो भन्दा माथी र १६ वर्ष भन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानून बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधार सजाय हुन्छ ।<br>४) बालकलाई सिकाइ कसैले कुनै अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरे सरह कानुन बमोजिम पुरा सजाय हुन्छ । | सि.आर सि. १९, ४० | १० देखि १४ वर्ष बिचका बालबालिकाहरूलाई सजायँको रुपमा हप्काइ वा गालीलाई स्विकार गरिएको छ जुन एक प्रकारको शारिरिक तथा मानशिक हिंसा हो । त्यसै गरी १४ देखि १६ बर्ष बिचका बालबालिकाहरूलाई उमेर पुगेका व्यक्तिलाई हुने सजायँको आधी सजायँ हुने व्यवस्था गरिएको छ । जवकि अन्तर्राष्ट्रिय मापदण्ड आनुसार उनीहरूले गरेको कसुर र कसुरको प्रकृति हेरी उनीहरूको भलाइको लागि सजायँका विकल्प र संस्थागत हेरबिचारको व्यवस्था गरिनु पर्दछ । | सामादुयिक सेवा, हेरबिचार, निर्देशन, सुपरिबेक्षण, सल्लाह, शिक्षा, आयमुलक तालिम लगायतका व्यवस्थाहरू अवलम्वन गरिनु पर्दछ । ऐनको दफा १५ र ५० को पुर्नबिचार गरी उचित दण्डका सिद्धान्तहरू अवलम्वन गरिनुपर्दछ । |
| | | ४२ | **बालसुधारगृहको स्थापना र सञ्चालन:**<br>(१) श्री ५ को सरकारले आवश्यकताअनुसार बालसुधारगृहको स्थापना गर्नेछ ।<br>(२) उपदफा १ बमोजिम स्थापना भएको बालसुधारगृहमा देहायका बालकहरूलाई राखिनेछः-<br>क) कुनै कसुरको अभियोग लागी मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानुनबमोजिम थुनामा बस्नुपर्ने बालकम | सि.आर.सि. ३७, ३९, ४०, १० | उद्धृत प्रावधानले सबैं प्रकारका बालबालिकाहरूलाई एकै प्रकारको सुधार गृहमा राखिने व्यवस्था गरेको छ । जवकि अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सुधार र सुरक्षाको आवश्यकता हुने बालबालिकाहरूलाई छुट्टा छुट्टै व्यवस्था गरिनु पर्दछ । पुरै ऐन बालबालिकाले गरेको कसुरको अनसन्धान कार्यविधि, पुर्पक्ष, | कानुनी प्रावधान बिपरित कार्य गर्ने बालबालिकालाई कानुन संसोधन गरी छुट्टा छुट्टै कार्यक्रम र सुधार गृहको व्यवस्था, मुद्धाको अनुसन्धान प्रकृया, म्याद थप र पूर्पक्ष लगायतका कार्यविधि निर्धारित गरिनु पर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | ख) प्रचलित कानुनबमोजिम कैदको सजाय पाएकोमा सोबमोजिम कैदमा जानुपर्ने बालकम<br>ग) लागू औषधिको कुलतमा लागेको बालकम<br>घ) बाबु, आमा वा घरपरिवारबाट भागी हिड्ने गरेको बालकम<br>ङ) अनैतिक वा अवाञ्छनीय क्रियाकलापमा संलग्न व्यक्तिहरूसग बसउठ गर्ने वा त्यस्ता व्यक्तिहरूको क्रियाकलापमा सरिक हुने वा तिनीहरूको आम्दानीमा आश्रित हुने बालकम<br>च) श्री ५ को सरकारले तोकेको वर्गीकरणका बालकहरू | | उनीहरू संग गरिने व्यवहारबारे मौन छ । जवकि यस्तो व्यवस्था गरिनु पर्दछ भनेर आइ सि सि पि आर १० (ख) विशेष गरी बोलेको छ । | |
| | | ५५ | **मुद्दा हेर्ने अधिकारी र मुद्दाको सम्बन्धमा अपनाइने कार्यविधि**<br>१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकता अनुसार बाल अदालतको गठन गर्नेछ । त्यस्तो अदालतको इलाका तथा सदरमुकाम सोही सूचनामा तोकिए बमोजिम हुनेछ ।<br>२) दफा २० को अवस्थामा बाहेक बालक वादी वा प्रतिवादी भएको मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार उपदफा १ बमोजिम गठित बाल अदालतलाई हुनेछ । तर बालकको साथै उमेर पुगेको व्यक्ति समेत संलग्न भएको मुद्दाको सम्बन्धमा भने बाल अदालतले कारवाही र किनारा गर्ने छैन ।<br>३) उपदफा १ बमोजिम बाल अदालतको गठन नभएसम्मको लागि उपदफा २ बमोजिमको मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सम्बन्धी जिल्ला अदालतलाई हुनेछ र बाल अदालतको गठन पछि जिल्ला अदालतमा दायर रहेको मुद्दा बाल अदालतमा सर्नेछ । | आइसिसि पिआर - १४, | मुद्धाको निरोपण र दण्ड तोक्ने निकाय कानुनद्धारा स्थापित सक्षम, स्वतनत्र र निश्पक्ष न्यायिक निकाय हुनु पर्दछ तर यो प्रावधानले स्वतन्त्र न्यायपालिकाको सिद्धान्तको विरुद्धमा गई कार्यपालिकालाई बालइजलास गठन गर्न सक्ने गरी स्वच्छन्द अधिकार प्रदान गरेको छ । | विधायिकी सुधार मार्फत अदालत स्वतन्त्र निश्पक्ष र सक्षम हुने र कानुनद्धार स्थापित हुने व्यवस्था गरिनु पर्दछ । साथै बाल इजलास वा न्यायिक बार्डको स्वतन्त्रता, क्षेत्राधिकार तथा योग्यता तोकिनु पर्दछ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | ४) उपदफा ३ बमोजिम जिल्ला अदालतबाट हेरिने मुद्दाको कारवाही र किनार गर्नको निमित्त प्रत्येक जिल्ला अदालतमा एक/एक बाल इजलास रहनेछ।<br>५) उपदाफा ४ बमोजिमको बाल इजलासको गठन विधि श्री ५ को सरकारले सवोच्च अदालतको परामर्श लिई तोक्नेछ र त्यसरी इजलास तोक्दा जिल्ला न्यायाधिशको अतिरित्त समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकलाई समावेश गर्न सक्नेछ।<br>६) बाल अदालत वा जिल्ला अदालतले मुद्दाको कारवाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी कार्यविधि नतोकिएसम्म ती अदालतले सक्षिप्त कार्यविधि ऐन २०२८ को कार्यविधि अपनाउने छन्। | | | |
| ५६ | **विष्फोटक पदार्थ ऐन २०१८** | ७ | **गिरफ्तार गर्ने अधिकार :**<br>यो ऐन वा यस ऐन अन्तर्गत सजाय हुने कनै कसुर कुनै व्यक्तिले गर्न लागेको फेला परेमा र निजको सो कामले गर्दा कुनै विष्फोटक पदार्थ उत्पादन हुने वा थन्क्याइने कुनै ठाउँ वा कुनै रेल्वे लाइन वा कुनै हवाई अड्डा वा कुनै बोझ बाहकमा वा त्यसको आसपासमा विष्फोटक हुने वा आगलागी हुने सम्भव देखिएमा कुनै प्रहरी कर्मचारीले अवस्था अनुसार सो ठाउँको भोग चलन गर्ने व्यक्तिले वा निजको प्रतिनिधि वा नोकर वा निजबाट अधिकार पएको अरु व्यक्तिलाई गिरफ्तार गर्न सक्नेछ र त्यसरी गिरफ्तार गरिएको व्यक्तिलाई वाटाका म्याद वाहेर २४ घण्टा भित्र प्रमुख जिल्ला अधिकारीको जिम्मामा बुझाई दिनु पर्दछ। | संविधान - १४ | यो ऐन अर्न्तगतको सुरु मुद्धा हेर्ने निकाय जिल्ला अदालत हो तर यो प्रावधानले कसुर गर्ने व्यक्तिलाई वारेन्ट बिनानै पक्रउ गर्ने, प्रमुख जिल्ला अधिकारी संग प्रस्तुत गर्ने अधिकार प्रदान गरेको छ जवकि प्र.जि.अ. मुद्धा छिन्ने न्यायिक निकाय होइन। संविधानको धारा १४ ले पक्राउ परेका व्यक्तिलाई न्यायिक निकाय समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था गरेका छ, प्रशासकिय अधिकारी समक्ष होइन। | पक्राउ परेको व्यक्तिलाई सुरु कारवहिको लागि जिल्ला अदालत समक्ष उपस्थित गराउने गरी व्यवस्था गर्ने र पक्राउको सूचकका लागि आवश्यक आधारहरु तोक्ने। |
| | | ११ | **हातहतियार र खरखजाना सम्बन्धी नेपाल कानूनको बचाउ :**<br>यो ऐनमा लेखिएका कुनै कुराले हातहतियार र खर खजाना सम्वन्धिी नेपाल कानूनमा कुनै कुरालई असर पार्ने छैन। | संविधान - १४ | हातहतियार तथा खरखजना ऐन अर्न्तगत खरखजनाको परिभाषा र यस ऐन अर्न्तगत बिष्पोटक पदार्थको परिभाषा एकै देखिन्छ। यी व्यवस्थाहरूले एउटै कसुरलाई एकै | यी व्यवस्थाहरूलाई पुर्नविचार गरी यो ऐन र हातहतियार तथा खरखजना ऐनका |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | तर कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने कामको इजाजतपत्र दिने प्रमुख जिल्ला अधिकारलाई यो ऐन अन्तर्गत बनेका नियम बमोजिम अधिकार भएमा निजले दिएको कुनै इजाजतपत्रलाई हातहतियार र खरखजाना सम्बन्धी नेपाल कानून अन्तर्गत दिइए सरह मान्यता हुनेछ भन्ने सो इजाजतमा लेखिदिन सक्नेछ । | | समयमा दुई वटा अपराध हुने व्यवस्था गरेर दोहोरो खतराको सिद्धान्तको उलङ्घन गरेको छ । | व्यवस्थाहरू दोहरो खतराको सिद्धान्तको प्रतिकुल नहेने व्यवस्था गरिनु पर्ने । |
| | | १२ | **अन्य नेपाल कानून अन्तर्गत सजाय हुन सक्ने** कुनै कसूर यो ऐन अन्तर्गत सजाय हुने र अन्य नेपाल कानून अन्तर्गत पनि सजाय हुने रहेछ भने सो कसुरमा कुनै व्यक्तिलाई अन्य नेपाल कानून अन्तर्गत मुद्दा चलाउने वा यो ऐन भन्दा बढी सजाय हुने गरी व्यवस्था भएको अन्य नेपाल कानून अन्तर्गत सजाय दिनमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै कुराले बाधा पुऱ्याउने छैन । | | | |
| ५७ | **बीउबिजन ऐन २०४५** | २२ | **मुद्दा हेर्ने अधिकार :**<br>१ यो ऐनअन्तर्गतको मुद्दा हेर्ने अधिकार तोकिएबमोजिमको अधिकारीलाई हुनेछ ।<br>२ उपदफा २२.१ बमोजिम मुद्दाको कारबाई र किनारा गर्दा तोकिएको अधिकारीले विशेष अदालत ऐन २०३१ बमोजिमको कार्याविधि अपनाउनेछ । | आई सी सी पि आर १४ सि.सि.एल.इ. ओ. १ संविधान - ८४,८५,८६ | कुनै पनि दण्डभार बहन गराउने अधिकार प्रयोग गर्ने अधिकारी प्रशासनिक पदाधिकारी नभई कानुनद्धारा स्थापित स्वतन्त्र, सक्षम र निश्पक्ष न्यायधिकरण हुनुपर्दछ । आफ्नो कानुनअनुसारको आचरणका लागि कानुन कार्यान्वयन गर्ने अधिकारीले दायित्व लिनुपर्छ । उद्धृत प्रावधानमा भएको अधिकारप्रत्यायोजनको व्यवस्थामा कार्यपालिकाको पूर्वाग्रह र व्यवस्थाको दुरुपयोग हुने गुन्जाइस छ । सजायनिर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट मात्र हुनुपर्छ प्रशासनिक निकाय वा अधिकारीबाट हुनु हुँदैन । | कार्यपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा नरहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| ५८ | **विशेष अदालत ऐन २०५९** | ३<br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br>४ | **विशेष अदालत गठन:**<br>१. श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खास किसिमको मुद्दाको कारबाई र किनारा छिटो, छरितो तथा प्रभावकारी ढङ्गले गराउन न्याय परिषद्को परामर्शमा आवश्यक संख्यामा तीन सदस्य भएको विशेष अदालतको गठन गर्न सक्नेछ।<br>२. उपदफा (१) बमोजिम गठन भएको विशेष अदालतको अध्यक्ष र सदस्यमा श्री ५ को सरकारले न्यायपरिषद्को परामर्शमा पुनरावेदन अदालतका न्यायधीशहरूमध्येबाट तोक्नेछ।<br>३. उपदफा (१) बमोजिम विशेष अदालतको गठन गर्दा श्री ५ को सरकारले त्यस्तो विशेष अदालतको प्रादेशिक क्षेत्राधिकार र मुकामसमेत तोक्नुपर्नेछ।<br>४. श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी विशेष अदालतको मुकाम रहेको ठाउँबाहेक अन्य ठाउँमा पनि सोही सूचनामा तोकिएको अवधिको लागि इजलास कायम गर्ने गरी मुकाम तोक्न सक्नेछ।<br><br>**मुद्दा थपघट गर्न सक्ने:**<br>श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी दफा ३ बमोजिम गठित विशेष अदालतलाई सुम्पिएका मुद्दाहरूमा थपघट गर्न सक्नेछ। | आई सी सी पि आर १४ संविधान - ८४,८५,८६, ८७,९०,९२, ९३ बी पि आई जे १,२,३,४, ५,६,१०,१४ | अदालत न्यायाधिकरण अथवा अन्य न्यायिक निकाय जसले न्यायसंग सम्बन्धीत अधिकारको प्रयोग गर्दछ त्यो पूर्ण रुपमा न्याययिक आचारहरुमा दृढ रहनु पर्दछ र संविधान, कानून र न्यायका मान्य सिद्धान्तहरको पालना गर्नुपर्दछ। तिनीहरु सर्वोच्च अदालतको सुपरिवेक्षण र नियन्त्रण भित्र रहनु पर्दछ। यस्ता न्यायाधिकरण अथवा न्यायिक निकायमाथि भनिएको खाकाभित्र कानूनद्वारा निर्मित हुनुपर्दछ। यस प्रकारका न्यायाधिकरणहरुका न्यायाधिशहरु अथवा सदस्यहरुको कार्यावधि न्युक्तिहरु सरुवाहरु, र कार्यगत स्वतन्त्रता संविधानले निर्धारण गरे बमोजिम कानूनद्वारा निदृष्टि र सक्षम निकायबाट कार्यान्वयित हुनुपर्दछ। यस प्रकारका मुद्दाहरुको न्यायिक अंगहरुको पूर्ण समाध्यता हुनुपर्दछ। संविधानले कार्यपालिकालाई होइन न्याय परिषदलाई अधिकारहरु दिएको छ।<br>जवकी यी प्रावधानहरुले न्यायाधिकरणको गठन गर्न र यसका न्यायाधिशरु अथवा सदस्यहरुको नियुक्ति गर्न कार्यपालिका स्वयंले टुंगो लगाउन सक्ने अधिकार दिएको छ। अदालतको न्यायिक प्रकृयामा हस्तक्षेप गरिनु हुँदैन। न्यायाधिकरणहरुले विधिवत स्थापित न्यायिक कार्यविधिहरु र प्रकृयाहरु अवलम्बन गर्नुपर्दछ र अदालतको अधिकार क्षेत्र कार्यपालिकाको विस्तापनको विषय नभई कानूनद्वारा निर्धारण गरे बमोजिम हुनुपर्दछ। संविधानले निर्धाण गरे अनुसार न्याय परिषदको अधिकारहरु र कर्तव्य कानूनद्वारा | संवैधानिक खाकाभित्र समायोजन गरी साधारण अदालतभन्दा भिन्न हुने गरी न्यायाधिकरण वा अन्य न्यायिक निकायहरुका लागि स्पष्ट आदेश कार्यविधि र सदस्यहरुको योग्यताहरु क्षेत्राधिकार र न्यायिक पद सोपानमा, यसको पद सोपानिय अवस्था र तिनीहरुको कार्यगत क्षेत्र स्पष्ट रुपमा प्रदान गर्न नयाँ कानून लागु गर्ने। संवैधानिक प्रावधान र स्वतन्त्र न्याय पालिकाको मान्य सिद्धान्त पछाडीको भावनालाई अंगालेर विशेष अदालतलाई विशिष्टिकृट न्यायिक अंगको एक स्वरुपको रुपमा सुनिश्चित गरी निश्चित क्षेत्र र क्षेत्राधिकार भएको र तिनीहरुको कार्यनिश्चित र कार्यपालिकिय प्रभावको क्षेत्र बाहिर पर्ने गरी नयाँ कानुन गरी गर्ने। |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | | | निर्धारण गरिनु पर्दछ । जवकी यस प्रकारको कानूनको अभावले गर्दा यस प्रावधानले न्याय परिषदको यस प्रकारको अधिकारको समाथ्यर्ताको निम्न आकलन गर्दछ । | |
| | | ५ | **सदस्यको सुविधा :** विशेष अदालतको अध्यक्ष र सदस्यको पारिश्रमिक तथा अन्य सुविधा निजले खाइपाई आएको अतिरिक्त श्री ५ को सरकारले तोकेबमोजिम हुनेछ । | आई सी सी पि आर १४ बी पि आई जे ११ | कार्यालयको अवधि, स्वतन्त्रता, सुरक्षा, उचित पारिश्रमिक इत्यादि यथोचित रुपमा कानूनद्वारा सुरक्षित गरिनु पर्दछ र कार्यपालिकाको सुझबुझ र विसर्जनको विषयको रुपमा हुनु हुदैन । जवकी यी प्रावधानहरु कार्यपालिकाको विशेषाधिकारको आधार न्यायाधिशहरु थप पारिश्रमिक र अन्य सुविधाहरु पाउँन सक्छन । | सम्पूर्ण प्रकारका भेदभाव हटाइ कानूनद्वारा पारिश्रमिक र सुविधाहरु किटान गरी यो प्रावधान संशोधन गर्ने । |
| | | २० | **विशेष अदालतको विघटन:** १. श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष अदालतलाई विघटन गर्न सक्नेछ । ... | बी पि आई जे ११ | यस प्रावधानले स्थायित्व, समानुरुपत्व र अदालतको भरोसामाथि संकट पार्दछ । सरकारको अनुकुल नभएको अवस्थामा कार्यपालिकाले अदालतको विघटना गर्न सक्ने यस प्रावधानले स्पष्ट देखाउँछ । यस्तो अनुचित र असमर्थनिय हस्तक्षेप औचित्यपूर्ण हुनु हुदैन । यस्ता अदालतहरुको विगठन कार्यपालिकाले नभई न्यायिक अंग अथवा विधायिकाले गर्न सक्छ । | उद्धृत प्रावधान हटाउने र उचित व्यवस्थाको समायोजन गर्ने । |
| | | २१ | **कर्मचारीको व्यवस्था:** १. विशेष अदालतलाई आवश्यक पर्ने कर्मचारी श्री ५ को सरकारले उपलब्ध गराउनेछ । २. श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीले विशेष अदालतको विभागीय प्रमुख वा प्रशासकीय प्रमुखको रूपमा काम गर्नेछ । | आई सी सी पी आर १४, बी पि आई जे २,१० संविधान - ९४ | न्यायिक निकायका कर्मचारीहरु योग्यता र तालिमको आधारमाहुनुपर्दछ । कुनैपनि न्यायिक छनौटको प्रकृया अनुचित अभिप्रायका लागि गरिएका न्यायिक नियुक्तहरु विरुद्ध सुरक्षण हुन सक्छन । यी मामिलाहरु न्याय सेवा आयोगले व्यवस्थापन गर्ने प्रावधान छ, जुन अनावश्यक छ । | उद्धृत प्रावधान हटाउने र मानव स्रोत न्याय आयोगबाट व्यवस्था गर्ने बन्दोवस्त गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | २२ | **श्री ५ को सरकारसँग सम्पर्क :** विशेष अदालतले श्री ५ को सरकारसँग सम्पर्क गर्दा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमार्फत गर्नुपर्नेछ। | संविधान - ९३,९५ | न्यायिक मर्यादा क्रम अनुसार कार्यपालिका र न्यायपालिका विचको सम्बन्ध न्याय परिषद र अन्य संवैधानिक प्रकृयाबाट कायम गर्नु पर्दछ । विशेष अदालत र कार्यापालिका विचको सम्बन्धको छुट्टै रेखा आवश्यक छैन । | उद्धृत प्रावधान हटाउने । |
| | | २३ | **नियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्यवन गर्नको लागि श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ। | संविधान - ८६,८८९३, ९५सर्वोच्च अदालत ऐन, ११, न्याय प्रशासन ऐन, न्याय परिषद ऐन, ३१, ३२ | न्यायिक निकायको स्वतन्त्रता, कार्यरत सत्‌चरित्रता कायम राख्न अदालतको कार्यविधि र अन्तरिक व्यवस्थापन सम्बन्धी नियम माथिल्लो न्यायिक अंगबाट जारी हुनुपर्दछ । जवकी यो प्रावधानले अदालतको कार्यरत स्वतन्त्रा र व्यवसायिक सत्‌चरित्रतामा प्रभाव पार्न सक्ने गरी सरकारलाई, अदालतलाई व्यवस्थित गर्न विनियम तर्जुमा गर्न सक्ने अधिकार दिएको छ । | संशोधन गर्ने र अदालत संग सम्बन्धीत विनियम तर्जुमा गर्न सर्वोच्च अदालत वा न्याय परिषदलाई अधिकार सम्पन्न बनाउने । |
| ५९ | **वैदेशिक रोजगार ऐन २०४२** | २४ | **दण्डसजाय :** (१) कुनै इजाजतपत्रवालाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत काम गरेमा वा श्री ५ को सरकारको आदेश वा निर्देशन पालन नगरेमा निजलाई श्री ५ को सरकारले बीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना गर्न र त्यस्तो इजाजतपत्रवालाको इजाजतपत्र रद्द गर्न सक्नेछ । | आईसीसी पिआर १४, बी पिआई जे ४ ५,६ | उद्धृत प्रावधानले सम्पूर्ण अधिकार कार्यकारीणीलाई प्रदान गर्दछ। यस ऐन अर्न्तगतको मुद्धा साधारण अदालतबाट वा कानुनद्धारा स्थापित न्यायधिकरणबाट मात्र हेरिने गरी यस प्रावधानमा स्पष्ट उल्लेख हेर्नुपर्दछ। सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट कानरन सम्मत रुपमा गर्नुपर्छ, प्रशासनिक अधिकृत वा सरकारको कुनै अङ्गबाट गरिने होइन । | अनुसन्धानकर्ता अभियोजनकर्ता र न्याय निरोपणकर्ता कानूनद्वारा नै स्पष्ट रुपमा तोकिने गरी र न्याय निरोपण कानूनद्वारा स्थापित सामान्य अदालत अथवा न्यायाधिकरणबाट हुने सुनिश्चितता गरी संशोधन गर्ने । |
| ६० | **भन्सार ऐन २०१९** | १६ | **मनासिब कारणले शङ्का लागेका व्यक्तिलाई पक्राउ गर्ने :** (१) कुनै व्यक्तिले यो ऐनको बर्खिलाप गर्न लागको वा गरेको छ भन्ने मनासिब माफिकको शङ्का भएमा | आइसिसि पिआर-१४, बी पिआई जे ५, | उद्धृत प्रावधानले न्यायिक निरोपण गर्ने अधिकार प्रशासकिय अधिकारीलाई सुम्पेको छ । न्यायिक सुनुवाइ कानुनद्धार स्थापित, स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायिक | कानुनमा सुधार गरी सजायको सुनुवाई गर्ने अधिकार सक्षम, निश्पक्ष, स्वतन्त्र र कानुनद्वारा |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | भन्सारअधिकृत वा निजबाट अधिकार पाएका भन्सारअड्डाका अरू कर्मचारी वा यस कामको निमित्त मनोनित भएको कर्मचारीले निजलाई जुनसुकै सवारी वा ठाउँमा पक्रन सक्नेछ । ... | संविधान - ८४,८५,८६ | निकायबाट हुनु पर्दछ, प्रशासकिय अधिकारी वा सरकारबाट हुनुहुदैन । | स्थापित भएको साधारण अदालतबाट मात्रै हुने व्यवस्था गरिनु पर्ने । साथै अदालतका कर्मचारीको योग्यता, क्षेत्राधिकार, पदावधि र कार्यगत स्वतन्त्रता स्पष्ट संग व्यवस्था गरिनु पर्छ । र न्यायपालिकाको पूर्ण सुपरिवेक्षण अर्न्तगत रहने व्यवस्था गरिनु पर्दछ । |
| | | १७ | **हिरासतमा राख्ने वा जमानीमा छाड्ने :**<br>(१) दफा १४ बमोजिम भन्सारअधिकृतबाहेक अरू कर्मचारीले कुनै व्यक्तिको तलासी गर्दा सो व्यक्तिले कसुर गरेको देखिन आएमा कारबाई निमित्त बाटोको म्याद बाहेक २४ घण्टाभित्र भन्सारअधिकृतसमक्ष पेस गर्नुपर्छ । ...<br>(३) उपदफा (१) वा (२) बमोजिम कसुरदार देखिएका व्यक्तिलाई भन्सारअधिकृतले हिरासतमा राख्न वा आफूले तोकिदिएका समय र ठाउँमा हाजिर हुने गरी जमानतमा छाड्न पनि सक्छ ।<br>तर निजलाई हुने सजाय भन्दा बढी समयसम्म हिरासतमा राख्नु हुँदैन र शारीरिक दण्ड नहुने कसुरको व्यक्ति रहेछ भने नेपाल अधिराज्यको बैंक ग्यारेन्टी वा पर्याप्त जेथा जमानी वा रूपैयाँ जमानी ल्याएमा जमानी लिई तुरुन्त छाडिदिनुपर्नेछ । | | | |
| | | ३४ | **दण्डसजाय :**<br>(६) कुनै व्यक्तिले चोरी गर्ने नियतले भन्सार गोदाममा रहेको माल वस्तु हटाए वा हटाउने प्रयार गरेमा निजलाई बिगो बमोजिम जरिवाना र छ महिनासम्म कैद भन्सारअधिकृतले गर्न सक्नेछ ।<br>(८)<br>(क) कुनै व्यक्तिले भन्सारमहसुल नतिरी चोरी निकासी गर्न लागेको वा चोरी पैठारी गरेको ठहरेमा निजले निकासी गर्न लागेको वा पैठारी गरेको माल वा वस्तु जफत गरी निजलाई सोही माल | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | वा वस्तुको बिगोबमोजिम जरिवाना वा पाँचवर्षसम्म कैद वा दुवै सजाय हुनेछ र माल वा वस्तु ढुवानी गर्ने सवारीको धनीले सो काम गरेको वा सो काममा सहयोग गरेको ठहरेमा सो सवारी समेत जफत भई सवारीधनीलाई एक वर्षसम्म कैद हुनेछ। सो काममा सवारी चालकको समेत सहयोग भएमा चालकलाई छ महिनासम्म कैद हुनेछ। तर सवारीधनीको सहमति विनाचालकले मात्र सो काम गरेको ठहरेमा चालकलाई एक वर्षसम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ यस खण्डबमोजिम जरिवाना र सजाय भन्सारअधिकृतले गर्नेछ।<br>(ख) कुनै व्यक्तिले भन्सारमहसुल नतिरी चोरी निकासी वा चोरी पैठारी गर्न दुरुत्साहन गरेमा वा सो गर्न सहयोग गरेमा निजलाई ने.रु.५००।- पाँच सजयसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय भन्सारअधिकृतले गर्न सक्नेछ।<br>(९) कुनै व्यक्तिले भन्सारको कार्य सम्पादनमा प्रयोग गरिएको प्रज्ञापनपत्र वा लिखतको खास कुरा झुटो भनी जानीजानी लेखेमा, सहिछाप गरेमा वा प्रयोग गरेमा वा भन्सारको कार्यसम्पादनमा भन्सारअधिकृतले सही गरेको वा छाप लगाएको लिखत लाहा वा सिलछाप इनिसियल वा अरू कुनै चिन्हलाई कीर्ते गरेमा, झुटो बनाएमा झुटो तरिकाले बदलेमा वा नास गरेमा निजलाई भन्सारअधिकृतबाट पाँच सय रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै हुनेछ।<br>(१०) प्रज्ञापनपत्र भर्दा माल वा वस्तु धनीले आफूसँग रहेको कुनै मनाही माल वा वस्तु तोकिएबमोजिम प्रज्ञापनपत्रमा स्पष्ट रूपले नलेखेमा र पछि जाँचबुझ गर्दा फेला परेमा सो माल वा वस्तु जफत हुनेछ र ने.रु. ५००।- | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | पाँच सयसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय भन्सारअधिकृतले गर्न सक्नेछ । तर माल वा वस्तु धनीले उक्त मनाही माल वा वस्तु प्रज्ञापनपत्रमा लेखिदिएमा तोकिएबमोजिम हुनेछ ।<br>(११) भन्सारगोदाममा रहेका माल वा वस्तु लापरवाहीले हराएमा वा जानीजानी नोक्सान पारेमा सो गर्ने कर्मचारीले सो माल वा वस्तुको मोल र लाग्ने महसुल तिर्नुपर्नेछ र त्यस्तोलाई भन्सारअधिकृतलबाट पाँच सय रूपैयाँसम्म जरिवाना पनि हुनेछ ।<br>(१२) अख्तियार नभएका कर्मचारीले भन्सार गोदाममा रहेको माल वस्तु हटाएमा वा हटाउने आदेश दिएमा निजलाई ने.रु.१,०००।- एक हजारसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय भन्सारअधिकृतले गर्न सक्नेछ ।<br>(१३) यो ऐनले दिएको अधिकार प्रयोगमा कुनै व्यक्तिले भन्सारअधिकृत वा कर्मचारीलाई जानीजानी बाधा दिएमा सो व्यक्तिलाई भन्सारअधिकृतबाट एक महिनासम्म कैद वा ने.रु. १००।- एक सयसम्म जरिवाना वा दुवै सजाय हुनेछ । तर त्यस्तो व्यक्ति सरकारी कर्मचारी भएमा निजलाई ने.रु. ५००।- पाँचसयसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(१४) यो ऐनको दफा ४ बमोजिम अधिकार नभएको व्यक्तिले मालधनीको एजेन्ट वा वारिस भई काम गरेमा निजलाई ने.रु. ५००।- पाँचसयसम्म जरिवाना भन्सारअधिकृतले गर्न सक्नेछ ।<br>(१५) कुनै व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बर्खिलाप काम गरेमा र सो कसुरको लागि यो ऐनमा दण्ड सजायको स्पष्ट व्यवस्था नभएमा त्यस्तो कसुरवालालाई बढीमा ने.रु. ५००।- पाँचसयसम्म जरिवाना भन्सारअधिकृतले गर्न सक्नेछ । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ३४ | **श्री ५ को सरकारले अधिकारी तोकी अधिकार सुम्पन सक्ने:** यस ऐनअन्तर्गत भन्सार अधिकृतलाई भएको सबै वा केही अधिकार श्री ५ को सरकारले कुनै अधिकारी तोकी सुम्पन सक्नेछ। | आइसिसिपिआर १४, बी पिआई जे ४ ५,६ संविधान - ८४,८५,८६ | उद्धृते प्रावधानले कार्यकारिणीलाई मुद्धा हेर्ने र फैसला गर्ने सक्नेगरी अधिकारी नियुक्त गर्न सक्नेगरी र त्यसरी नियुक्त भएको भन्सार अधिकृतले आफले प्रयोग गर्ने अधिकार अन्य व्यक्तिलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरेको छ । यस ऐन अर्न्तगतको मुद्धा साधारण अदालतबाट वा कानुनद्धारा स्थापित न्यायधिकरणबाट मात्र हेरिने गरी यस प्रावधानमा स्पष्ट उल्लेख हुनु पर्दछ। सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट कानुन सम्मत रुपमा गर्नु पर्छ, प्रशासनिक अधिकृत वा सरकारको कुनै अङ्ग बाट गरिने होइन । | प्रावधानमा सुधार गरी अनुसन्धानकर्ता, अभियोजनकर्ता र निरोपणकर्ता स्पष्ट संग कानुनद्धार तोकिनु पर्दछ र न्यायिक निरोपण कानुनद्धारा स्थापित सक्षम, निश्पक्ष र स्वतन्त्र न्यायधिकरण वा अदालतबाट मात्रै हुनुपर्दछ । |
| | | ३७ | **पुनरावेदन:** यो ऐनअन्तर्गत भन्सारअधिकृतले वा श्री ५को सरकारले तोकिदिएको अधिकारीले भन्सारमहसुल निर्धारण गरेको वा दण्डसजाय गरेको आदेशउपर राजश्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ। | आइसिसिपिआर १४, संविधान - ८४,८५,८६, ८७,९०,९२, ९३ बी पिआई जे १,२,३४ ५,६,१० | यस व्यवस्थाले भन्सार अधिकृतबाट भएको फैसला उपर राजस्व न्यायधिकरणमा पुनरावेदन लाग्ने व्यवस्था गरेको छ। जबकि अदालत, न्यायधिकरण वा अन्य अधिकार प्रयोग गर्ने निकाय न्यायिक आचरणमा बाँधिएको हुनुपर्दछ र संविधान, कानुन र न्यायका मान्य सिद्धान्तको पालना गर्ने हुनु पर्दछ। ती निकायहरू सर्वोच्च अदालतको अनुगमन र नियन्त्रणको दायरा भित्र हुनुपर्दछ। त्यस्तो न्यायधिकरण वा न्यायिक निकाय माथि उल्लेखित ढाँचा भित्र रहेको र कानुनद्धारा व्यवस्था गरिएको हुनु पर्दछ जसमा न्यायधिस र सदस्यको नियुक्ती, कार्यअवधि, सरुवा र कार्यगत स्वतन्त्रताहरू संविधानले तय गरेको मापदण्ड अनुरुप निश्चित गरिएको हुनु पर्दछ। यस्ता मुद्धाहरूमा न्यायिक अङ्गको पूर्ण सक्षमताको | उद्धृत व्यवस्था संसोधन गरी भन्सार अधिकृतले गरेको निर्णय उपरको पुनरावेदन सुन्ने र न्याय निरोपण गर्ने निकाय कानुनद्धारा स्थापित, सक्षम, स्वतन्त्र र निश्पक्ष हुनको साथै न्यायधिसहरूको योग्यता र अधिकार कार्यविधि कानुनद्धारा सुनिश्चित हुनुपर्दछ। |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | | | निश्चितता कायप गरिएको हुनुपर्दछ। संविधानले यस्तो अधिकार न्यायपरिषदलाई दिएको हो कार्यकारिणीलाई होइन। सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट कानुन सम्मत रुपमा गर्नु पर्छ, प्रशासनिक अधिकृत वा सरकारको कुनै अङ्ग बाट गरिने होइन। त्यसकारण, राजश्व न्यायधिकरण पुनरावेदन सुन्न र सजाय तोक्न सक्ने गरीको न्यायिक निकाय अनुशारको छैन र होईन। | |
| | | ३८ | **पुनरावेदन सुन्ने मुद्दा श्री ५ को सरकारले कुनै अधिकारीलाई तोक्न सक्ने:** कुनै केसमा भन्सारअधिकृत वा अन्य कर्मचारीसमेत मिली यस ऐन वा यो ऐनअन्तर्गत बनेको नियमको विरुद्ध कुनै काम गरेको भन्ने उजुरी परेमा र सम्बन्धित मन्त्रालयलाई यसको चित्त बुझेमा यस्तो मुद्दाको सुरु कारबाई अर्को भन्सार अधिकृत वा श्री ५ को सरकारले तोकिदिएको अधिकारीद्वारा गराउनेछ। | आइसिसिपिआर - १४, वि.पि.आई.जे. ४, ५, ६ संविधान - ८४,८५,८६ | यस प्रावधानले कार्यकारीणीलाई मुद्धा हेर्ने र निरोपण गर्न सक्ने गरी अधिकारी नियुक्त गर्न सक्ने अधिकार दिएको छ। यस ऐन अर्न्तगतको मुद्धा साधारण अदालतबाट वा कानुनद्धारा स्थापित न्यायधिकरणबाट मात्र हेरिने गरी यस प्रावधानमा स्पष्ट उल्लेख हुनु पर्दछ। सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट कानुन सम्मत रुपमा गर्नु पर्छ, प्रशासनिक अधिकृत वा सरकारको कुनै अङ्ग बाट गरिने होइन। | उद्धृत व्यवस्थामा संसोधन गरी अनुसन्धानकर्ता, अभियोजनकर्ता र न्याय निरोपणकर्ता कानुनले नै स्पष्ट संग निश्चित गरिनु पर्दछ। र न्याय निरोपण साधारण अदालत वा कानुनद्धार स्थापित न्यायधिकरणबाट मात्र गरिने सुनिश्चित गरिनु पर्दछ। |
| ६१ | **भिक्षा माग्ने (निषेध) ऐन २०१८** | ४ | **कसुरदारलाई पक्राउ गर्न र हिरासतमा राख्ने अधिकार :** (१) कुनै व्यक्तिले यो ऐनअन्तर्गत सजाय हुने कसुर गरेमा वा त्यस्तो कसुर गरेको छ भन्ने कुनै प्रहरीकर्मचारीलाई शङ्का लागेमा सो व्यक्तिको नाम र बसोबासको ठाउँ निज प्रहरीकर्मचारीलाई थाहा नभएको वा यही नाम वा ठाउँको हो भनी निजले यकिन गर्न नसकेकोमा त्यस्तो व्यक्तिलाई निज प्रहरीकर्मचारीले विनावारेन्ट गिरफ्तार | आइसिसिपिआर - १४,बिपियुएफएफएलइओ - ५ | यस ऐन अर्न्तगतको अपराधको प्रकृति अनुसार यी अपराधहरु सामाजिक कसुर हुन। यस्ता कार्यहरुले सामाजिक सुरक्षामा तत्काल कुनै खतरा पैदा गर्दैनन्। र यस्ता कार्यलाई गहन फौजदारी अपराध मान्न पनि सकिदैन। प्रावधानले पुर्पक्ष पुर्वको स्वच्छता आफुलाई लागेको अभियोग आफुलाई बुझ्ने भाषामा पाउनु पर्ने अधिकारलाई वेवास्ता | पक्राउ पर्ने व्यक्ति र उसको परिवारलाई पक्रउको कारण खोलि सुचना र कानुनी सल्लाहको व्यवस्था गरिनु पर्दछ। यस्तो अधिकार पक्राउ परेको यथासिघ्र र २४ घण्टा भित्रै दिइने व्यवस्था गरिनु पर्दछ। |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | गर्न सक्नेछ र त्यस्तो गिरफ्तार गरिएको व्यक्तिलाई बाटोको म्याद बाहेक २४ घण्टाभित्र कानुनी कारबाईको निमित्त अदालतमा बुझाइदिनुपर्छ ।<br>(२) कसैले कुनै व्यक्तिलाई यो ऐनअन्तर्गत सजाय हुने कार्य गरिरहेको फेला पारेमा निजलाई त्यस्तो व्यक्तिले विनावारेन्ट पक्राउ गरी नजिकमा प्रहरीठाना भए प्रहरीठानामा र प्रहरीठाना नभए प्रहरीचौकीमा बुझाइदिन सक्नेछ र सम्बन्धित प्रहरीठाना वा चौकीका अधिकृत इन्चार्जले तुरुन्त बुझी लिई निजलाई उपदफा (१) बमोजिम कानुनी कारबाईको निमित्त अदालतमा बुझाइदिनुपर्छ । | | गरेको छ । साथै त्यस्ता व्यक्तिलाई प्रतिरक्षाको लागि पर्याप्त समय पनि दिइएको छैन । | साथै पक्राउ पर्ने व्यक्तिको वस्तु स्थिति र अभियोग सावित भएमा उसलाई हुन सक्ने सामान्य सजाँयको बारेमा पनि जानकारी दिने व्यवस्था गरिनु पर्दछ । |
| | | ८ | **झुट्ठा उजुर गर्नेलाई सजाय :**<br>यस ऐनअन्तर्गतको अपराधसम्बन्धी मुद्दामा कसैले झुटो पोल उजुर गरी अदालतमा साबित गर्न नसकेमा निजलाई रु ४०।- सम्म जरिवाना वा डेड महिनासम्म कैद वा दुवै सजाय हुनेछ । | | यस ऐन अर्न्तगतको मुद्धा सरकारवादी भै दर्ता गरिने गर्नु पर्दछ । यस्ता मुद्धाहरुमा कुनै व्यक्तिले जाहेरी दिन सक्छ । र कारवाहि र किनारा अधिकार प्राप्त अधिकारीले गर्नु पर्दछ । जाहेरी गरेको अपराधलाई नै अर्को अपराध गरेको मानिन हुदैन । यदि जाहेरी गलत भएको ठहरिएमा त्यस्ता मुद्धालाई अगाडि नबढाएर त्यहिँ समाप्त गरिनुपर्दछ । | उद्धृत व्यवस्था खारेज गरिनुपर्दछ । |
| ६२ | **भूमिसम्बन्धी ऐन २०२१** | २६ च. | **पुनरावेदन नलाग्ने :**<br>यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २६ख., २६ग., २६घ.२, २६ङ बमोजिम तोकिएको अधिकारीले गरेको निर्णयउपर कुनै अदालतमा पुनरावेदन लाग्नेछैन । | आईसीसी पिआर १४.५ | पुर्पक्षोत्तरको चरणमा पुनरावेदन गर्न पाउने अधिकार एउटा स्वच्छ पुर्पक्षको आधारभूत मापदण्ड हो । यो प्रावधानले पुनरावेदन गर्न पाउने अधिकारलाई स्वीकार्दैन र माथिल्लो न्यायाधिकरणबाट पुनरावलोकन गर्न पाउने बाटो बन्द गर्दछ । | पुनरावेदन गर्न पाउने अधिकारको सुनिश्चित गरी संशोधन गर्नुपर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| ६३ | **भ्रष्टाचार निवारण ऐन २०५९** | २८ | **अनुसन्धान अधिकारीको अधिकार :**<br>(ग) भ्रष्टाचारको आरोप लागेको राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिसँग स्पष्टीकरण, सोधपुछ वा बयान लिइसकेपछि त्यस्तो व्यक्तिलाई आवश्यकता अनुसार खोजेको बखत हाजिर हुने कागज गराई छाड्ने वा तारेखमा राखने वा त्यस्तो राष्ट्रसेवा वा व्यक्ति फरार भै बेपत्ता हुनसक्छ भन्ने मनासिब कारण भएमा वा बिगो हानी नोक्सानी भएको देखिएमा निजसँग प्रचलित कानुन बमोजिम धरौटी वा जमानत मागी तारेखमा छोड्ने वा त्यस्तो धरौटी वा जमानत नदिएमा निजलाई थुनामा राख्ने,<br>(२) अनुसन्धान अधिकारीले निश्चित समय तोकी कुनै लिखत वा अन्य कुनै वस्तु पेस गर्न वा कुनै कुराको जानकारी दिन सम्बन्धित निकाय, राष्ट्रसेवक वा अन्य व्यक्तिलाई लेखी पठाएको वा कुनै राष्ट्रसेवक वा त्यस्तो व्यक्तिलाई उपस्थित हुन लेखी पठाउकोमा लेखी आए बमोजिम गर्नु पर्नेछ र नगरेमा देहाय बमोजिम हुनेछ :-<br>(ग) खण्ड (क) वा (ख) बमोजिम विभागीय कारबाई वा जरिवाना भएपछि पनि कुनै सरकारी नियका, सार्वजनिक संस्था, राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले अनुसन्धान अधिकारीले लेखी पठाएअनुसार नगरेमा सो निकाय वा संस्थाको मुख्य पदाधिकारी वा त्यस्तो राष्ट्रसेवक वा व्यक्तिलाई पक्राउ गररु उपस्थित गराउन पक्राउ पुर्जी जारी गरी निजबाट त्यस्तोलिखत वा वस्तु पेस गराउने वा निजबाट आवश्यक जानकारी लिन सक्नेछ । त्यसरी पक्राउ भएको निकाय वा संस्थाको मुख्य पदाधिकारी, राष्ट्रसेवक वा अन्यत्यस्तोलिखत वा वस्तु पेस गराउने वा निजबाट आवश्यक जानकारी लिन सक्नेछ । त्यसरी पक्राउ भएको निकाय वा संस्थाको मुख्य पदाधिकारी, राष्ट्रसेवक वा अन्य कुनै..... | आईसीसी पिआर १४ | सजायनिर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट मात्र हुनुपर्छ प्रशासनिक निकाय वा अधिकारीबाट हुनु हुँदैन । | अनुसन्धान गर्ने अधिकारीले थुन्नको लागि आदेश दिन सक्ने गरी अधिकार सम्पन्न गरिएको व्यवस्था हटाउने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ३० | **अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार**<br>(२) अनुसन्धानअधिकृतले यस ऐनअन्तर्गतको कसुरमा अनुसन्धान र तहकिकात गर्दा अभियुक्तलाई बयान गराउने, सर्जमिनमुचुल्का तयार गर्नेसमेत प्रचलित कानुनबमोजिम प्रहरीले पाए सरहको अधिकार, कर्तव्य, सुविधा र दायित्व अनुसन्धान अधिकृतलाई प्राप्त हुनेछ ।<br>(३) उपदफा (२) बमोजिमको काम गर्दा अभियुक्तलाई तारेखमा राख्ने, धरौटी वा जमानी लिई छाड्ने, धरौटी राख्न वा जमानी दिन नसकेमा थुनामा राख्नेसमेत अदालतलाई भएसरहको अधिकार आवश्यकताअनुसार अनुसन्धानअधिकृतले प्रयोग गर्न सक्नेछ । | आईसीसी पिआर १४ | सजाय बहन गराउने अधिकार प्रयोग गर्ने अधिकारी प्रशासनिक पदाधिकारी नभई कानुनद्धारा स्थापित स्वतन्त्र, सक्षम र निश्पक्ष न्यायधिकरण हुनुपर्दछ । | अदालतलाई मात्र कैद सजाय पारित गर्ने अधिकार दिई संशोधन गर्ने । |
| ६४ | **मतदाता नामावली सम्बन्धी ऐन २०५२** | ३२ | **मुद्दा हेर्ने अधिकार :**<br>यो ऐनअनुसारको मुद्दा हेर्ने अधिकार तोकिएको अदालतलाई हुनेछ । | आइसिसि पिआर - १४, | यसमा गरिएको प्रावधान अस्पष्टतवरले परिभाषित छ । यसका व्यवस्थाहरूले स्पष्टरुपमा यो कानुन अन्तरगतका मुद्धाको सुनुवाई साधारण अदालत वा कानुनद्धारा स्थापित न्यायधिकरणबाट मात्र गरिने गरी व्यवस्था गरिनुपर्दछ । | यसका व्यवस्थाहरूले स्पष्टरुपमा यो कानुन अन्तरगतका मुद्धाको सुनुवाई साधारण अदालतबाट मात्र सुनिने गरी सशोधन गर्ने । |
| ६५ | **मदिरा ऐन २०३१** | ११ | **दुख दिने नियतले गिरफ्तार, खानतलासी वा कब्जा गर्नेलाई सजायः**<br>यस ऐनको विरुद्ध काम भएगरेको भन्ने मनासिब शङ्का नभई अर्कालाई दुख दिने, हैरानी गर्ने, बेइज्जत गर्ने वा क्षति पुऱ्याउने नियतले कसैको घर, जग्गा वा सवारीभित्र प्रवेश वा खानतलासी गर्ने गराउने, कसैलाई गिरफ्तार गर्ने गराउने, जफत गर्न नहुने चिजबस्तु जफत गर्ने गराउने वा कसैलाई अनावश्यक क्षति वा चोट पुऱ्याउने वा पुऱ्याउन लगाउने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच सय रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | आईसीसी पिआर १४, विपिआइजे ४,५,६ र संविधान - ८४,८५,८६ | यसमा गरिएको प्रावधान अस्पष्टतवरले परिभाषित छ । अनुसन्धानकर्ता, अभियोजनकर्ता र न्यायनिरोपणकर्ताको परिभाषा राम्ररी र निश्चित तवरले कानुनद्धारानै गरिनुपर्छ यो कार्यकारिणीको स्वबिबेक र तजविजमा छोडिनुहुदैन जबकि यस कानुनका प्रावधानहरूले सम्पूर्ण अधिकार कार्यकारणीमा छोडिदिन्छन् । यसका व्यवस्थाहरूले स्पष्टरुपमा यो कानुन अन्तरगतका मुद्धाको सुनुवाई साधारण | कार्यपालिकाको सुपरिवेक्षकीय नियन्त्रणमा नरहेको र कानुनद्वारा स्थापित योग्यता, क्षेत्राधिकार तथा कार्यात्मक स्वतन्त्रताको प्रत्याभूतिसहित रहेको स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | १२<br><br><br><br><br><br><br>१४ | **दण्डसजाय :**<br>(१) यो ऐनविरुद्ध काम गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच सय रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br>(२) उपदफा (१) बमोजिमको कामको उद्योग गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन सय रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br>**मुद्दा हेर्ने अधिकारी :**<br>(१) दफा ११ अन्तर्गतको मुद्दामा सुरु कारबाई र किनारा गर्ने अधिकार श्री ५ को सरकार वा श्री ५ को सरकारले तोकिदिएको अधिकारीलाई र सोबाहेक यस ऐनअन्तर्गतको अरू मुद्दाको सुरु कारबाई र किनारा गर्ने अधिकार अन्तःशुल्क अधिकारीलाई हुनेछ । ... | | अदालत वा कानुनद्धारा स्थापित न्यायधिकरणबाट मात्र गरिने गरी व्यवस्था गरिनुपर्दछ । कैद सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट कानुन सम्मत रुपमा गर्नु पर्छ, प्रशासनिक अधिकृत वा सरकारको कुनै अङ्ग बाट गरिने होइन । | सजायनिर्धारण हुने व्यवस्था राखी संशोधन गर्नुपर्ने । |
| ६६ | **मुलुकी ऐन २०२०** | प्रस्तावना | शास्त्रबाट मात्र कालका प्रभावले सबै व्यवहार चल्न नसक्दा छोटा बडा सबैलाई कसुरअनुसार एकै सजाय होस् घटीबढी नपरोस् भन्ना निमित्त हाम्रा महान् पूर्वज तत्कालीन श्री ५ बाट उसबखतका प्राइममिनिस्टरलाई हुकुम बक्सँदा बनी तयार भई सम्वत १९१० साल पौष बदि ७ रोजका दिनदेखि चलिआइरहेको मुलुकी ऐनमा देश, काल, परिस्थितिअनुसार बेलाबेलामा थपघट संशोधन हुँदै आएको सबै एकत्रित गरी मिलाई वर्तमान राजनीतिक आर्थिक र सामाजिक व्यवस्थाको विचारबाट आवश्यक देखिएको अरू पनि संशोधन गरी नेपाल अधिराज्यमा चिरकालसम्म शान्ति र व्यवस्था कायम राख्ने र विभिन्न वर्ग, जात, जाति र क्षेत्रका जनताको सुसम्बन्ध बनाई राख्ने समेतको महान् उद्देश्यले हामी श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाई जारी गरिबक्सेका छौं । | यूडीएचआर १,आईसीसी पिआर २,२६ | यस प्रावधानले दर्जाको आधारमा व्यक्तिहरु विचको असमानतालाई स्वीकार्दछ। यसले धर्म दर्शनलाई समाजको व्यवस्था कायम गर्ने स्रोतको रुपमा लिएको छ र कानून र नैतिकताको धारणामा लौकिकता (धर्म निरपेक्षता) को अभाव छ । | छोटाबडा भन्ने शब्द हटाउनु पर्दछ र कानूनको शासन र कानूनको अगाडी समान भन्ने अभिप्राय राखेर प्रस्तावनाको पुर्नलेखन गर्नुपर्दछ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | भाग २ महल १ | **प्रारम्भिक कथनको**<br>३ नं. ॥ ॥ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो मुलुकी ऐनमा...<br>(ग) "अड्डा" भन्नाले अदालतसमेत सम्झनुपर्छ,<br>(घ) "हाकिम" भन्नाले न्यायाधीशसमेत सम्झनुपर्छ । ...<br>**अदालती बन्दोबस्तको**<br>१ नं. ॥ ॥ कुनै कानुनले कुनै मुद्दा हेर्ने खास अधिकारी तोकिएकोमा सोही अधिकारीले र त्यस्तो कुनै खास अधिकारी नतोकी अड्डा मात्र तोकिएकोमा सो अड्डाका हाकिमले कानुनबमोजिम मुद्दाको कारबाई र फैसला गर्नुपर्छ । | आईसीसी पिआर १४बी पि आई जे ४,५,६,१०, संविधान - ८४,८५,८६ | यस ऐन अनुसारका मुद्दाहरु कानूनद्वारा स्पष्ट रुपमा स्थापित साधारण अदालत अथवा न्यायाधिकरणबाट हेरिनु पर्दछ भन्ने स्पष्ट प्रावधान हुनु पर्दछ । पुर्पक्षको कार्य योग्य, सक्षम र स्वतन्त्र निकाय जसले कमसेकम कानूनी शैक्षिक योग्यता र तालिम हासिल गरेको बाट हुनुपर्छ । फौजदारी मामिलाहरुमा अधिकार तथा दायित्वको निर्धारण गर्ने कार्य कानूनको विशेष क्षेत्र अथवा कानूनी ज्ञानको विशिष्टा हासिल गरेको साधारण अथवा अन्य अदालतले गर्नु पर्दछ । सजायको निर्धारण कानुनद्धारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायधिकरणबाट कानुन सम्मत रुपमा गर्नु पर्छ, प्रशासनिक अधिकृत वा सरकारको कुनै अङ्ग बाट गरिने होइन । | अनुसन्धान कर्ता, अभियोजनकर्ता र न्याय निरोपण कर्ता कानून आफैले स्पष्ट रुपमा निर्धारण गर्नुपर्दछ र न्याय निरोपणको कार्य साधारण अदालत अथवा कानूनद्वारा स्थापित न्यायाधिकरणबाट हुनेछ भन्ने स्पष्ट रुपमा उल्लेख गरी संशोधान गर्नुपर्छ । |
| | | | ११ नं ॥ ॥ मुद्दा हेर्दा देहायको प्राथमिकताले कारबाई गर्दै जाँदा जुन मुद्दा पहिले छिन्न अङ्ग पुग्छ सोही मुद्दा पहिला किनारा गर्नुपर्छ । थुनुवा कैदीको थुना वा कैद परेको मुद्दा............................................१<br>बेवाबेवारिसी १६ वर्षमुनिको नाबालकको मुद्दा...........२ | सि.आर.सि. १, ३, १९, ३९,४० | यस प्रावधानले अग्राधिकारको आधारमा मुद्दाको सुनुवाई हुने गरी व्यवस्था गरेको छ र बालबालिकाको मुद्दालाई दोस्रो प्राथमिकतामा राखेको छ । बालबालिकाको मुद्दालाई पहिलो प्राथमिकता दिनु पर्दछ । | प्राथमिकतालाई पुर्नव्यवस्थित गरी त्यस अनुसार संशोधन गर्नु पर्दछ । |
| | | | २९ नं.॥ ॥ मुद्दा हेर्दा देहायमा लेखिएबमोजिमको मुद्दा देहाय बमोजिमको इलाकाको अड्डाबाट मात्र हेर्नुपर्छ .........<br>फौजदारी मुद्दामा देहायमा लेखिएबमोजिम गर्नुपर्छ................................................२<br>राजगद्दी वा राजपरिवारको गाथसम्बन्धी वा राजकाजसम्बन्धी मुद्दा श्री ५ को सरकारले तोकिदिएको अड्डाबाट हेर्नुपर्छ................... १<br>अड्डासम्बन्धी काम कुरामा सरकारी कर्मचारीउपर वा त्यस्ता कर्मचारीका साथ अन्य व्यक्तिहरू समेत | आईसीसी पिआर १४, २६, बी पिआई जे ५, संविधान - ८५,८६, | यस प्रावधानले राजगद्दी र राज्यको मामिलहरु सम्बन्धी विशेष मुद्दाहरु पुर्पक्ष गर्न अदालतको निर्धारण गर्न सक्ने अधिकार कार्यपालिकामा छाडेको छ । कैद पारित कानूनद्वारा स्थापित स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायाधिकरणबाट कानूनी व्यवस्था अनुसार हुनुपर्दछ । कुनैपनि फौजदारी मुद्दा कानूनद्वारा स्थापित साधारण अदालत अथवा न्यायाधिकरणबाट सुनुवाई हुनु पर्दछ । क्षेत्राधिकारको निर्धारण कार्यपालिकाले होइन | अभियोजनकर्ता कानून आफैले स्पष्ट रुपमा निर्धारण गर्नुपर्दछ र न्याय निरोपणको कार्य साधारण अदालत अथवा कानूनद्वारा स्थापित न्यायाधिकरणबाट हुनेछ भन्ने स्पष्ट रुपमा उल्लेख गरी संशोधान गर्नुपर्छ । सार्वजनिक पद धारण गरेको व्यक्तिलाई |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | उपर नालिस दिनु पर्दा माथि दफा दफामा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो मुद्दा वादी रहेको वा सो काम कुरा भए गरेको इलाकाको पुनरावेदन अदालतमा दिनुपर्छ र सो बमोजिमको मुद्दामा त्यस्तो कर्मचारीलाई तारिखमा राख्न पर्दैन..................८ | | कानूनद्वारा तोकिनु पर्दछ। फौजदारी मामिलाहरुमा सार्वजनिक पद धारण गरेको व्यक्ति भएमा पनि कार्यविधि र कानूनी प्रकृयालाई असर पुऱ्याउनु हुँदैन तर यस प्रावधानले सार्वजनिक पद धारण गरेको व्यक्तिलाई अन्य सर्वसाधारण व्यक्तिहरुलाई भन्दा विशेष सुविधा प्रदान गर्दछ। | प्रदान गरिएको विशेष सुविधाहरु हटाई संशोधन गर्नु पर्दछ। |
| | | भाग २ महल १ | ६५ नं. ॥ ॥ मुद्दामा वारिस दिंदा लिंदा देहायमा लेखिए बमोजिम गर्नु पर्छ ......<br>कानुन बमोजिम पुर्पक्षका लागि थुनामा बस्नुपर्ने वा जमानत लाग्ने अवस्थामा जमानत दिन नसकी थुनामा बस्नुपर्ने भएको व्यक्तिले वारिस राख्न पाउँदैन। सो बाहेक जमानत लाग्ने अवस्थामा कानुन बमोजिम जमानत दिने व्यक्तिले अड्डाबाट वारिस राख्न दिन मनासिब ठहराई इजाजत दिएमा वारिस राख्न पाउँछ .................................................१<br>माथि १ दफामा लेखिएदेखि बाहेक अन्य अवस्थाको व्यक्तिको हकमा पर्याप्त कारणबाट अड्डाले वारिस राख्न दिन मनासिब नठहराई अन्यथा आदेश दिएमा बाहेक साधारणतः वारिस राख्न हुन्छ। देवानी मुद्दामा भने वारिस राख्न नपाउने गरी अड्डाले आदेश दिने छैन ......................................................२ | आईसीसीपिआर १४, २६ | फौजदारी मुद्दाहरुमा न्यायाधिवक्ताले के गर्न सक्छ र के गर्न सक्दैन भन्ने विषयमा के प्रावधानहरु एकदमै अस्पष्ट छन। त्यसैगरी केही मुद्दाहरुमा न्यायाधिवक्तको तोक्न दिनको लागि कानूनले न्यायधिशलाई व्यापक विशेषाधिकार दिएको छ। कानूनको अगाडी सवै व्यक्तिहरु समान छन। यी प्रावधानहरु यस अभिप्राय अनुकुल छैनन। | फौजदारी मामिलाहरुमा न्यायाधिवक्ताले के गर्न सक्छ भन्ने स्पष्ट पारी यस प्रावधानको संशोधन गर्नु पर्छ र वकिल राख्न दिने नदिने भन्ने निर्णय गर्ने न्यायाधिशको स्वविवेकिय अधिकार हटाइनु पर्दछ। |
| | | | ६६ नं. ॥ ॥ नेपाल सरहदमा अचल सम्पत्ति जेथा नभएका विदेशी मानिसको नेपालका अड्डामा परेको ऐनले वारिस दिन पाउने मुद्दामा वारिस दिँदा आफूले दावी गरेको ठहरेमा वा आफूउपर पोलउजुर परेको कुरा ठहरे लाग्ने ऐनबमोजिम सजाय धरौट राखेमा वा त्यस वापत नेपाल सरहदमा अचल सम्पत्ति जेथा भएको मानिसलाई जमानी दिए मात्र वारिस लाग्न सक्छ। | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | भाग २ महल १ | १०७ नं. ॥ ॥ अड्डामा दिने फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र इत्यादिमा बाबु वा पतिको नाम खोली लेख्नुपर्छ। अड्डाबाट जारी हुने समाह्वान, इतलायनामा, म्याद इत्यादिमा पनि जसको जाउँमा जारी हुने हो सो व्यक्ति यथासम्भव बाबु वा पतिको नाम खोली जारी गर्नुपर्छ। | यूडीएचआर १,७ आई सीसी पि आर २,२६ सि.इ.डि.ए. डब्लु १, १५ | यस प्रावधानले महिलाको व्यक्तिगत परिचयलाई भेदभाव र अपहेलित गरेको छ। महिलाको व्यक्तित्वलाई वैवाहिक सम्बन्ध अथवा अविभावकबाट स्वीकारीएको छ। | लिंग शब्दलाई (यथोचित) मित्रवत र समान रुपमा समावेश गरी संशोधन गर्नु पर्दछ। |
| | | | ११८ नं. ॥ ॥ देहायका मुद्दाका मानिसलाई देहायमा लेखिएबमोजिम गरी राखी मुद्दा हेर्नुपर्छ ............... राजगद्दी वा राजपरिवारको गाथसम्बन्धी मुद्दामा अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्छ ..................................................१ | आईसीसी पिआर १४ संविधान १४ एस. एम. आरएन.सि.एम. २.१ | जहा अन्य विकल्पहरु न्यायको उद्देश्य हासिल गर्न असक्षम हुन्छन तवमात्र कारावासलाई अन्तिम उपाय (विकल्प) को रुपमा लिइनु पर्दछ। | यस विषयलाई जमानत सम्बन्धी सामान्य नियम अनुसार अदालतको विशेषाधिकार भित्र छाड्ने गरी संशोधन गर्नु पर्दछ। |
| | | | देहायको कुनै अपराधमा तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने भएमा वा त्यसतो प्रमाणबाट कसुरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा अन्यथा प्रमाणित नभएसम्म अड्डाले अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्छ २ ... ... जन्म कैदको सजाय हुन सक्ने अपराध .............१ श्री ५ को सरकार वादी भै चलेको तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने अपराध ......................१ माथि उल्लिखित अपराधको उद्योग, दुरुत्साहन वा अपराधिक षडयन्त्र गरेको वा त्यस्तो अपराधमा मतियार भएको अपराध ......................................................१ नेपाल अधिराज्यमा स्थायी बसोवास नभएको कुनै अभियुक्त तत्काल प्राप्त प्रमाणबाट छ महिना वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने अपराधको कसुरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा अड्डाले निजलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्छ .....................................३ | आईसीसी पिआर १४ संविधान-१४ | यस प्रावधानले अभियुक्त निर्दोष पाईएको खण्डमा अथवा न्यायअपयोजन भएको खण्डमा क्षतिपूर्ति दिदैन। | न्यायअपयोजन भएको खण्डमा र निर्दोष पाईएको खण्डमा पूर्ण क्षतिपूर्ति पाउने गरी आवश्यक परिवर्तन र संशोधन गर्नु पर्दछ। |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | भाग २ महल १ | १८८ नं. ॥ ॥ ऐनले ... ... सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा सावित ठहरे पनि इन्साफ गर्ने हाकिमका चित्तले भवितव्य हो कि भन्ने हुनेसम्मको शंकाले वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐन बमोजिमको सजाय दिंदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहराई आफ्ना चित्तले देखेको कारण सहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नु हुन्छ । अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजाय घटाई तोक्न हुन्छ । | आईसीसी पिआर १४,१५, संविधान - ८४ | न्यायाधिशले अन्य मुद्दाहरुको यस प्रकारको विवेकाधिकार प्रयोग गर्न सक्ने अधिकार छैन । सजायको रुपमा जन्मकैद तोकिएको मुद्दाहरुमा मात्र नभई अन्य मुद्दाहरुमा पनि स्वविवेक प्रयोग गर्न पाउने अधिकार दिइनु पर्दछ । त्यसैगरी कैदको मापदण्ड निर्धारण गरिएको नहुँदा न्यायाधिशहरुले विशेषाधिकार प्रयोग गर्दा केही निश्चित आधारमा प्रयोग गर्नु पर्दछ । | अन्य प्रकारका सजायहरु थप गरी कानून र न्यायका सिद्धान्तहरुसंग मिल्दो कैदको मापदण्डमा आधारित भएर विवेकाधिकार प्रयोग गर्न सक्ने गरी संशोधन गर्नु पर्छ । |
| | | | **दण्डसजाय**<br>४ नं. ॥ ॥ सर्वस्व हुने ठहरी फैसला भै सर्वस्व रोक्का भएको मानिस मऱ्यो भने कसुरमा रिहाई नपाए त्यसको सर्वस्व फुकुवा हुन सक्तैन । ऐनबमोजिम गर्नुपर्छ । | | अपराधी संगै अपराध मर्छ भन्ने फौजदारी कानूनको सर्वमान्य सिद्धान्त हो र यो ऐनको प्रावधान यस सिद्धान्तसंग बाझिन्छ । | उद्धृत प्रावधान संशोधन गरी मृत आरोपित व्यक्तिको निलम्बित सम्पत्ति उसको आश्रितहरुको प्राप्त गर्ने निश्चित गरिनु पर्छ । |
| | | महल ४ | ११क. नं.॥॥ मुद्दा डिसमिस गराए वापत कैदको सजाय भएकोमा त्यस्तो कैदको एक दिनको पच्चीस रुपैयाँका दरले रुपैयाँ बुझाएमा कैद गर्नु पर्दैन । रुपैयाँ बुझाएमा बुझी लिई कैदको लगत कट्टा गरिदिनुपर्छ ............................१<br>यसै महलको ११ नं. मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन वर्षभन्दा कम कैदको सजाय हुने कुनै कसुर गर्ने व्यक्तिलाई कैदको सजाय गरी पहिलो पटक कसुरदार ठहरी अड्डाले कैदमा राख्न मनासिब नठहराएमा एक दिनको पच्चीस रुपैयाँको दरले हुन आउने रकम तोकी सो तोकिएको रकम बुझाएमा कसुरदारलाई कैदमा नराख्ने गरी अड्डाले फैसला गर्न सक्नेछ । सो बमोजिम कसुरदारले रुपैयाँ बुझाएमा बुझी लिई कैदको लगत कट्टा गरी दिनुपर्छ .........२ | आईसीसी पिआर २, २६, | उद्धृत प्रावधानहरुले सम्पत्तिको आधारमा भेदभाव गर्दछन । यदि कुनै व्यक्तिसंग तिर्ने पैसा छैन भने निजलाई कैदमा बस्न बाध्य बनाइन्छ र जोसंग पैसा छ ऊ स्वतन्त्र हुन सक्छ । | उद्धृत प्रावधानहरु संशोधन गरी जो व्यक्ति पैसा तिर्न असक्षम हुन्छ उनीहरुका लागि विकल्पको रुपमा गैह्र हिरासतिय उपायहरु समावेश गर्ने। |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | माथि दफा २ बमोजिम कैद वापतको रुपैयाँ बुझाउन पाउने गरी फैसला गर्दा अड्डाले कसुरदारसंग फेरी त्यस प्रकारको कुनै अपराध नगरी राम्रो आचरण पालन गर्नेछु भनी कागज गराउनेछ र सो मितिले तीन वर्षभित्र कैदको सजाय हुने कुनै अपराध गरेमा सो कसुरदारलाई पहिलेको फैसला बमोजिमको कैद समेत थपी सजाय गरिनेछ र अड्डाले पहिलेको फैसला बमोजिम कैद वापत बुझाएको रकम फिर्ता गर्ने आदेश दिन सक्नेछ ....................................................३<br><br>विहावरीको महलको १० नम्बर बमोजिम सजाय हुनेमा माथि २ दफा बमोजिको व्यवस्था लागू हुने छैन.........४ | | | |
| | | महल ८ | १८ नं. ॥ ॥ फौजदारी मुद्दामा कुनै व्यक्तिले झुटो प्रमाण बनाई रीस ईबीले वा मनासिब माफिकको कारण वा तथ्य नभई कुनै व्यक्ति उपर सो मुद्दा चलाएको ठहरेमा झुटो पोल उजुर गरेवापत निजलाई निजले पोलेको कुरा ठहरेको भए पोलाई माग्नेलाई हुने सजायको आधा सजाय हुन्छ । सो बमोजिम सजाय गर्दा पाँच वर्षभन्दा बढी कैद हुने भएमा पाँच वर्षसम्म मात्र कैद गर्नुपर्छ । पोल उजुर गर्दाको अवस्थामा रीस ईबी रहेनछ भन्ने वा पोल उजुर गर्नुपर्ने मनासिब माफिकको तथ्य भई गरेको हो भन्ने मुद्दा हेर्ने अड्डालाई विश्वास भएमा सजाय गर्नुनपर्ने वा कम गर्नु पर्ने कारण खोली त्यस्तो पोल उजुर गर्ने व्यक्तिलाई सो लेखिएको सजाय मध्ये सबै वा केही सजाय नगर्न सक्नेछ ।<br><br>१९ नं. ॥ ॥ यसै महलको १८ नम्बर बमोजिम पोलाहालाई सजाय हुने भएकोमा सो मुद्दा हेर्ने अड्डाले पोलाहालाई सो सजायको आधा सोही लेखिएबमोजिमको सजाय गरी आधा जसका उपर त्यस्तो झुटो मुद्दा चलाएको हो सो व्यक्तिलाई क्षतिपूर्तिको रुपमा भराइदिनेछ । पोलाहालाई कैदको सजाय हुनेमा यो नम्बर बमोजिम | आईसीसीपिआर २, १५,२६ | उद्धृत दफाहरुले उजुरी गर्ने व्यक्तिहरुलाई कठोर सजाय तोकेका छन । यी दफाहरुले दण्ड (सजाय) अपराधको गाम्भियता र प्रकृतिसंग समानुपातिक हुनुपर्छ भन्ने दण्डको सिद्धान्तको उल्लंघन गर्दछ । अन्य मुद्दामा २५ रुपैयालाई एक दिन कैद बराबरको रुपमा लिइएको तर यस प्रावधान अन्तर्गत ५० रुपैयालाई एक दिन बराबरको कैदको रुपमा लिइएको छ । जसले स्पष्ट असमानता देखाउँछ । | उद्धृत प्रावधान हटाउने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | | दिइने क्षतिपूर्तिको लागि सो कैदको सजायको नगद अङ्क कायम गर्दा एक दिन कैदको सजायको पचास रुपैयाँ कायम गर्नुपर्छ । माथि लेखिए बमोजिम क्षतिपूर्ति दिनु पर्ने व्यक्तिले सो बमोजिम क्षतिपूर्ति नदिएमा सो क्षतिपूर्ति निजको जायजातबाट भराई दिनुपर्छ र जायजातबाट असूर उपर हुन नसकेमा सो वापत कैद गराई पाऊँ भनी क्षतिपूर्ति पाउने व्यक्तिले दरखास्त दिएमा मुद्दा हेर्ने अड्डाले भरी भराउ हुन नसकेको क्षतिपूर्तिको अङ्कको विचार गरी तीन महिनासम्म कैदको सजाय गर्न सक्नेछ । | | | |
| | | महल ८ | ४२ नं. ॥ ॥ बिगो भरिपाउनेमा सो भरिपाउनेको दरखास्त नपरी भरीभराउन गर्न हुँदैन । भरिपाउनालाई फैसलाको रीतपूर्वकको नक्कल लिई देहायको म्यादमा जायजातको दरखास्त दिन आएमा देहायबमोजिम गरी भराई दिनुपर्छ । सो म्याद नाघेपछि दरखास्त लाग्न र म्यादभित्र दरखास्त दिएमा अड्डाबाट दिएको तारिख गुजारी बस्यो भने फैसलाले पाउने भएको बिगो भरीभराउ हुन सक्तैन ................<br><br>बिगो भरिपाउने गरी आखिरी फैसला भएको मितिले तीन वर्षभित्र दरखास्त दिनुपर्छ । लेखिएको म्यादभित्र दरखास्त दिन आएमा बिगो भरिपाउने काम खतम नभएसम्म अड्डाबाट दिएको तारिखमा रही जायजात समेत देखाई दिउँला तारिख गुजारे ऐनबमोजिम गर्नू भन्ने समेत बोली पारी दरखास्त लिई तारिखमा राखी म्याद पाए वा टाँसेको पैतीस दिनभित्र भर्नुपर्ने बिगो, बिसौंद लाग्नेमा सोसमेत दाखिल गर्न ल्याउनु नल्याए ऐनबमोजिम जायजात हुन्छ भनी दरखास्त परेको सात दिनभित्र बिगो भर्नुपर्नेको नाममा म्याद जारी गर्नुपर्छ र सो म्यादभित्र बिगो बिसौंद दाखिल गर्न नल्याए ऐन बमोजिम जायजात गरी भराई दिनुपर्छ ................१ | आईसीसी पिआर ११ | उद्धृत प्रावधानहरुमा समेटिएका प्रायजसो मुद्दाहरु करारीय दायित्व पुरा गर्न असफल संग सम्बन्धित छन र करारीय दायित्व पुरा गर्न असफल भएमा यी प्रावधानहरुले कैद गर्न छुट दिन्छ । जवकी करारीय दायित्व पुरा गर्न असक्षमताको लागि कसैलाई पनि कैद गर्नु हुदैन । | करारीय दायित्व पुरा गर्न असफल हुँदा कैद हुनु नपर्ने सुनिश्चित गरी संशोधन गर्नु पर्छ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | महल ९ | माथि १ दफा बमोजिम जायजातबाट पूरा बिगो पुगेन भने नपुग जतिमा लेनदेन व्यवहारको महलको १९ नम्बर, दामासाहीको महलको १० नम्बर, बाँकी नतिर्नेको महलको १० नम्बर, चोरीको महलको १० नम्बर र आगो लगाउनेको महलको ९ नम्बर बमोजिम कैद गराउन पाउनेमा कैद गराई पाऊँ भनी कैदमा बसुन्ज्याल खानलाई कैदी थुनुवाले पाउने सरहको सिधा खर्चसमेत दाखिल गरी अघि जायजातबाट भरिपाएका सात दिनभित्र दरखास्त दिनुपर्छ । त्यस्तो दरखास्त पर्न आयो भने हाकिमले त्यस कुराको पर्चा खडा गरी कैद गरिदिनुपर्छ.................................२ | | | |
| | | महल १३ | **अंशबन्डाको**<br>२० नं. ॥ ॥ अंशको नालिस परी आएकोमा अंशबन्डा गरिदिनुपर्ने देखिन आएपछि मुद्दा फैसला नगर्दै घरको लेनदेन कामकाज गर्ने जानकारसँग यसै महलका २३ नम्बरबमोजिम अंशबन्डा गर्नुपर्ने चल अचल धन र ऋणसमेत गैह्र श्रीसम्पत्ति यत्तिकै हो, दवाए छपाएको छैन भन्ने धर्म भकाई फाँट लिई बन्डा गरिदिनुपर्छ र फाँट दिनुपर्नेले फाँट नदि अडियो भने त्यस्तालाई फाँटवारी नदिएसम्म यसै महलका २१ नम्बर बमोजिम छ महिनासम्म थुनी राख्नुपर्छ र फाँट दिएपछि थुनाबाट छाडी कानुनबमोजिम बन्डा गरिदिनुपर्छ ।<br>२१ नं. ॥ ॥ अंशबन्डा गर्नालाई ऐनले फाँट दिनुपर्नेले फाँट नदिई धिङ्न्याई गरी बस्दा थुनिएकोमा थुनेका मितिले दुईदुई महिनामा फाँट देऊ भन्ने र अंश पाऊँ भन्नेहरूलाई पनि तिमीहरूले पनि अंशबन्डा गर्नुपर्ने जो छ सो सबै घटी बढी नपारी फाँटवारी कागज लेखी ल्याउ भनी पूर्जी दिई भरपाई लिनुपर्छ र थुनेका मितिले छ महिनाभित्र थुनिएकाले फाँट दिए लिई ऐनबमोजिम बन्डा गरिदिनुपर्छ । ... | आईसीसी पिआर १४ संविधान - १४ | फौजदारी कानूनले तोके अनुसार कैद सजाय एक प्रकारको सजाय हो जुन गम्भिर प्रकृतिका अपराधहरुका लागि सुहाउदो छ । देवानी मुद्दामा सम्पूर्ण विवरण इन्कार गर्नुले अपराध ठहरिदैन । | यस प्रकारका विषयहरु अदालतको मानहानी भित्र समावेश गरी संशोधन गर्नु पर्छ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | महल १७ | १९ नं. ॥ ॥ साहूको बिगो वापत असामीको जायजात गरी भराउँदा उपर हुन नसकेकोमा देहाय बमोजिम हुन्छ . व्यापारलाई कर्जा लिएदिएकोमा सो कर्जा लिने वा कर्जा लिदा सरिक भई काम गर्न वा सो लिखतमा मन्जुर भई सहीछाप गर्ने एकाघरसँगका अंशियारहरूका नाउँमा नालिस परेमा मुख्यले नोक्सानीको फाँट दिनुपर्छ र सो नोक्सानीको फाँट दिँदा चोरी आगलागीमा परेको पानीमा डुबी बेपत्ता भएको र लहना परेको मिनाहा दिंदा चोरी आगलागीमा परेको पानीमा डुबी बेपत्ता भएको र लहना परेको मिनाहा दिँदा नोक्सानीको फाँट पुग्यो भने सो असामीले बेइमानी गरेको ठहर्दैन कैद पनि हुँदैन । लेखिएदेखि बाहेक अरू कुरा भै नोक्सान परेको भनेको र लेखिएबमोजिम नोक्सानी भएको भनेमा पनि नोक्सानीको सबूद गुजार्न नसकी जायजात गराई साहूको धन नपुग्ने भएमा साहूको धनमा बेइमानी गरेको ठहर्छ र त्यस्तामा कैद गरी पाऊँ भनी दण्डसजायको महलको ४२ नम्बर बमोजिम साहूले दरखास्त दियो भने एक दिनको पच्चीस रुपैयाँको दरले बढीमा एक वर्षसम्म कैद गरी दिनुपर्छ । | आईसीसी पिआर ११ | करारीय दायित्व पुरा गर्न असफल भएमा यी प्रावधानहरुले कैद गर्न छुट दिन्छ । जवकी करारीय दायित्व पुरा गर्न असक्षमताको लागि कसैलाई पनि कैद गर्नु हुदैन । | करारीय दायित्व पुरा गर्न असफल हुँदा कैद हुनु नपर्ने सुनिश्चित गरी संशोधन गर्नु पर्छ । |
| | | | **दामासाहीको**<br>१० नं.॥ ॥ नोक्सानीको फाँट दिनुपर्नेमा लेखिएको नोक्सानी परेको प्रमाण पुऱ्याउन पनि सकेन आफूले देखाएको वा प्रमाणबाट देखिएको सम्पत्ति दिँदा पनि दिएन भने त्यो असामीले बेइमानी गरेको ठहर्छ । बेइमानी गरेवापत जति बिगोमा बेइमानी गरेकोछ उसै बिगोको सयकडा पन्ध्र जरिवाना गरी भएको सम्पत्तिब्बाट दामासाही गरिदिनुपर्छ र नपुग बिगोमा साहूले कैद गराई पाऊँ भनेमा एक दिनको पच्चीस रुपैयाँको दरले बढीमा छ महिनासम्म कैद गरिदिनुपर्छ र कर्जा लिनेले काम गर्दा कामकाज गरी आएको सोह्र वर्ष नाघेकालाई भए माथि लेखिएको सजायको आधी सजाय गर्नुपर्छ । | आईसीसी पिआर ११ | करारीय दायित्व पुरा गर्न असफल भएमा यी प्रावधानहरुले कैद गर्न छुट दिन्छ । जवकी करारीय दायित्व पुरा गर्न असक्षमताको लागि कसैलाई पनि कैद गर्नु हुदैन । | करारीय दायित्व पुरा गर्न असफल हुँदा कैद हुनु नपर्ने सुनिश्चित गरी संशोधन गर्नु पर्छ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | महल ८ | **बेरीतसँग थुन्दाको**<br>५ नं. ॥ ॥ मुद्दा परी कारबाईको सिलसिलामा ऐनले थुन्नुपर्ने देखी असल नियतले थुनेकोमा पछि थुन्न नहुने ठहरे पनि सम्बन्धित सरकारी कर्मचारीलाई यस महलबमोजिम सजाय हुँदैन । | आईसीसी पिआर९, १०, १४, २६,सि.सि एल.इ.ओ. १, २ | यस प्रावधानले कानून कार्यान्वयन गर्ने अधिकारीलाई निजले असल नियतका नाममा गरेको गैर कानूनी क्रियाकलापहरुमा दायित्व बहन गराउनबाट मात्र बचाउँछ । कुनै व्यक्तिलाई थुनामा राख्नु अपराध ठहरिन्छ र दण्ड गर्नु पर्ने विषय हो । कानून कार्यान्वयन गर्ने अधिकारीले कानून बमोजिम कार्य गुर्न पर्दछ । | गैर कानूनी थुनामा परेको पिडित व्यक्तिलाई पूर्ण क्षतिपूर्ति र कानून कार्यान्वयन गर्ने अधिकारको नियतको जाँच र अनुसन्धान गरेपछि मात्र छोड्ने गरी पूर्ण प्रत्याभूतका साथ संशोधन गर्नु पर्छ । |
| | | महल ९ | **कुटपिटको**<br>४ नं. ॥ ॥ अघिको इबीअदावत वा कुनै कुराको लालचले वा लुकीचोरीकन पनि हानेको रहेनछ केही कुरामा झगडा हुँदा आफ्नो विराम केही नभई अर्काले पहिले हात हतियारको चोट छोड्न आँटेको वा चोट छोडिसकेपछि सो चोटको जोखिमी बचाउनका निमित्त र अर्काले आफ्नो धनमाल चोर्न लागिरहेको वा अरू अपराध हुने किसिमको केही काम गरिरहेको देखी पक्रन खोज्दा हात हतियार उठायो वा सो मानिस जुलुमी रहेछ र त्यसलाई उसै बखत पक्राउ गर्नलाई कुटपिट नगरी पक्रन नसकिने भै हात छाड्नु पर्दा घा चोट अङ्गभङ्ग केही हुन गएछ भने सो गर्नेलाई र रक्षाशिक्षा गर्नेले कुटाई माग्नेको हितको निमित्त मनासिब माफिकको सामान्य बल प्रयोग गरी कुटेमा सो कुट्नेलाई पनि कुटपिटको बात लाग्दैन । | आईसीसी पिआर ७ सि.ए.टि. १, १६सि.आर.सि. १९, ३९ संविधान १४.४ एच आर सि साधारण टिप्पणी २०.५ | कुनै पनि प्रकारको बल प्रयोग गर्नु सुधारको उपाय हुन सक्दैन र यस प्रकारका कार्यहरु औचित्य पूर्ण सावित हुनु हुदैन र फौजदारी दायित्वबाट छुटकारा दिनु हुँदैन जवकी यो प्रावधानले सुधारको माध्यमको रुपमा साधारण बल प्रयोग र कुटपिटलाई छुट दिएको छ र दण्डबाट मुक्त गरेको छ । | साधारण बल प्रयोग र आदेशको लागि पनि जवाफदेही बन्ने बनाउने गरी यो प्रावधान संशोधन गर्नुपर्छ । |
| | | महल १० | **ज्यानसम्बन्धीका**<br>१ नं. ॥ ॥ कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नाको उद्योग गर्न हुँदैन । | आईसीसी पिआर ६ ऐच्छिक आलेख २ संविधान -१२.१ | यस प्रावधानले कानूनी रुपमा मान्छे मार्न छुट दिन्छ जवकी मृत्युदण्ड संवैधानिक रुपमा र आई.सी.सी.पि.आर को इच्छाधिन प्रलेख २ को व्यवस्थाले पहिले नै हटाई सकेको छ । | कानून बमोजिम बाहेक भन्ने शब्द हटाई संशोधन गर्नुपर्छ । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | महल १० | ६ नं. ॥ ॥ भवितव्य भै मानिसको ज्यान मरेकोमा देहाय बमोजिम सजाय हुन्छ ....<br>रक्षाशिक्षा गर्ने मर्नेको हितको निमित्त कुटपिट वा अरू कुनै काम कुरा गर्दा भवितव्य परेकोमा पचास रुपैयाँसम्म जरिवाना हुन्छ ....................३<br>रक्षाशिक्षा गर्नेबाहेक अरू कसैले कसैलाई कुटपिट गर्दा भवितव्य परेकोमा पाँचसय रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुन्छ .........................४ | आईसीसी पिआर ७ सि.ए.टि. १, १६ सि.आर.सि. १९,३९ संविधान - १४.४ सि आर सि साधारण टिप्पणी नं. २०.५ | कुनै पनि प्रकारको बल प्रयोग गर्नु सुधारको उपाय हुन सक्दैन र यस प्रकारका कार्यहरु औचित्य पूर्ण सावित हुनु हुदैन र फौजदारी दायित्वबाट छुटकारा दिनु हुँदैन जवकी यो प्रावधानले सुधारको माध्यमको रुपमा साधारण बल प्रयोग र कुटपिटलाई छुट दिएको छ र दण्डबाट मुक्त गरेको छ। | साधारण बल प्रयोग र आदेशको लागि पनि जवाफदेही बन्ने बनाउने गरी यो प्रावधान संशोधन गर्नुपर्छ। |
| ६७ | **यातना सम्बन्धी क्षतिपूर्ति ऐन२०५३** | २ | **परिभाषाः**<br>विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा<br>(क) "यातना" भन्नाले अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिइएको शारीरिक वा मानसिक यातना सम्झनु पर्छ र सो शब्दले निजसंग गरिएको निमर्म, अमानविय वा अपमानजनक व्यवहारलाई समेत जनाउँछ।<br>(ख) "पीडित व्यक्ति" भन्नाले यातना पाउने व्यक्ति सम्झनु पर्छ। | सि ए टी ४, १४ | महासन्धीको भावनालाई आत्मसाथ गर्नेगरी परिभाषित गर्न सकेको छैन र नेपालको शुरुको प्रतिवेदन माथि मध्यनजर राख्दै समितिले दिएका अन्तिम सिफारिसहरुलाई वेवास्ता गरिएको छ। | निम्न कुराहरु समावेश गरी यातनाको पुर्न व्याख्या गर्ने ।<br>◆ मानसिक वा शारिरिक रुपमा गम्भिर पिडा अथवा कष्ट पुऱ्याउने कार्यहरु।<br>◆ सूचना वा उसैको लागि वा अर्को तेस्रो व्यक्तिको लागि साविति प्राप्त गर्ने उद्देश्यका लागि।<br>◆ भेदभावमा आधारित कुनै पनि प्रकारको जवरजस्ती (जोरजुलम) वा भय। |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | | | | ◆ पदिय हैसियतमा आफै वा अरको उक्साहटमा ।<br>◆ यस प्रकारका कार्यहरुमा स्वीकृति अथवा मञ्जुरी दिएमा । |
| | | ३ | **यातना दिन नहुने :-**<br>(१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिनु हुँदैन ।<br>***स्पष्टीकरण*** :- यस उपदफाको प्रयोजनको लागि “थुनामा रहेको” भन्ने शब्दले प्रचलित कानुनबमोजिम हिरासतमा रहेको अवस्थालाई समेत जनाउँछ । | सिएटी ४ | यातना विरुद्धको महासन्धीको पक्ष राष्ट्रले यातनालाई एक जघन्य अपराधको रुपमा परिभाषा गर्नुपर्ने दायित्व बोकेको हुन्छ । यस व्यवस्थाले यातनालाई एक नैतिक दायित्वको रुपमा मात्र स्विकार गर्न नहुने कुरालाई स्पष्ट पारेकोछ । हार्टका अनुसार कुनै कार्य अपराध हुनाका लागि त्यो दण्डनिय हुनु पर्दछ । हालको कानूनले यातनालाई दण्डविना कानुनतः बहिकृत गरेको छ । | उचित अभियोजन कार्यविधि र कारणीलाई सजाय समावेश गरी संशोधन गर्ने । |
| | | ३ | (२) कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैले निजको शारीरिक स्थितिको जाँच गरी गराई सोको अभिलेख खडा गरी राख्नुपर्नेछ ।<br>**स्पष्टीकरण :** यस उपदफाको प्रयोगजनको लागि “चिकित्सक” भन्नाले सरकारी सेवामा रहेको डाक्टर, कविराज, हेल्थ असिष्टेन्ट, अ.हे.व. वा वैद्य समेतलाई सम्झनुपर्छ । | सिएटी १, वि.पि.पि.ए. पि.ए एफ.डि.आई २४, २५ | यस व्यवस्थाले मानसिक यातनालाई व्यवस्था गरेको छ । पीडितको मानसिक परिक्षणलाई महत्व दिइएको छैन । जहाँ यातनाको परिभाषाले मानसिक यातनालाई पनि प्रत्यक्ष रुपमा समेटेको छ । यस व्यवस्थाले यातना सम्बन्धी शारीरिक अवस्था र त्यसका कागजातहरुको परिक्षण गर्ने अधिकार प्रहरी इन्चार्जलाई अधिकार प्रदान गरेको छ । सिद्धान्ततः मेडिकल परिक्षणका लागि मेडिकल व्यवसायीहरुको आवश्यकता पर्दछ । | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | ३ | (३) उपदफा (२) मा उल्लेखित शारीरिक वा मानसिक स्थितिको जाँच सम्बन्धी प्रतिवेदनको एक प्रति सम्बन्धित जिल्लाअदालतमा पठाउनुपर्नेछ। | | ऐनको व्यवस्थाहरु आफैमा विरोधाभाषपूर्ण छन। ऐनको दफा ३.२ ले केवल शारिरिक परिक्षणको बारेमा मात्र व्यवस्था गरेको छ भने दफा ३.३ ले शारिरिक एवं मानसिक दुवै यातनाको बारेमा उल्लेख गरेको छ। | उल्लेखित अस्पष्टता हटाउने। |
| | | ५ | **उजुरी दिन सक्ने** (१) पीडित व्यक्तिले आफूलाई यातना दिइएको मितिले वा थुनाबाट मुक्त भएको मितिले ३५ दिनभित्र क्षतिपूर्तिको माग दावी गरी आफू थुनामा रहेको जिल्ला अदालतमा उजुरी दिन सक्नेछ । | सिएटी १२, १३, १४ | यातनाको लक्षण परिणामहरु कष्टदान भएको धेरै समय व्यथित पछिमात्र उत्पन्न हुनसक्छन। औषधी विज्ञानले प्रमाणित गरी सकेको छ कि यातनाको मनोसामाजिक समस्याको लक्षणहरु घटना भएको छ हप्ता पछि मात्र PISD को रुपमा देखिन शुरु गर्दछन। हालको प्रावधान अनुसार शारिरिक तथा मानसिक दुवै स्वरुपका यातनाहरु दावीयोग्य भएता पनि भनिएको प्रकृतिको मनोसामाजिक पक्षको सम्भावित दावीलाई बाहेक गरेको छ। | कम्तिमा तिन वर्ष हुने गरी समायावधि बढाउने र संशोधन गर्ने। |
| | | ६ | **उजूरीमा कारबाई र क्षतिपूर्ति** (१) दफा ५ बमोजिम परेको उजुरीको सम्बन्धमा जिल्लाअदालतले संक्षिप्त कार्यविधि ऐन २०२८ बमोजिमको कार्यविधि अपनाई कारबाई गर्ने छ र त्यस्तो उजुरीको व्यहोरा ठीक ठहरेमा पीडित व्यक्तिलाई श्री ५ को सरकारबाट एकलाख रुपैयाँसम्म क्षतिपूर्ति भराइदिने निर्णय गर्न सक्नेछ। | सिएटी १४ | ऐनको व्यवस्थाले अधिकतम क्षतिपूर्ति एक सय देखि हजार सम्मको व्यवस्था गरेको छ। जुन यातना सम्बन्धी महासन्धीको भावना संगै मेल खादैन। यातना सम्बन्धी महासन्धीले पर्याप्त र स्वच्छ क्षतिपूर्तिको अधिकारको व्यवस्था गरेको छ जस भित्र सम्भव भएसम्म पूर्ण पुर्नस्थापनाका व्यवस्था समेतलाई समेटेको छ। | उपचार, स्वच्छ क्षतिपूर्ति र पुनः स्थापनाका (तत्व) अपयवहरुको क्रमबद्धरुपमा विभेद गर्ने र उचित बृद्धिबाट समानुपातिक रुपले वण्डा गर्ने। |
| | | ६ | (२) उपदफा (१) बमोजिम कारबाई गर्दा बदनियत चिताई उजुरी दिएको ठहरिएमा जिल्लाअदालतले त्यस्तो उजुरी दिने व्यक्तिलाई पाँचहजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ। | | यातना एक अपराध हो र पनि फौजदारी कानुनको सिद्धान्तले पहिचान गरेको जस्तो सजाय हुन सक्ने अपराधीक कार्यको रुपमा कर्म मात्र दर्ता भएको छ। यसै कारणले गर्दा उजुरी गर्न पिडितहरुलाई डरको भावना उत्पन्न भएको हुन सक्दछ। | संशोधनबाट उद्धत प्रावधान झिक्ने। |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ७ | **यातना दिने कार्यमा संलग्न व्यक्तिउपर कारबाई**<br>यस ऐनबमोजिम यातना दिएको ठहरिएमा जिल्लाअदालतले त्यस्तो यातना दिने सरकारी कर्मचारीलाई प्रचलित कानुनबमोजिम विभागीय कारबाई गर्न सम्बन्धित निकायलाई आदेश दिनेछ । | सिएटी ४, १४ | जसरी यातनालाई एक गम्भिर प्रकृतिको अपराध र फौजदारी सजायको आवश्यकताको रुपमा लिइएको छ । त्यसै रुपमा विभागहरुलाई गरिएका सिफारिसहरु पर्याप्त हुन सकेका छैनन् । | कारणीलाई विभागीय कारवाहीका साथ अपराध मुलक दायित्व उपर ( उत्तरदायी) गराइनु पर्दछ । त्यसकारण कारणीको आर्थिक सुविधाहरुबाट पूर्ण वा आंशिक रुपमा लिन मिल्ने गरी क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था समावेश गरी संशोधन गर्ने । |
| | | १० | **सरकारी वकिलबाट प्रतिरक्षा हुन सक्ने :**<br>दफा ५ बमोजिम परेको उजुरीको सम्बन्धमा सम्बन्धित कार्यालय प्रमुखले अनुरोध गरेमा सरकारी वकिलले त्यस्तो कर्मचारीको तर्फबाट अदालतमा उपस्थित भई प्रतिरक्षा गरिदिनेछ । | सिएटी ६ | गम्भिर प्रकृतिका फौजदारी अपराधको प्रतिरक्षा गर्नुको सट्टा अभियोजित गर्नुपर्छ । तथाकथित अपराध गर्ने व्यक्तिलाई हिरासतमा लिनु पर्ने नितान्त जरुरी छ । | उद्धत प्रावधान झिक्ने र सरकारी अधिकारीले आरोपित कारणीको अभियोजन गर्न सक्ने भूमिकाको सुनिश्चित गर्ने । |
| ६८ | **राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२** | १२ | **पक्राउ गर्ने :-**<br>(१) कुनै व्यक्तिले यस ऐनको बर्खिलाप कुनै काम गरेको छ वा गर्न लागेको छ भनी शङ्का गर्नुपर्ने पर्याप्त कारण र आधार भएमा अनुसन्धानअधिकृतले त्यस्तो व्यक्तिलाई जुनसुकै ठाउँमा पक्राउ गर्न वा पक्राउ गर्न आदेश दिन सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम पक्राउ परेको व्यक्तिलाई बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र अनुसन्धान अधिकृतले मुद्दा हेर्ने अधिकारी समक्षपेस गर्नुपर्नेछ । | आईसीसी पिआर १४ | यस प्रावधानले पक्राउ गरिएका कारणका बारेमा तत्काल जानकारी पाउनु पर्ने अधिकारको व्यवस्था गरेको छैन । अझ यसले कानूनी सल्लह र परिवारका सदस्यहरुसंग सर सल्लाह गर्न पउने अधिकारलाई स्वीकार गर्दैन । | समातिएको समयमा २४ घण्टा भित्रको आरोपित व्यक्ति, उसको परिवार र कानूनी सल्लाहकारलाई पक्राउको सूचना दिने सुनिश्चित गर्ने दफा यस प्रावधानमा राख्ने । |
| | | १३ | **थुनामा राख्न सकिने**:<br>यस ऐनअन्तर्गत पक्राउ परेको व्यक्तिलाई अनुसन्धानको सिलसिलामा मुद्दा हेर्ने अधिकारीको स्वीकृति लिई एक पटकमा पन्ध्र दिनमा नबढाई बढीमा पैंतालीस दिनसम्म थुनामा राख्न सकिनेछ । | आईसीसी पिआर १४.३ सी | यस प्रावधानले मुद्दालाई पुर्पक्षमा परिणत नगरी थुनाको समयलाई अनुचित रुपमा विस्तार गर्ने व्यवस्था गरेको छ । | उद्धृत प्रावधान हटाउने र यसलाई अनुसन्धान र पुर्पक्षको कार्यविधि अनुरुप बनाउने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | १८ | **मुद्दा दायर गर्ने :-**<br>(१) राजश्व चुहावटको कसुरसम्बन्धी मुद्दा अनुसन्धानअधिकृतले विभागको स्वीकृति लिई श्री ५ को सरकारको नामबाट मुद्दा हेर्ने अधिकारीसमक्ष दायर गर्नेछ ।<br>(२) भ्रष्टाचारको कसुरको आरोप लागेको कर्मचारीउपर दफा १४ बमोजिम विभागीय कारबाई र सजायको लागि अर्थ मन्त्रालयमा लेखी पठाइसकेपछि अनुसन्धानअधिकृतले अर्थ मन्त्रालयको स्वीकृति लिई श्री ५ को सरकारको नामबाट मुद्दा हेर्ने अधिकारीसमक्ष मुद्दा दायर गर्नेछ । | सि.सि.एल.इ. ओ. ८, ८ (सि) | यस प्रावधान अनुसार अनुसन्धान गर्नका लागि विभागिय स्वीकृती आवश्यक पर्दछ । जवकी कानून कार्यान्वयन गर्ने अधिकारीका लागि आचर संहिताको व्यवस्था अनुसार कानून कार्यान्वयन गर्ने अधिकारीले उनीहरुको क्षमताले भ्याएसम्म कानूनको सम्मान गर्नुपर्ने छ र कानून कार्यान्वयन गर्ने अधिकारीको स्वतन्त्रताको स्वीकार गर्दछ । संहिताको उल्लंघन भएका तालुक अधिकारी समक्ष प्रतिवेदन गर्ने व्यवस्था छ तर पुर्पक्ष अथवा अनुसन्धान गर्ने स्वीकृति प्राप्त गर्ने होइन । | अनुसन्धान गर्ने अधिकारीहरुलाई कुनैपनि विभागिय हस्तक्षेप विना अनुसन्धान प्रकृयामा स्वतन्त्र बनाइनु पर्दछ । विशेष अदालत ऐन अनुसारको कार्यविधि सबै मुद्धाहरुको लागि नभई विशेष प्रकृतिका मुद्धाहरुको लागि हो । राजश्व चुहावट सम्बन्धी मुद्धाको पुर्पक्ष गर्ने कार्यविधि निर्धारण हुनु आवश्यक छ |
| | | २२ | **मुद्दाको कार्यविधि** :<br>यस ऐनबमोजिमको कसुरमा मुद्दा हेर्न अधिकारीबाट मुद्दाको कारबाई गर्दा विशेष अदालत ऐन २०३१ को कार्यविधि अपनाउनुपर्नेछ । | | | |
| | | २३ | **दण्डसजाय**<br>राजश्व चुहावटको कसुर गर्ने व्यक्तिलाई बिगोको दोब्बरसम्म जरिवाना गरी कसुरको मात्रा हेरी तीन वर्षसम्म कैद हुनेछ ।भ्रष्टाचारको कसुर गर्ने कर्मचारीलाई बिगोको दोब्बरसम्म जरिवाना गरी कसुरको मात्रा हेरी दुई वर्षसम्म कैद हुनेछ । | आई सी सी पि आर १४ | उद्धृत प्रावधान अनुसार अनुसन्धान अधिकृत र पुर्पक्ष कर्ता अधिकृतबाट गरिएको अनुसन्धान र पुर्पक्षको आधारमा दण्डको रुपमा कारावासको व्यवस्था गरिएको छ । जवकी अनुबन्द अनुसार दण्ड गर्ने निकाय स्वतन्त्र, निष्पक्ष र सक्षम हुनु पर्दछ । | दण्डादेश नितिको प्रकाशका आधारमा दण्ड कानुनद्वारा स्थापित अदालतबाट हुने गरी संशोधन गर्ने । |
| ६९ | **राष्ट्रिय निर्देशन ऐन २०१८** | ५ | **(क) अधिकारप्रत्यायोजनः** श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यो ऐनअन्तर्गतको आफ्नो सबै वा कुनै अधिकार तथा कर्तव्य सोही सूचनामा तोकिएको कुनै अधिकारीले प्रयोग तथा पालन गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ र अधिकारीले दिएको आदेश वा निर्देशन श्री ५ को सरकारले दिएसरह मानिनेछ । | आईसीसी पिआर १४ | कानूनको सिद्धान्त अनुसार विधायकद्धारा कार्यपालिकालाई प्रत्यायोजन गरिएको अधिकार कार्यपालिकाले अन्य अधिनस्त निकायलाई सजिलै प्रत्यायोजन गर्न सक्दैन । अझ यस ऐनको दफा ६ ले श्री ५ को सरकारलाई सजायको रुपमा जरिवाना र कैद दण्ड तोक्न सक्ने अधिकार दिएको छ । सजाय निर्धारण गर्ने अधिकार प्रत्यायोजनको विषय होइन । | उद्धृत प्रावधान हटाउने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ६ | **दण्डसजाय:**<br>(१) कुनै व्यक्ति वा व्यक्तिहरूले श्री ५ को सरकारको स्वीकृतिविना कुनै वर्गीय तथा व्यावसायिक सङ्गठन खडा गरेमा त्यस्तो व्यक्ति वा व्यक्तिहरू प्रत्येकलाई श्री ५ को सरकारको आदेशले बढीमा नेरु ५०० सम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ र त्यसरी खडा गरिएको सङ्गठन पनि अवैध हुनेछ। | आईसीसीपिआर १४ | कुनै पनि प्रकारको दण्डात्मक सजाय पारित गर्दा कानूनद्वारा स्थापितक स्वतन्त्र, सक्षम र निष्पक्ष अदालतले गर्नु पर्दछ । सरकारबाट होइन। | सजाय पारित गर्ने अधिकार सरकारलाई होइन अदालतलाई मात्र हुने गरी संशोधन गर्नु पर्दछ। |
| ७० | **राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९** | २ | **परिभाषा:**<br>"अधिकार प्राप्त अधिकारी" भन्नाले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकी दिएको अधिकारीलाई सम्झनु पर्छ। | सि.सि.एल.इ.ओ. १ | अधिकार निर्धारण गर्ने कार्य प्रत्याजित अधिकार र कार्यपालिका (सरकार) ले राजपत्रमा सूचना निकालेर होइन कानून आफैले स्पष्ट रुपमा तोक्नु पर्दछ। | संशोधन द्वारा स्पष्ट रुपमा निश्चित निकाय तोक्नु पर्दछ । |
| | | २४ | **विनावारेन्ट गिरफ्तार गर्ने अधिकार :**<br>(१) यस ऐनबमोजिमको कुनै कसुरदार भाग्छ भन्ने विश्वास पर्ने कारणहरू भएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न सक्नेछ। उक्त गिरफ्तार गरिएको व्यक्तिलाई बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र कानुनी कारबाईको निमित्त मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्छ।<br>(२) उपदफा (१) बमोजिम अधिकारप्राप्त अधिकारीले गिरफ्तार गर्न लाग्दा वा गिरफ्तारी गरिसकेपछि पनि छुटाई लैजान वा पक्रन नदिन कसुरदार वा निजको मद्दतगार कसैले हूलहुज्जत गरी भागी जाने वा भगाई लैजाने अवस्था परेमा वा पक्रनेकै ज्यान जोखिम हुने सम्भावना देखिन आएमा वा हतियार नचलाई नहुने अवस्था पर्न आएमा भरसक घुँडादेखि मुनि लाग्ने गरी सो पक्रन जाने कर्मचारीले गोली चलाउन सक्छ। सोबमोजिम गोली चलाउँदा कसुरदार वा उसको मद्दतगार मर्न गएमा वात लाग्नेछैन। | आईसीसी पिआर १४<br>वि.पि.यू.एफ.एफ.एल.इ.ओ. ५ | उद्धृत प्रावधानले स्वच्छ पूर्पक्षपूर्वको अधिकारलाई इन्कार गर्दछ। तत्काल सूचित हुन पाउने अधिकार र आफू विरुद्ध लगाइएको आरोपको कारण र प्रकृति उसले बुझ्ने भाषामा विस्तृत रुपमा दिनु पर्छ। उद्धृत प्रावधान क्षतिलाई कमी गर्न र बललाई प्राप्तीको उद्देश्यसंग समानुपातिकता कायम गर्न, उद्धारका लागि हेरचाहको व्यवस्था गर्न र औषधी सेवन र घाइतेको सुरक्षा र उसको परिवार अथवा नातेदारलाई सूचित गर्न पूर्ण रुपमा असावधान छ। | पक्राउ पर्ने व्यक्ति र उसको परिवारलाई पक्राउको कारण खोलि सुचना र कानुनी सल्लाहको व्यवस्था गरिनु पर्दछ। यस्तो अधिकार पक्राउ परेको यथासिघ्र र २४ घण्टा भित्रै दिइने व्यवस्था समावेश गरी संशोधन गर्नु पर्ने। साथै पक्राउ पर्ने व्यक्तिको वस्तु स्थिति र अभियोग सावित भएमा उसलाई हुन सक्ने सामान्य सजाँयको बारेमा पनि जानकारी दिने व्यवस्थाको सूनिश्चितता गरिनु पर्दछ। धेरै उद्देश्य हासिल गर्न थोरै बल प्रयोग गरेको र तत्काल हेरचाह |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | | | | र घाइतेको उपचार र पक्राउ, थुना, घाइते आदि भएको अवस्थामा तत्काल परिवार अथवा नातेदारलाई जानकारी दिने सुचिश्चित गरी संशोधन गर्नुपर्छ । |
| | | ३१ | **मुद्दा हेर्ने अधिकारी :**<br>(१) यो ऐन अर्न्तगतको मुद्दाको कारबाई र किनारा गर्ने अधिकार तोकिएको अदालत वा अधिकारीलाई हुनेछ ।<br>(२) उपदफा (१) अन्तर्गत मुद्दाको कारबाई र किनारा गर्दा तोकिएको अदालत वा अधिकारीले सुरु अदालतले अपनाएसरहको कार्यविधि अपनाउनेछ ।<br>(३) उपदफा (१) अन्तर्गत तोकिएको अदालत वा अधिकारीले गरेको निर्णय वा आदेशउपर सो निर्णय वा आदेश भएको पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ । | आईसीसी पिआर १४ | उद्धृत प्रावधान अस्पष्ट छ । उद्धृत प्रावधानले स्पष्ट रुपमा यस कानुन अन्तरगतका मुद्धाको सुनुवाई साधारण अदालतबाट मात्र गरिने गरी व्यवस्था गरिनुपर्दछ । पुर्पक्ष गर्ने अधिकार प्रशासनिक पदाधिकारीलाई नभई कानूनद्वारा स्थापित स्वत्रन्त्र सक्षम र निष्पक्ष न्यायाधिकरणलाई हुनु पर्दछ । | यस ऐन अनुसारका मुद्धाहरु कानूनद्वारा स्थापित स्वतन्त्र सक्षम र निश्पक्ष अदालतबाट सुनुवाई हुने सुनिश्चित गरी उद्धत प्रावधानको संशोधन गर्ने । |
| ७१ | **राजश्व न्यायाधिकरण ऐन २०३१** | २<br><br>३ | प्रत्येक न्यायाधिकरणको इलाका र सदरमुकाम श्री ५ को सरकारले समयसमयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुनेछ ।<br><br>प्रत्येक न्यायाधिकरणमा श्री ५ को सरकारले नियुक्त गरेका देहायका सदस्यहरू रहनेछन् :<br>(क) कानुन सदस्य,<br>(ख) राजश्व सदस्य, र<br>(ग) लेखा सदस्य | आई सी सी पि आर १४ संविधान - ८४, ८५, ८६,८७ ९०, ९२,९३बी पि आई जे १,२,३,४,५, ६, १० | अदालत न्यायाधिकरण अथवा अन्य न्यायिक निकाय जसले न्यायसंग सम्बन्धीत अधिकारको प्रयोग गर्दछ त्यो पूर्ण रुपमा न्यायिक आचारहरुमा दृढ रहनु पर्दछ र संविधान, कानून र न्यायका मान्य सिद्धान्तहरको पालना गर्नुपर्दछ । तिनीहरु सर्वोच्च अदालतको सुपरिवेक्षण र नियन्त्रण भित्र रहनु पर्दछ । यस्ता न्यायाधिकरण अथवा न्यायिक निकायमाथि भनिएको खाकाभित्र कानूनद्वारा निर्मित हुनुपर्दछ । यस प्रकारका न्यायाधिकरणहरुका न्यायाधिशहरु अथवा सदस्यहरुको कार्यावधि न्युक्तिहरु सरुवाहरु, र कार्यगत स्वतन्त्रता संविधानले | संवैधानिक खाकाभित्र समायोजन गरी साधारण अदालतभन्दा भिन्न हुने गरी न्यायाधिकरण वा अन्य न्यायिक निकायहरुका लागि स्पष्ट आदेश कार्यविधि र सदस्यहरुको योग्यताहरु क्षेत्राधिकार र न्यायिक पद सोपानमा यसको पद सोपानिय अवस्था र तिनीहरुको कार्यगत क्षेत्र स्पष्ट रुपमा प्रदान गर्न नयाँ कानुन लागु गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | | | निर्धारण गरे बमोजिम कानूनद्वारा निदृष्टि र सक्षम निकायबाट कार्यान्वयित हुनुपर्दछ । यस प्रकारका मुद्दाहरुको न्यायिक अंगहरुको पूर्ण समाध्यता हुनुपर्दछ । संविधानले कार्यपालिकालाई होइन न्याय परिषदलाई अधिकारहरु दिएको छ । जवकी यी प्रावधानहरुले न्यायाधिकरणको गठन गर्न र यसका न्यायाधिशरु अथवा सदस्यहरुको नियुक्ति गर्न कार्यपालिका स्वयंले टुंगो लगाउन सक्ने अधिकार दिएको छ । | |
| ७२ | **लागू औषध (नियन्त्रण) ऐन २०३३** | ८ | **विनावारेन्ट प्रवेश खानतलासी, कब्जा र गिरफ्तार गर्ने अधिकार**<br>(१) यस ऐनअन्तर्गतको कुनै अपराध कुनै घर, जग्गा, सवारी वा ठाउँमा भइराखेको छ र तुरुन्तै केही कारबाई नगरेमा अपराधी भागी जाने वा अपराधको प्रमाण गायब हुने सम्भावना देखेमा औषध नियन्त्रण अधिकारी वा कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जा सम्मको प्रहरी कर्मचारीले सो कुराको पर्चा खडा गरी जनुसुकै बखत देहायका कामहरू र्गन सक्नेछ :-<br>(क) त्यस्तो घर, जग्गा, सवारी वा अन्य कुनै ठाउँमा प्रवेश गर्नु,<br>(ख) त्यसरी प्रवेश गर्दा कुनै बाधा विरोध भएमा ढोका फोरी प्रवेश गर्न वा त्यस्तो बाधाविरोध हटाउन आवश्यक कारबाई गर्ने<br>(ग) अपराधसित सम्बन्धित लागू औषध र अन्य सामानहरू तथा प्रमाणको लागि काम लाग्ने जुनसुकै कागजपत्र कब्जा गर्ने, र<br>(घ) अपराध गरेको भनी शङ्का लागेको जुनसुकै व्यक्तिलाई रोक्न, खानतलासी लिन र आवश्यक देखेमा निजलाई गिरफ्तार समेत गर्ने । | आईसीसी पिआर १४, वि.पि.यू.एफ एफ.एल.इ. ओ. ५ | उद्धृत प्रावधान क्षतिलाई कमी गर्न र बललाई प्राप्तीको उद्देश्यसंग समानुपातिकता कायम गर्न, उद्धरका लागि हेरचाहको व्यवस्था गर्न र औषधी सेवन र घाइतेको सुरक्षा र उसको परिवार अथवा नातेदारलाई सूचित गर्न पूर्ण रुपमा असावधान छ ।<br>उद्धृत प्रावधानले निर्दोषिता अनुमानको सिद्धान्त र (स्वयं दोषारोपण) आत्मअपराधिकरण विरुद्ध सुरक्षाको उल्लंघन गर्दछ ।<br>उद्धृत प्रावधान अस्पष्ट छ । उद्धृत प्रावधानले स्पष्ट रुपमा यस कानुन अन्तरगतका मुद्धाको सुनुवाई साधारण अदालतबाट मात्र गरिने गरी व्यवस्था गरिनुपर्दछ । पुर्पक्ष गर्ने अधिकार प्रशासनिक पदाधिकारीलाई नभई कानूनद्वारा स्थापित स्वत्रन्त्र सक्षम र निष्पक्ष न्यायाधिकरणलाई हुनु पर्दछ । | उद्धृते प्रावधान क्षतिलाई कमी गर्न र बललाई प्राप्तीको उद्देश्यसंग समानुपातिकता कायम गर्न, उद्धरका लागि हेरचाहको व्यवस्था गर्न र औषधी सेवन र घाइतेको सुरक्षा र उसको परिवार अथवा नातेदारलाई सूचित गर्न पूर्ण रुपमा असावधान छ । उद्धृत प्रावधानले निर्दोषिता अनुमानको सिद्धान्त र ( स्वयं दोषारोपण) आत्मअपराधिकरण विरुद्ध सुरक्षाको उल्लंघन गर्दछ । उद्धृत प्रावधान अस्पष्ट छ । उद्धृत प्रावधानले स्पष्ट रुपमा यस कानुन अन्तरगतका |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (२) उपदफा (१)बमोजिम कुनै घर, जग्गा, सवारी वा अन्य कुनै ठाउँमा प्रवेश गर्दा वा खानतलासी गर्दा समयले भ्याएसम्म सम्बन्धित नगर पञ्चात वा गाउँ पञ्चायत वा वडा समितिका एक जना सदस्य वा त्यस ठाउँको एक जना भलादमी वा कुनै अर्को सरकारी कार्यालयका एक जना कर्मचारीलाई साक्षी राखी गर्नु पर्नेछ ।<br>तर नगरपालिका वा गाउँ विकास समिति वा वडा समितिका सदस्य वा त्यस ठाउँका भलादमी वा कुनै अर्को सरकारी कायाएलयका कर्मचारीको रोहबरमा मुचुल्का तयार गर्ने प्रयास गर्दा पनि त्यस्तो व्यक्तिहरू उपलब्ध नभएको उचित आधार भएमा कम्तीमा दुई जना औषध अनुसन्धान अधिकारी वा कम्तीमा दुई जना प्रहरी सहायक निरीक्षक दर्जासम्मको कर्मचारीको राहवरमा मुचुल्का तयार गर्न सकिनेछ । | | | मुद्धाको सुनुवाई साधारण अदालतबाट मात्र गरिने गरी व्यवस्था गरिनुपर्दछ । पुर्पक्ष गर्ने अधिकार प्रशासनिक पदाधिकारीलाई नभई कानूनद्वारा स्थापित स्वत्रन्त्र सक्षम र निष्पक्ष न्यायाधिकरणलाई हुनु पर्दछ । |
| ७३ | **सुपर्दगी ऐन, २०४५** | १२ | **सपुर्द गर्नमा बन्देज :** सपुर्द गर्न माग गरिएमो अभियुक्त वा अपराधीलाई देहायको अवस्थामा श्री ५ को सरकारले सपुर्द गर्नेछैन :-<br>१२.१ त्यस्तो अभियुक्त वा अपराधी राजनैतिक अपराधी भएमा वा सपुर्दगी माग गर्ने राष्ट्रबाट प्राप्त भएका प्रमाणहरूको आधारमा वा अदालतबाट जाँचबुझको सिलसिलामा अभियुक्त वा अपराधीबाट पेस गरिएको प्रमाणको आधारमा निजले गरेको अपराध राजनैतिक अपराध लागेमा वा निजलाई राजनैतिक अपराधमा सजाय गर्न माग गरिएको देखिएमा,<br>१२.२ त्यस्तो अभियुक्त वा अपराधीलाई सो राष्ट्रको कानुनबमोजिम कारबाई गर्न सो कानुनी कारबाईको लागि तोकेको हदम्याद नघाई सुपुर्दगीको माग गरेको देखिएमा, | आईसीसी पिआर १४.७ संविधान १४ | यो न्यायको सामान्य सिद्धान्त र विश्वव्यापी रुपमा मानव अधिकार कानूनले स्वीकारेको कुरा हो कि कानून बमोजिम भएको व्यवस्था अनुसार पटके कसुदार ठहरिएको अथवा छोडिएको कुनै व्यक्तिलाई पुनः सोही कुरामा मुद्दा चलाउनु अथवा दण्डित गर्नु हुँदैन । जवकी उद्धृत प्रावधानबाट दोहोरो खतराको सिद्धान्तको उल्लंघन हुन सक्ने खतरा देखिन्छ । उद्धृत प्रावधानमा सम्पुर्ण अधिकार कार्यपालिकामा छोड्ने र स्वविवेकिय अधिकारको दुरुपयोग हुन सक्ने संभावना छ । अभियोग लगाउने अथवा मुक्त गर्ने विषय पूर्ण रुपमा अदालतको क्षेत्राधिकार हुनु पर्दछ । | उद्धृत प्रावधान हटाउने ।अनुसन्धानकर्ता अभियोजनकर्ता र न्याय निरोपणकर्ता कानूनद्वारा नै स्पष्ट रुपमा तोकिने गरी र न्याय निरोपण सामान्य अदालत अथवा कानूनद्वारा स्थापित न्यायाधिकरणबाट हुने सुनिश्चितता गरी संशोधन गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | १२.३ त्यस्तो अभियुक्त वा अपराधीले नेपाल अधिराज्यभित्र गरेको कुनै अपराध वापत प्रचलित नेपाल कानूबमोजिम सजाय भोगिरहेको वा निज उपर कारबाई चलिरहेकोमा सो सजाय वा कारबाई पूरा नहुन्जेलसम्म । | | | |
| | | १५ | **श्री ५ को सरकारको विशेष अधिकार :**<br>यस ऐन अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपराध मामुली किसिमको भएको कारण वा सपुर्द मागिएको अभियुक्त वा अपराधीले सपुर्द नगर्न पेस गरेको कारण वा न्यायको लागि वा राजनैतिक कारण वा श्री ५ को सरकारलाई चित्त बुझ्दो अन्य कुनै कारणबाट सपुर्दगीको लागि माग गरिएको अभियुक्त वा अपराधीलाई सपुर्द गर्न वा कुनै कारबाई गर्न मनासिब छैन भन्ने लागेमा श्री ५ को सरकारले कुनै पनि बखत त्यस्तो अभियुक्त वा अपराधीको विरुद्ध गरिएको त्यस्तो काम, कारबाई, वारेन्ट वा आदेश खारेज गरी त्यस्तो अभियुक्त वा अपराधी थुनामा रहेका भए निजलाई थुनाबाट मुक्त गर्न समेत आदेश दिन सक्नेछ । | | | |
| ७४ | **सभा वा सङ्घसम्बन्धी ऐन २००५** | ८ | कुनै मानिस गैरकानुनी सभाको सदस्य ठहर्न आएमा छ महिनासम्म कैद वा रु. ५०० सम्म दण्ड वा दण्डकैद दुवै हुन्छ । | आइसीसीपीआर ९ ३,१४, | यस प्रावधानले सजाय मात्र तोकेको छ तर अभियोजन र पुर्पक्ष गर्ने निकाय तोकेको छैन । | १. शान्तिपूर्ण सभा गर्न पाउने अधिकारको प्रकाशमा आधारीत भएर सम्पूर्ण प्रावधान संशोधन गर्ने र शान्तिपूर्ण सभा वा संगठनिक अधिकारको नाममा हिंसात्मक प्रर्दशनीलाई दण्डात्मक बनाउने ।<br>२. सरकारी वकिलले अभियोजन गर्ने र |
| | | ९ | कुनै सङ्घ वा सभा गैरकानुनी ठहर्न आएमा सो सभा वा सङ्घ बन्द गर्न आर्डर दिइनेछ । | | | |
| | | १० | दफा ९ बमोजिम कुनै सङ्घ वा सभा बन्द गर्ने आर्डर भएपछि त्यस्तो सभा वा सङ्घमा सामेल हुने र सो सभा वा सङ्घ कायम राख्नेलाई दुई वर्षसम्म कैद वा रु १००० सम्म दण्ड सजाय हुनेछ । | | | |
| | | ११ | दफा ५ बमोजिम कसुरदार ठहरिएकालाई छ महिनादेखि जनमभर कैद वा रु १०० देखि २००० सम्म दण्ड सजाय हुनेछ । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | | | | जिल्ला अदालतले न्याय निरोपण गर्ने प्रावधान थप गरी संशोधन गर्ने। |
| | | १२ | गैरकानुनी सभा वा सङ्घ आफ्ना जमिन वा घरमा हुने भएको थाहा पाएमा सो कुराको खबर तुरुन्त नजिकका प्रहरी ठाना, चौकीमा दिनुपर्छ। गैरकानुनी सभा भइरहेको वा सङ्घ स्थापित भएको थाहा पाएपछि त्यस्तो सभा वा सङ्घलाई बन्द गराउन भरसक उद्योग गर्नुपर्छ। प्रहरी ठाना, चौकीमा खबर पनि नदिने रोक्न उद्योग पनि नगर्नेलाई रु १०० सम्म दण्ड गर्नु। | आइसीसी पीआर १५.३, | निषेध गर्न वा सूचित गर्न असफल हुनुले फौजदारी अपराध हुँदैन। | उद्धृत प्रावधान हटाउने। |
| ७५ | **सरकारी मुद्दासम्बन्धी ऐन २०४९** | २ | **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः**<br>(क) "सरकारी वकिल" भन्नाले महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ता, सह न्यायाधिवक्ता, उप न्यायाधिवक्ता, जिल्ला न्यायाधिवक्ता र सहायक जिल्ला न्यायाधिवक्तलाई सम्झनु पर्छ र सो शब्दले महान्यायाधिवक्तले सरकारी वकिल भई काम गर्न तोकेको कुनै कर्मचारी समेतलाई जनाउँछ।<br>(ख) "अदालत" भन्नाले न्यायाधिशको इजलास सम्झनु पर्दछ र सो शब्दले कुनै मुद्दाको सम्बन्धमा न्यायिक काम गर्न प्रचलित कानून अन्गर्तत अधिकार प्राप्त अधिकारीलाई समेत जनाउनेछ।<br>(ग) "सरकारी वकिल कार्यालय" भन्नाले महान्यायाधिवक्तको कार्यालय तथा सो मातहतका पुनरावेदन सरकारी वकिल कार्यालय र जिल्ला सरकारी वकिलको कार्यालय सम्झनु पर्छ।<br>(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ। | आइसिसि पिआर - १४, बी पिआई जे को प्रस्तावना, धारा ५ | अदालत स्वतन्त्र, निश्पक्ष, सक्षम र कानुनद्वारा स्थापित हुनु पर्दछ। प्रत्यायोजित अधिकार प्रयोग गर्ने अधिकारीलाई अदालत मान्न सकिदैन। योग्यता, कार्यअवधिको सुरक्षा, पेशागत गोपनियता, स्वच्छता र निश्पक्षता सहितको कार्यगत स्वतन्त्रता र निरपेक्ष नैतिकता एकमुष्ट रुपमा अदालत हुनको लागि आवश्यक तत्वको रुपमा रहेका हुन्छन्। | संविधानको धारा ८४ र ८५ अनुसार न्यायपालिकाको संरचना अन्तर्गत रहनेगरी स्वतन्त्र कार्यालय मात्र अदालतको परिभाषामा पर्ने गरी संसोधन गरिनु पर्दछ। |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | १४ | **पक्राउ गर्ने :**<br>१) यस ऐन बमोजिम कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधमा संलग्न रहेको छ भन्ने शंका गर्नुपर्न मनासिब कारण भएको व्यत्तिःलाई पक्राउ गर्ने सक्नेछ र त्यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन ।<br>२) कुनै अपराध भएको देख्ने व्यक्तिले त्यस्तो अपराध गर्ने व्यक्तिलाई पक्री नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्ने छ ।<br>३) उपदफा (१) बमोजिम कुनै व्यत्तिःलाई पक्राउ गर्नुपर्दा निजलाई पक्राउ गर्नुपर्ने कारण खोली सम्झाई अत्मसपर्ण गर्ने आदेश दिनु पर्नेछ । कुनै व्यक्ति ले आत्मसमपर्ण नगरी पक्राउबाट बच्ने वा भाग्ने, उम्कने प्रयत्न गरेमा निजलाई पक्रान प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग गर्न सक्नेछ ।<br>४) कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासम्भव महिला प्रहरीद्वारा पक्रन लगाउनु पर्नेछ ।<br>५) यस दफा बमोजिम पक्रिएको व्यक्तिको तलासी लिँदा फेला परेको कुनै प्रमाण लिखत वा अन्य कुनै चिज वा खर खजाना, हातहतियार पक्राउ गर्ने प्रहरी कर्मचारीले आफ्नो कब्जामा लिई त्यसको मुचुल्का खडा गरी राख्नु पर्नेछ । | आईसीसी पिआर १४वि.पि.यू. एफ.एफ. एल.इ.ओ. १, ४, ५, सि.सि . एल.इ.ओ. ३ | उद्धत प्रावधानले स्वच्छ पुर्पक्षको प्रत्याभूति गर्ने न्यूनतम अधिकारहरु प्रदान गर्दैन । कानूनी सल्लाहकार र परिवारसंग पत्रव्यवहार गर्न पाउने अधिकारको प्रत्याभूति गरिनु पर्दछ ।<br>उद्धत प्रावधानले अस्पष्ट रुपमा प्रहरी कर्मचारीबाट बल प्रयोग गर्न पाउने अधिकार प्रदान गरेको छ । यसले अनावश्यक रुपमा बल प्रयोग गर्नतिर डोऱ्याउन सक्छ । | स्वच्छ पुर्पक्षको प्रकाशमा उद्धत प्रावधान संशोधन गर्ने र परिवार कानूनी सल्लाहकार र स्थानिय नियकाहरुलाई सूचना दिने र पत्रव्यवहार गर्न पाउने सुनिश्चित गर्ने ।<br>कानून कार्यान्वयन गर्ने अधिकारीले गर्ने बल तथा गोलीगट्ठाको प्रयोग गर्ने सम्बन्धी आधारभूत सिद्धान्त र आचार संहिता अनुसार बल प्रयोगको परिभाषा गरी दफाहरुको संशोधन गर्ने । जसले गर्दा प्रहरी कर्मचारीहरुले अनावश्यक बल प्रयोग नगर्ने प्रत्याभूत हुन सकोस । |
| | | १५ | **तहकिकातको लागि थुनामा राख्न सकिने अवधि र तत्सम्बन्धी कार्य प्रणाली**<br>१) यो दफा बमोजिम अन्यता हुने भएमा बाहेक कुनै पनि व्यक्तिलाई अपराधको तहकिकातको लागि २४ घण्टा भन्दा बढी थुनामा राख्नु हुँदैन । | आईसीसी पिआर १४ बी पिआई जे ६ | उद्धत प्रावधानले अधिकारको दुरुपयोग र पुर्पक्षका लागि अनुचित ढिलाई हुन सक्ने पर्याप्त आधार प्रदान गर्दछन । स्वच्छ कार्यविधिको सुनिश्चित गर्ने स्वतन्त्र न्यायालयको कर्तव्य हो । जसले गर्दा पक्षहरुको अधिकारहरु पूर्ण रुपमा | अदालतको आदेश बाहेक कुनै पनि व्यक्तिलाई २४ घण्टा भन्दा बढ्दा कैदमा राख्न नसक्ने व्यवस्थाको स्पष्टसंग व्यवस्था गरी संशोधन गर्ने । सकेसम्म |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | **स्पष्टिकरण:** थुनामा परेको व्यक्तिलाई उपदफा २ बमोजिम अदालतमा उपस्थित गराउन, प्रहरी कार्यालयमा ल्याउन वा प्रहरी कार्यालयबाट अदालतमा पुऱ्याउन बाटोमा लाग्ने अवधिलाई यो दफाको प्रयोजनको लागि थुनाको अवधिमा गणना गरिने छैन ।<br>२) अनुसूची - १ मा उल्लेख कुनै अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको र थुना राखिएको व्यक्तिको सम्बन्धमा २४ घण्टा भित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालत समक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ । सो बमोजिम अदालतसंग अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नुपर्ने कारण र निजको बयान कागज भई सकेको भए बयान कागजको व्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।<br>३) उपदफा २ बमोजिम थुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित गराइएको व्यक्तिले त्यसरी अदालतमा उपस्थित हुदा आफ्नो शारीरिक जाँचको लागि अदालत समक्ष निवेदन दिन सक्नेछ ।<br>४) उपदफा २ बमोजिम थुनामा राख्ने अनुमति मागेमा अदालतले सम्बन्धीत कागजातहरु हेरी तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको विचार गरी सन्तोषजनक रुपमा तहकिकात भइरहेको देखिएमा एकै पटक वा पटक पटक गरी बढीमा २५ दिन सम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ । | | सम्मानित हुन्छन । त्यसकारण कैद व्यक्तिले निजको स्वस्थ्य परिक्षणका लागि मात्र न्यायाधिशसंग अनुरोध गर्ने होइन । न्यायाधिशले शंकित व्यक्तिको अधिकारहरु जसमा स्वास्थ्य परिक्षण र निर्दोषिता अनुमानको अधिकारहरु इत्यादिको सोधपुछ र जानकारी दिन बाध्य छन । उद्धत प्रावधानमा प्रस्तुत व्यवस्था छैन । | पक्राउ गरिएको व्यक्तिलाई २४ घण्टाभित्र अदालत समक्ष उपस्थित गराउने सम्बन्धमा स्पष्ट व्यवस्था गर्ने । २४ घण्टालाई व्यक्ति कैद गर्नको लागि सुविधाको रुपमा लिइनु हुन्न । पक्राउ व्यक्तिको अधिकारका बारेमा न्यायाधिशले सूचित गर्ने व्यवस्थाको सुनिश्चत गर्ने । प्रथम पटक अदालतमा उपस्थित गराइएको समयमा साथ साथै बयान लिने समयमा निजको अवस्थाबारे जानकारी लिने सुनिश्चित व्यवस्था गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| ७६ | **सवारी तथा यातायात व्यवस्था ऐन २०४९** | २ | **परिभाषा :-** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा :<br>(१४) "अधिकार प्राप्त अधिकारी" भन्नाले यातायात व्यवस्था कार्यालयका प्रमुख सम्झनु पर्छ। | आईसीसीपिआर १४, संविधान -८४,८५,८६, | सजाय निर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट मात्र हुनुपर्छ प्रशासनिक निकाय वा अधिकारीबाट हुनु हुँदैन। | कुनै पनि सजाय विरुद्धको पुनरावेदन उपल्लो न्यायिक निकाय ले सुन्न पर्दछ। तर ऐनको उक्त व्यवस्थाले कार्यपालिकिय निकायमा पुनरावेदन सुन्ने अधिकार सुम्पेको छ। यसलाई संशोधन गर्न आवश्यक देखिन्छ। |
| | | १६० | **दण्ड सजाय :**<br>(१) दर्ताको प्रमाणपत्रमा उल्लेख भएबमोजिमको वास्तविक नम्बर वा प्लेट नराखी अर्कै जम्बर वा प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउनेलाई अधिकारप्राप्त अधिकारीले छ महिनासम्म कैद वा पाँच हजारदेखि पन्ध्र हजार रूपइँासम्म जरिवाना गरी त्यस्तो सवारी जफत गर्नुपर्छ।<br>(२) अधिकारप्राप्त अधिकारीले देहायको कामकारबाई गर्ने गराउनेलाई देहायबमोजिम जरिवाना गर्न सक्नेछ :-<br>(क) दफा १२,४५ वा ११७ को विपरीत काम कारबाई गर्ने गराउनेलाई पाँच सय देखि दुई हजार रुपैयाँसम्म।<br>(ख) दफा १४, २९, ३९, ७५, ९३, ९६, १२५ वा १२९ को विपरीत कामकारबाई गर्नेगराउनेलाई एक हजार देखि पाँच हजार रुपैयाँसम्म।<br>(ग) दफा १५९ को विपरीत कामकारबाई गर्ने गराउनेलाई दुई हजारदेखि दस हजार रुपैयाँसम्म।<br>(३) उपदफा (१) वा (२) मा उल्लेख भएदेखि बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरेको आदेशको विपरीत काम कारबाई गर्ने गराउनॆलाई अधिकारप्राप्त अधिकारीले दुईसय देखि एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ। | | | |
| | | १७१ | **पुनरावेदन :**<br>(१) यस ऐनबमोजिम अधिकारप्राप्त अधिकारी, प्रहरी वा यातायात निरीक्षकले गरेको निर्णय वा सजायको आदेशउपर विभागसमक्ष पुनरावेदन लाग्नेछ।<br>(२) यस ऐनबमोजिम विभागले गरेको निर्णय वा आदेशउपर पुनरावेदन अदालतसमक्ष पुनरावेदन लाग्नेछ। | आईसीसीपिआर १४.५ | पुनरावेदन सुन्ने अधिकार उपल्लो तहको न्यायिक निकाय लाई दिनु पर्दछ। तर ऐनको यस व्यवस्थाले कार्यपालिकिय अंगलाई पुनरावेदन सुन्ने अधिकार दिएको छ। | कार्यपालिकिय निकायलाई दिएको अधिकार संशोधन गरी सो सुन्न पाउँने अधिकार पुनरावेदन अदालतमा दिइनु पर्दछ। |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| ७७ | **सशस्त्र प्रहरी ऐन २०५८** | २७ | **अपराध र सजायकैदको सजाय हुने अपराध :**<br>(१) देहायका अपराध गर्ने सशस्त्र प्रहरीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुनेछ :-<br>(क) सशस्त्र विद्रोहमा सरिक भएमा,<br>(ख) नेपाल अधिराज्यको सर्वाभौमसत्ता वा प्रादेशिक अखण्डता वा अक्षुण्णतामा खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर, बोलेर वा सङ्केतद्वारा वा अरू कुनै किसिमबाट कुनै काम कुरा गरे गराएमा,<br>(ग) आफ्नो जिम्मा रहेको सरकारी वा कसैको हातहतियार वा खरखजाना बेच बिखन गरेमा वा कुनै प्रकारबाट अरू कसैलाई सुम्पिएमा,<br>(घ) आफ्नो प्रयोगको निमित्त लिई राखेको वा आफूले जिम्मा लिई राखेको हातहतियार खरखजाना लिई भागेमा,<br>(ङ) आतङ्ककारी गतिविधिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सघाएमा,<br>(च) सुरक्षासँग सम्बन्धित सूचना तथा खबरहरू राष्ट्रिय वा अन्तर्राष्ट्रिय अनाअिधकारीक व्यक्ति, संस्था वा समूहलाई उपलब्ध गराएमा वा उपलब्ध गराएन प्रयास गरेमा वा अन्य कसैलाई त्यस्तो गर्न दुरुत्साहन गरेमा ।<br>(२) देहायका अपराध गर्ने सशस्त्र प्रहरीलाई सात वर्षदेखि बाह्र वर्षसम्म कैदको सजाय हुनेछ :-<br>(क) सशस्त्र विद्रोह गर्ने उद्योग गरेमा,<br>(ख) आफू खटिएको वा आफूले रक्षा गर्नुपर्ने सार्वजनिक महत्त्वको भवन, संरचना वा स्थल, कार्यालय वा अन्य कुनै स्थानमा हुलदङ्गा गरेमा वा आक्रमणकारीले आक्रमण गरेका बखत नामर्दीपन देखाई भागेमा, | आइसीसी पीआर १४, संविधान ८४,८५,८६ | उद्धित प्रावधानहरुले कार्यहरु र अकार्यहरुमा बृहत रुपमा गम्भिर सजाय तोकेका छन । पुर्पक्ष र न्याय निरोपणको कार्य कार्यपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी स्थापना गरेको अदालतको विषयको रुपमा रहेको छ न कि कानूनद्वारा स्थापित अदालतमा । त्यसकारण यी प्रावधानहरु स्वच्छ पुर्पक्षको मापदण्ड विपरित छन । | व्यापक क्षेत्राधिकार विशेष योग्यता र यस्ता अपराधहरुको पुर्पक्ष गर्न न्यायाधिकरणको स्वतन्त्रता हुने अन्तराष्ट्रिय रुपमा स्वीकारिएका स्वच्छ पुर्पक्षको मापदण्डसंग पूर्णरुपले मेल खाने गरी न्यायाधिकरणको स्थापना हुने सुनिश्चित गरी विधायीक सुधार ल्याउनु पर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (ग) लुट्ने अभिप्रायले कुनै घर वा कुनै ठाउँ भत्काए, फोरे वा कुनै किसिमले धनमाल लुटेमा वा हानिनोक्सानी वा क्षति गरेमा ।<br>(३) देहायका अपराध गर्ने सशस्त्र प्रहरीलाई पाँच वर्षदेखि सात वर्षसम्म कैदको सजाय हुनेछ :-<br>(क) ड्युटीमा रहेको वा नरहेको भए पनि माथिको दर्जाको सशस्त्र प्रहरी वा सुरक्षासँग सम्बन्धित अधिकार प्राप्त अन्य अधिकारी भन्ने थाहा पाएपछि वा थाहा हुने मनासिब आधार हुँदा हुँदै आपराधिक बल प्रयोग गरेमा वा गर्ने उद्योग गरेमा,<br>(ख) सशस्त्र विद्रोहका षड्यन्त्र वा उद्योग गरेको थाहा पाएर पनि आफूभन्दा माथिको दर्जाका वा उच्च पदाधिकारीलाई यथाशक्य चाँडो खबर वा सूचना नदिएमा,<br>(ग) श्री ५ को सरकार वा श्री ५ को सरकारले कामकारबाईप्रति खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर वा वचन वा आकार र चिन्हद्वारा कुनै काम कुरा गरे गराएमा,<br>(घ) आफ्नो जिम्मामा रहेको थुनुवा कैदीलाई जानीजानी भाग्न दिएमा वा भगाएमा ।<br>(४) देहायका अपराध गर्ने सशस्त्र प्रहरीलाई तीन वर्षदेखि पाँचवर्षसम्म कैदको सजाय हुनेछ :-<br>(क) आफूभन्दा माथिको दर्जाको सशसत्र प्रहरीले दिएको आदेश पालन नगरेमा,<br>(ख) आफ्नो जिम्मामा वा कमाण्डमा रहेका व्यक्तिहरूको सङ्ख्या वा अवस्था वा नगदी वा जिन्सीको जानीजानी झूटो विवरण पेस गरेमा,<br>(ग) कुनै राजनैतिक सङ्गठन वा दलको सदस्यता ग्रहण गरेमा वा राजनीतिक उद्देश्यले आयोजित जुलुस वा प्रदर्शनमा भाग लिएमा, | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (घ) आफ्नो जिम्मामा रहेका हातहतियार, खरखजाना वा सवारी साधन वा नगदी वा जिन्सी सामानको दुरुपयोग गरेमा, लापरबाहीपूर्वक हराएमा, बिगारेमा वा भत्काएमा,<br>(ङ) आफ्नो जिम्माको सरकारी सम्पत्ति वा सरसामान लिई भागेमा,<br>(च) अर्काको सम्पत्ति वा सामान जबर्जस्ती गरी लिएमा,<br>(छ) मुलुकको धार्मिक र सामाजिक सद्भाव खलबल्याउन सहयोग पुऱ्याएमा,<br>(ज) सशस्त्र प्रहरी बलको सेवाबाट भागेमा,<br>(झ) आफूलाई नियुक्त गर्न अख्तियार पाएका अधिकारीको इजाजत विनाराजिनामा गरेमा वा आफ्नो पदको कर्तव्य पालन गर्न छाडेमा । | | | |
| | | २८ | **सशस्त्र प्रहरी विशेष अदालत र पुनरावेदन**<br>**सशस्त्र प्रहरी विशेष अदालतको गठन :**<br>(१) परिच्छेद-५ अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दाको सुरु कारबाई र किनारा गर्न श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एउटा सशस्त्र प्रहरी विशेष अदालत गठन गर्नेछ ।<br>(२) उपदफा (१)बमोजिम गठित सशस्त्र प्रहरी विशेष अदालतको मुकाम काठमाडौं उपत्यकामा रहनेछ ।<br>(३) उपदफा (१)बमोजिमको सशस्त्र प्रहरी विशेष अदालतमा न्यायसेवाको विशिष्ट श्रेण्ठीको अधिकृतको अध्यक्षतामा सशस्त्र प्रहरी सेवाको कम्तीमा प्रहरी नायव महानिरीक्षकसम्मको प्रहरी अधिकृत एकजना र गृहमन्त्रालय वा सोअन्तर्गतको एकजना कम्तीमा सहसचित स्तरसम्मको अधिकृतसहित तीन जना सदस्यहरू रहनेछन् । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | २९ | **गिरफ्तारी र हिरासतमा राख्ने :**<br>(१) परिच्छेद-५ अन्तर्गतको कुनै कसुरको अभियोग लागेको कुनै सशस्त्र प्रहरीलाई निज भन्दा माथिको जुनसुकै दर्जाको सशस्त्र प्रहरीअधिकृतको आदेशले गिरफ्तार गरी हिरासतमा राख्न सकिनेछ ।<br>(२) उपदफा (१)बमोजिम हिरासतमा राख्नुभन्दा अघि त्यस्तो सशस्त्र प्रहरीलाई निःशस्त्र गरिनेछ ।<br>(३) उपदफा (१)बमोजिम गिरफ्तार गरी हिरासतमा राखिएकोमा त्यसको सूचना यथाशक्य चाँडो अभियुक्त कार्यरत रहेको निकायको प्रमुख र सशस्त्र प्रहरी महानिरीक्षकलाई दिनुपर्नेछ । | आइसीसी पीआर १४, संविधान १४ एसएमआरसिए २.१ | उद्धित प्रावधानले न्यायिक पुनरावलोकन र परिक्षण विना स्वच्छ कारवाहीको उपेक्षा गरेको छ र अधिकारीलाई अस्वच्छ स्वच्छक कैद गर्नका लागि अधिकार सम्पन्न बनाउँछ । जहाँ अन्य विकल्पहरु न्यायको उद्देश्य प्रदान गर्न विफल हुन्छन तव मात्र कैद सजायलाई अन्तिम उपायको रुपमा लिनु पर्दछ । हालको प्रावधान स्वच्छ पुर्पक्षको सामान्य सिद्धान्त विपरित छ । | सख्त न्यायिक छानविनका साथ स्वच्छ प्रक्रियाको पूर्ण अभ्यासको सुनिश्चित गरी र मुद्दाको गुण दोषको आधारमा कैदको विकल्पहरुको सुनिश्चित गरी संशोधन गर्ने । |
| | | ३० | **बयान लिने र साक्षी प्रमाण बुझ्न् व्यवस्था :**<br>(१) सशस्त्र प्रहरी विशेष अदालतले मुद्दासँग सम्बन्धित अभियुक्तको बयान लिई मिसिल सामेल राख्नेछ ।<br>(२) मुद्दाको सुनवाइको क्रममा कुनै लिखत प्रमाण बुझ्नु परेमा सशस्त्र प्रहरी विशेष अदालतले सो प्रमाण पेस गर्न सम्बन्धित निकाय वा अधिकारीलाई आदेश दिन सक्नेछ र सो निकाय वा अधिकारीले पनि निर्धारित समयभित्र मागबमोजिमको लिखत प्रमाण पेस गर्नुपर्नेछ ।<br>(३) मुद्दाको सुनवाइको क्रममा कुनै साक्षीबाट केही बुझ्नु पर्ने देखेमा सशस्त्र प्रहरी विशेष अदालतले त्यस्तो साक्षीलाई समाह्वान जारी गरी बुझ्न सक्नेछ ।<br>तर बुझ्नु पर्ने साक्षीलाई बोलाउँदा अनावश्यक ढिलाइ वा खर्च हुने वा असुविधा हुने सशस्त्र प्रहरी विशेष अदालतलाई लागेमा बन्द सवाल गरी साक्षी रहेको वा बसेको जिल्लाको प्रमुख जिल्लाअधिकारीले साक्षी बुझी पठाउने गरस सशस्त्र प्रहरी विशेष अदालतले आदेश गर्न सक्नेछ ।<br>(४) सशस्त्र प्रहरी विशेष अदालतको अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ । | आइसीसी पीआर ९,१४, | उद्धित प्रावधानहरु पुर्पक्षको समयमा उचित प्रक्रियालाई इन्कार गर्दछन र कार्यविधिगत मुद्दाहरुमा अदालतलाई स्वीच्छेक अधिकार प्रदान गर्दछन । कार्यविधि औपचारीक प्रक्रिया भएको सख्त रुपमा कानूनद्वारा निर्देशित हुनुपर्छ । त्यसैगरी साक्षीको परिक्षण अपराधीको उपस्थितिमा सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणमा हुनु स्वच्छ पुर्पक्ष र मानव अधिकारको संरक्षणका लागि अपरिहार्य छ । | सख्त वैदानिक कार्यविधिगत स्थापनाको सुनिश्चत गरी उद्धित प्रावधान संशोधन गर्ने र प्रशासनिक पदाधिकारीबाट अपराधिको उपस्थिति विना साक्षी परिक्षण गर्ने प्रावधान खारेज गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ३२ | **थुना र कारागारसम्बन्धी व्यवस्था :** सशस्त्र प्रहरी विशेष अदालतको आदेशबमोजिम अभियुक्तलाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राख्नुपरेमा वा फैसलाबमोजिम कारागारमा राख्नुपरेमा श्री ५ को सरकारले नेपाल अधिराज्यको जुनसुकै कारागारमा पनि थुन्न पठाउन सक्नेछ । | वि.पि.पि.ए.पि. ए.एफ.डि. आई. २० | पुर्नसामाजिकिकरण हेतु व्यक्तिलाई उसको बासस्थानको नजिक कैद गर्नु पर्दछ । उद्धित प्रावधानले यस पुर्नसामाजिकिकरणको लक्ष्यमाथी अवरोध सृजना गर्दछ । | उद्धित प्रावधान खारेज गर्ने । |
| ७८ | **सामाजिक व्यवहार सुधार ऐन २०३३** | १९ | **मुद्दा हेर्ने अधिकारी र कार्यविधि :-** (१) यस ऐन अन्तर्गतको मुद्दामा सुरु कारबाई र किनारा गर्ने अधिकार प्रमुख जिल्लाअधिकारीलाई हुनेछ । (२) यस ऐन अन्तर्गतका मुद्दामा प्रमुख जिल्लाअधिकारीले विशेष अदालत ऐन २०५९ बमोजिमको कार्यविधि अपनाउनेछ । (३) प्रमुख जिल्लाअधिकारीले गरेको निर्णयउपर अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ । | आईसीसी पिआर १४ | सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायाधिकरण/अदालत कानुनद्वारा स्थापित हुनु आवश्यक छ तर यस प्रावधानले न्यायपालिकाको स्वतन्त्रताको सिद्धान्त भन्दा बाहिर कार्यपालिकिय अंगलाई बाल अदालत गठन गर्ने स्वच्छीक अधिकार प्रदान गर्दछ । | यस्ता अपराधहरुको पुर्पक्ष गर्नका लागि अन्तराष्ट्रिय रुपमा स्वीकारीएका स्वच्छ पुर्पक्षको मापदण्डसंग पूर्ण तवरमा समानुरुपता हुने गरी व्यापक अधिकार क्षेत्र विशेष योग्यता र स्वतन्त्रा भएको न्यायाधिकरणको स्थापना हुने गर्ने सुनिश्चित गरी विधायिक सुधार ल्याइनु पर्दछ । |
| | | २० | **दण्डसजाय :** (१) यस ऐनअन्तर्गत बनेको नियमबमोजिम गर्न नहुने काम गरेमा बढीमा तीस हजार रुपैयाँसम्म जरिवाना वा तीस दिनसम्म कैद हुनेछ । (२) सरकारी कर्मचारी वा श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रण भएको सङ्गठित संस्थाको कर्मचारी वा श्री ५ को सरकारबाट स्थापना गरिएको संस्थान वा सङ्गठित स्वशासित संस्थाका कर्मचारीहरूले यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम गर्न नहुने काम गरे गराएमा यस ऐनमा तोकिएको सजायको अतिरिक्त त्यस्तो कर्मचारीलाई निजको सेवा सर्तसम्बन्धी कानुनबमोजिम विभागीय कारबाई समेत गरिनेछ । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (३) गाउँफर्क राष्ट्रिय अभियान समिति, पञ्चायत वा पञ्यायतको वर्गीय सङ्गठनका कुनै पनि तहका सदस्यले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम गर्न नहुने काम गरे गराएमा यस ऐनमा तोकिएको सजायको अतिरिक्त त्यस्तो सदस्यलाई आचारसंहिताबमोजिम कारबाई समेत गरिनेछ । | | | |
| ७९ | **सार्वजनिक सडक ऐन २०३१** | ३० | **दण्ड सजाय :**<br>(१) ...दफा १४ बमोजिम जग्गा ...अधिग्रहण गर्दा वा यस ऐनबमोजिमको कुनै सूचना टाँस गर्दा बाधा विरोध वा हुलहुज्जत गरेमा तीन महिनासम्म कैद वा हुई हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br>(२) कसैले दफा १६ बमोजिम लगाएको रूख उखेलेमा वा काटेमा वा दफा १६क. विपरीत बढी वजनको सवारी चलाएमा वा दफा १७ बमोजिम माटो ढुङ्गा बालुवा लिँदा बाधाविरोध गरेमा वा दफा १८ को वर्खिलाप कुनै काम गरेमा दुई हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।<br>(३) कसैले दफा १९ को उपदफा (१) को बर्खिलाप कुनै काम गरेमा वा सोही दफाको उपदफा (३) बमोजिम सडक विभागले कुनै काम कारबाई गर्दा बाधा विरोध गरेमा एक वर्षसम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br>(३क) मुद्दाको तहकिकात र दायरी : यस ऐनबमोजिम सजाय हुने कसुरसम्बन्धी मुद्दाको तहकिकात कम्तीमा राजपत्रअनङ्कित प्रथम श्रेणीसम्मको कर्मचारीले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि सडक विभागको सम्बन्धित कार्यालय प्रमुख सडक विभाग वा दफा ३१ बमोजिम तोकेको अधिकारीसमक्ष मुद्दा दयार गर्नु पर्नेछ । | आईसीसी पिआर १४ संविधान - ८४,८५,८६ | व्यक्तिको अधिकार र कर्तव्य कानुनद्वारा स्थापित अदालतले निर्धारण गर्नुपर्दछ । जवकी यस प्रावधानले अदालतलाई अधिकार दिने कुरा कार्यपालिकामा राख्दछ । | कानुनद्वारा पुर्पक्ष गर्ने निकाय सक्षम स्वतन्त्र र निष्पक्ष हुने गरी स्थापना गर्ने सुनिश्चित गरिनुपर्दछ र सामान्य रुपमा फौजदारी मुद्दाहरु साधारण अदालतले हेर्न पाउने अधिकार सम्पन्न बनाउने अथवा यो प्रावधान हटाउने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ३१ | **कारबाई गर्ने अधिकार र त्यसउपरको पुनरावेदन**<br>(१) दफा १४ को प्रयोजनको लागि जग्गा अधिग्रहण गर्दा बाधाविरोध गरेका, दफा १६ बमोजिम लगाएको रूख काटेको वा उखेलेको, दफा १७ बमोजिम माटो, ढुङ्गा वा बालुवा दिँदा बाधाविरोध गरेको, दफा १८ को बर्खिलाप सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने गरी कुनै माल वस्तु राखेको, फालेको, जडेको, बनाएको, झुण्डाएको र दफा १९ को बर्खिलाप सार्वजनिक सडक सडक सीमा भित्र कुनै काम गरेको कसुरको सम्बन्धमा कारबाई गरी सजाय दिने अधिकार सडक विभाग वा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अधिकारीलाई हुनेछ ।<br>(२) उपदफा (१)बमोजिम कारबाई गर्दा सडक विभाग वा तोकेको अधिकारीले प्रचलित कानुनबमोजिम जिल्लाअदालतलाई भएसरहको अधिकार प्रयोग गर्न सक्नेछ ।<br>(३) उपदफा (१) बमोजिम सडक विभाग वा तोकेको अधिकारीले सजाय गर्न गरेको आदेशबाट मर्का पर्ने व्यक्तिले ३५ दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ । | | | |
| ८० | **सार्वजनिक सुरक्षा ऐन २०४६** | २ | **परिभाषा :-**<br>२.१ विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा<br>२.१.१ "नजरबन्दको आदेश" भन्नाले उपदफा ३.१ बमोजिमको आदेश सम्झनुपर्छ ।<br>२.१.२ "स्थानहदको आदेश" भन्नाले उपदफा ३.२ बमोजिमको आदेश सम्झनु पर्छ ।<br>२.१.३ "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्लाअधिकारी सम्झनुपर्छ र सो शब्दे निजको अनुपस्थितिमा निजको निमित्त भई काम गर्ने अधिकारी समेतलाई जनाउँछ । | यूडीएचआर ९, आईसीसी पिआर ४, ९, १४,१६, १८ | उद्धृत प्रावधानहरु सार्वभौमसत्ता राष्ट्रिय अखण्डता र सार्वजनिक शान्तिमाथि धम्कीपूर्ण भएको सूचक निदृष्ट गर्न अस्पष्ट छन । त्यसैगरी त्यसका लागि कोही त्रासपूर्ण छ भन्ने विश्वास गर्न औचित्यपूर्ण आधारको सूचक नै छैन । यी प्रावधानहरु आइ.सि.सि.पि.आर.को धारा ४ (२) को सिमा वाहिर गएका छन । त्यसैगरी न्यायिक पुनरावलोकनको कुनै प्रावधान छैन र धेरै लामो समयका लागि निवारक नजरबन्दमा | उद्धृत प्रावधानहरुलाई मानव अधिकारको अन्तराष्ट्रिय मापदण्डहरुको सिमाभित्र ल्याई खतराको सूचक तथा कुनै व्यक्ति सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता अथवा सार्वजनिक शान्तिका लागि खतरा छ भनी विश्वास गर्ने यथोचित आधारणहरुको पूर्ण सुनिश्चित गरी उद्धृत |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ३<br><br><br><br><br>४ | **आदेश जारी गर्ने अधिकारी :**<br>३.१ नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्न सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्द राख्ने आदेश जारी गर्न सक्नेछ ।<br>३.२ सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति वा सम्प्रदायहरूबीचको सुसम्बन्धमा खलल पर्न सक्ने कुनै काम कुरा गर्नबाट कुर्न व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले त्यस्तो व्यक्तिलाई स्थानहद गर्नको लागि निजको नाममा देहायबमोजिम कुनै आदेश जारी गर्न सक्नेछ ।<br>३.२.१ नेपाल अधिराज्यको कुनै ठाउँमा नबस्नू भनी,<br>३.२.२ नेपाल अधिराज्यको कुनै ठाउँमा प्रवेश नगर्नू भनी,<br>३.२.३ नेपाल अधिराज्यको कुनै ठाउँमा मात्र बस्नू भनी ।<br>३.३ कुनै व्यक्तिलाई नेपाल अधिराज्यको सुरक्षा, शान्ति र व्यवस्था, मित्रराष्ट्रसँगको सुसम्बन्ध वा विभिन्न वर्ग वा क्षेत्रका जनताको बीचको सुसम्बन्धमा प्रतिकूल असर पर्न सक्ने कुनै काम कुरा गर्नबाट रोक्नको लागि श्री ५ को सरकार, गृहमन्त्रालयले त्यस्ता व्यक्तिलाई श्री ५ को सरकारको स्वीकृतिविना नेपाल अधिराज्य बाहिर जान नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।<br>**आदेशसम्बन्धी कार्यविधि :-**<br>४.१ उपदफा ३.१ वा ३.२ अन्तर्गत कुनै आदेश जारी गर्दा स्थानीय अधिकारीले त्यस्तो आदेश जारी गर्नुपर्ने कारण र आधार खुलाई सो आदेश सम्बन्धित व्यक्तिलाई | | राख्न सक्ने गरी कार्यपालिकिय अंगलाई अधिकार सम्पन्न बनाइएको छ । क्षतिपूर्तिको अधिकारलाई व्यवस्था गरेको छ र न्यायिक उपचार खोज्न पाउने अधिकार बन्द गरेको छ। पुनरावेदन गर्न पाउने अधिकार निर्देशित छ र न्यायिक स्वतन्त्रतालाई बेवास्ता गरिएको छ। उद्धृत प्रावधानहरु शासकिय समुहहरुबाट राजनैतिक विचारधाहरु दवाउन दुरुपयोग गरिएका छन। निवारक नजर बन्द व्यक्तिगत स्वतन्त्रतामाथि प्रत्यक्ष, अप्रसंशनिय र अप्रिय रोकावटको रुपमा रहेको छ। निवारक नजरबन्द सकेसम्म छोटो समयका लागि र हिंसा हुने सम्भावना रहेको अवस्थामा हुनुपर्दछ। यो सधै उचित, पर्याप्त र निवारणात्मक क्षतिपूर्तिद्वारा सन्तुलित गरिनु पर्दछ। जवकी उद्धृत प्रावधानहरु साधारण मानिसहरुलाई उनीहरुको स्वतन्त्रताबाट बन्चित गर्न अधिकारीलाई अधिकार प्रदान गर्न योगदान दिन्छन र निवरणात्मक उपचार अथावा अन्य कुनै प्रकारको क्षतिपूर्ति विना लामो समयको नजरबन्दबाट अनियन्त्रिण बन्देज लाद्छ। जबसम्म सार्वभौमसत्ता, अखण्डता अथवा कानुनमाथि तत्काल खतरा रहेको पर्याप्त आधार देखिदैन निवारक नजरबन्दको आवश्यकता रहदैन। यी नियमले व्यवस्था गरे अनुसार यसका प्रावधानहरु अभियोजन पूर्पक्ष अथवा कैदको कार्यान्वयन लगायत फौजदारी न्याय प्रशासनको हरेक चरणमा हरेक व्यक्ति चाहे शंकित कैदी किन नहोस प्रत्येक उपर प्रयोग हुनु पर्दछ। | प्रावधानको संशोधन गर्ने, यस ऐन अन्तर्गत अनुचित कैद अथवा स्वतन्त्रताको अधिकार माथि लगाइएको बन्देजको मुद्दामा स्वच्छ र उचित क्षतिपूर्तिको सुनिश्चित गर्ने। कैदको पुनरावलोकन कार्यापालिकिय अंगको सट्टामा न्यायिक निकायले गर्ने सुनिश्चित गर्ने। ९० दिनको अवधि घटाएर ३० दिन वा सो भन्दा कम दिन गरेर र यदि थुना अदालतद्वारा बदनियतपूर्ण अथवा गैर कानूनी भएको पाइएको खण्डमा कैदीलाई राष्ट्रिय मानव अधिकार आयोग नियमहरुले तोके अनुरुपको दर अनुसार स्वचालित रुपमा क्षतिपूर्ति दिइनु पर्ने शर्त/प्रतिवन्ध र कैद गर्ने व्यक्ति विरुद्ध कारवाही पनि स्वचालित रुपमा उठान हुने गरी संशोधन गर्ने। कारावास परिवार संग पत्रव्यवहार, सम्वाद गर्ने, कानूनी सल्लाहकार र डाक्टरसंग परामर्श गर्ने अधिकार दिइएको र सार्वजनिक हुनुपर्दछ भन्ने सुनिश्चित गरिनु पनि आवश्यक छ। |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | दिनुपर्नेछ । स्थानीय अधिकारीले सो आदेशको प्रतिलिपिसहित त्यसको जानकारी गृहमन्त्रालयलाई पनि दिनुपर्नेछ । | | | |
| | | | ४.२ कुनै व्यक्तिलाई नजरबन्द राख्ने गरी आदेश जारी भएकोमा जुन जिल्लामा नजरबन्द राख्ने आदेश भएको हो सो जिल्लाको जिल्लाअदालतलाई चौबीस घण्टाभित्र आदेशको प्रतिलिपिसहित स्थानीय अधिकारीले सूचना पठाउनुपर्नेछ । | | | |
| | | | ४.३ उपदफा ३.१ वा ३.२ बमोजिमको आदेश जारी गर्नुपरेको कारण विद्यमान नरहेको चौबीस घण्टाभित्र स्थानीय अधिकारीले त्यस्तो आदेश खारेज गर्नुपर्नेछ । | | | |
| | | ५ | **नजरबन्दको आदेश लागू रहने अवधि :-** | | | |
| | | | ५.१ उपदफा ३.१बमोजिम कसैलाई नजरबन्दमा राख्ने गरी जारी गरिएको आदेश अगावै खारेज भएमा बाहेक जारी भएको मितिले नब्बे दिनसम्म कायम रहेनछ । | | | |
| | | | ५.२ उपदफा ५.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा नजरवन्दको आदेशको अवधि देहायबमोजिम हुनेछ :- | | | |
| | | | ५.२.१ यस ऐनबमोजिम नजरबन्द रहेको कुनै व्यक्तिलाई नब्बे दिन भन्दा बढी अवधिको लागि नजरबन्द राख्न आवश्यक देखिएमा त्यसको कारण र आधारसहित स्थानीय अधिकारीले श्री ५ को सरकार, गृहमन्त्रालयमा लेखी पठाउनुपर्नेछ । श्री ५ को सरकार, गृहमन्त्रालयले स्थानीय अधिकारीको सुझाव उचित ठहऱ्याई अनुमोदन गरेमा त्यस्तो आदेश जारी भएको मितिले छ महिनासम्म कायम रहनेछ । | | | |
| | | | ५.२.२ यस ऐनबमोजिम नजरबन्दमा रहेको कुनै व्यक्तिलाई छ महिना भन्दा बढी अवधिको लागि | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | नजरबन्द राख्नुपर्ने देखिएमा श्री ५ को सरकार, गृहमन्त्रालयको दफा ७ बमोजिमको सल्लाहकार समितिसँग राय लिनेछ र सल्लाहकार समितिले नजरबन्दको अवधि बढाउन उचित छ भनी राय दिएमा नजरबन्दको आदेशको अवधि त्यस्तो आदेश जारी भएको मितिले बाह्र महिनासम्म कायम रहनेछ । | | | |
| | | ६ | **स्थानहदको आदेश लागू रहने अवधि :-**<br>१ कुनै व्यक्तिको सम्बन्धमा जारी गरिएको स्थानहदको आदेश अगावै खारेज गरिएमा बाहेक सो आदेश जारी गरिएको मितिले तीस दिनसम्म कायम रहनेछ ।<br>२ उपदफा ६.१ मा जनुसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम जारी गरिएको स्थानहदको आदेश तीस दिनभन्दा बढी अवधिको लागि कायम राख्नु आवश्यक देखिएमा त्यसको कारण र आधारसहित स्थानीय अधिकारीले श्री ५ को सरकार, गृहमन्त्रालयमा लेखी पठाउनुपर्नेछ र श्री ५ को सरकार, गृहमन्त्रालयले स्थानीय अधिकारीको सुझाव उचित ठहऱ्याई अनुमोदन गरेमा त्यस्तो आदेश जारी भएको मितिले नब्बे दिनसम्म कायम रहनेछ । | | | |
| | | १० | **दण्ड सजाय :-**<br>१ उपदफा ३.२ बमोजिमको आदेशको बर्खिलाप गर्ने व्यक्तिलाई स्थानीय अधिकारीले ...छ महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।<br>२ उपदफा १०.१ बमोजिमको सजायको आदेशउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।<br>३ उपदफा १०.२ बमोजिम परेको पुनरावेदनमा पुनरावेदन अदालतले आदेशको बर्खिलाप भएको छ-छैन भन्ने विषयमा सीमित रही पुनरावेदनको किनारा गर्नेछ । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ११ | **कुनै अदालतमा प्रश्न उठाउन नसकिने :** यस ऐन अनतर्गत जारी भएको आदेशउपर कुनै अदालतमा प्रश्न उठाउन सकिनेछैन । | | | |
| ८१ | **सैनिक ऐन २०१८** | १० | **महिला भर्ना :** श्री ५ बाट निर्दिष्ट गरिबक्सेको कुनै चमु, डिपार्टमेन्ट, हिस्सा वा शाही नेपाली सेनाका कुनै अङ्ग वा सो शाही नेपाली सेनाको कुनै भागसित आटेच भएको सङ्घमा बाहेक कुनै पनि महिला शाही नेपाली सेनामा भर्ना हुने वा काममा लगाइने छैन । तर यस दफाले महिलाहरू भर्ना हुन सक्ने वा काममा लगाउन सकिने शाही नेपाली सेनाको कुनै सहाय सेना वा त्यसको कुनै ब्रान्च खडा गर्नको लागि बनेको कुनै कानुनहरूमा केही बाधा गर्नेछैन । | यूडीएचआर २,२१,र २३, आइ सीसी पिआर २, ४, १६,२ ५,२६सि.इ. डि.ए.डब्लु, १, ७ र ११ संविधान ११ | उद्धृत प्रावधानले सार्वजनिक सेवामा महिलालाई पुरुष सरह सहभागि हुन भेदभाव पूर्ण तवरले बन्देज गरेको छ र यसले कानूनको समान संरक्षणलाई इन्कार गर्दछ । | महिलाको लागि विभिन्न समानता र सकारात्मक प्रावधान सहित नयाँ कानून ल्याउनु पर्दछ । |
| | | १५ | **प्रधान सेनापति (कम्यान्डर-इन-चिफ) तथा अन्य अधिकृतहरूले सेवाबाट हटाउन र दर्जा घटाउन पाउने**<br>(१) प्रधान सेनापतिले अधिकृतबाहेक यो ऐन लागू हुने अरू जुनसुकै व्यक्तिलाई पनि तल्लो ग्रेडमा ओह्राल्न वा दर्जा घटाउन वा सेवाबाट हटाउन सक्नेछ ।<br>(२) बाहिनी वा सो सरहका कमान्डर वा सोसरह अख्तियार पाएका अधिकृतले अधिकृत र जुनियर कमिसन्ड अधिकृतबाहेक आफ्नो मातहतमा रहेका जोसुकैलाई पनि सेवाबाट हटाउन र दर्जा घटाउन सक्नेछ । | यूडीएचआर २, आईसीसी पिआर २,९,१४,१६, २५ र २६ संविधान - ११ | उद्धृत प्रावधान उच्च र मातहत कर्मचारीहरु विच भेदभाव पूर्ण हुनुका साथै यसले कानूनको समान संरक्षणलाई व्यवास्ता गर्दछ । | समान कानूनी संरक्षण र कानूनको सिमाभित्र रहेर यथोचित आधारमा पारदर्शी कानूनी कारवाही हुने र न्यायिक पुनरावलोकन सहितको उपचार अथवा असुली गर्न सक्ने अधिकारको सुनिश्चिता गरी नयाँ कानून ल्याउने । |
| | | २३ | **सैनिक अदालतमा सामेल हुने कुनै मानिसलाई पक्राउबाट बचाउ**<br>(१) सैनिक अदालतको कुनै अध्यक्ष वा सदस्य वा सेना प्राडविवाक सैनिक अदालतको कारबाईसित सम्बन्धित कुनै व्यक्ति वा निजको कानुनी व्यवसायी वा वारिस वा सैनिक अदालतको समाह्वानबमोजिम हाजिर हुन आउने | यूडीएचआर १०, आई सीसीपिआर १४ बीपि आईजे १,२, ४ संविधान ८४,८५,८६ | सैनिक अदालतको फैसला साधारण अदालतको पुनरावलोकनको बिसय बन्न सक्दछ तर यस प्रावधानले साधारण अदालतले गरेको कार्यमाथी सैनिक अदालतले हस्तक्षेप गर्न सक्ने अधिकार दिएको छ । | उचित रुपमा परिवर्तन गरी नयाँ प्रावधान ल्याउने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | साक्षी सैनिक अदालतमा जान लागेको बखत त्यहाँ उपस्थित भइरहेको बखत वा त्यहाँबाट फर्किरहेको बेलामा समेत कुनै पनि देवानी वा राजश्व सम्बन्धी मुद्दा हेर्ने अदालत वा त्यस्तो अधिकार पाएको अधिकारीको कारबाईबाट गिरफ्तार हुनेछैन ।<br>(२) त्यस्ता व्यक्तिलाई गिरफ्तार गरिराखेको रहेछ भने त्यसलाई सैनिक अदालतका आदेशबाट छुटाउन सकिनेछ ।<br>(३) युनिट, सबयुनिटका कमान्डिङ अधिकृतले आफ्नो मातहतमा रहेका हुद्दा र सो भन्दा मुनिका दर्जाकालाई सेवाबाट हटाउन र दर्जा घटाउन सक्नेछ ।<br>(४) यस दफाबमोजिम कुनै अधिकार प्रयोग गर्दा यो ऐन वा यो ऐनअन्तर्गत बनेका नियमहरूको अधीनमा रही प्रयोग गर्नुपर्नेछ । | | | |
| | | २७ | **ज्यान सजाय हुने शत्रुसम्बन्धी कसुरहरू :** यो ऐन लागू हेने व्यक्ति सैनिक अदालतबाट देहायका कुनै कसुरको दोषी ठहरिएमा सर्वश्वसहित जन्मकैदको सजाय वा ऐनमा लेखिएको घटी सजायका भागी हुनेछ :-<br>(क) आफ्नो जिम्मा रहेको वा आफूले बचाउ गर्नुपर्ने कुनै ग्यारिजन, किल्ला, चौकी, ठाउँ वा पालोपहरालाई नामर्दी गरी छाडेमा वा सुम्पी दिएमा वा कुनै कमान्डिङ अधिकृत वा अरू व्यक्तिलाई उक्त काम गर्न गराउन विवश वा प्रेरित गराएमा, वा<br>(ख) यो ऐन लागू हुने कनै व्यक्तिलाई शत्रुविरुद्ध कामकारबाई गर्न नदिई हटाउने वा हतोत्साह गर्ने इच्छाले जानीजानी विवश वा प्रेरित गर्न कुनै उपाय वा कोसिस गरेमा, वा<br>(ग) शत्रुको सामु आफ्नो हातहतियार, खरखजाना, सरसमान लाज मर्नु किसिमसँग फ्याँकी दिने वा काथरपना झल्किने कुनै दुर्व्यवहार गरेमा, वा | यूडीएच आर १०, आईसीसी पिआर ९,१४,१५.१ एस.एम. आर.टि.पि. एस.एम. आर.एन.सि.एम संविधान - १४ र८४, | उद्धृत प्रावधानले गम्भिर प्रकृतिका साथै अनुशासन सम्बन्धी अपराधहरुमा सैनिक अदालतलाई आरोपितलाई ठूलो सजाय दिन सक्ने व्यापक स्वविवेकिय अधिकार दिएको छ । जहाँसम्म आरोपित व्यक्तिको अधिकारको कुरा जसमा कानूनी सल्लाह पाउने/लिने अधिकार निर्दोषीताको अनुमान, यातनाबाट स्वतन्त्रता सुनिश्चित गर्ने स्वच्छ कार्यविधिका बारेमा कानूनले कही कतै उल्लेख गरेको छैन । त्यहा कार्यविधिगत प्रत्याभूतिको पूर्ण रुपमा अभाव छ । त्यहाँ न त कैद गर्न प्रयोग गरिने स्वविवेकिय अधिकारलाई मार्ग दर्शन गर्ने कुनै प्रावधान छ न त त्यहा कैदको निश्चित रुपमा तोकिएको माथिल्लो अथवा तल्लो हद नै छ । अनुसन्धान, अभियोजन, पुर्पक्ष र सैनिक | स्वच्छ पुर्पक्षको पूर्ण मान्यताको निश्चित गरी नयाँ कानून जारी गर्ने र पुनरावेदनको अधिकार न्यायिक पुनरावलोकन र न्याय अपयोजन भएको खण्डमा क्षतिपूर्तिको सुनिश्चित गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (घ) नेपाल अधिराज्यविरुद्ध हातहतियार उठाई राखेको कुनै व्यक्ति वा शत्रुसँग विश्वासघात गरी पत्रव्यवहार गरेमा वा कुनै खबर | | अदालतले गरेको फैसला कार्यन्वयन गर्दा नेपाल कानूनको विधिवत रुपमा पालना गर्नुपर्छ भन्ने कुरा सैनिक कानूनले कही कतै उल्लेख गरेको छ । यस कानूनका लागि गरिएको अपराधको प्रकृति, गाम्भियता र कैद विचको अनुपात र सन्तुलन नितान्त असम्बन्धीत कुरा हुन । उदाहरणको लागि कुनै व्यक्ति (काममा भएको बेला) कर्तव्य पालनको सिलसिलामा निदाएमा निजलाई नोकरीबाट निकालिन्छ, यदि त्यसलाई विवेकसिल र समानुपातिक रुपमा लिएको खण्डमा यि व्यवस्थाहरुले सात वर्ष भन्दा बढी कैद सजाय हुन्छ । त्यहा पुनरावेदन गर्ने अधिकार, सार्वजनिक सुनुवाईको अधिकार, अन्याय भएको खण्डमा क्षतिपूर्तिको अधिकार आदिको पूर्ण रुपमा अभाव रहेको छ । न्यायिक पुनरावलोकन र कानूनी सहायतालाई पूर्ण रुपमा उपेक्षा गरीएको छ । वकपत्र गर्न र मृत्युदण्ड स्वीकार्न बाध्य पार्ने प्रावधानले स्वेच्छाचारीताको पराकाष्ट देखाउँछ । सम्पूर्ण प्रावधानले कारावासलाई महत्व दिन्छ र विकल्पहरु नगन्य छन । विकल्पहरुको हेरफेर समुचित आधारमा नभई स्वेच्छीक रुपमा प्रयोग गर्न सक्ने गरी सैनिक अदालतलाई दिइएको छ । | |
| | | २८ | **सर्वश्वसहित जन्मकैदको सजाय नहुने शत्रुसम्बन्धी कसुरहरू:-**<br>यो ऐन लागू हुने कुनै व्यक्ति सैनिक अदालतबाट देहायमा लेखिएका कसुरहरूको दोषी ठहरिएमा निज चौदह वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ<br>(क) अघिबाटै उचित तवरले सचेत नभई अर्डर नमानी जानीजानी आफ्नो कर्तव्यमा लापरबाही गरी शत्रुको कैदी भएमा वा शत्रुको कैदी भएपछि पनि फेरि आउन सक्ने अवस्था भएमा पनि आफ्नो पक्षमा नआएमा, वा<br>(ख) उचित अधिकार वेगर शत्रुसँग पत्र व्यवहार गरेमा वा अरू कुनै तवरले खबर प्रदान गरेमा वा त्यस्तो कारबाई भएको थाहा पाई जानीजानी आफ्नो कमान्डिङ अधिकृत वा अरू उच्च अधिकृतलाई तुरुन्त जाहेर नगरेमा, वा<br>(ग) उचित अधिकार बेगर युद्ध विश्रामको झण्डा पठाएमा । | | | |
| | | ३० | **सैनिक विद्रोह (म्यूटिनी) :**<br>यो ऐन लागू हुने जुनसुकै व्यक्ति सैनिक अदालतबाट देहायबमोजिमको कसुरको दोषी ठहरिएमा निज ज्यान सजाय वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ :-<br>(क) शाही नेपाली सेना वा यसलाई सहयोग दिने कुनै फोर्सका कुनै व्यक्तिसँग मिली सैनिक विद्रोह गरेमा वा गराएमा वा सो गर्न गराउन उत्तेजना वा षडयन्त्र गरेमा, वा<br>(ख) कुनै सैनिक विद्रोहमा सरिक भएमा, वा<br>(ग) सैनिक विद्रोह भएको स्थानमा आफू उपस्थित भई सैनिक विद्रोहलाई सकेसम्म रोक्ने कोशिस नगरेमा, वा | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (घ) कुनै सैनिक विद्रोह गर्ने मनसाय गरेमो वा षडयन्त्र भइरहेको थाहा पाई वा सैनिक विद्रोह गर्ने मनसाय छ वा षडयन्त्र भैरहेको छ भनी विश्वास गर्नुपर्ने कारण हुँदा हुँदै पनि आफ्नो कमान्डिङ अधिकृत वा अरू उच्च अधिकृतलाई तुरुन्त त्यसको खबर नदिएमा, वा<br>(ङ) शाही नेपाली सेनाका कुनै पनि व्यक्ति देशभक्ति, राजभक्ति वा कर्तव्यबाट विचलित भएमा त्यस्तो व्यक्तिलाई देशभक्ति, राजभक्ति वा कर्तव्यबाट विचलित गराएमा वा विचलित गराउने उद्योग गरेमा । | | | |
| | | ३१ | **सेवा छाडी भाग्ने भगाउने कसुर :-**<br>(१) यो ऐन लागू हुने कुनै व्यक्ति सेवा छाडी भाग्ने वा भाग्ने उद्योग गरेको दोषी सैनिक अदालतबाट ठहरिएमा निजलाई देहायबमोजिम हुनेछ :-<br>(क) जङ्गी कारबाईमा लागेको बखत वा यस्तो कारबाईका अर्डर पाएपछि कसुर गरेको रहेछ भने सर्वश्वसहित जन्मकैदको सजाय वा यो एनमा लेखिएको घटी सजायको भागी हुनेछ ।<br>तर यस खण्डबमोजिम सजाय हुने व्यक्ति भागेको ३५ दिनभित्र पनि फेला परेन वा हाजिर हुन आएन भने निजको अंश रोक्का गरिनेछ र तीन वर्षसम्म पनि त्यस्तो व्यक्ति हाजिर भएन वा खोजतलास गर्दा फेला परेन भने सो अंश जफत गरी लिलाम गरिनेछ ।<br>(ख) अरू कुनै अवस्थामा कसुर गरेको रहेछ भने निज अंशसर्वस्व वा सात वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ ।<br>(२) यो ऐन लागू हुने कुनै व्यक्ति सेवा छाडी भाग्ने व्यक्तिलाई जानीजानी शरण दिने कसुरको दोषी सैनिक अदालतबाट | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | ठहरिएमा निज तीन वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ ।<br>(३) यो ऐन लागू हुने कुनै व्यक्ति सेवा छाडी भागेको वा भाग्न लागको थाहा पाएर पनि तुरुन्त आफ्नो वा अरू कुनै माथिल्लो अधिकृतलाई सूचना नदिएको वा त्यस्तो व्यक्तिलाई पक्राउ गराउने आफ्नो अख्तियारबमोजिम कुनै कारबाई नगरेको सैनिक अदालतबाट दोषी ठहरिएमा निज दुई वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ । | | | |
| | | ३२ | **गैरहाजिर :**<br>यो ऐन लागू हुने व्यक्ति सैनिक अदालतबाट देहायको कसुरको दोषी ठहरिएमा निज तीन वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ :-<br>(क) गैरहाजिर भएमा, वा<br>(ख) पर्याप्त कारण नभई स्वीकृत विदाभन्दा बढी दिन बसेमा, वा<br>(ग) बिदामा बसेको बेलामा फर्मेसन, युनिट वा यसको कुनै हिस्सालाई जङ्गी कारबाईको लागि अर्डर भएको सूचना उचित अधिकारीबाट पाएर पनि पर्याप्त कारण नभई तुरुन्त सामेल नभएमा, वा<br>(घ) पर्याप्त कारण नभई कर्तव्य वा एक्सरसाइजको निमित्त तोकिएको ठाउँ वा परेड तोकिएको समयमा उपस्थित नभएमा, वा<br>(ङ) आफूभन्दा माथिल्लो अधिकृतको अनुमति नपाई वा पर्याप्त कारण नभई परेड वा मार्चको पङ्क्ति छोडेमा, वा<br>(च) कुनै क्याम्प, ग्यारिजन वा अरू ठाउँमा भएको बेलामा कुनै सामान्य, स्थानीय वा अरू आदेशअन्तर्गत निर्धारित | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | ठाउँबाहिर वा मनाही भएको ठाउँमा आफूभन्दा माथिल्लो दर्जाका अधिकृतबाट पास वा लिखित अनुमति नलिई उपस्थिति रहेको ठहरिएमा, वा<br>(छ) कुनै स्कुलमा हाजिर हुने अर्डर भइरहेको बेलामा आफूभन्दा माथिल्लो अधिकृतबाट बिदा नलिई वा उचित कारण नभई स्कुलबाट गयर हाजिर भएमा । | | | |
| | | ३३ | **आफूभन्दा माथिल्लो दर्जालाई हातपात गर्ने वा धम्की दिने :-**<br>यो ऐन लागू हुने कुनै व्यक्ति देहायका कसुरको सैनिक अदालतबाट दोषी ठहरिएमा निज जुन अधिकृतको सम्बन्धमा त्यस्तो कसुर गरिएको हो सो अधिकृत आफ्नो कर्तव्य गरी रहेको बखत जङ्गी कारबाई भएको बखत भए चौध वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजाय र अरू अवस्थामा दस वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ :-<br>(क) आफूभन्दा माथिल्लो अधिकृतलाई हमला गरेमा वा आपराधिक बल प्रयोग गरेमा, वा<br>(ख) आफूभन्दा माथिल्लो अधिकृतलाई धम्कीको बोली प्रयोग गरेमा, वा<br>(ग) आफूभन्दा माथिल्लो अधिकृतलाई निजको मर्यादा नराखी होच्याई बोलेमा । तर खण्ड (ग)मा लेखिएको कसुरको हकमा भने पाँच वर्ष भन्दा बढी कैद हुने छैन । | | | |
| | | ३४ | **आफूभन्दा माथिललो अधिकृतको आज्ञा पालन नगर्ने**<br>यो ऐन लागू हुने कुनै व्यक्तिः आफूभन्दा माथिल्लो अधिकृतले आफ्नो काम तामेल गर्न मौखिक, लिखित, सिग्नलद्वारा वा कुनै प्रकारले दिएको कानुनी आज्ञालाई त्यस्तो आज्ञा दिने अधिकृतको अख्तियारीको जानीजानी नटेरेको देखिने गरी अवहेलना गरेको सैनिक अदालतबाट दोषी ठहरिएमा निज | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | जङ्गी कारबाई भएको अवस्थामा कसुर गरेको भए चौध वर्षसम्म कैद वा यो ऐनमा देखिएको घटी सजाय जङ्गी कारबाई नभएको बखत कसुर गरेको भए पाँच वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ । | | | |
| | | ३५ | **आफूभन्दा माथिल्लो अधिकृतलाई मर्यादा नराखी होच्याई बोल्ने तथा बाधाविरोध गर्ने :**<br>यो ऐन लागू हुने कुनै व्यक्तिः देहायमा लेखिएका कसुरको सैनिक अदालतबाट दोषी ठहरिएमा निज खण्ड (क) देखि (ङ) सम्म कुनै खण्डको कसुरको हकमा दस वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजाय र खण्ड (च) वा (छ) वा (ज) को कुनै कसुरको हकमा दुई वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ :-<br>(क) आफू कुनै झगडा, हुलदङ्गा वा गोलमालमा सरिक भएकोमा आफूभन्दा घटी दर्जाका अधिकृत भए तापनि निजले आफूलाई गिरफ्तार गरेको आदेश नमानेमा वा सो अधिकृतलाई आपराधिक बल प्रयोग गरेमा वा हमला गरेमा, वा<br>(ख) आफू कानुनबमोजिम कुनै व्यक्तिको हिरासतमा राखिएकोमा आफूलाई हिरासतमा राख्ने व्यक्तिलाई निजलाई यो ऐन लागू हुने भए पनि वा नभए पनि वा निज आफूभन्दा माथिल्लो अधिकृत भए पनि वा नभए पनि निज माथि बल प्रयोग गरेमा वा हमला गरेमा, वा<br>(ग) आफूलाई पक्राउ गर्नु पर्ने वा जिम्मा राख्नुपर्ने कर्तव्य भएका कुनै व्यक्तिलाई निजको काममा बाधाविरोध गरेमा वा<br>(घ) प्रभोस्ट मार्सल वा निजको निमित्त कानुन तवरले काम गर्ने कुनै व्यक्तिलाई निजको काममा बाधाविरोध पारेमा वा आफ्नो कर्तव्य पालन गर्न निजले मद्दत माग्दा मद्दत नदिएमा, वा | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (ङ) शाही नेपाली सेनाको निमित्त मालसामान वा रसद ल्याउने कुनै व्यक्तिमाथि आपराधिक बल प्रयोग गरेमा वा हमला गरेमा वा ब्यारेक क्याम्प वा क्वाटर्स छोडी भागेमा, वा<br>(छ) सामान्य, स्थानीय वा अरू किसिमका आदेश पालन गर्न लापरबाही गरेमा, वा<br>(ज) आफूभन्दा माथिल्लो दर्जाका व्यक्तिलाई मर्यादा नराखी होच्याई बोलेमा वा अपमान गरेमा । | | | |
| | | ३६ | **ढाँटी छली भर्ना हुने :**<br>यो ऐन लागू हुने कुनै व्यक्ति देहायका कसुरको सैनिक अदालतबाट दोषी ठहरिएमा निज पाँच वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ :-<br>(क) आफ्नो चमु वा विभागबाट नियमित तवरले कार्यभारबाट मुक्त नभई वा भर्नाको निमित्त चाहिनेसर्त पूरा नगरी आफू अघि रहेका चमु वा डिपार्टमेन्ट वा अरू चमु वा डिपार्टमेन्टमा भर्ना भएमा, वा<br>(ख) कुनै व्यक्ति शाही नेपाली सेनाको कुनै हिस्सामा भर्ना हुँदा निजले यस ऐनअन्तर्गत कसुर गरेको सम्झिने परिबन्द परेको छ भन्ने थाहा पाउँदापाउँदै पनि वा विश्वास गर्ने कारण छँदाछँदै पनि त्यस्तो व्यक्तिलाई शाही नेपाली सेनाको कुनै हिस्सामा भर्ना गराउने काममा सम्बन्धित भएमा ।<br>(ग) भर्ना गर्ने अधिकृतहरूको सामुन्ने भर्ना हुन उपस्थित हुँदा तोकिएको भर्ना फारमहरूमा उल्लिखित सवालहरूको जानाजानी झुटो जवाफ दिएको भन्ने कुरा साबित हुन आएमा । | | | |
| | | ३८ | **निन्दनीय आचरण :**<br>यो ऐन लागू हुने कुनै व्यक्ति देहायका कसुरको सैनिक अदालतबाट दोषी ठहरिएमा निज सात वर्षसम्म कैद वा यो एनमा लेखिएको घटी सजायको भागी हुनेछ :- | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (क) निर्दयी, अशिष्ट वा अस्वाभाविक किसिमको कुनै निन्दनीय आचरण गरेमा, वा<br>(ख) आफूमा कमजोरी वा रोग पैदा गरेमा, वा<br>(ग) ज्यूसाँचा भई रोग वा कमजोरीको बहाना गरेमा वा जानीजानी त्यस्तो कमजोरीपना र रोगलाई लम्बाउने, बढाउने, निको हुने नदिने गरेमा, वा<br>(घ) आफैलाई वा अरू कुनै व्यक्तिलाई सेवाको लागि अयोग्य गराउने मनसायले आफूलाई वा अरू कुनै व्यक्तिलाई घाउचोट पारेमा । | | | |
| | | ३९ | **आफ्नो मातहतका व्यक्तिलाई दुर्व्यवहार गर्ने :** दर्जा वा पोजिसनले तल्लो तहको भनी कुनै अधिकृत, जुनियर कमिसन्ड अधिकृत वा नन्कमिसन्ड अधिकृतले यो ऐन लागू हुने व्यक्तिलाई आपराधिक बल प्रयोग गरेको वा दुर्व्यवहार गरेको सैनिक अदालतबाट दोषी ठहरिएमा निज सात वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ । | | | |
| | | ४२ | **अनियमित गिरफ्तार वा थुनछेक :-**<br>यो ऐन लागू हुने कुनै व्यक्ति सैनिक अदालतबाट देहायमा लेखिएको कुनै कसुरको दोषी ठहरिएमा निज दुई वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ<br>(क) कुनै व्यक्तिलाई गिरफ्तार गरी वा थुनामा राखी विनाकारण मुद्दा पुर्पक्ष नगरी राखेमा वा तहकिकातको निमित्त निजको मुद्दा उचित अधिकारीको समक्ष पेस नगरेमा, वा<br>(ख) कुनै व्यक्तिलाई सैनिक हिरासतमा राख्न लगाउने व्यक्तिले हिरासतमा राख्नेको समक्ष मुनासिब कारणले बोहक उसै बखत वा सकेसम्म चाँडो र जुनसुकै अवस्थामा पनि हिरासतमा राख्न लगाएको ४८ घण्टाभित्र हिरासतमा राखिने भएको व्यक्तिलाई आरोप लगाइएको कसुरको विवरण सही गरी पेस गर्न नसकेमा । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ४३ | **हिरासतबाट भाग्ने :**<br>यो ऐन लागू हुने कुनै व्यक्ति हिरासतमा रहेको बेलामा भागेको वा भाग्ने उद्योग गरेको सैनिक अदालतबाट दोषी ठहरिएमा पाँच वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ। | | | |
| | | ४५ | **करकाप तथा भ्रष्टाचार :**<br>यो ऐन लागू हुने कुनै व्यक्ति देहायका कुनै कसुरको सैनिक अदालतबाट दोषी ठहरिएमा निज दस वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछः<br>(क) जबरजस्ती गरी वा करकापमा पारी केही लिएमा, वा<br>(ख) उचित अधिकार नभई कुनै व्यक्तिबाट नगद, जिन्सी लिएमा वा काम लगाएमा। | | | |
| | | ४६ | **सरसामान लिई भाग्ने :**<br>यो ऐन लागू हुने कुनै व्यक्ति देहायका कनै कसुरको सैनिक अदालतबाट दोषी ठहरिएमा खण्ड (क) को कसुरमा दस वर्ष सम्म कैद र अरू खण्डको कसुरहरूमा पाँच वर्षसम्म कैद वा ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ :-<br>(क) आफ्नो प्रयोगको निमित्त लिई राखेको वा आफूले जिम्मा लिई राखेको हातहतियार, गोलीगट्ठा, सरसामान, इक्विपमेन्ट, ज्याभल, लुगा कपडा वा अरू कुनै सरकारी चीज लिई भागेमा वा त्यसरी भगाउने काममा मतियार भएमा, वा<br>(ख) खण्ड (क) मा लेखिएको कुनै सम्पत्ति हराएमा, वा<br>(ग) आफूलाई प्रदान गरिएको पदक वा विभूषण बिगारे, नासे, बेचविखन गरेमा वा बन्धक राखेमा। | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ४७ | **सम्पत्तिको हानिनोक्सानी :**<br>यो ऐन लागू हुने कुनै व्यक्ति देहायका कुनै कसुरको सैनिक अदालतबाट दोषी ठहरिएमा जानीजानी गरेको रहेछ भने चौध वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजाय र मुनासिब माफिकको कारण नभै गरेको रहेछ भने सात वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ :-<br>(क) दफा ४६ को खण्ड (क) मा लेखिएको सम्पत्ति वा शाही नेपाली सेनाको मेस, ब्यान्ड वा सैनिक संस्थाको वा यो ऐन लागू हुने कुनै व्यक्तिको वा शाही नेपाली सेनामा काम गरिहरका वा शाही नेपाली सेनामा सम्मिलित भएका व्यक्तिको सम्पत्ति हानिनोक्सानी गरेमा, वा<br>(ख) सरकारको कुनै सम्पत्ति आगोले नोक्सान हुने वा क्षति पुऱ्याउने काम गरेमा, वा<br>(ग) आफ्नो जिम्मामा रहेको कनै जनावर मारेमा, घाइते पारेमा, लिई भागेमा, दुर्व्यवहार गरेमा वा हराएमा । | | | |
| | | ४८ | **झुटो आरोप :**<br>यो ऐन लागू हुने कुनै व्यक्ति देहायका कुनै कसुरको सैनिक अदालतबाट दोषी ठहरिएमा पाँच वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ :-<br>(क) यो ऐन लागू हुने कुनै व्यक्तिलाई झुटो हो भन्ने थाहा पाई वा विश्वास गर्ने कारण हुँदा हुँदै झुटो आरोप लगाएमा, वा<br>(ख) दफा २० बमोजिम उजुर गर्दा यो ऐन लागू हुने कुनै व्यक्तिको चरित्रमा धक्का पुग्ने गरी झुटो हो भनी थाहा पाउँदापाउँदै वा विश्वास गर्ने कारण हुँदा हुँदै पनि झुटो बयान दिएमा वा त्यससम्बन्धी यथार्थ कुराहरू थाहा पाई र जानीजानी दबाएमा । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ४९ | **कीर्ते र झुटो बेहोरा :**<br>यो ऐन लागू हुने कुनै व्यक्ति देहायका कुनै कसुरको सैनिक अदालतबाट दोषी ठहरिएमा चौध वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ :-<br>(क) आफूले बनाएको वा सही गरेको कुनै प्रतिवेदन, रिटर्न फाँटवारी, फिरिस्त, प्रमाणपत्र वा अरू लिखत वा बेहोरा साँचो छ-छैन भन्ने एकिन गर्नुपर्ने कर्तव्य भएको लिखतमा जानीजानी झुटा वा धोखा दिने किसिमको बेहोरा पारेमा वा सो पार्ने काममा सरिक भएमा, वा<br>(ख) खण्ड (क) मा उल्लेख गरिएको कुनै लिखतमा जानीजानी धोखा दिने नियतले कुनै कुरा लेख्न छुटाएमा वा सो छुटाउने काममा सरिक भएमा, वा<br>(ग) जानीजानी कसैलाई हानि पुऱ्याउने वा धोखा पुऱ्याउने नियतले आफूले सुरक्षित गर्नुपर्ने वा चाहिएको बखत पेस गर्नुपर्ने कुनै लिखतलाई दबाएमा, बिगारेमा, लिई भागेमा वा त्यसमा कुनै हेरफेर गरेमा, वा<br>(घ) कुनै विषयको सम्बन्धमा घोषित गर्नुपर्ने कर्तव्य भएका कसैले जानीजानी झुटो कुरा घोषित गरेमा, वा<br>(ङ) झुटो हो भन्ने थाहा पाउँदा | | | |
| | | ५० | **खाली कागजमा सही गरेमा वा प्रतिवेदन नगरेमा**<br>यो ऐन लागू हुने कुनै व्यक्ति देहायका कुनै कसुरहरूको सैनिक अदालतबाट दोषी ठहरिएमा सात वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ :-<br>(क) तलब, हातहतियार, गोलिगठ्ठा, सरसामान, इक्विपमेन्ट, लुगा, कपडा, रसद, मालसामान, स्टोर्स वा सरकारको कुनै सम्पत्तिसम्बन्धी भौचर (रसिद भरपाई) हुन जाने कुनै लिखतमा सही गर्दा भर्नु वा लेख्नुपर्ने ठाउँ धोखा दिने नियतले खाली राखी सही गरेमा, वा | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | | (ख) कुनै प्रतिवेदन तथा रिर्टन तयार गर्ने वा पठाउनुपर्ने कर्तव्य भएकोले त्यस्तो प्रतिवेदन वा रिटर्न तयार गर्न वा पठाउन इन्कार गरेमा वा लापरबाही गरी तयार गर्न वा पठाउन छुटाएमा । | | | |
| | | ५१ | **सैनिक अदालतसम्बन्धी कसुरहरू :-**<br>यो ऐन लागू हुने कुनै व्यक्ति देहायका कुनै कसुरको सैनिक अदालतबाट दोषी ठहरिएमा तीन वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ :-<br>(क) साक्षीको रूपमा सैनिक अदालतमा हाजिर हुन आउनु भनी रीतपूर्वकको समाह्वान वा आदेश पाउँदापाउँदै पनि जानीजानी वा मुनासिबमाफिकको कारण नभई हाजिर हुन नआएमा, वा<br>(ख) सैनिक अदालतबाट ऐनबमोजिम शपथ लिन लगाउँदा शपथ लिन इन्कार गरेमा, वा<br>(ग) सैनिक अदालतबाट पेस गर्नु वा बुझाउनु भनेको आफ्नो अधीनमा रहेको कुनै लिखत पेस गर्न वा बुझाउन इन्कार गरेमा, वा<br>(घ) साक्षी हुँदा कानुनले जवाफ दिनुपर्ने कुनै सवालको जवाफ दिन इन्कार गरेमा, वा<br>(ङ) सैनिक अदालतको कारबाईमा गडबडी वा रोकावट गरी वा अपमानजनक वा धम्कीपूर्ण शब्द बोली सैनिक अदालतको अवहेलनाको दोषी भएमा । | | | |
| | | ५२ | **झुटा प्रमाणपत्र :**<br>यो लागू हुने कुनै व्यक्तिले यो ऐनअन्तर्गत शपथ दिलाउन सक्ने अधिकार भएका सैनिक अदालत वा अरू कुनै अदालतमा सपथ लिएपछि कुनै झुटा बयान दिएको वा झुटा भनी विश्वास भएको वा साँचो भनी पत्यार नभएको बयान दिएको सैनिक अदालतबाट दोषी ठहरिएमा निजलाई सात वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ५३ | **तलबको गैरकानुनी रोक्का :**<br>यो ऐन लागू हुने कुनै व्यक्तिको तलब लिई सो व्यक्तिलाई दिनुपर्ने बेलामा नदिई गैरकानुनी ढङ्गले रोक्का गरिराखेको वा दिन इन्कार गरेको कसुरको सैनिक अदालतबाट दोषी ठहरिएमा यो ऐन लागू हुने त्यस्तो काम गर्ने व्यक्ति तीन वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ ।. | | | |
| | | ५४ | **सुव्यवस्था वा अनुशासन भङ्ग गर्ने :**<br>यो ऐन लागू हुने कुनै व्यक्तिले यो ऐनमा नतोकिएको भएतापनि सुव्यवस्था तथा सैनिक अनुशासनलाई हानिकारक हुने गरी कुनै काम गरेको वा कुनै काम गर्न छुटाएको कसुरको सैनिक अदालतबाट दोषी ठहरिएमा निज सात वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ । | | | |
| | | ५५ | **विविध कसुरहरू :**<br>यो ऐन लागू हुने कुनै व्यक्ति देहायका कुनै कुराको सैनिक अदालतबाट दोषी ठहरिएमा सात वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ :-<br>(क) कुनै पोस्ट वा मार्चको कमान्ड गरिरहेको व्यक्तिले आफ्नो कमान्डमा रहेको कुनै व्यक्तिलाई कुटपिट गरेमा वा अरू कुनै किसिमले बेहिसाब गरेमा वा दुःख दिएमा वा कुनै मेलामा वा बजारमा गोलमाल वा हुलदङ्गा गरेको वा अनाधिकार प्रवेश गरेको छ भन्ने कुनै उजुरी बुझी नोक्सान भएको व्यक्तिलाई क्षतिपूर्ति नदिएमा वा त्यो मुद्दा उचित अधिकारीसमक्ष पेस नगरेमा, वा<br>(ख) पूजा गर्ने कुनै ठाउँ वा मन्दिरलाई दुषित पारेमा वा अरू तवरले जानीजानी कुनै व्यक्तिको धर्मको अपमान गरेमा वा धार्मिक भावनालाई आघात पुऱ्याएमा, वा<br>(ग) ड्यूटीमा नखटिएको बेलामा जमदारदेखि मुनिका दर्जाको उचित अधिकार नभई क्याम्प वा छाउनीभित्र वा वरिपरि वा कुनै शहर बजार जाँदा आउँदा राइफल, अटोमेटिक गन, ग्रीनेड, वा यस्तै हतियार लिई हिँडेमा, वा | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ५६ | **कसुरको उद्योग :**<br>यो ऐन लागू हुने कुनै व्यक्तिले दफा २७ देखि ५५ सम्ममा तोकिएको कुनै कसुर गर्ने उद्योग गरेको वा त्यस्तो उद्योग गर्दा त्यस्तो कसुर गर्नेतर्फ कुनै कार्य गरेको सैनिक अदालतबाट दोषी ठहरिएमा त्यस्तो उद्योग गरे बापत हुने सजायको यो ऐनमा कुनै किटान व्यवस्था नभएकोमा निजलाई देहायको कसुरमा देहायको सजाय हुनेछ :<br>(क) सर्वश्वसहित जन्म कैदको सजाय हुने कसुर गर्ने उद्योग गरेकोमा चौध वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ ।<br>(ख) कैद मात्र हुने कसुर गर्ने उद्योग गरेकोमा सो कसुरमा हुने कैदको आधीसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ | | | |
| | | ५७ | **कसुर गर्न सुऱ्याउने :**<br>यो ऐन लागू हुने कुनै व्यक्ति दफा २७ देखि ५५ सम्ममा तोकिएको कुनै कसुर गर्न सुऱ्याएको सैनिक अदालतबाट दोषी ठहरिएमा सो सुऱ्याएवापत हुने सजायको यो ऐनमा कुनै किटानी व्यवस्था नभएकोमा त्यसरी सुऱ्याएबाट जुन कसुर हुन गएको छ त्यस्तो कसुरलाई हुने सजाय वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ । | | | |
| | | ५८ | **ज्यान सजाय हुने कसुर गर्ने सुऱ्याएको तर कसुर नभएको :**<br>यो ऐन लागू हुने कुनै व्यक्तिले दफा २७, ३० र दफा ३१ को उपदफा (१) बमोजिम सर्वश्वसहित जन्म कैदको सजाय हुने कुनै कसुर गर्न सुऱ्याएको तर सुऱ्याएबाट कसुर हुन नगएको सैनिक अदालतबाट दोषी ठहरिएमा सो सुऱ्याए वापतको सजायको यो ऐनमा किटानी व्यवस्था नभएकोमा निज चौध वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ५९ | **कैद हुने कसुर गर्न सुऱ्याएको तर कसुर नगरेको** यो ऐन लागू हुने कुनै व्यक्तिले दफा २७ देखि ५५ सम्ममा उल्लेख गरिएका र कैद हुने भनी तोकिएको कुनै कसुर गर्न सुऱ्याएको तर सुऱ्याएबाट कसुर हुन नगएको सैनिक अदालतबाट दोषी ठहरिएमा सो सुऱ्याएवापतको सजायको यस ऐनमा किटानी व्यवस्था नभएकोमा निज त्यसरी शुऱ्याएबाट हुन गएको कसुरमा हुने कैदको माथिल्लो हदको आधी कैद वा यस ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ । | | | |
| | | ६१ | **सैनिक अदालतबाट कारबाई हुन नसकिने कसुर** यो ऐन लागू हुने कुनै व्यक्तिले सैनिक ऐन लागू नहुने कुनै व्यक्तिको ज्यान लिएमा वा जबर्जस्ती करणी गरेमा यस ऐनअन्तर्गत कसुर गरेको मानिनेछैन र सैनिक अदालतबाट हेरिनेछैन तर उक्त कसुरहरू देहायका अवस्थामा गरेको भए सैनिक अदालतले कारबाई गर्न सक्दछ :-<br>(क) जङ्गी कारबाईमा लागेका बखत, वा<br>(ख) नेपा बाहिर कुनै ठाउँमा भएको बखत, वा<br>(ग) श्री ५ को सरकारबाट त्यस विषयमा सूचना प्रकाशित गरी निश्चित गरिएको कुनै सिमाना चौकीमा भएको बखत । | यूडीएचआर १०, आईसीसी पिआर १४,२६ डि.पि.ए.पि. इ.एफ. १४ | उद्धृत प्रावधानले जवरजस्ती वेपत्ता गराउने जस्ता गम्भिर प्रंकृतिका अपराधहरु समावेश गराउने असफल भएको छ र बलत्कार र हत्यमा सिमित रहेको छ । सैनिका कारवाहीको नाममा होस वा सरकारद्वारा बनाइएका नियमहरु द्वारा होस यस प्रावधानले सैनिक बलबाट भएका बलत्कार र हत्यालाई वेवास्ता गर्दछ । यी सम्पूर्णले नागरिकहरु विरुद्ध सैनिकको व्यवहारलाई माफी दिन्छ र सैनिकको अनुशासन अनियन्त्रित बनाउँछ । | नया कानून द्वारा आवश्यक परिवर्तन गर्नुपर्छ र सैनिकको अहोदा माथि माफी पाउने पद हुनु हुदैन भन्ने निश्चित गरिनु पर्दछ र फौजदारी अपराध (कार्यमा) र लापरवाहीमा सर्वसाधारणलाई लागू हुने खालको कानूनहरु सैनिकमाथि लागु हुनुपर्छ । |
| | | ६१ क | **सैनिक हिरासतमा राख्ने :** यो ऐन लागू हुने व्यक्तिलाई दफा ६१ बमोजिम सैनिक अदालतबाट नहेरिने अवस्थाको कुनै कसुर गरेको अभियोगमा कानुनबमोजिम थुनामा राखी कारबाई गर्नुपर्ने भयो भने निजलाई त्यस सम्बन्धमा आवश्यकतानुसार सुरु तहकिकातदेखि लिएर अदालतबाट फैसला नभएसम्मलाई सो तहकिकात वा मुद्दाको कारबाई गर्ने अधिकारी वा अदालतको आदेशले सैनिक हिरासतमा राखिनेछ । त्यस्तो अभियुक्तलाई मुद्दाको कारबाईको सिलसिलामा त्यस्तो अधिकारी वा अदालतका समक्ष उपस्थित गराउने आदेश भएमा सम्बन्धित सैनिक अधिकारीले गराउनेछ । | आई.सि.सि. पि.आर. १० एसएमआरसिम | उद्धृत प्रावधानले जमानत, धितो, पुर्पक्षको लागि सर्तयुक्त मुक्तिलाई वेवास्ता गर्दछ । कैद अन्तिम अस्त्र हुनु पर्दछ तर यस प्रावधानले कैदलाई एकमात्र विकल्पको रुपमा राखेको छ । | जमानतको अधिकार र सशर्त मुक्तिको वैकल्पिक पद्धतिको सुनिश्चित गरी आवश्यक परिवर्तन गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ६२ | **सैनिक अदालतबाट दिन सकिने सजायहरू :**<br>(१) यो ऐन लागू हुने कुनै व्यक्ति सैनिक अदालतबाट हेरिने कसुरमा दोषी ठहरिएमा सैनिक अदालतबाट निजलाई देहायबमोजिम सजाय दिन सकिनेछ :-<br>(क) सर्वश्वसहित जन्म कैदको सजाय,<br>(ख) जन्म कैद,<br>(ग) अंशसर्वश्व<br>(घ) १४ वर्षसम्म कैद,<br>(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्यत ठहरिने गरी वा नगरी नोकरीबाट बर्खासी,<br>(च) राजीनामा गर्न बाध्य गराउने<br>(छ) दर्जा घटाउने,<br>(ज) सम्बन्धित पति (कमान्डर) लाई बढीमा ५ वर्षसम्म बढुवा रोक्का वा नसिहत,<br>(झ) जङ्गी कारबाईमा गरिएको कसुरमा तीन महिनासम्म तलब भत्ता कट्टी,<br>(ञ) हानिनोक्सानीको क्षतिपूर्ति नभएसम्म तलब भत्ता रोक्का गर्ने,<br>(ट) बढीमा दुई वर्षसम्म | आईसीसी पिआर १० एस.एम. आरएन.सि.एम | उद्धृत प्रावधानले जरिवाना, सामुदायिक सेवा, क्षतिपूर्ति आदेश प्रोवेसन र प्यारोल जस्ता दण्डका विभिन्न वैकल्पीक उपायहरुलाई विकल्पको रुपमा स्वीकारेको छैन। यो प्रावधानले अप्रजातान्त्रिक र जवरजस्ती पनाको परिचय दिन्छ। उदाहरणको लागि नोकरीबाट राजीनामा दिन लगाउनु भन्दा वर्खास्त गर्नु राम्रो विकल्प मानिएको छ। | नयाँ कानूनमा कैद दण्डको विकल्पमा प्रजातान्त्रिक र मानविय अन्य विकल्पहरु समावेश गर्ने। |
| | | ६३ | **सैनिक अदालतबाट दिन सक्ने एक सजायको सट्टा अर्को सजाय दिन सक्ने :**<br>यो ऐनमा लेखिएको कुराहरूको अधीनमा रही यो ऐन लागू हुने कुनै व्यक्ति दफा २७ देखि ५९ सम्ममा तोकिएको कुनै कसुरको सैनिक अदालतबाट दोषी ठहरिएमा उक्त दफाहरूमा यो कसुरलाई तोकिएको सजाय वा त्यसको सट्टा कसुरअनुसार दफा ६२ मा तोकिएबमोजिम घटी सजाय दिन सकिनेछ। | यूडीएचआर १०, आईसीसी पिआर ९,१०,११, १४,२६ | उद्धृत प्रावधानले स्वेच्छाचारी तवरले कैद प्रणालीको मापदण्ड विना नै कैद गर्न सक्ने विशेषधिकार प्रदान गर्दछ। यो प्रावधान अपराधको प्रकृति र यसको सजायमा समानुपातिकता विच सन्तुलन कायम गर्न असफल छ र अदालत आफैले अधिकारको दुरुपयोग गर्न सक्ने सम्भावना छ। यसले समानहरुविच पनि भेदभाव गर्न उन्मुख गराउन सक्दछ। | उद्धृत प्रावधानमा नयाँ कानूनद्वारा कैद प्रणालीका मापदण्ड निश्चित गरी परिवर्तन गर्ने। |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ९० | **कसुरदारहरूलाई हिरासतमा राख्ने :**<br>(१) कुनै कसुरको अभियोग लागेको यो ऐन लागू हुने कुनै व्यक्तिलाई सैनिक हिरासतमा राख्न सकिनेछ ।<br>(२) त्यस्तो कुनै व्यक्तिलाई निजभन्दा माथि जुनसुकै अधिकृतले सैनिक हिरासतमा राख्ने आदेश दिन सक्नेछ ।<br>(३) माथिल्लो दर्जाको भए तापनि झगडा, हुलदङ्गा वा गोलमाल गर्ने काममा लागेको जुनसुकै अधिकृलाई कुनै अधिकृतले सैनिक हिरासतमा राख्ने आदेश दिन सक्नेछ । | यूडीएचआर १०, आईसीसीपिआर ९,१०,११, १४,२६ | उद्धृत प्रावधानले परिवार, नातेदार र कानूनी सल्लाहकारलाई पक्राउ र थुनाको सूचना पाउने अधिकार प्रदान गर्दैन, न त बचाउँको लागि तयारी गर्ने यथोचित समय प्रदान गर्दछ । यस प्रावधानले अप्रत्यक्षरुपमा दण्डात्मक र (निवारक नजरबन्द) रोकथाम मुलक थुनाको मर्मलाई मिलाएको छ । जुन कडाईका साथ छुटाउनु पर्दछ । | दण्डात्मक र रोकथाम मुलक थुनाको भिन्नता हुने गरी संशोधन गर्नु पर्दछ । रोकथाम मुलक थुना छोटो समयको लागि हुनेछ र दण्डात्मक प्रकृतिको थुना पूर्ण रुपमा स्वच्छ पुर्पक्षको प्रत्याभुति गरेर मात्र हुनेछ । त्यस्तै दुवै मुद्दामा नातेदारहरु, परिवारहरु र सल्लाहकारहरुलाई विधिवत रुपमा सूचित गर्नु पर्दछ । |
| | | ९१ | **हिरासतको सम्बन्धमा कमान्डिङ अधिकृतको कर्तव्य**<br>(१) आफ्नो कमान्डमा रहेको कुनै व्यक्तिउपर कुनै कसुर लागी हिरासतमा राखिएको प्रतिवेदन आफूलाई प्राप्त भएकोमा सार्वजनिक सेवाको दृष्टिबाट समयभित्र तहकिकात हुने असम्भव भएमा बाहेक प्रतिवेदन प्राप्त भएको ४८ घण्टाभन्दा बढी विनातहकिकात हिरासतमा नराखिने व्यवस्था मिलाउनु कमान्डिङ अधिकृतलको कर्तव्य हुनेछ ।<br>(२) ४८ घण्टा भन्दा बढी हिरासतमा रहेको प्रत्येक व्यक्तिको बेहोरा र त्यसको कारणको प्रतिवेदन कमान्डिङ अधिकृतले सो अभियुक्तको मुद्दा हेर्ने महारथी वा डिस्ट्रिक्ट सैनिक अदालत बोलाउन आवेदन गर्नुपर्ने महारथी वा अरू अधिकृतको समक्ष पठाउनुपर्दछ ।<br>(३) उपदफा (१) मा उल्लेख भएको ४८ घण्टाको गणना गर्दा अड्डा नबसेको दिनलाई बाहेक गरिनेछ ।<br>(४) यो ऐनको व्यवस्थाको अधीनमा रही यो ऐन लागू हुने कुनै व्यक्तिलाई पुर्पक्ष नसिद्धिउन्जेल कसुर गरे वापत कुनै तवरले र कति | संविधान १४.६ | उद्धृत प्रावधानले स्वेच्छीक रुपमा व्यक्तिहरुलाई २४ घण्टा भन्दा बद्ता थुनामा राख्न सक्ने अधिकार दिएको छ । त्यसैगरी पूनः यस प्रावधानले श्री ५ को सरकारले कुनै आरोपित व्यक्तिलाई अभियोजनको लागि आवश्यक समय सिमासम्म थुनामा राख्न नियम बनाउन सक्ने अधिकार दिएको छ । जुन संवैधानिक सिमा बाहिर जान्छ । | कैद समय घटाएर संवैधानिक मर्म अनुसार यो प्रावधान संशोधन गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | ९७ | **सैनिक अदालतका प्रकारहरू :**<br>यो ऐनको तातपर्या लगि देहायबमोजिम चार प्रकारको सैनिक अदालत हुनेछन<br>(क) जनरल सैनिक अदालत ।<br>(ख) डिस्ट्रिक्ट सैनिक अदालत ।<br>(ग) समरी जनरल सैनिक अदालत ।<br>(घ) समरी सैनिक अदालत । | आईसीसी पिआर १४ बी पिआई जे<br>संविधान - ८४,८५,८६ | कुनै पनि अदालत स्वतन्त्र, निष्पक्ष, सक्षम र कानूनद्वारा स्थापित हुनु पर्दछ । जसले कानूनद्वारा तोकिएको कार्यविधि अवलम्बन गरोस । फौजदारी दण्ड कानूनद्वारा स्थापित निष्पक्ष, सक्षम र स्वतन्त्र न्याधिकरणबाट मात्र हुनु पर्दछ । जसमा निश्चित योग्यता, अधिकार क्षेत्र, कार्यकाल र कार्यगत स्वतन्त्रता हुन्छ । सैनिक अदालतमा न्यायाधिशको रुपमा कार्य गर्ने व्यक्तिहरुको पेशागत तालिम र सक्षमताको बारे वास्तविक चासो (प्रश्न) रहेको छ । | जहा पहिलो उजुरी सुन्ने पुर्पक्ष गर्ने र पुनरावेदन सुन्ने अधिकारी वा निकाय उल्लेख गरिएको छ । त्यसको न्यायिक प्रकृया स्पष्ट कार्यविधिबाट हुने र न्ययाधिशको रुपमा कार्य गर्ने व्यक्तिहरुको योग्यता, अधिकार, काम र दायित्व, कार्य अवधि र कार्यगत स्वतन्त्रता तोकी यस प्रावधानको संशोधन गरिनु पर्दछ । |
| | | ९८ | **जनरल सैनिक अदालत बोलाउने अधिकार :**<br>श्री ५ बाट अन्यथा निर्देश भएमा बाहेक प्रधान सेनापतिले वा प्रधान सेनापतिले यस कामको निमित्त अधिकारपत्र दिएको कुनै अधिकृतले जनरल सैनिक अदालत बोलाउन सक्नेछ । | | | |
| | | ९९ | **डिस्ट्रिक्ट सैनिक अदालत बोलाउने अधिकार :**<br>जनरल सैनिक अदालत बोलाउने अधिकार पाएका अधिकृतले वा कुनै यस्ता अधिकृतले यस कामको निमित्त अधिकार पत्र दिएको कुनै अधिकृतले डिस्ट्रिक्ट सैनिक अदालत बोलाउन सक्नेछ । | | | |
| | | १०१ | **समरी जनरल सैनिक अदालत बोलाउने अधिकार**<br>श्री ५ बाट अन्यथा निर्देश भएमा बाहेक समरी जनरल सैनिक अदालत बोलाउने अधिकार देहायका अधिकारीहरूलाई हुनेछ :-<br>(क) प्रधान सेनापतिले यस कामको निमित्त अधिकारपत्र दिएको अधिकृतले,<br>(ख) जङ्गी कारबाईमा लागेको शाही नेपलाी सेनाको कमाडिङ अधिकृतले वा यस कामको निमित्त निजले अधिकारपत्र दिएको अधिकृतले,<br>(ग) सेनाको अनुशासन र आवश्यकताको उचित विचार गरी कुनै कसुरको पुर्पक्ष जनरल सैनिक अदालतद्वारा गर्न व्यावहारिक हुँदैन भन्ने ठहराउने शाही नेपाली सेनाको जङ्गी कारबाईमा लागेको कुनै हिस्सालाई कमान्ड गर्ने अधिकृतले । | | | |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | १०२ | **जनरल सैनिक अदालतको गठन :**<br>जनरल सैनिक अदालतमा कमसेकम पाँच जना अधिकृत रहनेछन र त्यस्ता अधिकृतहरूले कमसेकम तीन वर्ष आयुक्त पद पाएको हुनुपर्छ र त्यसमध्ये कमसेकम चार जना सहसेनानी दर्जा भन्दा तल्लो दर्जाका हुनेछैन । | | | |
| | | १०३ | **डिस्ट्रिक्ट सैनिक अदालतको गठन :**<br>डिस्ट्रिक सैनिक अदालतमा कमसेकम तीन जना अधिकृत रहनेछन् र तिनीहरूमध्ये प्रत्येकले कमसेकम दुई वर्ष आयुक्त पद पाएको हुनुपर्दछ । | | | |
| | | १३२ | **अभियुक्तको विक्षिप्तता :**<br>(१) सैनिक अदालतबाट मुद्दा पुर्पक्ष हुँदा विक्षिप्त भएबाट अभियुक्त प्रतिवाद गर्न असमर्थ छ वा निजमाथि आरोप लगाइएको काम निज विक्षिप्त भएबाट सो कामको प्रकृति र सो काम अनुचित वा कानुनविरुद्ध छ भन्ने जान्न नसक्ने भै गरेको छ भन्ने देखिन आएमा अदालतले सो कुराको पर्चा खडा गर्नेछ ।<br>(२) सैनिक अदालतको अध्यक्षले वा समरी सैनिक अदालतको हकमा पुर्पक्ष गर्ने अधिकृतले तुरुन्त उक्त मुद्दा सदर गर्ने अधिकारी छेउ वा दफा १४८ अन्तर्गत अदालतको ठहरउपर कारबाई गर्ने अधिकार पाएको अधिकारीछेउ पेस गर्नेछ ।<br>(३) उपदफा (२) अन्तर्गत प्रतिवेदन प्राप्त हुन आएको मुद्दामा सर गर्ने अधिकारीले भै आएको ठहरलाई सदर नगरेमा आरोपित कसुरमा अभियुक्तको मुद्दा पुर्पक्ष सोही वा अरू सैनिक अदालतबाट गराउनको लागि आवश्यक कारबाई गर्न सक्नेछ ।<br>(४) उपदफा (२) अन्तर्गत पेस भएको समरी सैनिक अदालतको ठहर सदर गरेमा सो सदर गर्ने अधिकारीले र त्यस्तो प्रतिवेदन गरिएको | पि.पि.पि.एम. आई. आई. एम.एच.सि. १(६),(७),७, ९<br>आई सी सी पिआर १४ | विरामीले उपचार र हेरचाह पाउने अधिकार छ जुन सम्भव भएसम्म ऊ बस्ने समुदायमा हुनुपर्दछ । उद्धृत प्रावधानले विरामी व्यक्तिको अवस्था अनुसार निजको चासोको सुरक्षा गर्न प्रतिनिधित्वको अधिकार र अन्य उपयुक्त उपायहरु गर्न पाउनु पर्ने कुरालाई स्वीकारदैन ।<br>कुनै पनि व्यक्ति सामाजिक रुपमा विछिप्त र मानसिक रुपमा विरामी छ भने त्यस्तो व्यक्तिलाई फौजदारी दायित्व बहन गराइदैन र जेलमा राखिदैन भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त हो । मानसिक रुपमा विरामी मान्छेको मानसिक संस्थाले राम्रोसंग उपचार गर्नुपर्दछ तर यस प्रावधानले अन्य व्यवस्था गरेको छ । | सर्वमान्य रुपमा स्वीकारिएका न्यायका सिद्धान्त र अन्तराष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजहरुले मानसिक रोगीले पाउने छुट र यथोचित हेरचाह र विरामीहरुको उपचार सम्बन्धी गरेको व्यवस्थाहरुसंग मेल खाने गरी आवश्यक संशोधन गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | १३३ | **विक्षिप्त भएको अभियुक्त पछि ठीक भएमा :** विक्षिप्त भएबाट प्रतिवाद गर्न नसक्ने भई दफा १३२ अन्तर्गत हिरासतमा रहेमा सो अभियुक्त रहेको क्षेत्रको सेना, सेना चमु, पृतना वा बाहिनीपतिले वा निजको सट्टा अरू कुनै तोकिएको अधिकृतले देहायको आधारमा सुरुमा अभियोग लगाइएको कसुर सोही वा अरू सैनिक अदालतबाट वा सैनिक ऐनअन्तर्गत बाहेकका अरू कसूहरू भए फौजदारी अदालतबाट पुर्पक्ष गराउन आवश्यक आदेश दिनेछ :-<br>(क) सो व्यक्ति दफा १३२ को उपदफा (४) अन्तर्गत हिरासतमा रहेमा निज आफूलाई लागेका अभियोगको प्रतिवाद गर्न समर्थ भएको छ भन्ने चिकित्सकको प्रतिवेदनको आधारमा, वा<br>(ख) दफा १३२ को उपदफा (५) अन्तर्गत पागलखाना, कारागारमा राखिएकोमा कारागारका मुख्य अधिकृतले दिएको प्रमाणपत्रको आधारमा र सोही उपदफाअन्तर्गत पागलखानामा राखिएकोमा सो पागलखानाको इन्चार्जवाला व्यक्तिले अभियुक्त प्रतिवाद गर्न सक्छ भनी दिएको प्रमाणपत्रको आधारमा । | | | |
| | | १५६ | **विशेष अवस्थामा कैदको सजायको तामेली :** सेना, सेना चमु, पृतना वा बाहिनी कमान्ड गर्ने अधिकृतको विचारमा कैदको कुनै सजाय वा त्यसको केही हिस्सा विशेष कारणले गर्दा दफा १५४ अन्तर्गत सैनिक कारागार वा हिरासतमा राखी सुविस्तासँग तामेल गर्न सकिँदैन भन्ने लागेमा जुनसुकै बखत त्यस्तो सजाय वा त्यस्तो हिस्सा कुनै सिभिल कारागार वा अरू उपयुक्त ठाउँमा थुनी भुक्तान गराउन निज पतिले आदेश दिन सक्नेछ । | आईसीसीपिआर १०, एस.एम.आर.टि.पि. १०, ५८, ५९, ७९ | उद्धृत प्रावधानले कारागारको रुपमा प्रयोग गर्नुपर्ने कोठा र स्थानहरु न्यूनतम मापदण्ड भित्रको उपलब्ध गराउँदैन । यस व्यवस्थाले कैदीहरुको सामाजिक सम्बन्ध र उत्तर-हेरचाह सम्बन्धी व्यवस्था गरेको छैन । कारावास पुन:स्थापना गराउने र पूर्ण रुपमा अपराधीलाई समाजमा पुर्नसमायोजन गर्ने खालको हुनुपर्दछ । | कैद दण्ड पछि कैदीको सामाजिकिकरण गर्नको निमित्त निश्चित मापदण्ड अनुसार उपयुक्त कारागार व्यवस्थापन र विकल्पको प्रयोग राम्रोसंग गर्नु पर्दछ भन्ने सुनिश्चित गरी संशोधन गर्ने । |
| | | १५७ | **कैदीलाई एक ठाउँबाट अर्को ठाउँमा लैजानु :** कैदको सजाय पाएका व्यक्तिलाई एक ठाउँबाट अर्को ठाउँमा लैजादा उम्की, भागी जान वा अरू केही कुरा गर्न नपाउने गरी व्यवस्था गर्नको लागि मुनासिब प्रतिबन्ध लगाउन सकिनेछ । | आईसीसीपिआर १० एस.एम.आर.टि.पि. ४४, ४५ | उद्धृत प्रावधानले सामाजिक रुपमा कलंकीत गर्ने भय र कैदीहरुको परिवारलाई समाचार पठाउन पाउने अधिकार, जेल सार्ने बेलामा अनावश्यक रुपमा भोग्नु पर्ने कठिनाई विरुद्धको अधिकारलाई वास्ता गर्दैन । | कैदीहरुले परिवारलाई सूचना पठाउन पाउने र जेल सार्दा भोग्नु पर्ने कठिनाईको रोकथामको अधिकारको सुनिश्चिता गरी उद्धृत प्रावधान संशोधन गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | १५९ | **सैनिक कारागारहरू खडा गर्ने र त्यसको प्रबन्ध मिलाउने :**<br>श्री ५ को सरकारले आफ्नो अधीनमा रहेका कुनै घर, घरको केही भाग वा कुनै ठाउँ यो ऐनअन्तर्गत कैदको सजाय पाएका व्यक्तिहरूलाई थुन्नको निमित्त सैनिक कारागार भनी छुट्याई राख्न सक्नेछ। | एस.एम.आर. टि.पि. ५७,६०.१, ६१ डि.पि.पि.इ.डि १० | कैदखाना त्यस्तो ठाउँमा हुनुपर्दछ जुन ठाउँ सरकारी स्तरमा स्वीकारीएको, कानून बमोजिम भएको र न्यायलयको निग्रानीमा रहन्छ। कैदखाना राष्ट्रिय र अन्तराष्ट्रिय कानूनले तोकेको मापदण्ड अनुसारैं सम्पूर्ण आवश्यक सुविधाहरु भएको हुनुपर्दछ। | कारागारमा स्वीकारीएका मापदण्डहरु अनुसार आवश्यक ठाउँ प्रकाश, स्वच्छता, हावादारी र अन्य आधारभुत संरचनागत आवश्यकताहरु हुनेछन भन्ने निश्चिता प्रदान गरी संशोधन गर्नु पर्दछ। |
| ८२ | **सङ्क्रामक रोग ऐन २०२०** | ३ | **सजाय :**<br>(१) यो ऐन वा यस ऐनअन्तर्गत दिइएको आदेशलाई अपहेलना गर्ने व्यक्तिउपर एक महिनासम्म कैद वा रु १००।- सम्म जरिवाना वा दुवै सजाय हुनेछ।<br>(२) यो ऐनअन्तर्गत अधिकृत व्यक्तिहरूलाई काममा बाधा पुऱ्याउनेलाई छ महिनासम्म कैद वा रु ६००।- सम्म जरिवाना वा दवै सजाय हुनेछ। | आइसिसिपिआर -१४, संविधान ८४,८५,८६ | व्यक्तिको अधिकार र कर्तव्य कानुनद्वारा स्थापित अदालतबाट निर्धारण गरिनु पर्दछ। जवकी यस प्रावधानले पुर्पक्ष गर्ने अधिकार कार्यपालिकाको प्रशासनिक अंगलाई प्रदान गर्दछ। | कानुनद्वारा पुर्पक्ष गर्ने निकाय सक्षम स्वतन्त्र र निष्पक्ष हुने गरी स्थापना गर्ने सुनिश्चित गरिनुपर्दछ र सामान्य रुपमा फौजदारी मुद्दाहरु साधारण अदालतले हेर्न पाउने अधिकार सम्पन्न बनाउने अथवा उद्धृत प्रावधान हटाउने। |
| | | ४ | **कारबाई र किनारा गर्ने अधिकार :**<br>यस ऐनअन्तर्गत भएगरेको कसुरमा कारबाई र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ। | | | |
| | | ५ | **असल नियतले गरेकोमा बचाउ :**<br>यो ऐनअन्तर्गत व्यक्तिले कुनै आफ्नो कर्तव्य पालन गर्दा असल नियतले कुनै काम कारबाई गरेकोमा निजको विरुद्ध नालिस वा अरू कुनै कानुनी कारबाई गर्न सकिनेछैन। | एन.सि. २, ११, १४.१ र ८४ आईसीसी पिआर २,१४ | आपराधिक मनसायलाई अदालतले सजाय निर्धारण गर्ने क्रममा विचार गर्दछ र अपराधिक कार्यलाई पनि गरिएको कार्य क्रिया, अकर्म वा ओहदा वारदात के हो भनि छुट्याउन मुद्दा सुनुवाइको सिलसिलामा मुद्दाको गम्भिर्यता हेरी विचार गर्नु पर्दछ। यो फौजदारी न्यायको सामान्य सिद्धान्त हो। जुन उल्लेखित दस्तावेजहरुले पूर्ण रुपमा स्वीकारेका छन। उद्धृत प्रावधानले व्यक्तिको नियत(अवस्था) असल वा खराव के थियो भन्ने जाँच नगरी असल मनसाय रहेको विश्वासको भरमा आरोपित र अभियोजित गर्ने छुट दिन्छ। | उद्धृत प्रावधान हटाउने। |
| ८३ | **श्रम ऐन २०४८** | ७२ | **श्रमअदालतको गठनः**<br>(१) यस ऐनको प्रयोजनको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी श्रमअदालत गठन गर्नेछ र त्यस्तो अदालतको अधिकार क्षेत्र र मुकाम सोही सूचनामा तोकिएबमोजिम हुनेछ।<br>(२) उपदफा (१)बमोजिम गठित श्रमअदालतको कार्यविधि तोकिएबमोजिम हुनेछ। | आईसीसी पिआर १४ | उद्धृत प्राव्धान यस मानेमा असंगत छ की श्री ५ को सरकारले अदालत स्थापना गर्न सक्ने व्यवस्था गरेको छ जवकी अदालत कानूनद्वारा स्थापित हुनु पर्छ। | अन्तराष्ट्रिय दस्तावेज र सिद्धान्तहरुसंग मेल खाने गरी यस प्रावधनको भाषा संशोधन गर्नुपर्छ। |

| क्र स | ऐनको नाम र साल | दफा | | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|---|
| ८४ | **हातहतियार खरखजाना ऐन २०१९** | ६ | १ | **शंका लागेमा हातहतियार, खारखजाना, ल्याउने लैजाने व्यक्तिहरुको खानतलासी लिई पक्राउ गर्ने** :<br>लाइसेन्स बेगर वा लाइसेन्स भए तापनि कुनै गैरकानूनी काम गर्ने हेतुले कुनै व्यक्तिले हातहतियार वा खरखजाना नेपाल अधिराज्यबाट विदेशमा वा विदेशबाट नेपाल अधिराज्य भित्र वा नेपाल अधिराज्यको एक जिललाबाट अर्को जिल्लामा वसार पसार गरेको शंका लागेमा सहायक निरीक्षक दर्जा वा सो भन्दा माथिल्लो दर्जाका प्रहरी अधिकृतले त्यस्तो व्यक्तिको जीउ र त्यस्तो वस्तु भएको शंका लागेको गाडी, पोका, भारी, बोक्ने जवानहरु र वसार पसार गर्दाको बाकसहरुलाई रोकी खानतलासी गर्न र त्यस्तो वस्तु फेला परेमा निजलाई विना वारेन्ट गिरफ्तार ग र्न र त्यस्तो हातहतियार वा खरखजाना कब्जा समेत गर्न सक्नेछ । | आइसीसी पीआर १४, | उद्धृत प्रावधानले स्वच्छ पूर्पक्ष पूर्वको अधिकारलाई इन्कार गर्दछ । तत्काल सूचित हुन पाउने अधिकार र आफू विरुद्द लगाइएको आरोपको कारण र प्रकृति उसले बुझ्ने भाषामा विस्तृत रुपमा दिनु पर्छ । यस्ता व्यक्तिहरुलाई प्रतिरक्षा गर्नको लागि उचित समय दिइनु पर्दछ । | पक्राउ पर्ने व्यक्ति र उसको परिवारलाई पक्रउको कारण खोलि सुचना र कानुनी सल्लाहको व्यवस्था गरिनु पर्दछ । यस्तो अधिकार पक्राउ परेको यथासिघ्र र २४ घण्टा भित्रै दिइने व्यवस्था समावेश गरी संशोधन गर्नु पर्ने । साथै पक्राउ पर्ने व्यक्तिको वस्तु स्थिति र अभियोग सावित भएमा उसलाई हुन सक्ने सामान्य सजाँयको बारेमा पनि जानकारी दिने व्यवस्थाको सूनिश्चितता गरिनु पर्दछ । |
| | | | २ | यस दफा अन्तर्गत गिरफ्तार गरिएको व्यक्ति र बरामद भएको हातहतियार वा खरखजानालाई बाटोको म्याद बाहेक २४ घण्टा भित्र प्रमुख जिल्ला अधिकारी छेउ कुभाई दिनुपर्छ । | आइसीसी पीआर १४, | जहा कैदको सजाय जोडिएको छ त्यस्तो मुद्धा साधारण अदालतमा चलाईनु पर्छ जसको सामान्य फौजदारी मुद्धाहरुमाथी क्षेत्राधिकार रहेको हुन्छ । प्रशासनिक वा अर्ध न्यायिक निकायले फौजदारी मुद्धाहरु हेर्नु हुन्न । | संशोधनद्वारा “प्रमुख जिल्ला अधिकारी” भन्ने वाक्यांश “जिल्ला अदालत” वाक्यांशद्वारा पुर्नस्थापित गर्ने । |
| | | १६ | | **हातहतियार, खरखजाना पदार्थ जफत गर्ने अधिकार**: कुनै व्यक्तिले यस ऐन अन्तर्गत सजाय हुने कसूर गरेको सावित भएमा सो कसूर सावित गर्ने प्रमुख जिल्ला अधिकारीले निजसंग भएको कसूरसंग सम्बन्धित सबै वा हुनै हातहतियार वा त्यसको खरखजाना वा त्यसको सम्बन्धमा प्रयोग भएको सवारी, जन्तु, बाकस वा थैलो जफत गरी श्री ५ को सरकार लाग्ने गर्न सक्नेछ । | आइसीसी पीआर १४, | कुनै पनि फैसला कानुनद्वारा स्थापित स्वच्छ र निष्पक्ष न्यायाधिकरणबाट हुनुपर्छ । प्रशासनिक अधिकारीबाट होइन । | संशोधनद्वारा “प्रमुख जिल्ला अधिकारी” भन्ने वाक्यांश “जिल्ला अदालत” वाक्यांशद्वारा पुर्नस्थापित गर्ने । |

| क्र स | ऐनको नाम र साल | दफा | व्यवस्था | अध्यालेख वा संविधानको धारा | असङ्गतिको आधार | सुधारका लागि सुझाउ |
|---|---|---|---|---|---|---|
| | | २३ | १ **अरु दण्ड सजायः** दफा १८ बमोजिम कसूर गरेको कामकुरा थाहा पाई प्रमुख जिल्ला अधिकारी वा प्रहरी कार्यालयलाई सूचना नदिने प्रत्येक व्यक्तिलाई एक महीनासम्म कैद वा दुईसय पचास रुपैयासम्म जरिवाना वा दुबै सजाय हुनेछ। | आइसीसी पीआर १४, | सजायनिर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट मात्र हुनुपर्छ प्रशासनिक निकाय वा अधिकारीबाट हुनु हुँदैन । | संशोधनद्वारा “प्रमुख जिल्ला अधिकारी” भन्ने वाक्यांश “जिल्ला अदालत” वाक्यांशद्वारा पुर्नस्थापित गर्ने । |
| | | | (२)(क) दफा १५ अन्तर्गत तोकिएको अधिकारी छेउ हातहतियारको लगत दाखिल गर्न वा ती वस्तु देखाउन निर्देश गरिएको कुनै व्यक्तिले सो बमोजिम लगत दाखिल नगरेमा वा नदेखाएमा निजलाई एक महीनासम्म कैद वा दुईसय पचास रुपैयासम्म जरिवाना वा दुबै सजाय हुनेछ। | ऐ.ऐ. | ऐ.ऐ. | संशोधनद्वारा “प्रमुख जिल्ला अधिकारी” भन्ने वाक्यांश “जिल्ला अदालत” वाक्यांशद्वारा पुर्नस्थापित गर्ने । |
| | | | (२)(ख) दफा १५ अन्तर्गत तोकिएको अधिकारी छेउ खरखजानाको लगत दाखित गर्न वा ती वस्तु देखाउने निर्देश गरिएको कुनै व्यक्तिले सो बमोजिम दाखिल नगरेमा वा नदेखाएमा निजलाई २० दिनसम्म कैद वा एकसय पचहत्तर रुपैयासम्म जरिवाना हुनेछ। | आइसीसी पीआर १४, | उद्धत प्रावधानले तहकिकातमा रहेको समयमा सामान्य प्रयोग गरिने भन्दा कम कैद सजाय तोकेको छ। त्यसकारण यस्ता व्यक्तिलाई कैदमा राखेर अनुसन्धान गर्नु पर्दैन। तर यस सम्बन्धमा कानून मौन रहेको छ। | त्यस्ता व्यक्तिलाई कैदमा नराखी अनुसन्धान गर्ने सुनिश्चित गरी उद्धत प्रावधानको संशोधन गर्ने । |
| | | | ३ कसैले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै कुरा उल्लघंन गरे वापत दण्ड तोकिएकोमा भए सोही बमोजिम र नतोकिएकोमा निजलाई एक महिना सम्म कैद वा रु ५०।- पचाससम्म जरिवाना वा दुबै सजाय हुनेछ। | आइसीसी पीआर १४, | उद्धत प्रावधानले कुनै कार्य वा अकार्यलाई यस ऐन अन्तर्गत बनेका ऐन अथवा नियमहरुको विरुद्ध भनी घोषण गर्ने सरकारलाई अवसर प्रदान गर्दछ । जवकी अपराध कानूनद्वारा अभिव्यक्त गरिनु पर्दछ। | प्रावधानहरुको उल्लंघन हुन सक्ने सम्भावित कार्यहरुको किटान गरी उद्धत प्रावधानको संशोधन गर्ने। |
| | | २४ | १ **मुद्दा हुर्ने अधिकार क्षेत्र :** यो ऐन अन्तर्गत सजाय हुने अपराध सम्बन्धी मुद्दा मामिला हेरी शुरु कारवाई र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।<br>२ उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले दिएको अन्तिम आदेश वा फैसला उपर प्रचलित कानून बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ। | आइसीसी पीआर १४, | सजायनिर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट मात्र हुनुपर्छ प्रशासनिक निकाय वा अधिकारीबाट हुनु हुँदैन। सजायनिर्धारण कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट मात्र हुनुपर्छ प्रशासनिक निकाय वा अधिकारीबाट हुनु हुँदैन । | संशोधनद्वारा “प्रमुख जिल्ला अधिकारी” भन्ने वाक्यांश “जिल्ला अदालत” वाक्यांशद्वारा पुर्नस्थापित गर्ने। संशोधनद्वारा “प्रमुख जिल्ला अधिकारी” भन्ने वाक्यांश “जिल्ला अदालत” वाक्यांशद्वारा पुर्नस्थापित गर्ने । |

# ८ निष्कर्ष टिप्पणी

उपशीर्षक २.३ का आधारमा सम्पन्न अगिल्लो शीर्षकमा प्रस्तुत विश्लेषणले नेपालमा अझै पनि स्वच्छ पुर्पक्षका मान्यतालाई स्तरीकरण गर्ने र तिनलाई लागू गर्ने कुरामा कानुनमा स्पष्टता नरहेको तथ्य प्रतिविम्बित गर्दछ । यसले न्यायव्यवस्थाको सुधारका लागि मुलुकको मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दायित्वका आधारमा स्वच्छ पुर्पक्षका आन्तरिक स्तरलाई  अन्तर्राष्ट्रिय स्तरका हाराहारीमा लान व्यापक अभ्यास गर्नुपर्ने खाँचो दर्साउँछ ।

राष्ट्रिय कानुनहरू अन्तर्राष्ट्रिय मापदण्डहरू र संविधानसँग असम्बद्ध रहेको अवस्था र प्रतिकुल रहेको अवस्था स्वच्छ पुर्पक्षलाई दूषित बनाउने एक गम्भीर कारक तत्त्वको रूपमा छ । यस प्रतिबेदनमा उद्धत स्वच्छ पुर्पक्षको न्यूनतम अन्तराष्ट्रिय मापदण्डहरूको आलोकमा अधिक मात्रामा राष्ट्रिय कानुनहरूको पुनरावलोकन गरिएको छ । माथिको विस्तृत विवरणमा (देखाएअनुसार प्रमुख निष्कर्ष यस प्रकार छन् ।

कैद सजायको अवधि र जरिबानाबीच व्यापक असङ्गति छ । यस प्रकारको बेमेल वा असङ्गतिलाई स्वीकार गर्नुपर्ने युक्तिसङ्गत आधार छैन । केही ऐनहरूले अधिक अवधिको कैदसजाय र न्यून जरिबानाको प्रावधान राखेका छन् भने अनेकौं ऐनमा चाहिँ कैदको अवधि अत्यन्त न्यून र जरिबानाको मात्रा अत्यन्त धेरै छ । यस प्रकारका असङ्गति र तिनको कारणबारे गहन अध्ययन हुन आवश्यक देखिन्छ । यस अध्ययनबाट यसबारेमा निम्न प्रवृत्ति देखा परेका छन्:

- नेपालमा कानुननिर्माणप्रक्रिया उचित नीति र पद्धतिद्वारा निर्देशित छैन । विधेयकका मसौदाहरू विज्ञहरूको समूहबाट तयार गरिँदैनन् । विधायनप्रक्रिया विषयको दार्शनिक वा सैद्धान्तिक पक्षको अनुसन्धान र विकल्पहरूको विस्तृत अध्ययनविनै अगाडि बढाइन्छन् । नेपालमा सजायनिर्धारण नीतिको पूर्णतः अभाव भएकाले दण्डसजाय औचित्य र वस्तुपरकतामा आधारित छैन । कैदसजायको अवधि र जरिबानाको मात्रा सामान्यतया अधिकारीहरूबाट जथाभाबी निर्धारण गरिन्छन् ।
- नेपालमा जरिबानालाई राजश्व बढाउने महत्त्वपूर्ण स्रोतका रूपमा लिने परिपाटी छ । जरिबानाबाट उठेको रकम पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने उद्देश्यले प्रयोग हुँदैन खालि राज्यको राजश्वका रूपमा लागू गरिएको हुन्छ ।
- नेपालमा कानुननिर्माणप्रक्रिया पूर्णरूपेण विभागीयकरण भएको छ । स्वतन्त्र रूपमा विधेयकको अनुसन्धान र विकासमा लागिपर्ने निकाय छैन । विधेयकहरू एकल मन्त्रालयद्वारा तयार गरिन्छन् र विधायनको मुख्य लक्ष्य नियमन नरहेर कसैलाई नियन्त्रण गर्न ठानिने गरेको छ  । अतः दण्डसजायलाई व्यवस्थापनको महत्त्वपूर्ण उपकरणका रूपमा लिने गरिएको छ । जरिबानालाई कैदसजायको विकल्पमा नभएर परिपूरक र सघनीकरण गर्ने सहायक तत्त्वका रूपमा लिने गरिएको छ ।
- दण्डसजायका प्रकारबीचको असङ्गतिले सजायनिर्धारणप्रक्रियामा एकरूपताको अभावको अवस्था सिर्जना गरेको छ ।

## फौजदारी न्यायप्रणालीको विभागीयकरणः

फौजदारी न्यायप्रणालीको विभागीयकरण नेपालमा न्यायप्रणालीको गम्भीर अवरोधको रूपमा रहेको छ । विभिन्न ऐनहरूले अपराधको अनुसन्धान, अभियोजन र पुर्पक्षको अधिकार प्रयोग गर्न प्रशासनिक अधिकारीहरूलाई अख्तियारी प्रदान गरेका छन् ।। जसले फौजदरी अपराधहरूको अनुसँन्धान, भियोजन र न्याय निरोपणको अधिकारहरू प्रयोग गरिरहेका छन । यी ऐनहरूले निम्न लक्षण झल्काउँछन :

- केही ऐनहरूले अनुसन्धान, अभियोजन र पुर्पक्ष गर्ने अधिकार एकल प्रशासनिक कार्यालयलाई प्रदान गरेका छन् । यस्तो अवस्थामा स्वच्छ पुर्पक्षको सम्भावना क्षीण हुन्छ ।
- केही ऐनहरूले अभियोजनको अधिकार सरकारी वकिललाई दिए पनि अनुसन्धान र पुर्पक्षको अधिकार प्रशासनिक प्राधिकारीलाई प्रदान गरेका छन् ।
- केही ऐनले पुर्पक्ष गर्ने अधिकार प्रशासनिक अधिकारीलाई दिएका छन् ।
- अझ, केही ऐनहरूले त दण्डसजायको व्यवस्था नै कार्यपालिकीय अङ्गबाटै नियम बनाएर निर्धारण गरिने प्रावधान राखेका छन् ।

- धेरै ऐनकानुनहरूले नियमले अनुसन्धानकर्ता, अभियोजनकर्ता र पुर्पक्षकर्ता संस्थाहरू तोक्न सक्ने गरी कार्यपालिकालाई नै तजबिजी अधिकार प्रदान गरेका छन् ।

यस्ता व्यवस्थाले नेपालमा फौजदारी न्यायसम्बन्धी मामिलाको अवस्था अस्तबयस्त रहेको सूचित गर्दछन् । प्रणालीले कुनै ठोस नीतिगत व्यवस्था मिलाएको छैन । यो अवरोधले फौजदारी न्यायप्रणालीको थप विभागीयकरण जोखिम सङ्केत गर्दछ ।

## संविधानको प्रतिकूल न्यायाधिकरण वा विशेष अदालतहरूको विद्यमानता :

नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनाले पर्याप्त र सक्षम न्यायप्रणालीको व्यवस्था गरेको छ । संविधानको धारा ८४ ले संवैधानिक प्रावधान, ऐनकानुनहरू र न्यायका मान्य सिद्धान्तअनुसारको न्याय कबोल गरेको छ । धारा ८५ ले नेपाल अधिराज्यको न्यायिक प्रक्रियाको सञ्चालन वा नियमन सर्वोच्च अदालतको सुपरिवेक्षकीय निगरानीमा रहने गरी हुने प्रावधान किटान गरेको छ ।

सैनिक अदालतबाहेक न्यायसम्पादनमा सामेल अन्य सम्पूर्ण निकाय वा संस्थाहरू सर्वोच्च अदालतको सुपरिवेक्षकीय क्षेत्राधिकारभित्र पर्दछन् । तर पनि, कतिपय न्यायाधिकरणहरू र आयोगहरू सर्वोच्च अदालतको सुपरिवेक्षकीय क्षेत्राधिकारभन्दा बाहिर रहेर अपराधको पुर्पक्ष गर्न अधिकारसम्पन्न बनाइएका छन् । उदाहरणको लागि प्रहरी विशेष अदालतमा यसको फैसला नै अन्तिम फैसला हुने व्यवस्था छ । यस प्रकार केही ऐन कानुनहरूले संविधानको प्रस्तावना र धारा ८४ र ८५ को प्रतिकुल हुने गरी विशेष न्यायाधिकरण अथवा अदालतहरूको स्थापना र प्रचलनको व्यवस्था गरेका छन् र तिनमा स्वतन्त्र न्यायालयको सुपरिवेक्षण र निगरानी छैन् ।

## स्वतन्त्र अदालतको क्षेत्राधिकार छल्ने प्रवृत्ति

संविधानअन्तर्गत न्यायालय एउटा स्वतन्त्र अस्तित्व र वास्तबमा न्यायसम्पादनको मामिलामा सर्वोच्च निकाय हो । अतः राष्ट्रको न्यायिक कामको व्यवस्थापन, सुपरिवेक्षण र पर्यवेक्षण स्वतन्त्र न्यायालयबाट हुन्छ । संवैधानिक रूपमा नै राज्य स्वतन्त्र न्यायालयको सम्मान गर्न बाध्य छ तर विभिन्न ऐनले भने स्वतन्त्र न्यायपालिकाबाट मात्र न्यायिक कार्य सम्पन्न गर्ने-गराउने कुरामा आनाकानी गर्ने गरेका छन् । कार्यपालिकाअन्तर्गतका प्रशासनिक निकायबाट न्यायिक कार्य सम्पन्न गराउने कानुनी प्रावधानले स्वतन्त्र अदालतको क्षेत्राधिकार छल्ने संयन्त्रका रूपमा काम गरेका छन् । प्रशासनिक निकायहरूका निम्न आचरणहरूले स्वच्छ पुर्पक्षको सम्भावनालाई स्पष्टतः बहिष्कार गर्दछन् :

कानुनको उचित प्रक्रियाका साथ पुर्पक्ष गर्न प्रशासनिक पदाधिकारीहरूको कानुनी पृष्ठभूमि छैन । उनीहरूका लागि न्यायिक पुर्पक्ष भनेको शङ्कित व्यक्तिलाई अभियुक्त कायम गर्ने घटना सिवाय अन्यथा हुँदैन । उनीहरूका स्वच्छ पुर्पक्षका अधिकारहरू र संवैधानिक कार्यविधिगत प्रत्याभूतिहरूलाई जानाजान र नियोजित रूपमै अवज्ञा गर्दछन् ।

प्रशासनिक पदाधिकारीहरू भनेका कार्यपालिकाका कर्मचारी हुन् जो पूर्ण रूपमा आफ्ना विभागहरूप्रति वफादार रहन्छन् अतः निष्पक्ष पुर्पक्ष सम्भव प्रायः हुँदैन ।

यी पदाधिकारीहरूको एउटा उद्देश्य भनेको राज्यको ढुकुटीका लागि राजश्व आर्जन गर्नु हो । जरिवानालाई राजश्वको एउटा स्रोतको रूपमा लिइन्छ । अतः शङ्कित व्यक्तिको अभियोग प्रमाणित हुनु सामान्य कुरा हो ।

कानुनका यस्ता कमजोरीहरूले गर्दा फौजदारी न्यायप्रणाली पूर्णतः काल्पनिक कुरा भएको छ । अतः नेपालमा प्रचलित फौजदारी न्यायप्रणालीअन्तर्गत व्यक्तिगत स्वतन्त्रता स्पष्टतः खतरामा रहेको छ । जारी कानुनमध्ये धेरै ऐन पञ्चायत कालमा लागू गरिएका हुनाले पनि तिनमा स्वच्छ र निष्पक्ष पुर्पक्षको सैद्धान्तिक धरातलको अभाव छ ।

लोकप्रियताका साथ निर्वाचित विधायिका पनि नयाँ संविधान र अन्तराष्ट्रिय मानवअधिकारसम्बन्धी अध्यालेखहरूको आलोकमा कानुनहरूको युक्तिसङ्गतता जाँच गर्न नराम्रोसँग असफल भयो । स्वच्छ पुर्पक्षको मर्मविपरीतका कानुनको कार्यान्वयनले संविधानले प्रत्याभूत गरेका उचित न्यायप्रक्रियाका संरक्षणलाई छायामा पारेको छ ।

उल्लिखित दिशामा फौजदारी न्यायप्रणालीको मूलप्रवाहीकरण गर्नका लागि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले साझा अवधारणासाथ कार्य गर्नुपर्ने देखिन्छ । यसका लागि फौजदारी न्यायमा स्वच्छ पुर्पक्षको मान्य स्तर कायम गर्न कार्यान्वयनमा ल्याउन मूलभूत नीतिनियमको तर्जुमा हुन आवश्यक छ । यस किसिमका मूलभूत नियम सबै परिस्थितिमा लागू हुने अनिवार्य व्यवस्थाका रूपमा स्थापित गरिनुपर्छ । विशेष, सैनिक वा अन्य जुनसुकै न्यायाधिकरण वा निकायको क्षेत्राधिकार भनेर यस्ता मूलभूत नियम लागू नहुने भनी अपवाद राख्न नसकिने गरी किटान गरिनुपर्छ । स्वच्छ पुर्पक्षका परिसूचकहरू सुस्पष्ट हुनुपर्छ र तिनलाई मौलिक हकको मर्यादामा राखी अपराध तथा दण्डसंहितामा समेटिनुपर्छ ।

अधिकांश कानुनले पुनरावेदन सुन्ने सक्षम न्यायिक निकायबारे स्पष्ट प्रावधान राख्न सकेका छैनन् । पुनरावेदनको अधिकारलाई स्वच्छ पुर्पक्षको अभिन्न भागका रूपमा किटान गरी साधारण अदालतबाट मात्र पुनरावेदनको सुनवाइ हुने कुरा निश्चित पार्न आवश्यक छ ।

यसै गरी गैरकाननी पक्राउ र थुनछेकको सिकार भएका र न्यायअपयोजनका पीडितलाई क्षतिपूर्ति दिनेबारेमा नेपाल कानुनमा कुनै प्रावधान राखिएको छैन । यसर्थ यसलाई सम्बोधन गर्ने गरी विशेष कानुनी प्रावधान मिलाउँदै पीडितलाई न्याय दिने वातावरण बनाउन जरुरी छ ।

शीर्षक ३ मा विश्लेषण गरिएअनुसार कानुनको सुधार तथा संशोधनका लागि तत्काल पहल गर्न अत्यावश्यक छ ।

जनताको स्वच्छ पुर्पक्षको अधिकारलाई पूर्ण हदमा प्रचलन गर्ने कुरालाई सुनिश्चित पार्न आवश्यक पर्ने कानुनको तर्जुमा तथा विद्यमान कानुनमा उचित संशोधनको सिफारिस गर्ने कार्यको राष्ट्रिय मानवअधिकार आयोगले अगुवाइ गर्नुपर्छ । मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अध्यालेखअन्तर्गतको जिम्मेवारी पूरा गर्न सरकारले सस्थागत संरचना र व्यवहारको सुधारका लागि अग्रसरता र सक्रियता लिनुपर्दछ ।

■

# सन्दर्भसूची


१. आचार्य,माधवप्रसाद (२००३ इ.सं); **'एडभर्सरियल भी इन्कुजिटोरियल मोडेल अफ जस्टिस'**; ***केएसएल जर्नल*** (नोभेम्बर २००३, अङ्ग्रेजी संस्करण); भक्तपुरः काठमाडौँ स्कुल अफ ल ।

२. एआई (१९९८ इ.सं); **फेयर ट्रायल म्यानुअल**; लन्डनः एम्नेस्टी इन्टरनेसनल प्रकाशन ।

३. एलसीएच आर (२०००इ.सं); **ह्वाट इज फेयर ट्रायल? ए बेसिक गाइड टु लिगल स्टयान्डर्ड्स एन्ड प्राक्टिस**; न्यु योर्कः ह्युमन राइट्स फर्स्ट (पहिले लयर्स कमिटी फर ह्युमन राइट्स) www.humanrightsfirst.org २००४ मार्च १०-२० मा अवलोकित ।

४. एआई (२००२ इ.सं); **डिपेनिङ काइसिस इन नेपाल**; लन्डनः एम्नेस्टी इन्टरनेसनल प्रकाशन ।

५. एल्डर्सन, जे (१९८२); **'ह्युमन राइट्स एन्ड क्रिमिनल प्रोसेडचोर'**; (ह्युमन राइट्स इन क्रिमिनल प्रोसेडचोर ; सं एन्ड्रुज जे ए); लन्डन र बोस्टनः ब्रिटिस इन्स्टिच्युट अफ इन्टरनेसनल एन्ड कम्प्यारेटिभ ल/मार्टिनस् निजहफ पब्लिसर्स ।

६. एन्ड्र्युज जे ए(१९८२); **'ह्युमन राइट्स एन्ड क्रिमिनल प्रोसेडचोर : अ कम्प्यारेटिभ स्टडी'**; (ह्युमन राइट्स इन क्रिमिनल प्रोसेडचोर; सं एन्ड्रुज जे ए); लन्डन र बोस्टनः ब्रिटिस इन्स्टिच्युट अफ इन्टरनेसनल एन्ड कम्प्यारेटिभ ल/मार्टिनस् निजहफ पब्लिसर्स ।

७. काकिव्यस (२०५३); **नेपाल अधिराज्यको संविधान २०४७**; काठमाडौँ: श्री ५ को सरकार, कानुन तथा न्यायमन्त्रालय, कानुन किताबव्यवस्था समिति ।

८. गार्नर, बीए (२००३ इ.सं) (सं); **ब्लाक्स ल डिक्सनरी**; एसटी पाउल(युएसए): वेस्टब्रुक ।

९. पन्त, सोमराज र प्याकुरेल, माधव (मिति नखुलेको); **वर्णानुक्रमिक ऐनसँगालो (खुकुलो पत्र)**; काठमाडौँ: समन प्रकाशन ।

१०. बेनेट रिपोर्ट (१९७९); **बेनेट कमिटी रिपोट अफ इन्क्वारी इन्टु पब्लिक इन्टेरोगेसन प्रोसेडचोर्स इन नर्दन आयरल्यान्ड**; सीएमएनडी ७४९७ ।

११. बोम आरएम र ह्याली केएन (१९९९ इ.सं); **इन्ट्रोडक्सन टु क्रिमिनल जस्टिस**; वेस्टरभिले (युएसए):ग्लेनकोइ/एम्सी ग्र-हिल कम्पनिज ।

१२. भट्टराई, आर र किलिङ एस जे (२००१ इ.सं) (सम्पा); **नेपाल्स पेनल सिस्टम : एन एजेन्डा फर चेन्ज**; काठमाडौँ: यातनापीडित सरोकार केन्द्र (सिभिक्ट) नेपाल ।

१३. सेलर्ड (२००३ इ.सं); **बेसलाइन सर्भे अन क्रिमिनल जस्टिस सिस्टम**; भक्तपुरः सेन्टर फर लिगल रिसर्च एन्ड रिसोर्स डेभलपमेन्ट ।

१४. श्रेष्ठ, शङ्करकुमार (२०५६); **शङ्कर्स ल डिक्सनरी**; काठमाडौँ: पैरवी प्रकाशन ।

१५. सङ्ग्रौला, युवराज (२००३ इ.सं.); **'कम्प्लाइन्स अफ इन्टरनेसनल स्टयान्डर्ड्स इन नेपाल : क्रिटिकल एनालाइसिस अफ सिचुएसन अफ फेयर ट्रायल एन्ड सेफगार्ड्स अफ द राइट्स अफ एक्युज्ड इन नेपाल'** ***केएसएल जर्नल*** (नोभेम्बर २००३); भक्तपुरः काठमाडौँ स्कुल अफ ल ।

१६. www.unhchr.ch २००४ फेब्रुअरी र मार्च महिनामा अवलोकित ।


■